
# विश्वास गर्नुहोस अनि जिउनुहोस



यूहन्नाको
सुसमाचार बारे
एक अध्ययन

ग्यारी पी. बम्लर

वाइवल शिक्षण श्रृखंला स्तर २

# विश्वास गर्नुहोस अनि जिउनुहोस

यूहन्नाको सुसमाचार बारे
एक अध्ययन

ग्यारी पी. बम्लर

Multi-Language Productions
Bringing the Word to the World

मूलग्रन्थ विस्कानसिन ईभेनजेलिकल लुथरन सिनेडको विश्व मण्डली सम्बद्ध समितिको बहु भाषा प्रकाशनद्वारा प्रकाशित

मुद्रणाधिकार © २००९

मुद्रित २०११

सम्पूर्ण आवरण अनि श्याम श्वेत चित्रण ग्लेन मेअर्सको कला हो। ग्लेन मेअर्सको चित्रणको अधिकार नर्थवेस्ट प्रकाशन गृहद्वारा सुरक्षित।

धर्मग्रन्थको उद्धरणहरु पवित्र बाइबल, नयाँ अन्तर्राष्ट्रिय अनुवादबाट लिइएको हो। अन्तर्राष्ट्रिय बाइबल सोसायटीद्वारा मुद्रणाधिकार © १९९६, १९९८ मा प्राप्त। अन्तर्राष्ट्रिय बाइबल सोसाइटीको अनुमति प्राप्त।

स्तर २, पुस्तक १

# विषय - सूची

परिचय ........................................ १

अध्याय एक
परमेश्वरले हामीलाई कसरी उहाँको महिमा देखाउनु हुन्छ ........................................ ४

अध्याय दुई
प्रभु येशूले कसरी आफ्नो मण्डली शुरु गर्नुभयो ........................................ १५

अध्याय तीन
येशूले कसरी आफ्नो दिव्य महिमा देखाउनु भया ........................................ २९

अध्याय चार
येशूले कसरी आफ्नो मण्डलीमा शंका र विरोधको सामना गर्नुभयो ........................................ ६३

अध्याय पाँच
येशूले कसरी आफ्नो जीवनमाथिको खतराको सामना गर्नुभयो ........................................ ९१

अध्याय छ
येशूले उहाँको मृत्युको निम्ति कसरी आफ्ना चेलाहरुलाई तयार गर्नुभयो ........ १४१

अध्याय सात
येशूले आफ्नो अभियान कसरी क्रुसमा लगेर अन्त्य गर्नुभयो ........................................ १८९

अध्याय आठ
येशू कसरी मृत्युबाट पुनरुत्थान हुनुभयो
अनि आफुँलाई जीवित देखाउनु भयो ........................................ २१५

शव्दार्थ ........................................ २३८

अध्याय परीक्षाका उत्तरहरु ........................................ २४४

नक्साहरु ........................................ २४६

अन्तिम परीक्षा ........................................ २४८



विश्वास गर्नुहोस अनि जिउनुहोस

परिचय र परिच्छेद एक :

परमेश्वरले हामीलाई कसरी आफ्नो महिमा देखाउनु हुन्छ

यूहन्ना १:१ देखि - यूहन्ना १:१८ सम्म

## परिचय

जब येशू ख्रीष्ट लगभग ३० वर्षको हुनुहुन्थ्यो, त्यसै बेलादेखि मानिसहरुलाई शिक्षा दिन अनि हामीलाई उद्धार गर्नको निम्ति परमेश्वरको योजना संचालन गर्न थाल्नुभयो । उहाँले १२ जना मानिसहरु - जसलाई चेलाहरु भनिन्छ - आफु सग-सँगै हिड्नको लागि छान्नुभयो । येशू पुनरुत्थान हुनुभएको अनि स्वर्ग जानुभएको ५० वर्ष पश्चात, यूहन्नाले आफ्नो नामाकरण गरेर सुसमाचार लेख्नुभयो । यो सुसमाचार बाइबलको नयाँ करारको चौथो पुस्तक हो ।

अघिल्ला तीन सुसमाचारहरु मत्ती, मर्कूस र लूका पहिले नै लेखिएका र चलनमा आईसकेको थिए । यि सुसमाचारहरुले येशू ख्रीष्टको जीवनको र उहाँको कार्यको राम्रो खवरहरुको उल्लेख गरेका छन् । यूहन्नालाई पनि साथीहरुले येशूको वारेमा उहाँले जानेजति लेख्न आग्रह गरे । परमेश्वरको आत्माद्धारा प्रेरित भएर यूहन्नाले सो लेखे । उनका पाठकहरुले अन्य सुसमचारहरुमा के लेखिएको छ भन्ने जान्दछन् भनेर उनले सामान्यतया अनुमान गर्दथे । कोही मानिसहरु यूहन्नाको सुसमाचार बढी आत्मिक छ भन्ने गर्दछन् । यसको अर्थ यसले त्यस्ता धेरै विषयको, त्यस्तै परमेश्वर र उहाँको पुत्रका वारेमा चर्चा गर्दछ जुन हामी देख्न वा छुन सक्दैनौ । यसले आत्मालाई प्रभाव पार्ने खालको विषयमा बताउँदछ । उनले केही अंश गलत शिक्षाहरुको जवाफ दिनको निम्ति लेख्नुभयो । कोही येशू पूर्णरुपले परमेश्वर हुनुहुन्न भन्ने गर्दथे भने कोही चाहि येशू पूर्ण मानिस हुनुहुन्न भन्ने गर्दथे । यूहन्नाले गलत शिक्षालाई सुधार गरे । उनले येशू ख्रीष्ट परमेश्वर र मानिस दुवै हुनुहुन्छ भन्ने देखाए । उनी मानिसहरुले येशूमा विश्वास गरुन अनि अनन्त जीवन बाँचुन भन्ने चाहन्थे ।

**याद राख्नुपर्ने कुराहरु :**

१. ......................... येशूको शुरुका चेला थिए, जो बुढेसकालसम्म बाँचे ।

२. ती चेलाले येशू स्वर्ग जानुभएको लगभग ............. वर्षपछि आफ्नो सुसमाचार लेखे ।

३. यो सुसमाचार बाइबलको नयाँ करारको ......................... पुस्तक हो ।

४. कोही यो ससुमाचारलाई अरु तीन वटा भन्दा बढी ................ भएको ठान्छन् ।

५. यस सुसमाचारमा येशू .................... अनि .................. दुवै हुनुहुन्छ भन्ने जान्दछौ ।

६. जब हामी येशूमा ................. गर्दछौ, तब हामी ................. ..................पाउँदछौ ।

(आफ्ना उत्तरहरु पेज १३ मा हेरेर जाँच्नुहोस)

अध्याय **एक**

परमेश्वरले हामीलाई उहाँको महिमा कसरी देखाउनु हुन्छ

## परमेश्वरले हामीलाई उहाँको पुत्र, वचनसँग परिचय गराउनुहुन्छ ।

(पढ्नुहोस यूहन्ना १:१,२ {अध्याय १, पदहरु १ र २ ) }

[१]आदिमा वचन हुनुहुन्थ्यो,वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो ।
[२]·उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो ।

आदिमा केही चिज बन्नुअघि, परमेश्वरको पुत्र परमपिता परमेश्वर र पवित्र आत्मासँग पहिल्यैदेखि विराजमान हुनुहुन्थ्यो । उहाँ अनन्त हुनुहुन्छ । हामी पुत्र भन्नाले येशूलाई जान्दछौ, तर यहाँ उहाँलाई यूहन्नाले “बचन” भन्ने गर्दछन् । उनी हामीलाई भन्दछन्, “वचन परमेश्वर हुनुहुन्थ्यो अनि “वचन परमेश्वरसँगै हुनुहुन्थ्यो । यूहन्नाले उनको सुसमचारको अन्त्यतिर नपुगुन्जेल परमेश्वरको आत्माको उल्लेख गरेका छैनन् ।


हामी आश्चार्यमा पर्दछौ कि कसरी वचन एकैसाथ परमेश्वर हुनुहुन्छ अनि परमेश्वरसँग हुनुहुन्छ । यो रहस्य नै हो कि परमेश्वर स्वयं हामी सामु कसरी प्रकट हुनुहुन्छ अनि तीन विभिन्न व्यक्ति -पिता, पुत्र र आत्मा) हुनुहुन्छ । हामी उहाँलाई “त्रिएक  भन्दछौ ।

परमेश्वरको पुत्र “वचन” हुनुहुन्छ । हामी वचनसँग के गर्दछौ, यसो विचार गर्नुहोस त ! हामी हाम्रो विचारहरु प्रकट गर्दछौ । हामी विषयहरु पहिचान गर्दछौ । हामी हाम्रो शक्ति र अधिकार मुताविक आदेश र वचन दिदँछौ । उदाहरणको लागि, बाबुको वचन छोराको लागि कानुन बन्दछ ।

**याद राख्नुपर्ने कुराहरु :**

७. ....................... मा परमेश्वरको पुत्र अघिबाटै हुनुहुन्थ्यो ।

८. परमेश्वरको पुत्रलाई ......................... भनिन्छ ।



परमेश्वरले सबथोक बनाउनुभयो ।

९. परमेश्वरको पुत्र ..................... को रुपमा विराजमान हुनुहुन्थ्यो ।

१०. संख्या ३ को सहयता परमेश्वर ......................... ( १ मा ३ ) हुनुहुन्छ भन्ने रहस्यमय सबुत हो ।

(आफ्ना उत्तरहरु पेज १३ माहेर्नुहोस )

## परमेश्वरको पुत्र जीवन अनि ज्योति हुनुहुन्छ ।

(यूहन्ना १:३-५ पढ्नुहोस)

[३] सबैथोक उहाँबाट बनिए, र बनिएको कुनै थोक पनि उहाँ विना बनिएन । [४]उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरुको ज्योति थियो । [५]त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन ।

आदिमा, परमेश्वरले उहाँको वचनको शक्तिले, कुनै आधार विना नै, सबै थोक बनाउनु भयो । यस सुसमचारबाट हामी जान्दछौं कि सबै थोक वहाँको पुत्रद्धारा नै बनाइए । उहाँको शक्तिद्धारा हामी सृजना गरियौं अनि सृजना गरिएका सबैथोक पनि ।

उहाँ (वचन) मा जीवन थियो , र त्यो जीवन मानिसहरुको ज्योति थियो । “उहाँमा जीवन थियो ” को अर्थ पुत्र जीवित हुनुहुन्थ्यो भन्ने मात्र होइन । यसको अर्थ उहाँमा जीवनको तत्व र श्रोत थियो भन्ने हो । परमेश्वरले हामी सबैको निम्ति चाहेको जस्तो स्वर्गीय अनि पवित्र जीवन उहाँले ल्याउनु हुन्छ । यूहन्नाले सुसमाचारमा यो जीवन ५४ पल्ट उल्लेख गरेका छन् ।

“त्यो जीवन मानिसहरुको ज्योति थियो । ” परमेश्वरको वचन संसारमा चम्कनु हुन्छ । उहाँले परमेश्वरको सबै सत्य प्रकट गर्नुहुन्छ अनि अनन्त जीवन सहित परमेश्वरबाट आएका सबै राम्रा चिजहरु प्रदान गर्नुहुन्छ । हामी जब उहाँको ज्योतिमा आउदँछौं, उहाँले दिनुभएको जीवनको आनन्द प्राप्त गर्दछौ ।

तर यो संसार पापले अन्धकारमय भएको छ जसले मृत्यु ल्याउँदछ । धेरै मानिसहरु त्यो अन्धकारमा हराएकोले तिनीहरु ज्योति देख्न अनि जीवन प्राप्त गर्न असमर्थ हुन्छन् । तिनीहरु वचन नसुन्ने मात्र होइन, विरोध पनि गर्दछन् ।

**याद राख्नुपर्ने कुराहरु :**

११. परमेश्वरको पुत्र, वचनले सबै थोक ..................... भयो, अनि उहाँमा ................. र ........................... विध्यमान थियो ।

१२. अन्धकार - जसले मानिसहरुलाई वचनको ज्योति नचिन्न मात्र होइन विरोध गर्न समेत लगाउँदछ, त्यो ................ ले गर्दा हो ।

(आफ्नो उत्तरहरु पेज १३ मा हेर्नुहोस)

**परमेश्वरका पुत्रले हामीलाई विश्वासद्धारा परमेश्वरका सन्तान बनाउनु हुन्छ ।**

(पढ्नुहोस यूहन्ना १:६ - १३)

[६] परमेश्वरबाट पठाइएका एक जना मानिस थिए, जसको नाउँ यूहन्ना थियो । [७] उनीद्धारा सबैले विश्वास गरुन भनेर त्यस ज्योतिको गवाही दिन उनी साक्षी भई आए । [८] उनी आफैं त्यो ज्योति थिएनन्, तर त्यस ज्योतिको गवाही दिन आए ।

[९] हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउदैहुनुहुन्थ्यो । [१०] उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्धारा बनियो, तापनि संसारले उहाँलाई चिनेन । [११] उहाँ आफ्नै मानिसहरुकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरुले उहाँलाई ग्रहण गरेनन् । [१२] तर जतिले उहाँलाई ग्रहण गरे,उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो । [१३] तिनीहरु रगतद्धारा, शारीरिक इच्छाद्धारा र कुनै मान्छेको इच्छाद्धारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन् ।

वचन जीवन र ज्योतिको श्रोत हुनुहुन्थ्यो । यो वचन संसारमा आउनु नै थियो ।

उहाँ (परमेश्वर ) लाई प्राप्त गर्नको निम्ति मानिसहरुलाई तयारी गर्ने काममा सहयोग पुर्‍याउनको लागि परमेश्वरले एक जना मानिस गवाहीको रुपमा पठाउनु भयो जसले अरुलाई उहाँको बारेमा बताउन सकोस । उनको नाम यूहन्ना थियो, तर यो सुसमाचार लेख्ने यूहन्ना चाँहि होइन । आज हामी उहाँलाई बप्तिस्मा दिने यूहन्ना भनि चिन्दछौं ।

यूहन्नाले संसारको “ज्योति” को गवाही दिए तर उनले ज्योति हुँ भनेर दावी गरेनन् । उनले परमेश्वरको पुत्रतर्फ लक्षित गर्दै थिए, जसले सबैलाई परमेश्वरको ज्योति देखाउनु हुन्छ । उनले येशूलाई लक्षित गर्दै थिए ।



येशू साँचो ज्योति हुनुहुन्छ । सोच्नुहोस त राम्रो देख्नको लागि हामी कसरी उज्यालो पाछौं । अथवा, सोच्नोस एक व्यंग्य चित्रकारले एउटा बिजुलीको चिमको चित्र बनाएर कसरी पात्रले केही बुझ्न सक्दछ वा कुनै असल विचार राख्दछ भन्ने देखाउदछ । येशूले परमेश्वरको अनि उहाँको जीवनमार्गको वारेमा प्रकाश पार्नुहुन्छ । येशूबाट परमेश्वरका सबै सद्‌गुणहरु बुझ्न सिक्ने छौं । हामी (उहाँमा) स्वर्गको ज्योति देख्दछौं ।

तैपनि, जसले पापद्धारा अन्धकारमय पारेको संसारको दृश्य मात्र देख्दथे, ती मानिसहरुले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने देखेनन् । उहाँकै धेरै मानिसहरुले उहाँलाई अस्वीकार गरे । ती यहुदीहरु, कुनै समय परमेश्वरकै मानिसहरु थिए, जसलाई परमेश्वरले अभिषेक गरिएको उद्धारकर्ता पठाउन छान्नु भएको थियो । तर, जब उहाँ आउनुभयो, तब उनीहरुले उहाँमाथि अविश्वास गरे ।

तथापि, परमेश्वरको पुत्रलाई सबैले अस्वीकार गरेनन् । केहीले उहाँमा विश्वास गरे अनि भरोसा राखे । उनीहरुले परमेश्वरबाट पठाईएको पुत्र परमेश्वर नै भनी स्वीकार गरे । परमेश्वरले तिनीहरुलाई उहाँको सन्तान बनाउनुभयो । परमेश्वरको सन्तान स्वरुपको यो जन्म तिनीहरुले सोचेको जस्तो थिएन । परमेश्वर स्वयंले यो गराउनु भयो । जब तिनीहरुले “वचन” सुने र देखे तब उहाँले तिनीहरुलाई विश्वास गर्ने तुल्याउनु भयो ।

**याद राख्नुपर्ने कुराहरु :**

१३ जब यस संसारमा “वचन” प्रकट हुने बेला आयो, तब परमेश्वरले ............... भन्ने मानिसलाई उहाँको गवाही बस्न तयार गर्नुभयो ।

१४ यद्यपि वचनले संसार सृजना गरेको हो, अनि उहाँ (वचन) साँचो ..................... हुनुहुन्छ, तथापि ...................... दलदलमा फसेकाहरुले उहाँ परमेश्वरको ............. हुनुहुन्थ्यो भन्ने देखेनन् ।

१५ जस-जसले उहाँमा ................ राखे तिनीहरु परमेश्वरका ....................... भए ।

(आफ्ना उत्तरहरु पेज १३ मा जाँच्नुहोस)

**हामी मध्येको एकजना परमेश्वरको पुत्र हुनुभयो, अनि उहाँमा हामी परमेश्वरको महिमा देख्दछौ ।**

(पढ्नुहोस यूहन्ना १:१४)

[१४]अनि वचन देहधारी हुनुभयो, अनि अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं , जुन महिमा पिताबाट आउनु भएको एकमात्र पुत्रको जस्तो थियो ।

हामीले वचन परमेश्वर हुनुहुन्थ्यो भन्ने जान्यौं । अब हामी जान्ने छौ कि उहाँ देहधारी पनि हुनुभयो । अर्थात, उहाँ हामी जस्तै मानिस हुनुभयो, तर उहाँमा पाप थिएन । उहाँ अविवाहित मरियमबाट जन्मिएको बालकको रुपमा आउनु भयो , जुन अरु सुसमचारहरुले बताउँदछ । यूहन्नाले चाँडै नै उहाँ येशू हुनुहुन्थ्यो भनेर चिन्नेछन् ।

येशू यस पृथ्वीमा एक पूर्ण मानिस भएर नै जिउनु भयो । तर उहाँ परमेश्वर हुन चाहि छोड्नु भएन । यूहन्ना भन्दछन् कि उनी र अरु चेलाहरुले येशूमा स्वर्गीय पिताबाट आउनु भएका एक र एकमात्र पुत्रको महिमा देखे । येशूको यो महिमाले उहाँ संसारको ज्योति बनेर आउनु भएको (तथ्य) संग राम्ररी जोड्दछ । उदाहरणको लागि कालो बादलले ढाकेको दिन बारे सोच्नु होस त ! अकस्मात बादल फाट्दछ र त्यहीबाट तेजिलो प्रकाश छर्दछ । हामी सोच्दछौं, “अहा क्या गजव !” अर्को तरिकाले विचार गर्दा, तपाई प्रसिद्ध खेलाडीहरुले हासिल गरेको कीर्तिमान र उचित प्रतिष्ठालाई पनि लिन सक्नुहुन्छ ।

येशूको महिमा चम्कने गर्दछ किनभने उहाँ हामीकहाँ पिताबाट आउनु भएको हो, अनि उहाँ कृपालु र सत्यतापूर्ण हुनुहुन्छ ।

हामी येशूको महिमा उहाँको पवित्र प्रेम अनि सत्यतामा देख्दछौं । कृपा भनेको प्रेम हो, नकमाइएको प्रेम जुन परमेश्वरले येशूलाई संसारमा पठाएर देखाउनु भयो । अनि परमेश्वरको सबै सत्यता अनि हामीलाई उद्धार गर्ने ( वचाउने) योजना हामी येशूमा मात्र देख्दछौ । येशूमा भएको प्रेम र सत्यता कै माध्यमबाट, परमेश्वरको महिमा चम्कन्छ । हामी उहाँको अनि महानता देख्दछौ । हामी परमेश्वर वारे भन्न सक्दछौं, “अहो, कत्ति महिमित ! ”



येशू जन्मनु हुन्छ

**याद राख्नुपर्ने कुराहरु :**

१६. वचन ........................... हुनुभयो ।
येशू पूर्ण .......................... हुनुहुन्थ्यो ।

१७. येशू अझ पुर्ण .......................... पनि हुनुहुन्थ्यो, अनि उहाँले ................ द्धारा एक र एक मात्रको महिमा प्रदर्शन गर्नुभयो ।

१८. हामी येशूमा परमेश्वरको महिमा देख्दछौ जो " ..................... " अनि " ................ " ले परिपूर्ण हुनुहुन्छ ।

१९. जब हामी येशूको महिमा देख्दछौ भनी भन्दछौं तब हामी वहाँको प्रेम अनि सत्यतामा ................... अनि ...................... छ भन्ने बुझ्दछौं ।

(आफ्ना उत्तरहरु पेज १३ मा हेर्नुहोस)

**येशूले हामीमा परमेश्वरको अनुग्रह ल्याउनु हुन्छ ।**

(यूहन्ना १:१५ - १८ पढ्नुहोस )

[१५]यूहन्नाले उहाँको विषयमा गवाही दिदैं उच्च स्वरले भने, "उहाँ त्यही व्यक्ति हुनुहुन्छ, जसको विषयमा मैले भने, मपछि आउनुहुने मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो ।

[१६]उहाँका अनुग्रहको पूर्णताबाट हामीले एउटा अनुग्रहमाथि अर्को अनुग्रह पाएका छौ । [१७]किनभने व्यवस्था मोशाद्धारा दिइयो, अनुग्रह र सत्यता चाँहि येशू ख्रीष्टद्धारा आए । [१८]परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन । पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ ।

बप्तिस्मा दिने यूहन्ना आफ्नो गवाही निरन्तर राख्दछन् । यूहन्ना भन्दछन् कि येशू उनीभन्दा उच्च हुनुहुन्छ । येशूको सेवकाइ यूहन्नाको भन्दा पछि आउदै छ, तर येशू , वचन अनन्तदेखि नै हुनुहुन्थ्यो । येशू मार्फत हामी सबै विश्वस्त छौ कि परमेश्वरले हामीलाई प्रेम गर्नु हुन्छ । येशूले हामीलाई प्रेम गर्नुहुन्छ, यस्तो प्रेम कि जुन बढ्छ तर कहिल्यै हराउदैन। यो परमेश्वरको अविनाशी कृपाको श्रोत हो । हामी त्यस्तो प्रेमको योग्य छैनौं । तर त्यो अनुग्रह हामी येशूमा पाउँछौ । हामी येशूको प्रेम कहिल्यै प्रयोग गरेर समाप्त गर्न सक्तैनौ ।

परमेश्वरको वचन हामीकहाँ दुई वटा महान शिक्षाहरुमा आउँदछ । एउटा चाँहि व्यवस्था हो, विशेष गरेर दश आज्ञाहरु, जुन उहाँले मोशाद्धारा प्रदान गर्नुभयो । उहाँको व्यवस्थाले हामीलाई के गर्नु अनि के चाहि नगर्नु भन्ने बताउँछ । जब हामी अरुहरु जस्तै असफल हुन्छौ, यसले परमेश्वरबाट हामीलाई हुने अनन्तको सजायको खतराको संकेत दिदँछ । व्यवस्थाको माध्यमबाट हामी परमेश्वर रिसाउनु भएको अनि खतराको संकेत दिनु हुँदै गरेको देख्दछौ ।

अर्को शिक्षा येशू खीष्टको असल समाचार (सुसमाचार ) हो । येशूमा परमेश्वरले हामीलाई आफ्नो प्रेम देखाउनु हुँन्छ । फेरि "अनुग्रह" शब्द सत्यता सँगै प्रयोग भएको छ । तपाई अनुग्रहको अर्थ "(सधैं) एकसमानको प्रेम" भन्ने सम्झन सक्नुहुन्छ । परमेश्वरले त्यो प्रेम हामीलाई येशूमा देखाउनु हुन्छ । हाम्रो पापको कारणले हामी विरुद्ध उठेको परमेश्वरको कोध शान्त पार्न अनि हाम्रो ठाउँ ओगट्न उहाँ (येशू) आउनु भयो । येशूले आफ्नो उदेश्य कसरी पुरा गर्नुभयो भन्ने बारे सुसमाचारका लेखक यूहन्नाले स्पष्ट देखाउने छन् । हामीलाई थाहा छ परमेश्वरको सत्यता येशूमा छ, किनभने येशू हामीकहाँ पिताबाट आउनु भयो अनि पिताको पक्षमा हुनुहुन्छ ।

**याद राख्नुपर्ने कुराहरु :**

२०. हामी येशूका सबै ..................... प्रयोग गरेर सक्याउन सक्दैनौ ।

२१. परमेश्वरका दुईवटा महान शिक्षाहरु मोशाद्धारा दिईएको .................. हो, अनि येशू खीष्टद्धारा दिईएको ................ हो ।

२२ अनुग्रहको उत्तम परिभाषा ................... ................... हो ।

२३. हामीलाई थाहा छ कि परमेश्वरको बारेमा येशूले जे देखाउनुहुन्छ त्यो साँचो हो किनभने उहाँ हामीकहाँ पिताबाट आउनुभयो अनि "................. ...................... " हुनुहुन्छ ।

(आफ्नो उत्तरहरु पेज १३ मा हेर्नुहोस )

## परीक्षा
## परिचय र अध्याय एक

कृपया “याद राख्नुपर्ने कुराहरुको ”समीक्षा गर्नुहोस ।

**परिचयः**

१. यूहन्ना जसले यो सुसमाचार लेखे, तिनी येशूका ............... थिए ।

२. यो सुसमाचारले देखाउँदछ कि येशू ................ अनि .............. हुनुहुन्छ ।

३. हामीले ................ गरौँला अनि ................ .....................प्राप्त गरौंला भनेर यो सुसमाचार लेखिएको थियो ।

**अध्याय १ :**

४. सुसमाचारको प्रारम्भमा, येशूलाई “............ ” भन्ने नाम दिइयो, अनि उहाँ ......... मा नै विद्‌यमान हुनुहुन्थ्यो भन्ने प्रकाश पारिएको छ ।

५. सबै थोक ................. बाट नै बनाइए ।

६. उहाँमा ............... अनि ज्योति हुनुहुन्थ्यो ।

७. उहाँ ................... हुनुभयो अनि हामीसँगै रहनु भयो ।

८. ................. ले धेरै मान्छेलाई येशू स्वर्गबाट आउनु भएको हो भनेर नचिन्ने बनाई दियो ।

९. जसले .............. गरे, तिनीहरुलाई परमेश्वरको .............. बनाइयो ।

**याद राख्नुपर्ने कुराहरुका उत्तरहरु**


१. यूहन्ना , २. ५०, ३. चौथो, ४. आत्मिक, ५. परमेश्वर अनि मानिस, ६. विश्वास, अनन्त जीवन, ७. आदि, ८. वचन, ९. परमेश्वर, परमेश्वरसँगै १०. त्रिएक/त्रिएकत्व ११. बनाउनु, जीवन, ज्योति १२. पाप १३. यूहन्ना १४. ज्योति, संसार, पुत्र १५. विश्वास, सन्तान १६. देहधारी मानव, मानिस, १७. परमेश्वर, पिता १८. “अनुग्रह (दया), सत्यता” १९. ज्योति (चमक), महानता २०. प्रेम, २१. व्यवस्था, सुसमचार २२. एकसमान प्रेम २३. पिताको पक्ष ।

१०. येशूमा हामी परमेश्वरको .................... देख्दछौं, किनभने वहाँ
"............... अनि ................. " ले पुर्ण हुनुहुन्छ ।

११ हामी येशूको ............. ( ) प्रयोग गरेर कहिल्यै समाप्त गर्न सक्दैनौ ।

१२. अनुग्रह (प्रेम) को अर्थ "............ ..............." हो ।

( आफ्नो उत्तरहरु पेज २५० म हेरेर जाँच्नुहोस )



## विश्वास गर्नुहोस अनि जिउनुहोस

परिच्छेद -२:

**प्रभु येशूले कसरी उहाँको सेवकाई शुरु गर्नुभयो**

यूहन्ना १:१९ देखि १:५१ सम्म

परिच्छेद - २:

## प्रभु येशुले कसरी उहाँको सेवकाई शुरु गर्नुभयो :

### परमेश्वरले येशूभन्दा अघिबाटै वप्तिस्मा दिने यूहन्नालाई पठाउनु भयो ।

(पढ्नुहोस यूहन्ना १:१९-२८ : पदयहरु २२, २३, २६ र २७ जुन तल लेखिएका छन् )

[२२]तिनीहरुले उनलाई भने, "तिमी को हौ ? हामीलाई भन, र हामीलाई पठाउनेहरुलाई हामी जवाफ दिन सकौं । तिमी आफ्नो विषयमा के भन्छौ ?"

[२३]उनले भने "यशैया अगमवक्ताले भने झैं, 'परमप्रभुको मार्ग तयार पार' भनी उजाड स्थानमा कराउने एक व्यक्तिको म आवाज हूँ ।"

[२६] यूहन्नाले तिनीहरुलाई जवाफ दिए, "म त पानीले वप्तिस्मा दिन्छु, तर तिमीहरुका माझमा एकजना खडा हुनुहुन्छ, जसलाई तिमीहरु चिन्दैनौ । [२७]म पछि आउनुहुने उहाँ नै हुनुहुन्छ । उहाँको जुत्ताको फित्ता खोल्ने योग्यको म छैन । "

जब यरुशलेमका यहूदीहरुले वप्तिस्मा दिने यूहन्नाको सेवकाई वारे थाहा पाए, तब तिनीहरु उनी को रहेछन् भनी आश्चर्यमा परे । परमेश्वरले मसीह ( हिब्रुमा "खीष्ट") यसको अर्थ "अभिषेक गरिएको" भन्ने लाग्छ ।) पठाउने प्रतिज्ञा गर्नुभएको थियो । के यूहन्ना खीष्ट थिए ? के उनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको अगमवक्ता एलिया थिए (मलाकी ४:१५ हेर्नुहोस) अथवा के उनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको मोशा जस्तो अगमवक्ता थिए (हेर्नुहोस व्यवस्था १८:१५) ? यहुदीहरुले पत्ता लगाउनको निम्ति पृजाहारीहरु र मन्दिरका सेवकहरु (लेवीहरु) पठाए ।

यूहन्नाले उनी खीष्ट होइनन् भन्ने कुरा तिनीहरु समक्ष स्पष्ट राखे । उनी न त एलिया थिए न त अगमवक्ता नै । जब तिनीहरुले धेरै कर गरे, तब यूहन्नाले यशैया ४०:३ उल्लेख गर्दै भने कि उनी मरुभूमिमा परमप्रभुको सन्देशवाहक हुन । उनको सन्देश : "मरुभूमिमा परमप्रभुको निम्ति मूल बाटो समतल (सीधा) बनाऊ । "

यूहन्नाले यर्दन नदी पारि (छेउमा) पर्वतीय (चट्टानयुक्त) मरुभूमिमा आफ्नो सेवकाई सुरु गरेका थिए । तर यहाँ "मरुभूमि" शब्दको अर्थ सम्भवत व्यक्तिमै सिमित रहँदैन ।
यसको अर्थ बढी आत्मिक अर्थ लाग्दछ । यसको अर्थ पापले यो संसार र हाम्रो जीवनलाई मरुभूमियुक्त बाँझो जमिन बनाएको छ ।

इस्राएलको मरुभुमि क्षेत्रको बाटो पर्वतीय र चट्टानपूर्ण थियो । त्यहाँ यात्रा गर्न कठोर अनि खतरा हुने गर्दथ्यो । यदि कोहि महत्वपूर्ण, जस्तै राजा आउने जानकारी हुन्थ्यो भने अगाडि बाटै बाटो सफा गर्न मानिसहरु त्यहाँ पठाइन्थ्यो ।

यूहन्नाले येशूको आगमनको लागि मानिसहरु लाई तयार रहनको लागि भनेका थिए । यो आत्मिक विषय थियो । हामी हाम्रो पापबाट विमुख भएर अनि प्रभुमा विश्वास राखेर सोझै प्रभु येशुको मार्गमा लाग्दछौं ।  तब मरुभुमि र मृत्युको बदलामा जीवनको मार्ग बन्दछ ।

त्यसपछि, केही फरिसीरुहरुले यूहन्नालाई प्रतिकार गरे : उनी ख्रीष्ट होईनन् र अगमवक्ता पनि होइनन् भने कसरी वप्तिस्मा दिन्छन् ? फरिसीहरु यहूदीहरु मध्येका धार्मिक -गुरु थिए । तिनीहरु विल्कुल्लै कठोर थिए, र तिनीहरुको नेतृत्वलाई खतरा पुऱ्याउने प्रकारको जो सुकैको पनि (तिनीहरु) विरोध गर्दथे ।

यूहन्नाले उनको बप्तिस्मा दिने अधिकार सम्बन्धमा तिनीहरुसँग वाद-विवाद गरेनन् (जब कि बप्तिस्मा दिन कसैलाई कुनै खास अधिकार चाहिँदैन ।)यसको सट्टामा उनले येशूको वारेमा फेरी बोले, जुन तिनीहरुले तत्काल देख्न सक्तथे । येशू एक हुनुहुन्छ जसमा सबै अधिकार छ । "उहाँको जुत्ताको फित्ता खोल्ने योग्यको म छैन " भनेर यूहन्नाले येशूको महत्व झनै बढाए ।

## याद राख्नुपर्ने कुराहरु

१. यहूदीहरुले सोधेकोमा यूहन्नाले उनी .................... होइनन् ,..............
होइनन् र मोशा जस्तो ........... पनि होइनन् भन्ने जवाफ दिएका थिए ।

२. "ख्रीष्ट" शब्द हिब्रू  शब्द "................." समान हो । यसको अर्थ "
................ " भन्ने हुन्छ ।

३. हामी हाम्रो .............. बाट विमुख भएर अनि ................ मा.
............... राखेर "सोझै प्रभुको मार्गमा लाग्दछौ ।"

४. यूहन्नाले फरिसीहरुलाई भने कि उनी येशूको जूत्ताको ...........
.............. योग्यको छैनन् ।

(आफ्नो उत्तरहरु पेज २८ मा जाँच्नुहोस)

## बप्तिस्मा - दिने यूहन्नाको गवाही

(यूहन्ना १:२९-३४ पढ्नुहोस )

[२९]भोलिपल्ट उनले येशूलाई आफूतिर आईरहनुभएको देखेर भने, हेर, संसारको पाप उठाईलैजाने परमेश्वरका थुमा ! [३०]उनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, म पछि एक जना मानिस आउनुहुन्छ, जो म भन्दा उच्च हुनुहुन्छ , किनभने उहाँ म भन्दा अघिबाटै हुनुहुन्थ्यो । [३१]म आफैँले चिनेको थिईन, तर उहाँ इस्राएलमा प्रकट होऊन भनेर नै पानीले वप्तिस्मा दिँदै म आएँ । "

[३२]यूहन्नाले यसो भन्दै गवाही दिए,"मैले पवित्र आत्मालाई ढुकुरको रुपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखेँ । [३३]मैले उहाँलाई चिनेको थिईन, तर जसले मलाई पानीले वप्तिस्मा दिनु भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, जसमाथि तिमी पवित्र आत्मालाई ओर्लंदै र बस्दै गर्नुभएको देख्छौ, पवित्रआत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ । [३४]मैले देखेको छु, र गवाही दिएको छु, कि परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ ।"

भोलिपल्ट येशू देखा पर्नुभयो । यूहन्नाले भने, हेर! संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा ! तब चाहिँ यूहन्नाले मानिसहरुलाई साँच्चै नै येशू देखाउन सक्ने भए । उनले येशूलाई परमेश्वरको थुमा भने ।

जसले परमेश्वरका जनहरुको इतिहास र उनीहरुको आराधनाको वारेमा जानेको हुन्थे, तिनीहरुले यहाँ "थुमा" शब्दको विशिष्ट अर्थ उल्लेख भएको देख्दथे् । मानिसहरुले परमेश्वरको निम्ति थुमाको बलिदान चढाउने गर्दथे ( गन्ती २८:४ हेर्नुहोस) मिश्र देशमा इस्राएलका मानिसहरुलाई देशबाट निस्कनु भन्दा पहिले ठीक अघिल्लो रात थुमाको रगतले बचाएको थियो (प्रस्थानको अध्याय १२ र १३ हेर्नुहोस)
अगमवक्ता यशैयाद्धारा परमेश्वरले भन्नुभएको थियो कि उद्धारकर्तालाई "मारिनलाई लगेको थुमा जस्तै ऊ डोर्याएर लगिनेछ " (यशैया ५३:७ हेर्नुहोस) ।

यो थुमाले पाप लैजाने छ । उसले संसारको पाप हरण गर्नेछ । हामी सबै संसार भित्र पर्दछौ । थुमा,येशूले हाम्रो पाप पनि हरण गर्नुहुन्छ । कुनै पनि मान्छे त्यत्ति खराब हुदैन तथा पाप (अपराध) त्यत्ति जघन्य हुदैन जसलाई येशूले उद्धार गर्न सक्नुहुन्थेन । उहाँको क्षमा सबैको माझमा (सबैसँग) छ । यूहन्नाले तिनीहरुलाई फेरि बुझाए कि येशू उनी भन्दा धेरै महान हुनुहुन्छ । येशू यूहन्ना भन्दा पछि जन्मनु भयो । अनि उहाँले सेवकाइ पनि पछि नै शुरु गर्नुभयो, तर उहाँ परमेश्वरको पुत्र, वचन, अघिबाटै अनन्तकाल देखि हुनुहुन्थ्यो ।



घरको ढोका र दलानमा बलिदान चढाइएको थुमाको रगत

शुरुमा, यूहन्नाले येशू को हुनुहुन्थ्यो भन्ने वारे खासै जान्न पाएनन् । तर जब येशू एकदिन आउनुभयो, तब परमेश्वरले यूहन्नाबाट बप्तिस्मा लिनको निम्ति उहाँलाई देखाईदिनुभयो (मर्कूस १:१९-११ हेर्नुहोस ) परमेश्वरले चिन्ह हेर्नको लागि यूहन्नालाई अह्राउनु भयो । परमेश्वरको पवित्र आत्मा येशूमा बस्दै हुनुहुन्थ्यो । तब यूहन्नाले येशू परमेश्वरद्धारा अभिषेक गरिएको मसीह हुनुहुन्छ भन्ने थाहा पाए । येशूको बप्तिस्मामा, पवित्र आत्मा ढुकुरको स्वरुपमा उहाँमा वास गर्नुभयो । अनि येशूको वारेमा परमेश्वरले भन्नुभयो : "तिमी मेरो पुत्र हौ, र म तिमीलाई प्रेम गर्छु । म तिमीसँग अति नै खुशी भएको छु ।"

तब, यूहन्नाले मानिसहरुलाई बताए कि येशू परमेश्वरको पुत्र हुनुहुन्छ ।

उहाँ नै येशू एकदिन पवित्र आत्माद्धारा बप्तिस्मा लिदैं हुनुहुन्थ्यो । त्यसो पछिबाट भयो, येशू स्वर्गमा गईसकेपछि मात्र । उहाँले आगोको आकारमा पवित्र आत्मालाई आफ्ना चेलाहरु माझ पठाउनु भयो ।

## याद राख्नुपर्ने कुराहरु

५. यूहन्नाले येशूलाई आउँदै गरेको देखे अनि उहाँलाई परमेश्वरको .................. भनेर सम्बोधन गरे ।

६. यूहन्ना भन्दछन् कि येशूले " ................ को ............. हरण गर्नुहुन्छ ।

७. येशूको .................. सबैमा विध्यमान छ/सबैसँग छ ।


८. यूहन्नाले येशू (परमेश्वरद्धारा) अभिषेक गरिएको मसीह हुनुहुन्थ्यो भन्ने थाहा पाए किनकि परमेश्वरको ...................... येशूमा बस्नुभएको थियो ।

९. यूहन्नाले तब मानिसहरुलाई बताए कि येशू परमेश्वरको ................. हुनुहुन्छ ।

(आफ्ना उत्तरहरु पेज २७ मा हेर्नुहोस)

## अन्द्रियास र पत्रुस येशूका चेलाहरु भए ।

(पढ्नुहोस यूहन्ना १:३५ - ४२)



येशूलाई बप्तिस्मा दिइयो

३५फेरि अर्को दिन यूहन्ना उनका चेलाहरुमध्ये दुई जनासँग उभिरहेका थिए । ३६उनले येशूलाई
गइरहनुभएको देखेर भने, "हेर, परमेश्वरका थुमा ! " ३७उनले भनेका यो कुरा सुनेर ती दुई चेलाहरु
येशूको पछि लागे ।
३८येशूले फर्केर हेर्नुभयो, र तिनीहरुलाई पछिपछि आइरहेका देखेर तिनीहरुलाई सोध्नुभयो, "तिमीहरु के
खोज्दैछौ ?"
तिनीहरुले उहाँलाई भने, रब्बी (जसको अर्थ हो, गुरुज्यू) तपाई कहाँ बस्नुहुन्छ ?"
३९उहाँले तिनीहरुलाई भन्नुभयो, "आओ, र तिमीहरुले देख्नेछौ ।" तिनीहरु गए र उहाँ बस्नुभएको
स्थान देखे । तिनीहरु त्यो दिन उहाँसँग बास बसे, किनभने प्रायः चार बजिसकेको थियो ।
४० यूहन्नाले भनेका कुरा सुन्ने र येशूलाई पछ्याउने ती दुई जनामध्ये एक जना सिमोन पत्रुसका भाई
अन्द्रियास थिए । ४१ तिनले पहिले आफ्ना भाई सिमोनलाई भेट्टाए, र उनलाई भने, "हामीले मसिहलाई
(जसको अर्थ हो, ख्रीष्ट) भेट्टाएका छौं ।" ४२ तिनले सिमोनलाई येशूकहाँ ल्याए ।
येशूले उनलाई हेर्नुभयो र भन्नुभयो, "तिमी योआनेसको छोरा सिमोन हौ, तिमी केफास (जसको अर्थ
हो, चट्टान ) भनिनेछौ ।"

येशूको निम्ति सार्वजानिक मण्डली प्रारम्भ गर्ने समय आईसकेको थियो । उहाँले केही अनुयायीहरु (जसलाई हामी चेलाहरु भन्दछौं ) जम्मा गर्न थाल्नुभयो ।

उहाँले केही अनुयायीहरु, जसलाई हामी शिष्य भन्दछौं, जम्मा गर्न थाल्नुभयो । ती मध्ये दुइजना बप्तिस्मा दिने यूहन्नाको चेलाहरु थिए । तर जब यूहन्नाले भोलिपल्ट येशूलाई परमेश्वरको थमु भनेर लक्षित गरे, तब ती दुईजनाले येशूलाई पछ्याउन थाले । येशूको पछि-पछि लागे ।

जब येशूले तिनीहरुलाई पछ्याउदै गरेको देख्नुभयो तब सोध्नुभयो, "तिमीहरु के खोज्दैछौ ?" तिनीहरुले जवाफ दिए कि तिनीहरु उहाँसँग हुन चाहन्थे ।

तिनीहरुले उहाँलाई भने, "रब्बी, जसको अर्थ हो, गुरुज्यू" । तिनीहरु उहाँबाट शिक्षा लिन (सिक्न) चाहन्थे ।

एक मिनेट सोच्नुहोस त यदि येशूले तपाईलाई "तिमी के खोज्दैछौ ?" भनेर सोध्नु भयो भने ? तपाईं उहाँसँगै हुन अनि उहाँबाट सिक्न चाहन्छु भनेर जवाफ दिन तयार हुनुहुन्थ्यो त ?

शिष्टतापूर्वक येशूले तिनीहरुलाई उहाँसँगं आउन (जान) को लागि बोलाउनुभयो । तिनीहरु येशू बस्नुभएको ठाँउमा गए । तिनीहरुले बाँकी रहेको त्यो दिन उहाँसगै बिताए । ती दुइजना मध्ये एक जना, अन्द्रियास तुरुन्त गए अनि आफ्ना भाई सिमोन पत्रुसलाई भेटे । तिनी मसीह (ख्रीष्ट) लाई भेट्टाएको खबर आफ्ना भाईलाई सुनाउन आतुर थिए । उनले येशू "अभिषेक हुनुभएको" देखेका थिए, जसलाई परमेश्वरले पठाउने प्रतिज्ञा गर्नुभएको थियो । तिनले सिमोनलाई येशूकहाँ ल्याए ।

जब येशूले सिमोनलाई देख्नुभयो, उहाँले तिनी भविष्यमा "चट्टान" -हिब्रू : "केफास" तथा ग्रीक भाषामा "पत्रुस" ) भनिनेछौ भन्नुभयो । वास्तवमा, पत्रुस येशूको चेलाहरु मध्येका (माझमा) अगुवा बन्ने वाला थिए । अझ महत्वपूर्ण कुरा त, उनी येशूमा चट्टानसरह विश्वास राख्दथे ।

अन्द्रियसले आफ्नो उदाहरण दिएर अरुलाई कसरी सहायता गर्न सकिन्छ भन्ने शिक्षा ल्याउन दिन्छन् । हामी तिनीहरुलाई येशू समक्ष ल्याउन सक्दछौ ।

यहाँ अर्को शिष्यको नाम दिईएको छैन । हामी विश्वास गर्दछौ कि उनी सुसमचारका लेखक हुन् । हामी उनलाई शिष्य यूहन्ना भनेर चिन्दछौं । ( बप्तिस्मा दिने यूहन्ना चाहिँ होइन) । उनी सम्भवत उनको भाई याकूब खोज्न गए, जो येशूका चेलाहरु मध्येका एकजना (चेला पनि ) भए ।

**याद राख्नुपर्ने कुराहरु**

१०. बप्तिस्मा - दिने यूहन्नाका दुईजना चेलाहरु तब .............. को पछि लागे ।

११. ती दुई चेलाहरु मध्ये एकजना ............... थिए ।

१२. ती शिष्य आफ्नो भाई ............... लाई खोज्न निस्के ।

१३. उनले आफ्नो भाईलाई ................ भेट्टाएको कुरा सुनाए ।

१४. येशूले भन्नुभयो कि उनको (अन्द्रियासको ) भाई .................... भनिनेछन् ।

(आफ्ना उत्तरहरु पेज २७ मा हेर्नुहोस)


## फिलिप र नथानेल येशूका शिष्य भए ।

(पढ्नुहोस यूहन्ना १:४३- ५१)

[४३]भोलिपल्ट उहाँले गालीलमा जाने निश्चय गर्नुभयो । र फिलिपलाई भेट्टाएर उहाँले तिनलाई
भन्नुभयो, "मेरो पछि लाग । " [४४]अन्द्रियास र पत्रुस जस्तै फिलिप पनि बेथसेदा शहरका नै थिए ।
[४५]फिलिपले नथानेललाई भेट्टाएर भने, "जसको विषयमा मोशाले व्यवस्थामा र अगमवक्ताहरुले पनि
लेखेका थिए, योसेफका पुत्र नासरतका येशूलाई हामीले भेट्टाएका छौ । "
[४६]नथानेलले तिनलाई भने, "के नासरत बाट केहि असल कुरा आउन सक्छ र ? "
फिलिपले तिनलाई जवाफ दिए, "आएर हेर । " [४७]येशूले नथानेललाई आफुकहाँ आईरहेको देखेर
तिनको विषयमा भन्नुभयो, "एकजना पक्का इस्राएलीलाई हेर, जसमा कुनै छल छैन ।"
नथानेलले सोधे, "तपाईले मलाई कसरी चिन्नुभयो ? " येशूले तिनलाई जवाफ दिई भन्नुभयो,
"फिलिपले तिमीलाई बोलाउनु अघि अञ्जीरको रुखमुनि मैले तिमीलाई देखेको थिए ।
[४९]नथानेलले उहाँलाई भने, "रब्बी तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ, तपाईं इस्राएलका राजा हुनुहुन्छ ।
"
[५०]येशूले तिनलाई जवाफ दिदै भन्नुभयो, "मैले तिमीलाई अञ्जीरको रुखमुनि देखे भनेकोले नै तिमी
विश्वास गर्छौ ? तिमीले यी भन्दा ठूला कुराहरु देख्नेछौ ।"
अनि उहाँलाई तिनले भन्नुभयो, "सधैं म तिमीलाई भन्दछु, तिमीहरुले स्वर्ग उघ्रिएको र परमेश्वरको
दूतहरुलाई मानिसको पुत्र माथि उक्लदै र ओर्लदै गरेको देख्नेछौ ।"

येशूले फिलिपलाई पनि उहाँको पछि लाग्न भन्नुभयो । फिलिप पनि अन्द्रियास र पत्रुस जस्तै उही शहरबाट आएका थिए । उनले सम्भवत : उनीहरुलाई चिन्दथे । उनले येशूको बारेमा जानेको खबर आफूभित्र सिमित राखेनन् । उनी नथानेलकहाँ गए अनि मोशाले व्यवस्थामा लेखेको र अगमवक्ताहरुले उल्लेख गरेको व्यक्तिलाई उनले भेट्टाएको कुरा बताए । व्यवस्था र अगमवक्ता चाँहि पुरानो करार धर्मग्रन्थ (बाइबल) को बारेमा भन्ने एउटा तरिका थियो ।
यी मानिसहरुले परमेश्वरको वचन बारे ज्ञान प्राप्त गरे अनि तिनीहरुको विश्वास वचनमाथि येशूमा रहन गयो ।

तथापि, नथानेलले येशू नासरतबाट आउनुभएको हो भन्ने सुनेपछि उनी अनिश्चित भए । उनमा शकां उब्जियो । धर्मशास्त्रमा नासरत कहीँ उल्लेख भएको छैन । यो केवल दुर्गम र महत्वहीन तथा अविकसित नगर हो । उनले नासरतबाट असल कुरा आउन सक्तैन भनि उपहास गरे ।



अन्द्रियास र फिलिपले येशूको बारेमा जान्दछन् ।

फिलिपले यस भन्दा बढी विश्वास दिलाउन कोशिस गरेनन् । फिलिपले तिनलाई "आएर हेर" भनेर बोलाए मात्र । येशू को हुनुहुन्छ भन्ने मानिसहरुलाई देखाउनको निम्ति त्यहि नै एकमात्र उत्तम तरिका हो । उहाँलाई हेर्नको निम्ति उनीहरुलाई आओ भन्नु नै त्यो तरिका हो जुन हामी उहाँलाई यो सुसमाचारमा देख्छौ ।

नथानेल येशूलाई हेर्न फिलिपसँग गए । येशूले नथानेललाई आईरहेको देखेर भन्नुभयो "एकजना पक्का इस्राएलीलाई हेर जसमा कुनै छल छैन । " यसको अर्थ नथानेल परमेश्वरमा पूर्ण विश्वास राख्ने व्यक्ति थिए । यसको तात्पर्य, उनी अभिषेक गरिएका उद्धारकर्तालाई हेर्न अति उत्सुक थिए । बाइबलले भन्दछ कि "सच्चा ईस्राएलीहरु " ती हुन जसले परमेश्वरमा अनि उहाँको प्रतिज्ञाहरुमा विश्वास राख्दछन् । येशूमा विश्वास गर्ने हामीहरुलाई यसले आजकल एकजुट बनाउँदैछ । येशूले उनलाई चिनेको दावी गरेकोमा नथानेल छक्क परे अनि सोधे, "तपाईले मलाई कसरी चिन्नुभयो ? "

फिलिपले तिमीलाई बोलाउनु अघि, अञ्जीरको रुखमुनि मैले तिमीलाई देखेको थिएँ भनेर येशूले नथानेललाई बताउनु भयो । नथानेल त्यहाँ एक्लै उभिरहेका थिए । उनी सायद परमेश्वरको बारेमा सोच्दैथिए वा प्रार्थना गर्दैथिए । येशूले यो थाहापाउनु भयो किनभने साँचो परमेश्वरको हैसियतले उहाँ सबै कुरा थाहा पाउनुहुन्थ्यो ।

अब फिलिपले येशूको बारेमा उनलाई जे भनेको थिए त्यो नथानेलले विश्वास गरे । उनले अविश्वास गरेको आफ्नो गल्ति स्वीकार गरे । उनले येशूलाई "रब्बी" तथा "गुरुज्यू" भनेर सम्बोधन गरे । उनले येशूको बारेमा भने, "तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ । तपाई ईस्राएलका राजा हुनुहुन्छ । "

येशूले नथानेललाई त्यो अधिकार उनीसँग छ भन्नुभयो । येशूले उनी र अरु चेलाहरुसँग उहाँबाट अझ धेरै नै देख्नेछौ भनि वचन दिनुभयो । उहाँले यसको अर्थ के हो भन्ने वारेमा चित्र नै प्रस्तुत गर्नुभयो । तिनीहरुले "स्वर्ग उघ्रिएको" देख्नेछन् । तिनीहरुले "परमेश्वरका दूतहरुलाई मानिसको पुत्र माथि उक्लदै र ओर्लदै गरेको देख्नेछन् । "

येशूले आफूलाई "मानिसको पुत्र" भन्न रुचाउनु हुन्थ्यो । उहाँ पापको ( आगमन) अघि परमेश्वरले चिताए जस्तो मानिस हुनुहुन्थ्यो । उहाँ परमेश्वरको अधीनमा मानिसको रुपमा हाम्रो स्थान लिन आउनुभयो । उहाँले हाम्रो निम्ति परमेश्वरको सबै ईच्छा पुरा गर्ने हुनुभयो । उहाँ हाम्रो पापको मुल्य चुकाउनको निम्ति मर्नु भयो ।

तसर्थ, येशूको दृष्टान्तको अर्थ यो हो कि उहाँ चेलाहरु अनि हामीहरुको निम्ति स्वर्गको बाटो हुनुहुनेछ ।

**याद राख्नुपर्ने कुराहरु :**

१५. फिलिपले नथानेललाई बताए कि उनले ................ ले .................. मा लेखेको अनि ............ ले उल्लेख गरेको व्यक्तिलाई भेट्टाए ।

१६. जब येशूले नथानेललाई देख्नुभयो, तब उहाँले तिनलाई ............ .............. भन्नुभयो ।

१७. नथानेलले येशू .............. को ................ अनि .............. का .............. हुनुहुन्छ भनी स्वीकार गरे ।

१८. येशूले उहाँ ............ को ............ हुनुहुनेछ भन्ने देखाउनको निम्ति नथानेल अनि चेलाहरुलाई चित्र नै दिनुभयो ।

(आफ्ना उत्तरहरु पेज २७ मा हेर्नुहोस )

**याद गर्नुपर्ने कुराहरुको उत्तरहरु :**

१. ख्रीष्ट, एलिया, अगमवक्ता २. मसीह, अभिषेक ३. पाप, परमेश्वर, विश्वास
४. फित्ता खोल्ने ५. थुमा ६. संसार, पाप ७. क्षमा ८. आत्मा ९. पुत्र १०. येशू
११. अन्द्रियास १२. सिमोन (पत्रुस) १३. मसीह (ख्रीष्ट) १४. केफास (चट्टान)
१५. मोशा, व्यवस्था, अगमवक्ताहरु १६. साँचो इस्राएली १७. परमेश्वर, पुत्र, इस्राएल, राजा १८. स्वर्ग, बाटो

**परीक्षा**

परिच्छेद २

कृपया “याद राख्नु पर्ने कुराहरु” को समीक्षा गर्नुहोस ।

१. बप्तिस्मा दिने यूहन्नाको सेवकाईले मानिसहरुलाई .............. (      ) देखाउनु भयो ।

२. यूहन्नाले येशू आउँदै गरेको देखेर, उहाँलाई ........... को .......... भने जसले ..........  को ........... उठाईलैजानु हुन्छ ।

३. यूहन्नाले येशू मसीह हुनुहुन्छ भन्ने थाहा पाए, किनभने परमेश्वरको ............. येशूमा वास गर्नुभयो ।

४. यूहन्नाका केही चेलाहरु ............ को पछि लाग्न थाले ।

५. अन्द्रियास आफ्नो भाइ सिमोन पत्रुसलाई खोज्न गए । उनले ......... (    ) भट्टाए भनेर सिमोनलाई भने ।

६. जब नथानेल येशूकहाँ पुगे, उनले येशू “ ............  को ............. ” हुनुहुन्छ अनि ........... का ............... हुनुहुन्छ भनी स्वीकार गरे ।

७. येशूले आफ्ना चेलाहरुलाई उहाँ ............. को बाटो हुनुहुनेछ भनेर वचन दिनु भयो ।

(आफ्ना उत्तरहरु पेज २४४ मा जाँच्नुहोस्)

---



## विश्वास गर्नुहोस अनि जिउनुहोस

**परिच्छेद ३**
**येशूले कसरी आफ्नो स्वर्गीय महिमा देखाउनुभयो**

यूहन्ना २ :१ देखि यूहन्ना ४ : ५४ सम्म)

## परिच्छेद तीन
## येशूले कसरी आफ्नो स्वर्गिय महिमा देखाउनुभयो

### येशूले पानीलाई दाखमद्यमा बदलिनु भयो ।

(यूहन्ना २:१ - ११ पढ्नुहोस)

१तेस्रो दिन गालीलको काना नगरमा एउटा विवाह थियो ।
येशूकी आमा त्यहाँ थिईन् । २येशू र उहाँका चेलाहरु पनि विवाहमा निम्त्याइएका थिए । ३दाखमद्य
सिद्धिएपछि येशूकी आमाले उहाँलाई भनिन, "तिनीहरुसित दाखमद्य छैन । "
४येशूले तिनलाई भन्नुभयो, "हे नारी मैले के गर्नुपर्छ मलाई नभन्नुहोस । मेरो समय अझसम्म
आएको छैन ।" ५उहाँकी आमाले चाकरहरुलाई भनिन् "उहाँले भन्नुभएबमोविम तिमीहरुले गर । "
६अब यहूदीहरुको शुद्धि हुने प्रथाको निम्ति त्यहाँ प्राय : एक सय लिटर अटाउने ढुङ्गाका छ
ओटा घ्याम्पाहरु राखिएका थिए । ७येशूले तिनीहरुलाई भन्नुभयो, "घ्याम्पाहरु पानीले भर । "
तिनीहरुले घ्याम्पाका मुखसम्मै पानी भरिदिए ।
८उहाँले तिनीहरुलाई भन्नुभयो, "अलिकति उघाएर भोजका मुखियाकहाँ लैजाओ । " तिनीहरुले
सो लगे । ९भोजका मुखियाले त्यो पानी चाखे, जो अब दाखमद्यमा परिणत भएको थियो । त्यो
कहाँबाट आएको हो सो तिनलाई थाहा थिएन, तर पानी भर्ने चाकरहरुलाई भने थाहा थियो ।
१०तब भोजका मुखियाले दुलाहालाई बोलाएर भने, "हरेक मानिसले पहिले असल दाखमद्य
टकयााउँछ अनि मानिसहरुले निकै खाइसकेपछि मात्र कमसल दाखमद्य राखिदिन्छ । तिमीले त असल
दाखमद्य अहिलेसम्म राखिछोडेछौ ।
११उहाँका चिन्हहरुमध्ये यो पहिलो चिन्ह येशूले गालीलको कानामा गर्नुभयो । यसरी उहाँले
आफ्नो महिमा प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरुले उहाँमाथि विश्वास गरे ।

येशूले आफ्ना चेलाहरुलाई भेला गरिसकेपछि, तिनीहरु उहाँसँग कानाको एउटा गाउँमा विवाहमा गए ।

येशूको आमा, मरियम, पनि त्यहाँ हुनुहुन्थ्यो । उहाँले विवाह भोजमा सघाउँदै हुनुहुन्थ्यो ।

त्यस बेलाको विवाह आजको हाम्रो भन्दा नितान्त भिन्न खाल्को हुन्थ्यो । वर र वधु लगभग एक वर्षसम्म विवाहको लागि मगनीमा रहन्थे । तिनीहरुको मगनी नै बन्धनयुक्त हुन्थ्यो, तर अझ सम्म पनि तिनीहरु एकसाथ बस्दैनथे । त्यसपछि,



कानामा विवाह

विवाहको दिन, वर वधुको घरमा गएर तिनलाई आफ्नो घरमा लिएर आउँथे । तब त्यहाँ, परिवारजनले विवाहलाई अनुमोदन गर्दथे । अनि सबै पाहुनाहरुलाई भोजमा आमन्त्रण (स्वागत) गर्दथे । (विवाहको) उत्सव र भोज सात दिनसम्म चल्दथ्यो ।

यो विवाहमा एउटा अनोठौ घट्ना घट्यो । सात दिन बित्न अगावै, दाखमद्य सिद्धियो । (सम्भवत ती नवविवाहित जोडा गरीब थिए ।) यो कुरा येशूको आमाले येशूलाई भन्नुभयो । सायद, उहाँ येशूले आश्चर्यकर्म गर्नुहोस ( चिन्ह देखाउनु होस) भन्ने अपेक्षा राख्नु हुन्थ्यो । उहाँसँग सुलभ भण्डार थिएन जहाँ गएर उहाँले अरु (धेरै) दाखमद्य ल्याउन सक्नुहोस ।

येशूले यस वारेमा उहाँको र उनको साझा केही छैन भनी जवाफ दिनुभयो । उहाँको समय अझ आईसकेको थिएन । उहाँले सोचेको चाहिँ उहाँको आमाको हैसियतले स्वर्गका पिताले चाहे जस्तो उनले बाटो प्रशस्त गर्नु पर्दथ्यो । येशूलाई परमेश्वरले सार्वजानिक रुपमा पहिलो चिन्ह देखाउन उचित समय तोक्नु भएको थियो । पारिवारिक सम्बन्धले यसमा काम गरेन ।

मरियमले येशूलाई विश्वास गर्नुभयो । उनले चाकरहरुलाई येशूले भन्नुभएबमोजिम गर्नको निम्ति निर्देशन दिईन् ।

तब येशूले ती चाकरहरुलाई नजिकमा रहेका छ वटा घ्याम्पाहरु ल्याउन अह्रराउनु भयो । यहूदीहरुले “शुद्धि हुने प्रथाको निम्ति” त्यस्ता घ्याम्पाहरु प्रयोग गर्दथे । येशूले ती चाकरहरुलाई घ्याम्पाहरु मुखसम्मै पानीले भर्नको लागि भन्नुभयो । जम्माजम्मी, ती घ्याम्पाहरुमा १०० ग्यालन भन्दा बढी पानी अटायो ।

त्यसपछि, चाकरहरुले अलिकति पानी उघाएर भोजका मुखियाकहाँ लगे । नयाँ बनेको जुनसुकै खानपिन पस्केर बाड्नु भन्दा पहिले संधै नै उनले चाख्ने गर्दथे । उनले चाखेको चिज अब पानी रहेन । यो असल कोटीको दाखमद्य थियो । यद्यपि, चाकरहरुलाई येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभएको कुरो थाहा थियो , तथापि उनलाई (मुखियालाई) थाहा थिएन ।

त्यो भोजको मुखियाले आफु चकित भएको कुरा दुलाहालाई सुनाए । उनले काम गरेको धेरै जसो विवाहहरुमा, उत्तम दाखमद्य पहिले आउथ्यो ( बाँडिन्थ्यो) । जब पाहुनाहरुले धेरै पियेका हुन्थे, तब निम्न कोटीको दाखमद्य आउँथ्यो (बाँडिन्थ्यो) त्यसबेला, पाहुनाहरुले फरक छुट्याउन सक्दैनथे । तर यो विवाह फरक खालको थियो । उत्तम कोटीको दाखमद्य भोजको अन्त्यमा मात्र आयो ।

यो उदार उपहारसँगै, येशूले आफ्नो मण्डलीको पहिलो आश्चर्यपूर्ण चिन्ह सम्पन्न गर्नुभयो । यसलाई चिन्ह भनिन्छ किनभने यो स्वर्गीय तथ्य ( वास्तविकता) देखाउनको लागि सांसारीक कार्य थियो । जस-जसले यो चिन्ह देखे तिनीहरुले येशूको ईश्वरीय- शक्ति अनि महिमा देखे । येशूमाथि चेलाहरुको विश्वास झनै बढ्यो ।

**याद राख्नुपर्ने कुराहरु :**

१. येशू र उहाँका चेलाहरु ......................... भन्ने गाउँमा विवाहको निम्ति जानुभयो ।

२. विवाह उत्सव .................... दिनसम्म चल्यो, र पाहुनाहरुलाई .................. को कमि भयो ।

३. येशूको आमाले चाँहि येशूले .................. देखाउनुहोस भन्ने चाहना राख्नुभयो ।

४. येशूले उनलाई भन्नुभयो कि यस मामिलामा उहाँको स्वर्गका ................ मुताबिक चल्नुपर्छ ।

५. येशूले चाकरहरुलाई छ ओटा घ्याम्पाहरु ................ ले भर्न लगाउनुभयो ।

६. जब चाकरहरुले घ्याम्पाबाट उघाएर ल्याए , तब तिनीहरुले भोजमा उत्तम कोटीको ............... ल्याए ।

७. यो येशूको पहिलो आश्चर्यकम थियो । यसलाई ............... भनिन्छ । यो ................ तथ्य (वास्वविकता) देखाउनको लागि ...................... कार्य थियो ।

(आफ्ना उत्तरहरु पेज ६० मा जाँच्नुहोस )

**येशूले आफ्नो मृत्यु र पुनरुत्थान बारे भविष्यवाणी गर्नुभयो ।**

(यूहन्ना २: १२ - २५ पढ्नुहोस)

[१२]त्यसपछि उहाँ आफ्ना आमा, भाइहरु र चेलाहरुसँग कर्फनहुममा जानुभयो, र केही दिन त्यहाँ बस्नुभयो ।

[१३]यहूदीहरुको निस्तार - चाड नजिकै थियो , र येशू यरुशलेममा जानुभयो । [१४]उहाँले मन्दिरमा
गोरु, भेडा र ढुकुर बेच्नेहरु र पैसा साट्नेहरुले किनबेच गरिरहेका भेट्टाउनु भयो । [१५]तब डोरीको
एउटा कोर्रा बनाएर उहाँले मन्दिरबाट ती सबैलाई, तीनका भेडाहरु र गोरुहरुलाई समेत मन्दिरबाट
बाहिर लघार्नुभयो, र पैसा साट्नेहरुको रेचकी घोप्ट्याएर तिनीहरुका टेबिल पल्टाइदिनुभयो । [१६]ढुकुर
बेच्नेहरुलाई उहाँले भन्नुभयो , "यहाँबाट यी सब थोक लैजाऔ । मेरा पिताको भवनलाई व्यापारको
घर नतुल्याओ । "
[१७]उहाँका चेलाहरुलाई धर्मशास्त्रमा लेखिएका यो कुरा याद भयो, "तपाईका भवनको जोशले
मलाई जलाउनेछ । "
[१८]यहूदीहरुले उहाँलाई भने, "तपाई यी काम गर्नुहुन्छ त यिनका निम्ति हामीलाई के चिन्ह
देखाउनुहुछ ?
[१९]येशूले तिनीहरुलाई जवाफ दिनुभयो, यस मन्दिरलाई भन्काईदेओ र , म तीन दिनमा यसलाई
खडा गर्नेछु ।"[२०]तब यहूदीहरुले भने, "यस मन्दिरलाई निर्माण गर्न छयालीस वर्ष लाग्यो र के तपाई
यसलाई तीन दिनमा खडा गर्न सक्नुहुन्छर ?[२१]तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो, त्यो
उहाँको शरीर थियो । [२२]जब उहाँ मृतकबाट उठाइनुभयो, तब येशूले भन्नुभएको यो कुरा चेलाहरुलाई
स्मरण भयो, र तिनीहरुले धर्मशास्त्रमाथि र येशूले बोल्नुभएको वचनमाथि विश्वास गरे ।
[२३]जब उहाँ निस्तार- चाडका भोजको बेला यरुशलेममा हुनुहुन्थ्यो, तब उहाँले गर्नुभएको
चिन्हहरु देखेर धेरैले उहाँको नाँउमा विश्वास गरे । [२४]तर येशूले आफैंलाई तिनीहरुका भरमा
छोड्नुभएन, [२५]किनकि मानिस के हो भनि उहाँ जान्नुहुन्थ्यो । उहाँलाई मानिसको विषयमा कसैले
सिकाउनु आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वंयम जान्नुहुन्थ्यो ।

त्यसपछि उहाँ आफ्ना आमा, भाइहरु र चेलाहरुसँग गालील समुन्द्रको उत्तर किनार कफर्नहुममा (पेज २५४ मा मानचित्र हेर्नुहोस) केही दिन बस्नको निम्ति जानुभयो । निस्तार - चाड नजीकै आइसकेको थियो ।

प्रत्येक साल मार्च तथा अप्रिलको शुरुमा, यहूदीहरु निस्तार-चाड मनाउनको निम्ति यरुशलेमको मन्दिर जाने गर्दथे । परमेश्वरले तिनीहरुलाई मिश्र देशमा छँदा कसरी दासत्वबाट बचाउनु भयो भन्ने सम्बन्धमा संझना गर्ने दिन थियो त्यो । उनीहरु (यहूदीहरु) ले मिश्र देश छोड्नु भन्दा ठीक अघिल्लो रात परमेश्वरले मृत्युको महामारी पठाएर मिश्रीहरुका सबै जेठा जन्मिएकाहरुलाई मार्ने निर्णय गर्नुभयो । तर तिनीहरुको (यहूदीहरुको) सन्तान बाँचे (सुरक्षित रहे ।)

तिनीहरुको घरको ढोकामा भर्खर बलिदान चढाएको पाठोको रगत लागेको देखेपछि मृत्युका दुतले त्यो - त्यो घरलाई पार गरेर गए (त्यसैले, पार गर्नु तथा निस्तार गर्नु ) ।

मन्दिरमा बलि चढाउनको लागि जनावरहरु किन्न अनि मन्दिरमा कर तिर्नको लागि कुनै पनि विदेशी मुद्रा यहूदीहरुको मुद्रामा साट्नुपर्दथ्यो । जब येशू त्यहाँ पुग्नु भयो, त्यहाँ पसलेहरुले ती ग्राहकहरुलाई ठग्दै गरेको देख्नुभयो । तिनीहरुले आफ्ना सामान र मजदुरीको ज्याला धेरै नै लिँदै थिए । तिनीहरुले त्यो मन्दिरलाई एउटा कुनै नगर/गाउँको मेला स्थल सरह तुल्याएका थिए ।

येशू उनीहरुको दुरुपयोगबाट क्रोधित हुनु भयो । तब उहाँले कोर्रा बनाउन केही डोरी लिनुभयो । उहाँले मन्दिर परिसरबाट सबै जनावरहरु लखेट्नु भयो । उहाँले मुद्रा सटही गर्नेहरुको टेबल उल्टयाइदिनुभयो । अनि उहाँले ती पसलेहरुलाई पनि लखेट्नुभयो ।

उहाँले तिनीहरुलाई पिताको पवित्र स्थललाई व्यापारको घर बनाएकोमा झपार्नु भयो ।

हामीले सँधै देख्ने गरेको जस्तो भद्र (शुशील) येशू उहाँ हुनुहुन्नथ्यो । खुलेआम पाप गरेर पनि त्यसमा पश्चताप नगर्ने मानिसहरुप्रति उहाँ प्रतिक्रिया जवाफ दिदैं हुनुहुन्थ्यो । तिनीहरु पैसा कमाउने बारे मात्र ख्याल राख्दथे । तिनीहरुले वास्तवमा परमेश्वर र उहाँको घर वारे पटक्कै विचार गर्दैनथे ।

चेलाहरु साँच्चै नै छक्क परे अनि डराए पनि । तिनीहरुले उद्धारकर्ता बारे भजनसंग्रह ६९.९ को धर्मग्रन्थ वारे सम्झे : “तपाईका भवनको जोशले मलाई जलाएको छ ।” आगामी दिनमा अझ कस्तो विपत्तिहरु आउने हो भन्ने बारे तिनीहरु चिन्तित थिए ।

आश्चर्य नै भयो कि येशूलाई उहाँको क्रियाकलापको लागि यहूदीको नाइकेले पक्रेन । उहाँ सही हुनुहुन्थ्यो भन्ने सायद तिनीहरुले जान्दथे ।

तर तिनीहरुले उहाँको शक्तिको प्रमाण प्रस्तुत गर्नभनी हाँक दिए । तिनीहरुले आश्चर्यकर्म वा चिन्ह देखाउनु भने ।

यी यहूदीहरुले येशूको प्रसिद्धि बढ्दै गरेको राम्ररी जान्दथे अनि केही मानिसहरुले त उहाँ मसीह नै हुनुहुन्छ भन्ने गरेका थिए । तर तिनीहरु मसीहलाई संसारको शक्तिशाली नेताको रुपमा पाउन प्रतिक्षा गर्दैथिए । तिनीहरु बप्तिस्मा - दिने यूहन्नाले गवाही दिएको जस्तो “संसारको पाप हरण गर्ने ” कुनै व्यक्तिको प्रतिक्षा गरिरहेका थिएनन् । तसर्थ, उनीहरुले माग गरेको चिन्ह गलत स्थानमा पऱ्यो ।

तापनि, येशूले तिनीहरुलाई चिन्ह देखाइदिनु भयो । उहाँले भन्नुभयो, “यस मन्दिरलाई भत्काईदेओ, र म तीन दिनमा यसलाई खडा गर्नेछु । ”

यहूदीहरुले सांसारिक द्धष्टिले मात्र सोच्ने गर्दथे । उनीहरुले सोचे कि उहाँले तिनीहरु भएको ठाउँमा मन्दिरको भवन खडा गर्नुहुनेछ । उनीहरुले उहाँलाई बौलाहा ठानेको हुनुपर्छ । "यस मन्दिरलाई निर्माण गर्न छयालिस वर्ष लाग्यो," तिनीहरुले भने, "के तपाई यसलाई तीन दिनमा खडा गर्न सक्नुहुन्छ र ?"

येशूले भनेका उहाँ मृत्युबाट पुनर्जीवित हुनुहुनेछ भन्ने कुरो तिनीहरुले बुझेनन् । उहाँ आफ्नो शरीरलाई नै मन्दिर भन्दै हुनुहुन्थ्यो । उहाँको शरीर तिनीहरुले ध्वस्त पार्नेछन् भनी उहाँ भविष्यवाणी गर्दै हुनुहुन्थ्यो । तर तीन दिनपछि उहाँ मृत्युबाट फेरि पुनर्जीवित हुँदै हुनुहुन्थ्यो ।

यद्यपि सुन्ने मान्छेहरुले उहाँको कुरा बुझेनन् तथापि येशूको मन्दिरको काल्पनिक रुप -उपयुक्त थियो । मन्दिर त्यस्तो स्थान थियो जहाँ परमेश्वर मानिसहरुकहाँ आउनुहुन्थ्यो । तर अब परमेश्वर येशूको रुपमा तिनीहरु समक्ष आउनुभयो ।

पछिबाट, जब येशू मृत्युबाट पुर्नजीवित हुनुभयो, उहाँका चेलाहरुले उहाँको वचन सम्झिए, वचनलाई बुझे अनि वचनमाथि विश्वास गरे ।

कालान्तरमा, यरुशलेममा निस्तार - चाडका भोजको बेला येशूले निरन्तर चिन्हहरु प्रकट गर्नुभयो (देखाउनु भयो) । धेरै मान्छेहरु उहाँको चिन्ह  बाट चकित हुन्थे अनि येशू कोही विशिष्ट व्यक्ति हुनुहुन्छ भनी विश्वास गर्दथे । तर येशूले उनीहरुको हृदय छाम्नु भयो । तिनीहरु उहाँमा पूर्णरुपले विश्वस्त छैनन भन्ने उहाँले देख्नुभयो । उहाँप्रति तिनीहरुको विश्वास खोक्रो थियो । तिनीहरुले, खासमा, उहाँलाई तिनीहरुको उद्धारकर्ता हुनुहुन्छ भनी विश्वास गरेनन् ।

**याद राख्नुपर्ने कुराहरु :**

८. येशू ............... चाडको निम्ति .............. जानु भयो ।

९. यरुशलेमको एक मन्दिरमा पसलेहरु र पैसा साट्नेहरुले मानिसहरुलाई ................ देखेर उहाँ विचलित हुनुभयो ।

१०. उहाँले डोरीको ............... बनाउनुभयो अनि तिनीहरु र जनावरहरुलाई मन्दिरबाट लखेट्नुभयो ।

११. यहूदीहरुको नाइकेले त्यो ............ गर्ने येशूको के शक्ति छ भनी सोधे ।

१२. येशूले यस्तो चिन्ह पेश गर्नुभयो : “यस .............. लाई भत्काईदेओ । म यसलाई ........ दिनमा खडा गर्नेछु । ”

१३. येशू आफू मृत्युबाट ........... हुनुहुनेछ भनी भविष्यवाणी गर्दै हुनुहुन्थ्यो ।

(आफ्ना उत्तरहरु पेज ६० मा हेर्नुहोस)

## येशूले निकोदेमसलाई नयाँ जन्म अनि अनन्त जीवन बारे शिक्षा दिनुभयो ।

(यूहन्ना ३:१ - ८ पढ्नुहोस)

[१]फरिसीहरुमध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए । तिनी यहूदीहरुका महासभाका एक
सदस्य थिए । [२]यिनी राती येशूकहाँ आए, र उहाँलाई भने “गुरुज्यू हामी जान्दछौ तपाई परमेश्वरबाट
आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईले गर्नुभएका यी चिन्नहरु
कसैले गर्न सक्तैन ।

[३]येशूले तिनलाई जवाफ दिनुभयो, “साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने
उसले परमेश्वरको राज्य देख्न सक्तैन ।

[४]निकोदेमसले उहाँलाई भने, “मानिस बुढो भएपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नो
आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ ?”

[५]येशूले जवाफ दिनुभयो, “साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्धारा जन्मेन भने
परमेश्वरको राज्यमा पस्त सक्तैन । [६]शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा
हो । [७]मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान । [८]बतास जता चाहन्छ उतै बहन्छ ।
तिमी बतासको आवाज सुन्छौ, र त्यो कहाँबाट आउछ र कता जान्छ, त्यो जान्दैनौ । आत्माबाट
जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ । ”

फरिसीहरु यहूदीहरुका धार्मिक गुरुहरु थिए । तिनीहरु प्राय : जसो येशूसँग मैत्रीपूर्ण थिएनन् । पहिले (यूहन्ना १ :२४-२७ हेर्नुहोस) तिनीहरुले बप्तिस्मा - दिने यूहन्नालाई हाँक दिएका थिए । तापनि, निकोदेमस अरु फरिसीहरु भन्दा बेग्लै उत्साह लिएर येशूकहाँ आएका थिए । उनी येशूसँग व्यक्तिगत बातचित गर्न रात्री आएका थिए । उनी सम्भवत अरु फरिसरुहरुले येशूसँगको उनको भेट बारे थाहा नपाउन भन्ने चाहन्थे । उनी इमान्दारीपूर्वक येशूसँग सत्यताको खोज गर्न आए ।

येशू परमेश्वरबाट आउनुभएको हो भनी निकेदेमसले स्वीकार गरे । उनले येशूको चमत्कारहरु अलौकिक चिन्हहरु हुन भन्ने देखे । तर यी सबको अर्थ के हो तिनले जान्न सकेनन् ।

येशूले निकोदेमसलाई भन्नुभयो कि कोही नयाँ गरी जन्मने भने उसले परमेश्वरको राज्य देख्न सक्तैन । परमेश्वरको राज्य भनेको त्यो हो जहाँ परमेश्वरले राज्य गर्नुहुन्छ । जसले येशूमा विश्वास गर्दछ, परमेश्वरले सर्वप्रथम उनीहरुको हृदयमा राज्य गर्नुहुन्छ । उहाँले एकदिन स्वर्ग -जहाँ उहाँको मात्र राज्य छ मा तिनीहरुलाई लैजानु हुनेछ । त्यसो हुनुको लागि येशू भन्नुहुन्छ, त्यो मानिस नयाँ गरी जन्मनु पर्ने हुन्छ ।

त्यो वचन निकोदेमसलाई असहज लाग्यो । उनले सोचे कि यहूदीको कुलमा जन्म र फरिसीको पदले उनलाई परमेश्वरको कृपा पात्र बनाएको छ । उनी जिल्ल परे । उनले बुझे कि येशूले देश्रो देहधारी जन्म चाहिँ भनेको होइन ।

येशू फेरि पनि आत्मिक रुपमा बोल्न थाल्नुभयो । उहाँका कुराहरु सत्य छन् भनी उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, "कोही पानी र पवित्र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्तैन । " निकोदेमसको हृदय परिवर्तन हुनु जरुरी थियो । उनले येशूलाई उनको उद्धारकर्ता हुनुहुन्छ भनी विश्वास गर्नु आवश्यक थियो ।
उनलाई पानीले धुनु जरुरी भएको थियो जसमा परमेश्वरको पवित्र आत्माद्वारा विश्वास प्रकट हुन्छ । त्यो नै बप्तिस्मा हो ।

येशूले प्रष्ट पार्नुभयो कि हाम्रो पहिलो जन्म मान्छेद्वारा मान्छेको हो । वास्तविक अर्थमा, उहाँ भन्नुहुन्छ, "देहधारी" ले "देहधारी" नै जन्माउँछ । यसो भन्नुको तात्पर्य के हो भने हामी जन्मदा हाम्रा पुर्खाहरुको जस्तै पापमय स्वभाव सँगसँगै आउँदछौँ । उहाँहरुमा पाप छ । हामी पनि पापसँगै जन्मन्छौँ ।

तर परमेश्वरको पवित्र आत्माले हामीमा नयाँ आत्मा को जन्म दिनुहुन्छ, ईश्वरीय आत्मा राखि दिनुहुन्छ । उहाँले हाम्रो हृदयमा विश्वास भरी दिनुहुन्छ । हामी सबैलाई त्यस्तो पवित्र आत्मिक जन्म चाहिन्छ । हामीले येशूमा विश्वास गर्न जरुरी छ ।

आत्माको जन्म त्यस्तो कुनै देख्न सकिने घटना होइन । यो हावाको खास स्थान तोक्नु जस्तै हो । हामी यसलाई सुन्न अनि अनुभव गर्न सक्छौ , तर त्यो कहाँबाट आउँछ र कता जान्छ देख्न सक्तैनौ । त्यसैकारण पनि आत्मा सम्बन्धमा : हामीलाई कसरी प्रभाव पार्नु हुन्छ भन्ने हामी जान्दछौँ, तर उहाँले काम गरेको चाहिँ हामी देख्न सक्तैनौ ।



येशू राती निकोदेमससँग बातचित गर्नुहुन्छ ।

**याद राख्नुपर्ने कुराहरु :**

१४. एकजना ................ नाम गरेको मान्छे येशू कहाँ राती कुरा गर्न आए । उनी .............. थिए ।

१५. येशूले निकोदेमसलाई भन्नुभयो कि परमेश्वरको राज्य देख्नको निम्ति उनी ............... पर्नेछ ।

१६. येशूले स्पष्ट पार्नुभयो कि हामी ............. र ............... द्धारा जन्मनु पर्नेछ । उहाँले ................ तर्फ संकेत गर्दै हुनुहुन्थ्यो ।

१७. हामीले नयाँ जन्म लिनुपर्नेछ किनभने हामी ............... सँगै जन्मेका थियौँ ।

१८. हाम्रो हृदयमा ............. क्रियाशिल हुनको लागि हामीलाई परमेश्वरको पवित्र आत्माको आवश्यकता पर्दछ ।

(आफ्ना उत्तरहरु पेज ६० मा जाँच्नुहोस ।)

(यूहन्ना ३ :९ - १६ पढ्नुहोस)

९निकोदेमसले उहाँलाई सोधे, "यो कसरी हुन सक्दछ ?"
१०येशूले तिनलाई जवाफ दिनुभयो, "तिमी इस्राएल को गुरु हौ, र पनि यी कुरा बुझ्दैनौ ?" साँच्चै म
तिमीलाई भन्दछु, हामी जे जान्दछौं त्यो भन्दछौ, र हामीले जे देखेका छौ त्यसको गवाही दिन्छौं , तर
तिमीहरु हाम्रो गवाही स्वीकार गर्दैनौ । १२मैले तिमीहरु लाई पृथ्वीको कुरा भने, र पनि तिमीहरु
विश्वास गर्दैनौं, त तिमीहरुलाई स्वर्गका कुरा बताँए भने कसरी विश्वास गर्न सक्छौं ? १३स्वर्गबाट
ओर्लि आउने मानिसको पुत्रबाहेक कोही पनि स्वर्गमा उक्लेको छैन । १४जसरी मोशाले उजाड स्थानमा
सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५र जस-जसले उहाँमाथि विश्वास गर्छ,
त्यसले अनन्त जीवन पाउँछ ।
१६"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो,कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि
उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस, तर त्यसले अनन्त जीवन पाओस् ।

निकोदमसले अझ पनि येशूको वचन आफ्नो विवेक सँग अनुकूल पार्ने कोशिस गरे । "यो कसरी हुन सक्तछ ?" भनी उनले सोधे । यो यस्तो प्रश्न हो जुन हामी जो - कोहिले बेला बखत सोद्धछौ ।

यसमा येशूले तिनलाई हपार्नुभयो । निकोदेमस इस्राएलका प्रमुख धर्मगुरुहरु मध्येका एक थिए । निश्चितरुपमा, उनले बुझ्नु पर्ने हो ।

येशू र बप्तिस्मा - दिने यूहन्नालाई थाहा थियो कि उहाँहरु के बारेमा कुरा गर्दै हुनुहुन्थ्यो जुन परमेश्वरबाट थियो । तर फरिसी जस्ता मानिसहरुले आफुले सुनका कुरा विश्वास गर्दैन थिए । अहिलेसम्म, येशूले निकोदेमसलाई संसारमा भएको कुराबारे बताउनुभयो : मानिसहरुको हृदय परिवर्तन गर्न आवश्यक छ । तिनीहरुले विश्वास गर्न र बप्तिस्मा लिन आवश्यक छ । यदि निकोदेमसले यी कुराहरु विश्वास गरेनन् भने, येशूले भन्नुभयो, उहाँले स्वर्गका बारेमा भन्नुभएको कुरा कसरी विश्वास गर्नेछन् ?

येशूले प्रत्युत्तरको प्रतिक्षा गर्नुभएन । उहाँले निकोदेमसलाई शिक्षा दिन बातचित निरन्तर राख्नुभयो । स्वर्गको प्रसंग ल्याएर, येशूले परमेश्वरको मुक्तिको योजना वारे भन्दै हुनुहुन्थ्यो । येशूलाई योजना वारे ज्ञान थियो किनभने उहाँ स्वर्गबाट आउनुभएको थियो । उहाँ योजना बनाउँदाको बखतमा परमेश्वरसँगै अनन्त कालसम्म हुनुहुन्थ्यो । त्यसैले उहाँले निकोदेमसलाई परमेश्वरको योजना बारे बताउनु भयो ।

उहाँले पुरानो करारको धर्मग्रन्थको कथाबाट शुरु गर्नुभयो जुन निकोदेमसले जान्दथे : मिश्र देशबाट भागेपछि इस्राएलका मानिसहरुले धेरै बर्षसम्म मरुभुमिमा बस्नुपरेको थियो ।

तिनीहरु बारम्बार परमेश्वरको शिकायत गर्न अनि उहाँको विरुद्धमा बोल्न थाले । तब परमप्रभुले ती मानिसहरुका बीचमा विषालु सर्पहरु पठाइदिनु भयो । सर्पले डसेका जति मानिसहरु सबै मरे । अनि त मानिसहरुको हृदयमा परिवर्तन आयो । तिनीहरुले मोशालाई सहायताको निम्ति परमप्रभुलाई प्रार्थना गरिदिन अनुरोध गरे ।

परमप्रभुले मोशालाई विषालु सर्पको एउटा प्रतिमा बनाएर त्यसलाई एउटा खाँबामा झुण्ड्याउन लगाउनु भयो । तब सर्पले डसेकाहरुले त्यसलाई हेरेपछि तिनीहरु बाँच्ने भए । परमप्रभुले भन्नुभए मुताबिक तिनीहरु (सर्पले डसेकाहरु) ले सर्पको प्रतिमा हेरे । त्यसले तिनीहरुको परमप्रभुमाथिको विश्वास अझ पनि जिउँदै रहेछ भन्ने देखायो ।

परमप्रभुको अबको योजना के थियो भन्ने बुझाउन येशूले निकोदेमसलाई यो कथा भन्नु भएको हो । परमप्रभुले येशूलाई पनि खाँबामा उचाल्नुभयो । अनि जो कोही - जसले उहाँमा विश्वास गर्छ - ऊ अनन्त जीवन जिउने छ । यसको तात्पर्य



मोशाले काँसाको सर्प उठाए ।

हामी सबैलाई पापले “डसेको छ” अनि त्यसैले हामी अनन्त मृत्युको योग्य छौं । तर जब येशू क्रूसमा मर्नुभयो, तब उहाँले हाम्रो निम्ति पापको क्षमा पाउनु भयो । जब हामी परमेश्वरमा विश्वास गर्दछौ, अनि येशूलाई विश्वासमा देख्दछौं, हामी क्षमा अनि अनन्त जीवन पाउँदछौं ।

येशूले, तब निकोदेमस अनि हाम्रो लागि उहाँले प्रदान गर्नुभएको समग्र शिक्षा को निचोड निकाल्नुभयो । उहाँका बचनहरु सम्भवत बाइबलमा सबैभन्दा धेरै  उल्लेख भइका छन् । ती वचनहरुले हामीहरुलाई उद्धार गरिनको निम्ति  सबथोक बताउँदछन् ।

येशूले प्रकट गर्नुभएको बचनलाई नियालेर हेर्नुहोस :
“परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो ................... । ” परमेश्वरको प्रेम हामीमा अति गहिरो छ । उहाँको प्रेम हामी आर्जन गर्न सक्दैनौ । तर उहाँको प्रेमले गर्दा कुनै तरहले हाम्रो स्वार्थमा उहाँलाई कार्य गर्न प्रेरित गर्दछ । हाम्रो लागि के असल छ त्यहि मात्र उहाँ चाहनुहुन्छ । अनि हेर्नुहोस त परमेश्वरको प्रेमको भागिदार को हो - “संसार” - यसमा सबै नै समाविष्ट छ । उहाँले तपाई र मलाई पनि, हामीले जे गरेको भएता पनि माया गर्नुहुन्छ ।

परमेश्वरले यस संसारमा हामीलाई र सबैलाई कति धेरै माया गर्नुहुन्छ ? “उहाँले उहाँको एकमात्र पुत्र दिनुभयो । ” उहाँले आफ्नो पुत्र पठाउनु भयो, जो (जुन हामीले पहिल्यै नै जानि सक्यौं ) , आदिमा परमेश्वरसँग वचन हुनुहुन्थ्यो (यूहन्ना १:१, २ हेर्नुहोस) । परमेश्वरको पुत्र आउनु भयो, अनि हामीले उहाँलाई येशू भनेर चिन्यौं । उहाँ जस्तो अरु कोही पनि छैन । उहाँ परमेश्वर पिताबाट पठाइनु भएका परमेश्वर हुनुहुन्छ । उहाँ स्त्रीबाट जन्मिनु भएको पुरुष हुनुहुन्छ । परमेश्वरले
उहाँलाई हाम्रो लागि पवित्र जीवन जिउन पठाउनुभयो । परमेश्वरले उहाँलाई संसारको पापको निम्ति क्रूसमा मर्न पठाउनु भयो । उहाँ हाम्रो पापको निम्ति मर्न आउनुभयो ।

यसको परिणाम के भयो त ? “जसले उहाँमा विश्वास गर्छ उ मर्दैन तर (उसले) अनन्त जीवन प्राप्त गर्दछ । ” “जसले” भन्ने शब्दले मलाई पनि समावेश गरेको देखाउँछ । परमप्रभुले मलाई प्रेम गर्नुहुन्छ । “जसले उहाँमाथि विश्वास गर्दछ ” भन्ने ले हामी विश्वासद्धारा परमप्रभुको अनुग्रह प्राप्त गर्दछौं भन्ने बुझाउँछ । हामीले विश्वास गर्नुपर्दछ । तर हामीले जे सुकैमा वा जो सुकैमाथि विश्वास गर्न सक्दैनौ । हामीले येशूमाथि विश्वास गर्नुपर्दछ जसलाई

परमेश्वरले पठाउनुभयो । उहाँमाथि विश्वास गर्नुहोस अनि तपाई "मर्नु हुनेछैन तर अनन्त जीवन प्राप्त गर्नु हुनेछ । "

येशूमा विश्वास गर्नुहोस अनि तपाई मर्नु हुनेछैन । एक क्षण पर्खनुहोस । हामी प्रत्येक दिन हाम्रै वरिपरि विश्वास गर्नेहरु मरेको देख्दैनौ र ? अँ हो, हामी देख्दछौं । तर यही नै अन्त्य चाहिँ होइन । हाम्रो यो भौतिक शरीरले काम गर्न छोड्छ, तर हाम्रो आत्मा येशूसँग सदा-सर्वदा जीवित रहन्छ । अनि येशूले संसारको अन्तिम दिन हाम्रो शरीरलाई उठाउनु हुन्छ । हाम्रो जीवन अनन्त छ । स्वर्ग हाम्रो घर हुनेछ ।

**याद राख्नु पर्ने कुराहरु :**

१९. येशूले ..................... घटेका घटनाहरु बारे निकोदेमसलाई बुझाउँदै हुनुहुन्थ्यो । अब उहाँले ................. को बारेमा उनलाई भन्नुहुनेछ ।

२०. येशूले ............... को बारेमा परमेश्वरको योजना बताउनु भयो ।

२१. परमेश्वरले जसरी मोशालाई विषालु .................. बनाएर एउटा खाँबामा उचाल्न लगाउनु भयो त्यसरी नै येशू पनि .................. मा उचालिनु भयो ।

२२. परमेश्वरले सारा ................ लाई प्रेम गर्नुहुन्छ ।

२३. परमेश्वरको प्रेम यति गहिरो छ कि उहाँले उहाँको एकमात्र ................ दिनुभयो ।

२४. ................. होस तर जसले उहाँमा विश्वास गर्छ उसले ............ ................ प्राप्त गर्दछ ।

(आफ्नो उत्तरहरु पेज ६० मा हेर्नुहोस)

(यूहन्ना ३:१७ - २१ पढ्नुहोस)

[१७]किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्धारा बाँचोस भनेर पठाउनु भयो । [१८]जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिदैन , किनभने उसले परमेश्वरको एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन । [१९]फैसला चाहिँ यहि हो : ज्योति संसारमा आएको छ, र मानिसहरुले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरुका काम दुष्ट थिए । [२०]किनकि दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्दछ, र ज्योतिमा आउँदैन, नत्रता

त्यसका काम प्रकट हुनेछन् । [२१]सत्यद्धारा जिउने मानिस ज्योतिमा आउँछ, र यसरी उसले गरेका कामहरु परमेश्वरमा गरिएका हुन भन्ने प्रष्टै देखिन्छ । ”

हामीले ठानेका हुन्छौ कि परमेश्वरले हामीलाई हाम्रो पापको दोषी ठहऱ्याउन आफ्नो छोरा पठाउनु हुनेछ । तर परमेश्वरले यसको ठीक विपरित गर्नुभयो । परमप्रभुले हामीलाई हाम्रो पापबाट उद्धार गर्नको निम्ति उहाँको पुत्र पठाउनु भयो । जब हामी येशूमा विश्वास गर्छौ हामीलाई दोषी ठहर्‍याइने छैन ।

तैपनि कोही -कोही दोषी ठहरिन्छन् । परमेश्वरले तिनीहरुलाई दोषी ठहर्‍याउनु हुन्छ किनकि तिनीहरु उहाँको पुत्रमाथि विश्वास गर्दैनन् । त्यो येशूको दोष होइन । त्यस्ता मानिसहरुले येशूलाई प्रेम गर्नुभन्दा बढ्ता पापलाई नै प्रेम गर्दछन् । येशूले ज्योतिको अनि अन्धकारको चित्रको प्रयोग गर्नुहुन्छ । येशू, ज्योति, आउनु भएको छ, तर तिनीहरु ज्योतिको सट्टा अन्धकार नै मन पराउँछन् । अन्धकारलाई नै प्रेम गर्छन । तिनीहरु आफ्ना दुष्कर्महरु ज्योतिको अघिल्तिर खुला पार्न चाँहदैनन् । तिनीहरु पापबाट विमुख भएर येशूमाथि विश्वास गर्न चाँहदैनन् ।

हामी आजसम्म पनि यो सब देखिरहेका छौ. । मानिसहरु पापलाई यत्ति प्रेम गर्दछन् कि तिनीहरु अविश्वास गरेर येशूबाट विमुख हुँदैछन् । तिनीहरु पापमा गर्व गर्दछन् । तिनीहरु अरुलाई तिनीहरुको पाप “सामान्य” हो त्यसैले अनुचित होइन भन्ने गर्दछन् । यसको ठीक विपरित, जसले येशूमा विश्वास गर्दछन् उनीहरु येशूको सत्य वचन सुन्दछन् अनि सोही अनुसार जिउँदछन् ।

**याद राख्नुपर्ने कुराहरु :**

२५. परमेश्वरले हामीलाई ............... ............... बाट ............. .............. उहाँको पुत्र येशू पठाउनु भयो ।

२६. तैपनि, कोही ............. .............. किनभने तिनीहरुले परमेश्वरको पुत्रमा ........... गर्दैनन् ।

२७. त्यस्ता मानिसहरु ............ (        ) लाई भन्दा .............. (.........) लाई प्रेम गर्दछन् ।

(आफ्ना उत्तरहरु पेज ६० मा हेर्नुहोस)

## येशू बप्तिस्मा दिने यूहन्नाभन्दा धेरै नै प्रभावशाली हुनुहुन्थ्यो ।

(यूहन्ना ३ : २२ - ३६ पढ्नुहोस)

[२२]यसपछि येशू र उहाँका चेलाहरु यहूदिया देशमा जानुभयो । त्यँहा तिनीहरुसँग केही दिन वास
गर्नुभयो र बप्तिस्मा दिनुभयो । [२३]यूहन्नाले पनि सालीमको छेउ एनोनमा बप्तिस्मा दिन्थे, किनकि
त्यहाँ प्रशस्त पानी थियो । त्यहाँ मानिसहरु आउँथे र बप्तिस्मा लिन्थे । [२४]त्यसबेलासम्म यूहन्ना
झ्यालखानामा परेका थिएनन् ।

[२५]त्यसै बेला यूहन्नाका चेलाहरुको एउटा यहूदीसँग शुद्धीकरणको विषयमा वाद-विवाद भयो ।
[२६]यूहन्नाकहाँ आएर तिनीहरुले उनलाई भने, "गुरुज्यू, यर्दन पारी जो तपाइसँग हुनुहुन्थ्यो जसको
बारेमा तपाइले गवाही दिनुभयो, हेर्नुहोस, उहाँले बप्तिस्मा दिइरहनुभएको छ, र सबै उहाँकहाँ जाँदैछन्
।

यूहन्नाले जवाफ दिए, "मानिसलाई स्वर्गवाट नदिइएसम्म त्यसले कुनै कुरा पाउन सक्तैन । [२८]म
ख्रीष्ट होइन, तर म उहाँभन्दा अगाडी पठाइएको हूँ भन्ने मेरो गवाही तिमीहरु आफैँ दिन्छौं ।
[२९]जससँग दुलही छ, दुलहा त्यही हो । दुलहाको मित्र जो उसको छेउमा खडा हुन्छ, उसको स्वर सुनेर
अत्यन्त आनन्दित हुन्छ । यसकारण मेरो यो आनन्द अब पूर्ण भउको छ । [३०]उहाँ बढ्नु, तर म चाहिँ
घट्नु आवश्यक छ ।

[३१]माथिबाट आउनुहुने चाहिँ सबैभन्दा उच्च हुनुहुन्छ । पृथ्वीमा हुने पृथ्वी के हो, र पृथ्वीकै कुरा
बोल्छ । स्वर्गबाट आउनुहुने सबैभन्दा उच्च हुनुहुन्छ । [३२]उहाँले जे देख्नु र सुन्नु भएको छ, त्यसको
गवाही उहाँ दिनुहुन्छ, तर उहाँको गवाही कसैले ग्रहण गर्दैन । [३३]जसले उहाँको गवाही ग्रहण गरेको छ
, त्यसले परमेश्वर सत्य हुनुहुन्छ भन्ने कुराको प्रमाण दिन्छ । [३४]किनभने जसलाई परमेश्वरले
पठाउनुभयो, त्यसले परमेश्वरको वाणी बोल्दछ, किनकि परमेश्वरले विनापाप पवित्र आत्मा दिनुहुन्छ ।
[३५]पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबैथोक उहाँकै हातमा दिनुभएको छ । [३६]जसले पुत्रमाथि विश्वास
गर्छ, त्यससित अनन्त जीवन छ । जसले पुत्रको आज्ञा पालन गर्दैन, त्यसले जीवन देख्ने छैन, तर
परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ । "

येशू र उहाँका चेलाहरुले यरुशलेम छाडेपछि यहूदियामा केही दिन वास बस्नुभयो । यर्दन नदीको आसपास । मानिसहरु त्यहाँ आए र तिनीहरुलाई बप्तिस्मा दिइयो । बप्तिस्मा - दिने यूहन्नाले पनि दुर्गम उत्तरतिर बप्तिस्मा दिने गरे ।

त्यसैबेला यूहन्नाका चेलाहरुको एउटा यहूदीसँग "शुद्धिकरणको" विषयमा वाद-विवाद भयो । येशू र चेलाहरुले बप्तिस्मा दिदैं गरेको बारेमा तिनीहरुले भनेको हुनुपर्दछ । यूहन्नाका चेलाहरु उनीकहाँ आफ्नो कुरा राख्न भनि आए । त्यो व्यक्ति भनी तोकेर तिनीहरुले येशूको वारेमा शिकायत गरे जसलाई यूहन्नाले पहिले गवाही दिनु भएको थियो । अब सबै मानिसहरु येशूकहाँ जान थाले ।

यूहन्नाले तिनीहरुलाई सोझो मार्गमा ल्याउनु थियो । परमेश्वरले जे गर्नको निम्ति पठाउनु भएको थियो त्यही गरिरहेको छु भनी उनले आफ्नो वारेमा स्पष्ट पारे । उनले आफूँ खीष्ट होइन भनी तिनीहरुलाई सम्झाए । उनलाई, यूहन्नालई येशू भन्दा पहिल्ये नै उहाँ (येशू) को गवाही दिन पठाइएको थियो ।

यूहन्नाले बेहुली, बेहुला र बेहुलाको साथी (जसलाई हामी "सर्वश्रेष्ठ मान्छे " भन्छौं ) को चित्र प्रस्तुत गरे । यो नै परमेश्वरका मानिसहरु (बेहुली) अनि परमेश्वर (बेहुला) को बारेमा कुरा गर्ने एउटा सामान्य (चलनचल्तीको) तरिका थियो । यो मामिलामा, बेहुला चाँहि परमेश्वरको पुत्र, येशू हुनुहुन्थ्यो अनि यूहन्ना चाहिँ बेहुलाको साथी ।

बेहुला (आएर) आफ्नो बेहुली दाबी गर्ने कामको तयारीकोलागि साथीले मद्दत गरे । जब बेहुली आइन , साथी हर्षले विभोर भए अनि अवकास लिए । सबै ध्यान बेहुलातर्फ आकर्शित भयो ।

एवं रीतले यूहन्नाले येशूको आगमनको तयारीको निम्ति सहयोग गरेका थिए । जब उहाँ आउनुभयो, तब यूहन्नाको आनन्दले  पूर्णता पायो । मानिसहरु येशूकहाँ गएको देखेर यूहन्नाका चेलाहरु खुशी नै हुनुपर्ने हो । "उहाँ बढी महत्वपूर्ण हुनुपर्नेछ," यूहन्नाले भने, "म कम महत्वपूर्ण " । उहाँको पुत्रले मानिसहरुलाई उद्धार गर्नु नै परमेश्वरको योजना थियो ।

यूहन्नाले अझ थप बताउन थाले । येशू स्वर्गवाट आउनुभयो । स्मरण रहोस, आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो (हेर्नुहोस यूहन्ना १:१) । बप्तिस्मा दिने यूहन्ना यस संसारको प्राकृतिक रुपमा जन्मेको बालक मात्र थिए । येशू उनीभन्दा धेरै उच्च र सबैभन्दा उच्च हुनुहुन्छ । उहाँ यूहन्ना भन्दा धेरै नै महत्वपुर्ण ( प्रभावशाली) हुनुहुन्थ्यो ।

परमेश्वरबाट पठाइनुभएकाले "परमेश्वर कै कुरा बोल्नुहुन्छ" । यहाँ सुसमचारका लेखकले सायद येशूको वारेमा, वा बप्तिस्मा - दिने - यूहन्नाको वारेमा, वा आफ्नै वारेमा बोल्दै थिए । यसले अर्थको सारतत्वमा फरक पार्दैन । तिनीहरु सबैले परमेश्वरको वचन बोलेका छन् । अनि परमेश्वरको पवित्र आत्माले तिनै वचनहरु द्धारा काम गर्नुहुन्छ । उहाँ येशूमाथि विश्वास गर्न मानिसहरुको हृदयमा काम गर्नुहुन्छ । "जसले पुत्रमाथि विश्वास गर्दछ त्यसले अनन्त जीवन पाउदछ । " हामीले यी वचनहरु पहिले नै सुनिसकेका छौं । तिनीहरुले यो सुसमचारको प्रमुख शिक्षा वारे हामीलाई अवगत गराउँदछन् ।

तर "जसले पुत्रलाई अस्वीकार गर्दछ उसले जीवन प्राप्त गर्नेछैन । " जसले परमेश्वरको पुत्रमाथि विश्वास गर्दैन त्यसप्रति परमेश्वर अझ पनि रिसाउनु हुन्छ । पुत्रमाथि विश्वास राख्नुहोस अनि जिउनु होस ।

**याद राख्नुपर्ने कुराहरु :**

२८ जब येशू आउनुभयो, तब यूहन्नाको ................ पूर्ण भयो ।

२९. यूहन्नाले भने, "उहाँ (येशू) बढी ................ हुनुपर्नेछ भनि उनी कम ............. ।

३०. परमेश्वरबाट पठाइनु भएकाले ................ को वचन बोल्नुहुन्छ ।

३१. ................ .................. ले तीनै वचनहरु द्धारा काम गर्नुहुन्छ ।

३२. "जसले येशूमा विश्वास गर्दछ उसले ............ ........... प्राप्त गर्नेछ ।

(आफ्ना उत्तरहरु पेज ६० मा हेर्नुहोस)

## येशूले एक जना सामरी स्त्रीलाई जिउँदो पानीको वारेमा शिक्षा दिनुभयो ।

(यूहन्ना ४: १- १२ पढ्नुहोस)

१यूहन्नाले भन्दा येशूले धेरै चेलाहरु बनाउदै हुनुहुन्छ र बप्तिस्मा पनि दिदैंहुनुहुन्छ भन्ने
फरिसीहरुले सुने । २(वास्तवमा येशू आँफैले त होइन, तर उहाँका चेलाहरुले बप्तिस्मा दिन्थे । ) ३जब
येशूले यो थाहा पाउनुभयो, उहाँ यहूदिया छोडेर फेरि गालीलमा फर्कनुभयो ।
४उहाँलाइ सामरिया भएर जानुपर्थ्यो । ५र उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो
। यो नगरचाँहि याकूबले आफ्नो छोरा योसेफलाई दिएको जमीनको नजिकै पर्थ्यो । ६त्यहाँ याकूबको
इनार थियो । येशू यात्राले थाक्नु भएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो । प्रायः
मध्यान्ह भएको थियो ।
७एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई । येशूले त्यसलाई भन्नुभयो, "मलाई पानी पिउन देऊ
। " ८उहाँका चेलाहरु शहरमा खानेकुरा किन्न गएका थिए ।

[9]तब सामरी स्त्रीले उहाँलाई भनी, "तपाई यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ ?" (यहूदीहरुले सामरीसँग केही सम्वन्ध राख्दैनन् )

[10]येशूले त्यसलाई भन्नुभयो, "तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्ति चिनेको भए तिमीले उसलाई माग्ने थियौ , र उसले तिमीलाई जिउँदो पानी दिनेथियो । "

[11]त्यस स्त्रीले उहाँलाई भनी, हजूर, तपाँई सित उघाउने भाँडो छैन र इनार पनि गहिरो छ । तब तपाँइले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ ? [12]के तपाई हाम्रा पुर्खा याकूब भन्दा ठूलो हुनुहुन्छ ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आँफैले उनका सन्तान र उनका गाई बस्तुले यही इनारको पानी पिए । "

धेरै जसो यहूदी धर्मगुरुहरु (फरिसीहरु) ले येशू-माथि विश्वास गर्दैनथे । सबै मानिसहरु उहाँकहाँ जानथालेको तिनीहरुले सुने । उनीहरुले येशूलाई अप्ठयारोमा पार्न लागेको लक्षण देखिन्छ । तसर्थ, जब येशूले समस्या उत्पन्न हुन लागेको देख्नुभयो, तब उहाँ फेरि गालीलमा फर्कनुभयो ।

यूहन्ना लेख्दछन् कि येशू गालील जाँदा "सामरिया भएर जानु पर्दथ्यो" । वास्तवमा, येशूले अर्को सुरक्षित बाटो लिन सक्नुहुन्थ्यो । उहाँ यर्दन नदीको अर्को बाटो  बाट जान सक्नुहुन्थ्यो । तर उहाँ यसै किनारा बाट जानु पर्ने थियो" किनकि उहाँले एउटा महत्वपूर्ण उदेश्य हासिल गर्नु परेको थियो । जब येशू र उहाँका चेलाहरु सामरियाको सुखार भन्ने नगरमा आइपुग्नुभयो, तब उहाँहरु नगरको नजीकैको एउटा इनार छेउमा अडिनु भयो । इस्रायलीहरुका पूर्वज, याकूबले धेरै बर्ष पहिले त्यो इनार खनाएका थिए । यो याकूबले आफ्ना छोरालाई दिए ।

येशू थकित हुनुभएको थियो । उहाँ इनारको छेउमा बस्नुभयो अनि उहाँका चेलाहरु खानेकुरा लिन शहरतिर लागे ।

येशू एक्लै हुनुभएको बेला, इनारमा पानी लिन शहरबाट एकजना स्त्री त्यहाँ आई । येशूले तिनीसँग पिउने पानी माग्नुभयो । त्यो कुरोले तिनलाई चकित पार्‍यो किनकि उहाँको लुगा र बोलीवाट तिनले उहाँलाई यहूदी हुनुहुन्छ भन्ने ठहर गरी । ऊ सामरी थिइ । यहूदीहरु र सामरीहरु त्यति असल मेलमिलाप राख्दैनथिए । सामरीहरु पहिल्येका इस्रायलीहरु र अधार्मिक आक्रमणकारी को मिश्रित जाति थिए । तिनीहरुले, दक्षिण तर्फका यहूदीहरुको प्रायः जसो विरोध गर्दथे ।

यसरी एक्ला- एक्लै अपरिचित पुरुष र अपरिचित स्त्री बिच भेट हुनु असामान्य नै हुन्थ्यो । तर यो. स्त्रीसँग कुरा गर्न येशूको निम्ति उपयुक्त कारण थियो । उनलाई विश्वासमा पार्नको निम्ति उहाँ त्यहाँ हुनुहुन्थ्यो ।

शुरुमा येशूले दिनुभएको जवाफमा त्यो स्त्री अलमल्ल परी । तर उहाँले त्यो क्षणलाई उसलाई आध्यात्मिक ज्ञान दिन प्रयोग गर्दैहुनुहुन्थ्यो ।
त्यँहा ऊ परमेश्वरले संसारलाई दिनुभएको वरदान - उद्धारकर्ता (अगमवक्ता) वारे कुरा गर्दै थिई । तर उसलाई यो थाहा थिएन । येशूले त्यसलाई भन्नुभयो कि उसले उहाँलाई चिनेको भए उसले पानी माग्ने थिई । उहाँले जिउँदो पानी दिनुहुन्थ्यो ।

"जिउँदो पानी" त्यो पानी हो जसले जीवन दिन्छ । येशूले भन्नुभयो कि उहाँमा विश्वास गर्नाले अनन्त जीवन प्राप्त हुनेछ । तापनि, येशूले कुवाको पानी वारेमा नै कुरा गर्दैहुनुहुन्छ भनी त्यस स्त्रीले सोची । येशूसँग पानी उघाउने कुनै प्रकारको भाँडो थिएन । उहाँले कहाँबाट जिउँदो पानी ल्याउनु होला" भनी ऊ छक्क परेकी थिई ।

याकूबको पालोदेखि अहिलेसम्म सबैको निम्ति यो इनारको पानी असल नै थियो । येशूले किन त्यो इनारको भन्दा अझ राम्रो पानी उसलाई दिन्छु भनेको होला भन्ने वारेमा ऊ -त्यो स्त्री) अचम्भित थिई ।

**याद राख्नुपर्ने कुराहरु :**

३३. येशूले सुखार नजिकको याकूबको इनारमा एउटा स्त्री भेट्नुभयो । ऊ ............. थिई ।

३४ येशू त्यहाँ बस्नुभयो किनकि उहाँ ............... भएको थियो ।

३५. येशूले आफूलाई परमेश्वरको ............ भनी उल्लेख गर्नुभयो ।

३६. येशूले त्यो स्त्रीलाई ............. पानी दिन सक्ने कुरा गर्नुभयो ।

(आफ्ना उत्तरहरु पेज ६० मा जाँच्नुहोस)

( यूहन्ना ४:१३ - १५ पढ्नुहोस)

[१३]येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, [१४]तर जस-जसले मैले दिने पानी पिउछ त्यो कहिल्यै तिर्खाउनेछैन । जुन पानी म त्यसलाई दिनेछु , त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ । "

[१५]त्यस स्त्रीले उहाँलाई भनी, हजूर मलाई त्यही पानी दिनुहोस, र म तिर्खाउनेछैन, र यहाँ पानी भर्न आइरहनुपर्दैन । "

येशूले त्यो स्त्रीलाई भन्नुभयो कि त्यो साधरण पानी होइन । हामी पानी पिउँदछौ अनि फेरि पनि हामीलाई तिर्खा लाग्छ । त्यो पानी (जिउँदो पानी ) येशूमा विश्वास राखिने आस्था (निष्ठा) हो अनि यसले अनन्त जीवन दिदँछ । तिर्खा सँधैको निम्ति मेटिनेछ को अर्थ पापको दोष र सजाय (सँधैको निम्ति मेटिनेछ भन्ने ) हो ।

येशूमाथिको हाम्रो विश्वासलाई उहाँले (येशूले) पानीको मूलसँग तुलना गर्नुभएको छ । यो "अनन्त जीवनतर्फ " बहन्छ । तपाईले येशूमा विश्वास गर्नुभयो भने, तपाईंका पापहरु क्षमा गरिनेछन् । तपाईंको विश्वास मुहानको पानी जस्तै हो जुन तपाईंको मूल भएर फुट्दछ । विश्वासले तपाईंको सम्पूर्ण जीवनमा प्रभाव पार्छ । यो तपाईंमा निरन्तर "बहिरहन्छ" ।

सामरी स्त्रीले अझसम्म कुरो बुझेकी थिइन, तर उसले त्यो पानी - अलिकति भएपनि -चाहेको उसलाई थाहा थियो । त्यो प्रकारको पानी प्राप्त भएमा इनारमा पानी लिन घरी-घरी आइरहनु पर्ने छैन भनी उसले सोचेकी थिई ।

**याद राख्नुपर्ने कुराहरु :**

३७. येशूले भन्नुभयो कि उहाँले दिएको पानी जस-जसले पिउँछ, ऊ .................. छैन ।

३८. येशूद्धारा दिइएको पानीको अर्थ येशूमा विश्वास राखिने ............. ( ) हो जसले........... ............... दिदँछ ।

३९ तिर्खा-जुन येशूले हेर-विचार गर्नुहुन्छको अर्थ ................ अनि पापको ............... हो ।

(आफ्नो उत्तरहरु पेज ६० मा जाँच्नुहोस)



येशू सामरी स्त्रीलाई पानी पिउनको लागि भन्नुहुन्छ ।

(यूहन्ना ४:१६ - २६ पढ्नुहोस)

[16]येशूले त्यसलाई भन्नुभयो, "जाऊ, तिम्रो लोग्नेलाई बोलाएर ल्याऊ ।"

[17]त्यस स्त्रीले भनी, "मेरो लोग्ने छैन।"

येशूले त्यसलाई भन्नुभयो, "तिम्रो लोग्ने छैन भनी तिमीले ठीकै भन्यौ, [18]किनभने तिम्रा
पाँचजना लोग्ने भइसकेका छन् , र जो अहिले तिमीसँग छ, त्यो तिम्रो लोग्ने होइन । तिमीले यो साँचो भनेकी हौ ।"

[19]त्यस स्त्रीले उहाँलाई भनी, हजूर तपाई अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु । [20]हाम्रा
पुर्खाहरुले यस डाँडामा आराधाना गरे, अनि तर्पाइहरु भन्नुहुन्छ कि आराधाना गर्ने स्थान यरुशलेम हो । "

[21]येशूले त्यसलाई भन्नुभयो, ए नारी मलाई विश्वास गर, त्यो बेला आउँदैछ, जब तिमीहरु न
त यस डाँडामा न यरुशलेममा पिताको आराधना गर्नेछौ । [22]तिमीहरु जे आराधना गर्दछौ सो जान्दैनौ
। हामी जे आराधना गर्दछौ सो जान्दछौ, किनभने मुक्ति चाहिँ यहूदीहरुबाट आउँछ ।
[23]तर बेला आइरहेछ र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरुले पितालाई आत्मा र सत्यतामा
आराधना गर्नेछन् । किनकि आराधना गर्ने यस्तै आराधकहरुलाई नै पिताले खोज्नुहुन्छ । [24]परमेश्वर
आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरुले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ । "

[25]त्यस स्त्रीले उहाँलाई भनी, "म जान्दछु कि मसीह आउनुहुन्छ (जसलाई खीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ । "

[26]येशूले त्यसलाई भन्नुभयो, "तिमीसँग बोल्ने, म उही हुँ । "

येशूले त्यो स्त्रीलाई बुझाउनको लागि उहाँले उसको तिर्खालाई संकेत गर्नु पर्दथ्यो । उहाँले त्यो स्त्रीलाई उसको पाप देखाउनु थियो । उहाँले त्यसलाई गएर आफ्नो लोग्ने लिएर आउन अह्वराउनु भयो । त्यस स्त्रीले उसको लोग्ने छैन भनेर जवाफ दिई । तब येशूले उसको पापपूर्ण जीवनशैली बारे व्याख्या गर्नुभयो । त्यो स्त्रीले पाँच जना लोग्नेहरुसँग सम्बन्ध राखीसकेकी थिई । हाल त्यो एकजना सँग बसेकी थिई जो उसको विवाहित लोग्ने होइन । त्यो व्यभिचार को दोषी थिई ।

येशूले उसको बारेमा थाहा पाएकोमा त्यो स्तब्ध र लज्जित भई र त्यसले उहाँ अगमवक्ता हुनुहुन्छ भन्ने कुरा द्धढतापुर्वक भनी । तत्पश्चात उसले प्रसँग फेरी । तब उसले आराधना कहाँ गर्नु पर्ने हो भनेर सोधी । येशूको कुराले उसलाई सहायता लिन इच्छुक बनाएको हुन सक्छ । उसका पुर्खाहरुले त्यो डाडाँमा यहूदीहरुले यरुशलेममा आराधना गर्दथे ।

तिमीहरु जुन ठाउँमा आराधना गर्दछौ त्यो महन्वपूर्ण होइन भनेर येशूले सम्झाउनुभयो । कसको आराधना गर्दछौ र कसरी गर्दछौ भन्ने चाहिँ महत्वपूर्ण हो । सामरीहरुले साँचो आराधना गुमाइसकेका थिए । तिनीहरुले स्वर्गका पितालाई बिल्कुलै जान्दैन थिए । तर परमेश्वरको उद्धारकर्ता चाहिँ यहूदीहरुबाट नै आउनु हुनेछ ।

परमेश्वर आत्मा हुनुहुन्छ, तसर्थ कुनै निश्चित घेराभित्र रहनुहुन्न । साँचो आराधना त्यो (आराधना) हो जुन परमेश्वरको आत्मामा आधारित हुन्छ अनि परमेश्वरको वचनको सत्यताद्धारा हाम्रो आत्मामा क्रियाशिल रहन्छ । हाम्रो उद्धारको निम्ति येशूलाई पठाइदिनुभएकोमा हामी परमेश्वरलाई धन्यवाद दिन आराधना गर्दछौ । परमेश्वरले हामीलाई सिकाउनु भएको सत्यताको आधारमा हामी आराधना गर्दछौ । हामी त्यो सत्यको बारेमा अझ बढी सुन्न चाहन्छौ । हाम्रो विश्वासमा वृद्धि चाहन्छौ, अनि परमेश्वरको प्रशंसा गर्दछौ । आराधना गर्नुको सही अर्थ नै "आत्मामा अनि सत्यतामा" गर्नु हो । हामी यो धेरै बेग्ला-बेग्लै ठाउँमा र विभिन्न तरिकाले गर्न सक्तछौ ।

त्यो स्त्रीले धर्मग्रन्थ (बाइबल) बाट परमेश्वरको सत्यता वारे केही कुरा जानेकी थिई । उसलाई परमेश्वरले खडा गर्नुभएको मसीह (ख्रीष्ट, अभिषेक गरिएको) भन्ने थाहा थियो । मसीहले मानिसहरुलाई सबै कुरा बताइदिनुहुन्छ भन्ने उसलाई विश्वास थियो ।

तबसम्म येशूले त्यस स्त्रीलाई उहाँको हुनुहुन्छ भन्ने जान्न इच्छुक तुल्याईसक्नु भएको थियो । उहाँले यति मात्र भन्नुभयो, "तिमीसँग बोल्ने, म उही (मसीह) हूँ ।"

**याद राख्नुपर्ने कुराहरु :**

४०. येशूले "जिँउदो पानी" वारे त्यस स्त्रीलाई बुझ्न सक्ने तुल्याउनु पर्दथ्यो । सर्वप्रथम उहाँले त्यसलाई ................ (            ) वारे बुझाउनु पर्ने थियो ।

४१. त्यो स्त्री ................... को दोषी थिई ।

४२ं येशूलाई त्यसको वारेमा सबै कुरा थाहा थियो । उसले उहाँ ................ हुनुहुन्छ भन्ने ठानी ।

४३. त्यो स्त्रीले आराधना वारे जिज्ञासा राखी । येशूले भन्नुभयो कि हामीले "........... मा अनि ................... मा " आराधना गर्नुपर्दछ ।

४४. येशूले त्यस स्त्रीलाई उहाँ अभिषेक गरिएको ............ (      ) हुँ भनी बताउनु भयो ।

(आफ्ना उत्तरहरु पेज ६० मा जाँच्नुहोस )

## (उहाँका) चेलाहरु आए अनि त्यो स्त्री गई ।

(यूहन्ना ४:२७ - ३८ पढ्नुहोस)

२७त्यत्ति नै बेला-उहाँका चेलाहरु आए, र उहाँलाई एउटी स्त्रीसँग कुरा गरिरहनुभएको देखेर छक्क परे,
तर "तपांई के चाहनुहुन्छ ?" अथवा "तपाई त्यस स्त्रीसँग किन बातचित गर्दैहुनुहुन्छ भनेर कसैले
सोधेनन् ।
२८तब त्यो स्त्री आफ्नो गाग्रो छोडेर नगरतिर गई, र मानिसहरुलाई भनी, २९आओ, एकजना
मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो । कतै उहाँ नै ख्रीष्ट त हुनुहुन्न ?"
३०तब तिनीहरु नगरबाट निस्केर उहाँकहाँ गए ।
३१यसै बीचमा चेलाहरुले उहाँलाई यसो भनेर बिन्ती गरे, "रब्बी, भोजन गर्नुहोस ।"
३२तर उहाँले तिनीहरुलाई भन्नुभयो, "मसित खानलाई भोजन छ, जो तिमीहरुलाई थाहा छैन ।"
३३यसकारण चेलाहरुले आपसमा भने, "के कसैले उहाँलाई भोजन ल्याइदियो कि कसो ?"
३४येशूले तिनीहरुलाई भन्नुभयो, "मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा
गर्नु नै मेरो भोजन हो । ३५के तिमीहरु भन्दैनौ, अझ चार महिना बाँकी छ। तब बाली काट्ने बेला
आउँछ । म तिमीहरुलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति
पाकिसकेको छ । ३६जसले बाली काट्छ त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ,
र छर्ने र कट्नी गर्ने एकसाथ रमाउँछन् । ३७किनकि एक जनाले हेर्छ, र अर्काले कटनी गर्छ , भन्ने
वचन यसैमा सत्य हुन्छ । ३८मैले तिमीहरुलाई त्यहाँ कटनी गर्न पठाएँ, जहाँ तिमीहरुले परिश्रम गरेका
छैनौ । अरुहरुले परिश्रम गरेका छन् , र तिनीहरुको परिश्रमको फल तिमीहरुले पाएका छौ ।

येशूले जसै त्यो स्त्रीलाई ख्रीष्ट हूँ भन्नुभयो त्यत्ति नै बेला उहाँका चेलाहरु आइपुगे । त्यसले (उनीहरुको आगमनले) येशूको त्यो स्त्रीसँगको कुराकानी रोकियो । तर उसले जे सुन्नु पर्ने थियो त्यो सुनिसकेकी थिई । उसले पानी भर्ने गाग्रो इनारमानै छोडेर नगरतिर गई ।

ऊ नगरवासीहरुलाई येशूको वारेमा खवर सुनाउन आत्तुर थिई । उसले भनी, "आओ एकजना मानिसलाई हेर, जसले मैले जे गरे त्यो सबै मलाई बताईदिनुभयो । कतै उहाँ नै त ख्रीष्ट हुनुहुन्न ?"

त्यसले भनेका कुरोले चकित भएर तिनीहरु नगरबाट निस्केर येशूकहाँ गए ।

यसै बिचमा चेलाहरुले नगरबाट ल्याएको केही भोजन गर्नको निम्ति येशूलाई बिन्ती गरे । जब उहाँले अस्वीकार गर्नुभयो तब तिनीहरु छक्क परे । उहाँले अन्यत्र कहीं भोजन नगरेको भए उहाँ भोकै हुनुपर्ने थियो भन्ने कुरा तिनीहरुलाई थाहा थियो ।

तर येशूले तिनीहरुलाई आत्मिक पाठ सिकाउन चाहनुहुन्थ्यो । भोजनले हामीलाई पोषण गर्दछ अनि शक्ति दिदँछ । "मेरो भोजन" येशूले भन्नुभयो, "मलाई पठाउनु हुनेको इच्छाअनुसार गर्नु र उहाँको काम पूरा गर्नु हो । " स्वर्गका पिताको काम गर्नाले नै येशूको पालन-पोषण हुनगयो अनि उहाँले शक्ति प्राप्त गर्नुभयो ।

अब चाहिँ चेलाहरुको निम्ति पनि परम-पिताको काम गर्न सिक्ने समय आइसकेको थियो । तिनीहरुले येशूमा विश्वास राख्ने आत्माहरु भेलागर्न सहयोग गर्नुथियो अनि उद्धार हुनु थियो ।

येशूले बालीको वारेमा कुरा गर्नुभयो । तिनीहरुले त्यस खेतबारीमा हेरे भने थाहा पाउनेछन् कि गहुँको बोटहरु अझै हरिया नै छन् ।

जे भएता पनि, फेरि एकपल्ट, येशूले आत्मिक विषयको निम्ति सांसारिक चित्रण प्रयोग गर्दै हुनुहुन्थ्यो । "आँखा उचालेर खेतबारी हेर" , येशूले आदेश दिनुभयो । "बाली कटनीको निम्ति पाकिसकेको छ । "

जब चेलाहरुले हेरे, तब तिनीहरुले नगरबाट मानिसहरु आइरहेको देखे । ती मानिसहरु बाली कटनीको निम्ति तयार थिए । तिनीहरु अनन्त जीवन प्राप्त गर्न आइरहेका थिए । मसीहको बारे परमेश्वरको वचनले विऊ रोपि सकेको थियो । येशूले यसलाई सिंचित गर्नु (पानी हाल्नु) भयो । त्यो स्त्रीले मानिसहरुलाई बताई अनि आउन र हेर्नको निम्ति निमन्त्रणा गरी । तब त चेलाहरुले विश्वास गर्नेहरुलाई भेला गर्न मद्धत मात्र गर्नु पर्दथ्यो ।

येशूको चित्रले हामी परमेश्वरको पवित्र उदेश्यको काम कसरी गर्दछौ भन्ने बताउदँछ । धेरै विश्वास गर्नेहरु संलग्न हुन्छन् । एकजनाले बिऊ रोप्छ -कसैलाई येशूको बारेमा बताउँदैछ । अर्को मान्छेले मूक्तिको बाटोको बारेमा बताउँदछ । अझ अर्को मान्छेले येशूको बारेमा धेरै कुरा जान्न त्यो मान्छेलाई मण्डलीमा ल्याउँदछ । मण्डलीमा भएकाहरुले आफ्ना माझमा एकजना नयाँ विश्वास गर्ने लाई स्वागत गर्दछन् । अनि सबै जनाले परमेश्वरको काम गरेकोमा हर्षको बाली एका-अर्कामा बाँड्दछन् ।

**याद राख्नुपर्ने कुराहरु :**

४५. त्यो स्त्री नगरवासीहरुलाई ............... को बारेमा बताउन हत्तारिएर गई ।

४६. उहाँ वास्तवमा ........... ( ) नै हुनुहुन्थ्यो भन्ने तथ्यले गर्दा त्यो (स्त्री) आश्चर्यचकित भई ।

४७. येशूले बाली कटनीको निम्ति ................ सकेको छ भन्नुभयो ।

४८. उहाँ सुखारको .................. लाई संकेत गर्दै हुनुहुन्थ्यो ।

(आफ्ना उत्तरहरु पेज ६० मा जाँच्नुहोस)

## धेरै सामरीहरुले येशूमाथि विश्वास गरे ।

(यूहन्ना ४:३९ - ४२ पढ्नुहोस)

[३९]"मैले जे गरें उहाँले मलाई सबै भनिदिनुभयो" भन्ने त्यस स्त्रीको गवाहीले गर्दा त्यस नगरका सामरीहरुमध्ये धेरैले उहाँमाथि विश्वास गरे । [४०]यसकारण जब सामरीहरु उहाँकहाँ आए, तब तिनीहरुले उहाँलाई तिनीहरुसँग बस्न बिन्ति गरे, र उहाँ दुइ दिन त्यहाँ बस्नुभयो । [४१]अनि उहाँको वचनको कारण अरु धेरैले उहाँमाथि विश्वास गरे ।

[४२]त्यस स्त्रीलाई तिनीहरुले भने, "अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौ, तर हामी आफैलै सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौ ।

त्यो स्त्रीको गवाहीले गर्दा त्यस नगरका सामरीहरुले विश्वास गरे । तसर्थ तिनीहरु येशूलाई भेट गर्न आए । तिनीहरु अझ धेरै कुरा जान्न चाहन्थे, तब तिनीहरुले उहाँलाई तिनीहरुसँग बस्न बिन्ती गरे । येशू त्यहाँ दुइ दिन बस्नु भयो र त्यहाँका मानिसहरुलाई शिक्षा दिनुभयो । अझ धेरै मानिसहरुले येशूको वचन सुने । "उहाँको वचनको कारणले" गर्दा नै तिनीहरुले उहाँमाथि विश्वास गरे ।

येशूको वचन सुनेपछि, ती मानिसहरुले येशू साँच्चै संसारका मुक्तिदाता हुनुहुन्छ भनी स्वीकार गरे । तिनीहरुले उहाँलाई आश्चर्यकर्म गर्ने मानिसभन्दा बढ्ता नै देखे । उहाँ आश्चर्यकर्म देखाउने मान्छे भन्दा अधिक हुनुहुन्थ्यो । उहाँ मुक्तिदाता - संसारकै मुक्तिदाता हुनुहुन्थ्यो ।

हामी सम्झना राख्न सक्दछौ कि येशूले उहाँलाई मानिसहरुले विश्वास गरुन भनेर आश्चर्यको काम देखाउनु भएन । उहाँले तिनीहरुलाई शिक्षा दिनुभयो । उहाँको वचनले तिनीहरुलाई उहाँ तिनीहरुको अनि संसारको मुक्तिदाता हुनुहुन्छ भन्ने देखायो । उहाँको आश्चर्यकर्मले उहाँको शिक्षालाई सघायो । आज पनि परमप्रभु उहाँको वचनद्धारा विश्वास गर्नेहरु लाई त्यसरी नै भेला गर्नुहुन्छ । हामी विश्वास गर्दछौ किनकि उहाँको वचन हाम्रो हृदयसम्म पुगेको छ ।

**याद राख्नुपर्ने कुराहरु :**

४९. धेरै सामरीहरुले उहाँको ............ को कारणले येशूमाथि विश्वास गरे ।

५०. तिनीहरुले येशू ............. को ............. हुनुहुन्छ भनी विश्वास गरे ।

(आफ्नो उत्तरहरु पेज ६० मा हेर्नुहोस)

## येशूले एक उच्च अधिकारीको छोरो निको पार्नु भयो ।

(यूहन्ना ४:४३-५४ पढ्नुहोस)

[४३]दुइ दिनपछि त्यहाँबाट निस्केर उहाँ गालीलमा जानुभयो । [४४](येशू आफैले गवाही दिनुभयो कि
आफ्नो निज देशमा कुनै अगमवक्ताको आदर हुँदैन ।) [४५]जब उहाँ गालीलमा आउनुभयो, तब उहाँले
यरुशलेममा चाडको बेलामा जे गर्नुभएको थियो ती सबै काम देखेका हुनाले गालीलीहरुले उहाँलाई
स्वागत गरे, किनभने तिनीहरुपनि चाडमा गएका थिए ।
[४६]त्यसपछि उहाँ फेरि गालीलको काना नगरमा आउनुभयो, जहाँ उहाँले पानीलाई दाखमद्य
बनाउनुभएको थियो । कफर्नहुममा एकजना उच्च अधिकारी थिए, जसको छोरो विरामी थियो । [४७]येशू
यहूदियाबाट गालीलमा आउनुभएको छ भन्ने सुनेर तिनी उहाँकहाँ गए, अनि तिनको छोरालाई आएर
निको पारिदिन भनी उहाँलाई बिन्ती गरे, किनकि तिनको छोरो मर्नै आटेको थियो ।
[४८]येशूले तिनलाई भन्नुभयो, तिमीहरु चिन्ह र अचम्मका कामहरु नदेखेसम्म कुनै रीतिले
विश्वास गर्दैनौ । ”
[४९]ती उच्च अधिकारीले उहाँलाई भने, “हजूर मेरो छोरो मर्नु भन्दा अघि नै आइदिनुहोस् । ”
[५०]येशूले तिनलाई भन्नुभयो, “जाऊ, तिम्रो छोरो बाँच्ने छ । ” येशूले तिनलाई भन्नुभएको वचन
ती मानिसले विश्वास गरे, र आफ्नो बाटो लागे ।
[५१]अनि तिनी जाँदैगर्दा बाटैमा तिनका चाकरहरुले तिनलाई भेटेर तिनको छोरो बाँच्यो भनी
तिनलाई बताए । [५२]कुन घडीदेखि त्यसलाई सञ्चो हुन लाग्यो भनी तिनले तिनीहरुलाई सोध्दा
तिनीहरुले भने, “हिजो दिउँसो एक बजेदेखि जरोले तिनलाई छोड्यो । ” [५३]येशूले तिनलाई “तिम्रो
छोरो बाँच्नेछ” भन्नुभएको घडीदेखि नै हो रहेछ भनी बाबुले थाहा पाए । अनि तिनी आँफैले र तिनका
सारा परिवार ले विश्वास गरे ।
[५४]यहूदीयाबाट गालीलमा आएर येशूले गर्नुभएको यो दोस्रो चिन्ह थियो ।

सुखारमा दुइ दिन बिताएपछि, येशू गालीलको लागि हिड्नुभयो । उहाँ आफैले गवाही दिनुभयो कि आफ्नो निज देशमा कुनै अगमवक्ताको आदर हुँदैन । तब गालीलमा मानिसहरुले उहाँलाई त्यस्तो आदरको कमी देखाउने वाला थिए ।

मानिसहरुले येशूलाई गालीलमा स्वागत गरे । तर सुखारका मानिसहरुले झै येशूलाई गालीलीहरुले स्वागत गरेनन् । तिनीहरुले येशूलाई स्वागत गरे किनभने तिनीहरुले यरुशलेममा निस्तार चाडको बेलामा येशूले गर्नु भएको केही चिन्हह्रु देखेका थिए । तिनीहरु अरु धेरै आश्चर्यकर्म हेर्न चाहन्थे तर उहाँको वचनमा खासै दिलचस्पी राख्दैनथे ।

जब येशू काना नगरमा फेरि आउनुभयो, तब एक उच्च अधिकारी उहाँसँग सहायता माग्न आए । त्यो व्यक्तिको छोरो बिरामी थियो र कफर्नहुममा मर्न लागेको थियो । त्यो उच्च अधिकारीले उसको छोरोलाई निको पार्नको लागि येशूसँग बिन्ती गरे ।

शुरुमा त येशूले त्यो मान्छेको अनुरोधलाई वेवास्ता गरे जस्तो लाग्दथ्यो । जवाफमा उहाँले वरिपरि भएका सबै मानिसहरुलाई सम्बोधन गर्नुभयो । उहाँले तिनीहरुलाई झपार्नु भयो किनकि तिनीहरुले उहाँलाई मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गरेनन् । तिनीहरुले अरु धेरै चिन्हहरु र अचम्मका कामहरु हेर्नको निम्ति मात्र उहाँलाई पछ्याए । तिनीहरुले येशूलाई कफर्नहुमसम्म पछ्याउनुको कारण सम्भवत : उहाँले केटोलाई निको पारेको हेर्न सम्मलाई हो ।

ती अधिकारीले डटेर आग्रह गरे, “हजुर , मेरो छोरो मर्नुभन्दा अघि नै आइदिनुहोस् । ”

येशूले सामान्य जवाफ दिनुभयो : “जाऊ, तिम्रो छोरो बाँच्नेछ ।”

ती मानिसले येशूको वचनमाथि विश्वास गरे, र आफ्नो बाटो लागे । (अनि) तिनी जाँदै गर्दा बाटैमा तिनका चाकरहरुले तिनलाई भेटे । तिनीहरुसँग असल समाचार थियो । तिनको छोरो बाँच्यो र राम्रै छ भनी सुनाए । तिनले सबिस्तार खबर सुनाउन तिनीहरुलाइ भने । तिनले थाहा पाए कि येशूले “तिम्रो छोरो बाँच्नेछ” भन्नुभएको घडी देखिनै केटोलाई ज्वरोले छोडेछ ।

ती मान्छेले येशूको वचनमाथि विश्वास गरे र येशूका वचनहरु साँचो थिए । ती अधिकारी र तिनका सारा परिवारले येशूमा विश्वास गरे ।

**याद राख्नुपर्ने कुराहरु :**

५१. येशूले कानाका मानिसहरुलाई झपार्नु भयो किनकि तिनीहरु येशूले .................चिन्ह र ............ गरेको हेर्न मात्र चाहन्थे ।

५२. एक उच्च अधिकारीले उनको छोरो निको हुने छ भनी येशूले भन्नुभएको . ................ मा विश्वास गरे ।

५३. येशूले "तिम्रो छोरो ............... " भन्नुभएको ............ देखि नै त्यो केटोलाई ज्वरोले छोडेछ ।

(आफ्ना उत्तरहरु पेज ६० मा जाँच्नुहोस)

**याद राख्नुपर्ने कुराहरुका उत्तरहरु :**

१. काना २ सात, दाखमद्य ३. चिन्ह ४. पिता ५. पानी ६. दाखमद्य ७. चिन्ह, अलौकिक, सांसारिक ८. निस्तार, यरुशलेम ९. ठगेको १०. कोर्रा ११. चिन्ह १२. मन्दिर, तीन १३. पुर्नजीवित, १४. निकोदेमस, फरिसी, १५. नयाँ गरी, जन्मनु, १६ पानी, आत्मा, बप्तीस्मा १७. पाप १८. विश्वास १९. संसार, स्वर्ग २०. मुक्ति २१. सर्पको प्रतिमा, क्रूस २२. संसार २३. पुत्र २४. जो सुक, अनन्त जीवन २५. दोषी ठहर्याउनु, उद्धार गर्न २६. दोषी ठहरिन्छन् , विश्वास २७. येशू (ज्योति) , पाप (अन्धकार २८ आनन्द २९. महत्वपूर्ण, महत्वपूर्ण ३०. परमेश्वर ३१. पवित्र आत्मा ३२. अनन्त जीवन ३३. सामरी ३४. थाक्नु ३५. उपहार ३६. जिउँदो ३७. तिर्खाउने ३८. आस्था (निस्ठा), अनन्त जीवन ३९. दोष, सजाय ४०. पाप ४१. व्यभिचार ४२. अगमवक्ता ४३. आत्मा, सत्यता ४४. मसिह (ख्रीष्ट) ४५. येशू ४६. ख्रीष्ट ४७. पापी ४८. मानिसहरु ४९. वचन ५०. संसार, मुक्तिदाता ५१. अचम्मका कामहरु ५२. वचन ५३. बाँच्नेछ, घडी ।

## परिक्षा
## परिच्छेद ३

कृपया "याद राख्नुपर्ने कुराहरु" को समीक्षा गर्नुहोस ।

१. येशूको पहिलो चिन्ह भनेको ................ लाई ................ मा बदल्नु थियो ।

२. येशूले यो चिन्ह .............. को एउटा विवाहमा गर्नु भएको थियो ।

३. उहाँको चिन्हलाई ............. भनिन्छ । यो एउटा ............... तथ्य देखाउनको लागि .............. कार्य थियो ।

४. तत्पश्चात तत्कालै, येशू ................. चाडको निम्ति ............. जानुभयो ।

५. उहाँ त्यस ठाउँमा छँदाखेरि, उहाँ व्यापारीहरु र पैसा साट्नेहरुसित रिसाउनुभयो किनकि तिनीहरुले मानिसलाई ................ ।

६. येशूले ............. को भवनको उपमा दिएर उहाँ मृत्युबाट .............. हुँदै हुनुहुन्थ्यो भन्ने भविष्यवाणी गर्नुभयो ।

७. येशूले निकोदेमसलाई .......... र ............. द्धारा ........... ............. .............. को लागि शिक्षा दिनुभयो ।

८. हामी नयाँ गरी जन्मनु पर्दछ किनभने हामी .............. मा जन्मिएका थियौ ।

९. येशूले निकोदेमसलाई परमेश्वरको ............. को योजना बारे बुझाउनु भयो ।

१०. येशू ............. मा उठाइनु पर्दथ्यो ।

११ परमेश्वरले सारा ............... लाई प्रेम गर्नुहुन्छ ।

१२. परमेश्वरले संसारको उद्धार गर्नको लागि उहाँको एक मात्र ................ पठाउनुभयो ।

१३. जोसुकै पनि, जसले येशूमा विश्वास राख्दछ उसले .......... ............. प्राप्त गर्दछ ।

१४. परमेश्वरले हामीलाई ................ होइन तर .............. उहाँको छोरा पठाउनुभयो ।

१५. येशूले हामीलाई .............. पानी दिनुहुन्छ ।

१६. मानिसहरु जसले येशूमा विश्वास गर्दछन् (उहाँले दिएको पानी पिउँदछन्) तिनीहरु कहिल्यै पनि ............. छैनन् ।


१७. येशूले .............. द्धारा उत्पन्न (सृजित) आत्मिक तिर्खा लैजानु हुन्छ ।

१८.आराधना बारे सोधिदा, येशूले भन्नुभयो कि हामिले ............ र ............... मा आराधना गर्नुपर्दछ ।

१९. येशूले सामरी स्त्रीलाई उहाँ अभिषेक गरिएको .............. (          ) हुनुहुन्छ भनी बताउनु भयो ।

२०. उहाँको .............. ले गर्दा सुखारका सामरीहरुले येशूलाई ........... कै ............. हुनुहुन्थ्यो भनी विश्वास गर्थे ।

(आफ्ना उत्तरहरु पेज २४४ मा जाँच्नुहोस)



विश्वास गर्नुहोस अनि जिउनुहोस

परिच्छेद ४ :

## येशूले कसरी आफ्नो मण्डलीमा शंका र विरोधको सामना गर्नुभयो

यूहन्ना ५:१ देखि ६:७१ सम्म

## परिच्छेद चार :
## येशूले कसरी आफ्नो मण्डलीमा शंका र विरोधको सामना गर्नुभयो

### येशूको उपचार गर्ने क्षमताले गर्दा उहाँलाई कसैले मार्न खोज्यो ।

(यूहन्ना ५ : १-१५ पढ्नुहोस)

[१]त्यसपछि यहूदीहरुको चाड थियो, र येशू यरुशलेममा जानुभयो । [२]यरुशलेममा भेडा-ढोकाको
नजीक पाँच ओटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रु भाषामा बेथस्दा भनिन्छ । [३]त्यहाँ
अनेक रोगीहरु, अर्थात-अन्धा, लङ्गडा, पक्षघातीहरु पस्रिरहन्थे । [तिनीहरु पानी कतिबेला छचल्किन्छ
भनेर पर्खिरहन्थे । [४]किनभने परमप्रभुका एउटा दूतले बेला-बेलामा जल-कुण्डमा ओर्लेर पानी
हल्लाइदिन्थे, र पानी छचल्किएपछि जो पहिला पानी भित्र पस्थ्यो, जस्तै रोगले ग्रस्त भएपनि, त्यो
निको भइहाल्थ्यो । ]

[५]त्यहाँ अठतीस बर्षदेखि विरामी भएको एक जना मानिस थियो । [६]येशूले त्यसलाई त्यहाँ
पस्रिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई
भन्नुभयो, "के तिमी निको हुन चाहन्छौं ? "

[७]रोगीले उहाँलाई भन्यो, "हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जल-कुण्डमा हालिदिने मेरो
कोही मानिस छैन, म जाँदा-जाँदै म भन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ । "

[८]येशूले त्यसलाई भन्नुभयो, "खडा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिडँ ।" [९]तुरुन्तै त्यो
मानिस निको भयो र आफ्नो ओछ्यान बोकी ऊ हिँडिहाल्यो ।

त्यो दिन शबाथ-दिन थियो । [१०]यसकारण निको पारिएको त्यस मानिसलाई यहूदीहरुले भने, "यो
त शबाथ - दिन हो, तिमीलाई ओछ्यान बोक्नु उचित छैन ।"

[११]त्यसले तिनीहरुलाई जवाफ दियो, "जसले मलाई निको पार्नुभयो, उहाँले नै भन्नुभयो, "आफ्नो
ओछ्यान बोकेर हिंड । "

[१२]तिनीहरुले त्यसलाई सोधे, "तिमीलाई ओछ्यान बोकेर हिँड भन्ने मानिस को हो ?" तर निको
भएको त्यस मानिसले उहाँ को हुनुहुन्थ्यो भनि चिनेको थिएन, किनभने त्यस ठाँउमा भीड भएको
हुनाले येशू त्यहाँबाट गइसक्नु भएको थियो ।

[१४]त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर तिमी निको भएका छौ । फेरि पाप
नगर, र तिमीमाथि अझ बढी खराबी आई नपरोस ।"

[१५]उसलाई निकोपार्ने त येशू हुनुहुँदो रहेछ भनेर त्यस मानिसले गएर यहूदीहरुलाई भनिदियो ।

येशू अर्को चाडको निम्ति यरुशलेम जानु-भयो । उहाँ निस्तार -चाडमा जानुभएको करीब एक बर्ष बितेछ । (यूहन्ना २:१३ हेर्नुहोस) । उहाँले त्यसबेला के गर्नुभयो भन्ने थाहा पाउनको लागि अरु सुसमाचारहरुमा हेर्नुपर्ने हुन्छ ।

यूहन्ना निश्चित घटनाहरुमा ध्यान केन्द्रित गर्दछन् जसले गर्दा हामीलाई येशूमा विश्वास गर्न मद्दत पुग्दछ ।

यरुशलेममा छँदा येशू बेथस्दा भन्ने जल-कुण्डमा पुग्नुभयो । त्यहाँ अनेक रोगी-हरु (जस्तै अन्धा, लङ्गडा, पक्षघाती) निको भइन्छ भन्ने आश लिएर भेला हुन्थे । यो आजकल स्वास्थ्य सुधार्न (स्वस्थ्य बन्नको लागि) मानिसहरु तातो पानी जलकुण्ड गए जस्तै हो । उनीहरु यो कुण्डले चमत्कारिक ढगंले निको पार्दछ भन्ने कुरामा विश्वस्त थिए । कुण्डको पानी बेला-मौकामा छचल्किन्थ्यो, जुन मानिसहरु दूतले हल्लाएको ठान्दथे । (यो सायद जमिनमुनिको भूमिगत) जलकुण्ड थियो ।) त्यो समय उपचारको निम्ति जलकुण्ड पस्ने बेला थियो ।

त्यहाँ खासमा सबै निको भए भन्ने हामीसँग आधार छैन । तर मानिसहरु आशा लिएर त्यहाँ पुग्थे । जब येशू पुग्नुभयो, उहाँले ३८ बर्षदेखि थलिएको एकजना मानिस भेट्नु भयो । कति बर्षदेखि (थलिएको) हो भन्ने येशूलाई थाहा थियो । उहाँले त्यस मान्छेलाई सोध्नुभयो, "के तिमी निको हुन चाहन्छौ ?"

जवाफ स्पष्ट थियो, तथापि त्यो लङ्गडो मानिस येशूले जल-कुण्डमा हालिदिनु हुनेछ भन्ने मनस्थितिमा थियो । उसले येशूलाई आँफू कहिल्यै पनि ठीक समयमा पानीमा पस्न नपाएको तितो यथार्थ सुनायो ।

तर येशूले जल-कुण्डको उल्लेख नै गर्नुभएन । उहाँ नै एक हुनुहुन्थ्यो जसले मान्छेलाई निको पार्नुहुन्छ । येशूले त्यस मानिसलाई उसको ओछ्यान उठाएर हिड्ने आदेश दिनुभयो । त्यो मानिस निको भयो । उसले येशूले भनेझैं गर्‍यो , ओछ्यान उठाएर हिँडि हाल्यो । येशू त्यहाँबाट तुरुन्तै हिड्नुभयो । निको भएको त्यस मानिसले उहाँको हुनुहुन्थ्यो भनी चिन्न पनि सकेन ।

एक सामान्य कारवाहीमा यहूदी धर्मगुरुहरुले त्यस मानिसलाई केरकार गरे । त्यो दिन शबाथ दिन, विश्राम - दिन थियो । उनीहरुको नियमअनुसार उसले ओछ्यान बोक्नु उचि थिएन ।
त्यसले शबाथ -दिनमा काम गर्दैथियो । यी यहूदीहरु, धेरै जसो फरिसीहरुले शबाथ-दिन बारेमा परमेश्वरले दिनुभएको आज्ञामा आफ्नै अरु नियमहरु थपेका थिए ।

तथापि ती यहूदीहरुले आफ्नो ओछ्यान बोकेर हिडिरहेको त्यो मान्छेको चासो राख्न अविलम्ब छोडे । तिनीहरुलाई ज्ञात भयो कि जसले त्यो मान्छेलाई निको पार्नुभयो उहाँले नै त्यसलाई ओछ्यान बोकेर हिड्न लगाउनु भएको हो । त्यो उपचार कसले गरेको हो भन्ने मात्र पत्तो लगाउन तिनीहरु चाहन्थे ।



एउटा पक्षघाती येशूको आज्ञा पाउने बित्तिकै खडा हुन्छ ।

उनीहरुले यो (गर्ने) येशू हुनुहुन्छ भन्ने अन्दाज गरे, किनभने उहाँले उपचारकको प्रतिष्ठा स्थापित गरिसक्नु भएको थियो । तर त्यो मानिस ले उहाँ को हुनुहुन्छ भनी चिनेको थिएन ।     त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्नु भयो । उहाँ त्यस मानिसले उहाँलाई चिनोस अनि विश्वास गरोस भन्ने चाहनुहुन्थ्यो । येशूले त्यसलाई पाप नगरोस भन्ने चाहनुहुन्थ्यो । येशूले त्यसलाई पाप नगर्न, र गरेको खण्डमा अझ बढी खराबी आई पर्न सक्ने चेतावनी दिनुभयो । येशूले त्यसलाई कुनै खास पापको कारणले गर्दा त्यो पक्षघाती भएको हो भन्नु भएको थिएन । उहाँले ३८ बर्षसम्म अपाङ्ग रहनुभन्दा पनि अर्कै अझ धेरै खराबीको वारेमा भन्दै हुनुहुन्थ्यो । अविश्वासको कारणले नर्कमा अनन्त कालसम्म पर्नु चाहिं अझ धेरै खराबी हो । येशूले त्यसलाई पापको प्रायश्चित गर्न अनि येशूमा विश्वास गर्न आहवान गर्दै हुनुहुन्थ्यो ।

निको पार्ने त येशू हुनुहुँदो रहेछ भनेर उसले चिन्यो, अनि यहूदीहरुलाई भनिदियो । सम्भवतः उसलाई थाहा थिएन कि येशूको सम्बन्धमा यहूदीहरुको दृष्टिकोण नराम्रो थियो ।

**याद राख्नुपर्ने कुराहरु :**

१. मानिसहरु बेथस्दा जल-कुण्डमा ठीक समयमा पस्न पाएको खण्डमा .............. ........... भन्ने विश्वास गर्दथे ।

२. येशूले त्यहाँ ............. वर्षदेखि अपाङ्ग भएको एउटा मानिस भेट्नुभयो ।

३. येशूले त्यस मानिसलाई आफ्नो ............... उठाऊ, र ............. भन्नुभयो । अनि त्यस मानिसले त्यसै गर्‍यो ।

४. केही यहूदी धर्मगुरुहरुले ........... मा .............. गरेकोमा त्यो मान्छेलाई दोष लगाए ।

५. बर्षौदेखि अपाङ्ग रहनुभन्दा अझ धेरै खराबी चाहिं ............ मा सदाको निम्ति .......... हो ।

(आफ्ना उत्तरहरु पेज ८८ मा जाँच्नुहोस)

(यूहन्ना ५ : १६-३० पढ्नुहोस)

१६त्यस कारणले गर्दा यहूदीहरुले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले त्यो काम सबाथ-दिनमा
गर्नुभएको थियो । १७तब येशूले तिनीहरुलाई भन्नुभयो, “मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको
छ, र म पनि काम गरिरहेछु ।” १८यसकाण यहूदीहरुले येशूलाई मार्न अझ बढी प्रयत्न गर्न लागे,
किनकि उहाँले शबाथ-दिन भङ्ग गर्ने मात्र होइन, तर आफैंलाई परमेश्वरको बराबरी तुल्याएर उहाँले
परमेश्वरलाई आफ्नै पिता भन्नुभएको थियो ।
१९येशूले तिनीहरुलाई भन्नुभयो, “साँच्चै म तिमीहरुलाई भन्दछु, पुत्र आफैंले केही गर्न सक्दैन तर
पिताले जे गर्नुभएको देख्छ त्यही मात्र गर्छ । २०किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैंले
गरिरहनुभएको सबै काम पुत्रलाई देखाउनुहुन्छ । यी भन्दा महान काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र
तिमीहरु आश्चर्यचकित हुनेछौ. । २१किनभने जसरी पिताले मृतकहरुलाई उठाउनुहुन्छ र तिनीहरुलाई
जीवन दिनुहुन्छ त्यसरी नै पुत्रले पनि जसलाइृ इच्छा गर्दछ त्यसलाई जीवन दिँदछ । २२किनकि पिताले
कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ , २३ताकि सबैले पुत्रको आदर
गरुन, जसरी तिनीहरुले पिताको आदर गर्दछन् । पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको
पनि आदर गर्दैन ।
२४साच्चैं, म तिमीहरुलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास
गर्छ, त्यससित अनन्त जीवन छ । त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको
छ । २५साँच्चै, म तिमीहरुलाई भन्दछु, त्यो समय आइरहेछ,र त्यो समय अहिले हो, जब मृतकहरुले
परमेश्वरका पुत्रको स्वर सुन्नेछन्, र सुन्नेहरु बाँच्नेछन् । २६किनभने जसरी पिता आफैंमा जीवन छ,
उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ । २७अनि उसलाई
न्यायको फैसला दिने अधिकार दिनुभएको छ , किनभने ऊ मानिसको पुत्र हो ।
२८यसमा अचम्म नमान, किनभने समय आईरहेछ, जब चिहानमा हुनेहरु सबैले उसको स्वर
सुन्नेछन्, २९र बाहिर निस्किआउनेछन् : सुकर्म गर्नेहरु जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरु
चाहिं दण्डाज्ञाको पुनरुत्थानको निम्ति ।
३०“म आफै केही गर्न सक्दिन । जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ
किनकि म आफ्नो इच्छा खोज्दिन, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु ।

ती यहूदीहरुले येशूलाई मन पराएनन् । तिनीहरुले येशूलाई परमेश्वरले पठाउनुभएको उद्धारकर्ताको रुपमा देखेनन् । तिनीहरुले उहाँलाई तिनीहरुको प्रसिद्धि तथा मानिसहरु बिच धर्मगुरुको रुपमा प्राप्त लोकप्रियता माथि नै खतरा पैदा गर्ने व्यक्ति ठाने । तिनीहरुले उहाँको खेदो गर्न लागे किनभने उहाँले शबाथ-दिनमा उपचार (को काम) गर्नुभयो । येशूले तिनीहरुलाई भन्नुभयो कि परमेश्वरले स्वर्गमा जे गर्नुहुन्छ उहाँ पनि त्यही नै गरिरहनुभएको छ । मानिसहरु शबाथ-दिन लगायत हप्ताको प्रत्येक दिन उपचार गरिन्थे ।

यी यहूदीहरुले साँच्चै नै येशूलाई घृणा गर्दथे । तिनीहरुले उहाँलाई मार्गबाट हटेको चाहन्थे । जब येशूले परमेश्वरलाई आफ्ना पिता भनी पुर्कानुभयो, तब तिनीहरुले उहाँलाई मार्न समेत खोजे । तिनीहरुले उहाँले

आफूलाई “परमेश्वर बराबर” तुल्याउनु भएको भन्ने कुरा गर्न थाले । केही मानिसहरु आज भोलि ठान्दछन् कि येशूले कदापि परमेश्वर हूँ भनी दाबी गर्नु भएन । उहाँका शत्रुहरुले उहाँका वारेमा सुनेका भरमा त्यसो ठाने । तिनीहरुको सोचाइमा, त्यहि नै उहाँको मृत्युको कारण भयो ।

तब येशूले यहूदीहरुलाई उहाँ परमेश्वरसँग हर तरहले एक हुनुहुन्छ भन्ने कुरा गर्नुभयो । उहाँ आफैँले केही गर्नु भएन, तर परमेश्वरले जे गर्नु भयो त्यही मात्र उहाँले गर्नुभयो । उहाँले लङ्गडोलाई निको पार्नु एउटा उदाहरण थियो । उहाँले मरेकालाई पनि पुर्नजीवित गर्नु भयो र जीवन दिनुभयो । परमेश्वरले उहाँलाई कति प्रेम गर्नुहुन्थ्यो भन्ने कुरा प्रत्येक चिजद्धारा पुत्र येशूले प्रतिबिम्वित गर्नुभयो ।

परमेश्वरले उहाँलाई मानिसहरुको माझमा दोषी ठहर गर्ने अधिकार पनि दिनुभएको थियो । तर येशू उद्धार गर्न, न कि दोषी ठहर गर्न आउनु भयो । साँच्चै उहाँमा दोषी ठहर गर्ने क्षमता थियो । येशूले परमेश्वरमा रहेका महिमा को पनि दाबी गर्नुभयो । परमेश्वरले भन्नुभयो कि उहाँको महिमा र प्रशंसा कुनै प्राणी सँग उहाँले बाँड्नु हुने छैन ।
(यशैया ४२:८ हेर्नुहोस) । तर येशूको त्यस खालको महिमा मात्र होइन ( फिलिप्पी २:९ - ११ हेर्नुहोस), तर उहाँलाई पिता जत्तिकै सम्मान गर्नुपर्दछ । जसले पुत्रलाई सम्मान गर्दैन, त्यसले पिता-जसले उहाँलाई पठाउनु भयो-लाई पनि सम्मान गर्दैन ।

यहूदीहरुले येशूसँग जे-जस्तो गर्न चाहेका थिए त्यस सम्बन्धमा उहाँले कुनै कसर बाँकी राख्नु भएन । तिनीहरुले जे जस्तो नियत राखेता पनि, तिनीहरुले उहाँको वचन सुन्नु र अनन्त जीवनको लागि विश्वास गर्नु पर्दथ्यो । जसले येशूमा विश्वास राख्दछ ऊ दोषबाट मुक्त हुँदछ । सबै पापहरु क्षमा गरिन्छन् । जो पापले गर्दा मरेको थियो त्यसले पनि येशूमा अनन्त जीवन प्राप्त गर्दछ । येशूले यसलाई यथार्थमा बदल्न काम थालि सक्नुभएको थियो । यो समाचार आधारभूतरुपले येशूले निकोदेमसलाई दिनुभएको जस्तै हो ( यूहन्ना ३ : १६ हेर्नुहोस) जुन त्यसबेला देखि धेरै पल्ट दोहोऱ्याइएको छ । तर यदि अविश्वासी यहूदीहरुले सुसमाचार विश्वास गर्न असम्भव पाए भने, समयको अन्त्यसम्म प्रतिक्षा मात्र गर्नुहोस । परमेश्वरको पुत्र फेरि आउनुहुनेछ अनि मरेकाहरुलाई बिउँझाउनु हुनेछ । तब मरेकाहरु सबै चिहानबाट बौरिएर आउनेछन् । जस-जसले असल काम

गरेका छन् तिनीहरु अनन्तसम्म बाँच्न उठ्नेछन् । जस-जसले कुकर्म गरेका छन् तिनीहरुले आफ्नो दोषको ऋण अनन्त कालसम्म तिर्नेछन् ।

येशूले भर्खरै भन्नुभएको बाट हामी जान्दछौं कि जसले उहाँमा विश्वास गर्दछ त्यसले अनन्त जीवन पाउँदछ । तसर्थ हामीले बुझ्नु पर्दछ कि जसले असल काम गर्दछन् भनेको अर्थ ती हुन् जसले येशूमा विश्वास गर्दछन् । येशूले उहाँमा विश्वास गरेर गरिएको मानिसहरुको असल कामको उल्लेख गर्नुभएको हो । जसले कुकर्म गर्दछ भन्नुको तात्पर्य, त्यसो भए, येशूलाई अविश्वास गरेर अस्वीकार गर्नेहरु हुन् । तिनीहरु अझसम्म आफ्नो पापको भारी बोक्दछन् ।

### याद राख्नुपर्ने कुराहरु :

६. केही यहूदीहरुले येशूलाई ............... गर्दथे । तिनीहरु उहाँलाई ............. चाहन्थे ।

७. तिनीहरुले दावी गरे कि येशूले आफूलाई परमेश्वर ............. तुल्याउनु भयो ।

८. येशूले उहाँ कसरी पितासँग ............ हुनुहुन्छ भन्ने कुरा यहूदीहरुलाई बताउनु भयो ।

९. जसले पुत्रलाई ................ गर्दैन उसले पिता- जसले उहाँलाई पठाउनुभयो लाई पनि ............... गर्दैन ।

१०. जुन व्यक्तिले येशूमा विश्वास गर्दछ ऊ दोषबाट .............. हुन्छ ।

(आफ्ना उत्तरहरु पेज ८८ मा हेर्नुहोस)

### येशूले आफ्नो विषयमा गवाही दिनुभयो ।

(यूहन्ना ५:३१ - ४७ पढ्नुहोस)

[३१]यदि मैले आफ्नो विषयमा गवाही दिएँ भने मेरो गवाही सत्य हुँदैन । [३२]मेरो विषयमा गवाही दिने अर्कै हुनुहुन्छ, र म जान्दछु, कि मेरो विषयमा उहाँले जे गवाही दिनुहुन्छ, त्यो सत्य ठहर्छ ।

[३३]"तिमीहरुले यूहन्नाकहाँ सोध्न पठायौं, अनि उनले सत्यका गवाही दिएका छन् । [३४]मैले ग्रहण गर्ने गवाही मानिसको होइन, तर तिमीहरुको उद्धार होस भनेर म यी कुरा भन्दछु। " [३५]यूहन्ना बल्दो र चम्किलो बत्ती थिए, र तिमीहरु उनको प्रकाशमा थोरै समय आनन्द मनाउन राजी भयौ ।

[३६]तर मसँग जो गवाही छ, त्यो यूहन्नाको भन्दा ठुलो छ । किनकि जुन कामहरु पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेछु, अनि तिनैले मेरो विषयमा गवाही दिइरहेछन् कि पिताले मलाई पठाउनुभएको हो । [३७]मलाई पठाउनुहुने पिता आफैँले मेरो विषयमा गवाही दिनुभएको छ । उहाँको स्वर तिमीहरुले कहिलै सुनेका छैनौ [३८]उहाँको वचन तिमीहरुमा रहँदैन, किनभने जसलाई उहाँले पठाउनुभयो, तिमीहरु उहाँमाथि विश्वास गर्दैनौ । [३९]तिमीहरु धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरु ठान्छौं । मेरो विषयमा गवाही दिने तिनै धर्मशास्त्र हुन्, [४०]तापनि तिमीहरु जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ ।

[४१]म मानिसहरुबाट महिमा ग्रहण गर्दिन, [४२]तर परमेश्वरको प्रेम तिमीहरुमा छैन भनी म जान्दछु । [४३]म आफ्नो पिताको नाउँमा आएको छु, तर तिमीहरु मलाई ग्रहण गर्दैनौ । अर्को कोही आफ्नै नाउँमा आयो भने त्यसलाई ग्रहण गर्नेछौ । [४४]तिमीहरु कसरी विश्वास गर्न सक्छौ, जब कि तिमीहरु आपसमा एउटा अर्काबाट सम्मान खोज्दछौ, अनि त्यो सम्मानको खोजी गर्दैनौ, जो एकमात्र परमेश्वरबाटै आउँदछ ।

[४५]"यो नसम्फ, कि म पिताको सामु तिमीहरुलाई दोष लाउनेछु । तिमीहरुलाई दोष लाउने त मोशा छन् । जसमा तिमीहरुले आशा राखेका छौ । [४६]किनभने तिमीहरुले मोशालाई विश्वास गरेका भए, मलाई पनि विश्वास गर्ने थियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए । [४७]तर तिमीहरु उनले लेखेका कुराहरु विश्वास गर्दैनौ भने मेरा वाणी कसरी विश्वास गर्छौ ?"

येशूले उहाँ परमेश्वर पुत्र हुनुहुन्छ भन्ने मजबुत अनि स्पष्ट गवाही पेश गर्नु भएको थियो । तर उहाँलाई थाहा थियो कि ती यहूदीहरुले उहाँको सबुत (साक्षी) अस्वीकार गर्नेछन् ।

येशूको मनमा अदालती कारवाही (कानुन) मा कुनै सबुत अनुमोदन गर्नको निम्ति कमसेकम दुइवटा साक्षीको आवश्यकता पर्दछ भन्ने कुरा फुरेको हुनुपर्छ । तसर्थ, उहाँले अर्को प्रमाण पेश गर्नुभयो ।

उहाँले यहूदीहरुलाई कुनै समयमा बप्तिस्मा दिने यूहन्नाको वर्णन त सुनेका थिए नि भनी स्मरण गराउनु भयो । येशूलाई यूहन्नाको गवाही त चाहिएको थिएन । तर यूहन्नाले येशूको बारेमा सत्य कुरो भनेका थिए । उनले येशू संसारको ज्योति हुनुहुन्छ अनि परमेश्वरको थुमा हुनुहुन्छ भनेर शिक्षा दिए । ती यहूदीहरु यूहन्ना बाट केही समय पश्चात विमुख भए र उनको गवाहीको बेवास्ता गरे ।

तैपनि, येशूसँग यूहन्नाको भन्दा अझ धेरै महत्वपूर्ण गवाही थियो । प्रथमत्, परमेश्वरको निम्ति येशूले गर्नुभएको कामले नै उहाँ को हुनुहुन्छ भन्ने साक्षी दिदँथ्यो । उदाहरणको लागि, हामी येशूले लङ्गडोलाई निको पार्नुभएको चिन्हलाई लिन सक्दछौं । अझ राम्रो त, संसारको मुक्तिको लागि येशूलाई पठाइएको सबभन्दा उपयुक्त साक्षी हो । उहाँ मर्नुभयोअनि मृत्युबाट पुनर्जीवित हुनुभयो जुन पिताले हाम्रो लागि गर्नको निम्ति उहाँलाई पठाउनु भएको थियो ।

दोस्रो, परमेश्वर स्वयंले येशूको बारेमा उद्धारकर्ताको रुपमा साक्षी दिनुभयो । विडम्वना यो थियो कि ती बैरी यहूदीहरुले परमेश्वरको साक्षी सुनेनन् । तसर्थ, तिनीहरुले पुत्रलाई अस्वीकार गरे । यहूदीहरुलाई परमेश्वरको साक्षी कहाँ खोज्नुपर्छ भन्ने थाहा थियो । तिनीहरुले अनन्त जीवन प्राप्त गर्ने उपाय वारे नियमित रुपले धर्मशास्त्रमा खोज्थे । तिनै धर्मशास्त्रले येशूको साक्षी दिएका थिए । तर ती यहूदीहरु येशूकहाँ आउन र जीवन प्राप्त गर्न अस्वीकार गर्दथे ।

येशू अरु मानिसहरु झै व्यक्तिगत संसारिक कीर्ति (गौरव) को खोजीमा हुनुहुन्थ्यो । उहाँ पिताको नाउँमा उहाँको कीर्ति राख्न मात्र आउनुभयो । यहूदीहरु, तर जे होस, आत्म-गौरव (स्वभिमान) राख्ने व्यक्तिहरुलाई मात्र स्वीकार गर्दथे ।

अन्त्यमा, यहूदीहरुले मोशाको साक्षी भेट्टाए । मोशाले बाइबलका प्रथम पाँच वटा पुस्तकहरु लेखे । ती यहूदीहरुले मोशाका पुस्तकहरु ध्यान लगाएर अध्ययन गरे । उनी नै एक अगमवक्ता थिए, जसमाथि तिनीहरु अधिकतम् निर्भर थिए ।

अफसोसको कुरा, स्वर्गका पिताको सामुन्नेमा मोशाले ती अविश्वासी यहूदीहरुको विरुद्धमा साक्षी दिने वाला छन् । मोशाले भविष्यमा आउनुहुने उद्धारकर्ताको प्रतिज्ञा वारे धेरै लेखेका थिए । उनले भविष्यवाणी लेखेका थिए कि एकजना स्त्रीको सन्तानले सर्प (शैतान) को टाउको कुच्च्याउने छ (उत्पत्ति ३:१५ हेर्नुहोस) उनले अब्राहमको सन्तानद्धारा कसरी पृथ्वीका अन्य जातिहरुले आशिष पाउनेछन् भन्ने लेखे (उदाहरणको लागि उत्पत्ति १८:१८ हेर्नुहोस) । यदि तिनीहरुले मोशालाई विश्वास गरेको भए येशूमाथि पनि विश्वास गर्ने थिए ।

अन्त्यमा, ती यहूदीहरुले मोशामाथि विश्वास गरेनन् । अब त उद्धारकर्ता पनि तिनीहरुकै साथमा हुनुहुन्थ्यो तर उहाँमार्थि पनि विश्वास गरेनन् ।

**याद राख्नुपर्ने कुराहरु :**

११. येशूले अन्य साक्षी (गवाही) हरुको चर्चा गर्नुभयो जसले उहाँ परमेश्वरको पुत्र भनी परिचय दिन्छ । ती मध्ये तीन उल्लेख गर्नुहोस ।

.................................., ..................................... ,
............................... ।

१२. धर्मशास्त्र (बाइबल) ले ............ को साक्षी बकेको छ ।

१३. अविश्वासी यहूदीहरुको खिलाफमा परमेश्वरको गवाही कसले दिए ?
.................. ले ।

(आफ्ना उत्तरहरु पेज ८८ मा जाँच्नुहोस)

## केही मानिसहरुले येशूलाई तिनीहरुको सांसारिक राजा बनाउन चाहन्थे ।

(यूहन्ना ६:१-१५ पढ्नुहोस)

[1]यी कुनपछि येशू गालील, अर्थात तिबेरियास समुन्द्रको पारिपट्टि जानुभयो । [2]अनि एउटा ठूलो
भीड उहाँको पछि लाग्यो, किनभने उहाँले रोगीहरुमाथि गर्नुभएका चिन्हहरु तिनीहरुले देखेका थिए ।
[3]येशू डाँडामाथि जानुभयो, र आफ्ना चेलाहरुसँग त्यहाँ बस्नुभयो । [4]यहूदीहरुको चाड, अर्थात निस्तार
-चाड नजीक थियो ।
[5]तब येशूले आफ्ना चारैतिर हेर्दा एउटा ठूलो भीड आफूकहाँ आइरहेको देखेर फिलिपलाई
भन्नुभयो, "यिनीहरुलाई खुवाउनको निम्ति हामीहरुले कहाँबाट रोटी किन्ने ? [6]उहाँले तिनको जाँच
गर्नलाई यो भन्नुभएको थियो, सो उहाँलाई थाहा थियो ।
[7]फिलिपले उहाँलाई जवाफ दिए, "प्रत्येकले अलिअलि पाएतापनि दुई सय चाँदीका सिक्काको
रोटीले तिनीहरुलाई पुग्नेछैन । "
[8]उहाँका चेलाहरुमध्ये एकजना, सिमोन पत्रुसका भाइ अन्द्रियासले भने, [9]"यहाँ एउटा ठिटो छ,
त्यस सँग जौका पाँच रोटी र दुई माछा छन् । तर यति धेरैका निम्ति यतिले के पुग्ला र ?"
[10]येशूले भन्नुभयो, "मानिसहरुलाई बस्न लाओ । त्यहाँ धेरै घाँस भएको चउर थियो । तब प्रायः
पाँच हजार पुरुषहरु त्यहाँ बसे । [11]तब येशूले रोटी लिनु भयो, र परमेश्वरलाई धन्यबाद
चढाउनुभएपछि बस्नेहरुलाई बाँडिदिनुभयो, र त्यसैगरी माछा पनि बाडिदिनुभयो । तिनीहरुले चाहे
जति खाए ।
[12]अनि तब तिनीहरुले भरपेट खाए, उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो, "उब्रेका टुक्राहरु
बटुल र केही नष्ट नहोस ।" [13]खानेहरुले उबारेका जौका ती पाँच रोटीका टुक्राहरु तिनीहरुले बटुले र
बाह्र डाला भरे ।
[14]यसकारण उहाँले गर्नुभएका यो चिन्ह देखेर ती मानिसहरुले भने, "संसारमा आउने
अगमवक्ता साँच्चै उहाँ नै हुनुहुँदोरहेछ ।" [15]तिनीहरु आएर उहाँलाई बलजफतीसँग लगी राजा
बनाउन खोज्दैछन् भन्ने थाहा पाएर येशू फेरि एक्लै डाँडामा जानुभयो ।

तत्पश्चात, येशू गालीलमा फर्कनुभयो । एकदिन उहाँ गालीलमा समुन्द्र (तिबेरियास) पारिपट्टि दुर्गम स्थानमा जानुभयो । त्यो समुद्र वास्तवमा नै एउटा ठूलो ताल -जुन १३ माइल लामो र ७ १/२ माइल चौडा-थियो । यसलाई रोमका शासक, तिबेरियासका शासनपश्चात तिबेरियास समुद्र भन्न थालियो ।

येशूले तब सम्म मानिसहरुलाई शिक्षा दिँदै अनि आश्चर्यकाम गर्दै दुइ बर्ष बिताई सक्नु भएको थियो । अर्को निस्तार-चाड नजिक पर्दथ्यो ।

धेरै मानिसहरुले येशूलाई पछ्याउँदथे किनभने उहाँले बिरामी निको पार्नुभएको तिनीहरुले देखेका थिए । तिनीहरु निकै टाढा समुद्र-तटबाट उठेको डाँडामाथि येशू अनि उहाँका चेलाहरुसँगै पुगे ।

येशू र उहाँका चेलाहरुले एउटा ठूलो भीड उहाँहरुतिर आइरहेको देख्नुभयो ।

तिनीहरु नजिकको शहरबाट निकै टाढा भएकाले येशूले तिनीहरुलाई खुवाउने निधो गर्नुभयो । तर, पहिले आफ्ना चेलाहरुको परीक्षण गर्नुभयो । उहाँले फिलिपलाई सोध्नुभयो कि तिनीहरुलाई खुवाउनको निम्ति (उहाँहरुले) रोटी कहाँबाट ल्याउने हो । फिलिपले रोटी कहाँबाट कसरी ल्याउने हो भन्ने बारेमा सोचेका पनि थिएनन् । उहाँहरुले त्यत्ति धेरै मान्छेहरुलाई खुवाउन सक्नु हुन्थेन । आठ महिनाको ज्यालाले त सबैलाई एक-एक टुक्रा रोटी पनि पुग्दैन भनेर फिलिपले कुरा राखे । फिलिपले अझसम्म पनि सजिलैसित येशूलाई पूर्ण विश्वास गर्न सिकेका थिएनन् ।

अन्द्रियासले एउटा ठिटोसँग जौका पाँच वटा रोटी (रोटी त्यसताका चेप्टो, गोलकार परेको पातलो हुन्थ्यो) र दुइसाना माछा थियो भन्ने पत्तो पाए । तर अन्द्रियास, फिलिप जस्तै भोजन त्यत्ति मान्छेलाई पुग्नै सक्दैन भन्ने कुरा मात्र गर्दै थिए ।

येशूले तिनीहरुको शंकाको वास्ता नै गर्नु भएन । उहाँले आफ्ना चेलाहरुलाई ती मानिसहरुलाई घाँस भएको चउरमा बसाउन आज्ञा दिनुभयो । तिनीहरुले बसाए । त्यहाँ महिलाहरु र केटाकेटीहरु बाहेक नै (को गन्ती नगरी कन) लगभग ५००० मान्छेहरु थिए । उहाँले चेलाहरुलाई ती केटा बाट रोटी र माछा लिन लगाउनुभयो ।

तब येशूले पाँचवटा रोटी र दुइटा माछा लिनुभयो । सर्वप्रथम, उहाँले धन्यवाद दिनुभयो, जुन धेरै जसो खीष्ट्रियानहरुले आजकल समेत भोजन गर्न अघि गर्दछन । तब उहाँले ती हजारौं मानिसहरुलाई रोटी र माछा बाँड्नुभयो । सबैले चाहेजति खान पाए ।

जब तिनीहरुले भरपेट खाए, येशूले आफ्ना चेलाहरुलाई उब्रेका टुक्राहरु डालामा भर्न लगाउनु भयो । उनीहरुले १२ डाला उब्रेका जौको रोटीका टुक्राहरु भरे । शुरुमा भन्दा अझ बड्ता नै उब्रेका तिनीहरुले पाए ।

केही मानिसहरु आजकल येशूले यहाँ यत्रो महान आश्चर्यकर्म गर्नुभएकोमा विश्वास गर्दैनन् । तिनीहरुको राय छ कि येशूले जौको रोटी अनि माछा बाँड्न लागेको देखेर ती मानिसहरुले पनि आफूसँग भएको खानेकुरा



येशूले धन्यवाद दिनुहुन्छ अनि ५००० लाई खुवाउनुहुन्छ ।

अरुसँग बाडचुँड गरे । यो असल विचार हो, तर बाइबलले यस्तो कुरो भनेको छैन । वस्तुत, जौको रोटी र माछा येशूले मान्छेहरुलाई चाहे जति बाँड्नुभयो । त्यसमाथि, ती पाँचवटा रोटी खाइ सकेपछि उब्रेको १२ डालो रोटीको टुक्रा जम्मा भयो । येशूले खुद उनीहरुको आँखा अगाडि खानेकुराको संख्या बढाउनु भयो ।

जस-जसले रोटी र माछा खाए, तिनीहरुले येशूले आश्चर्यकर्म गर्नुभयो भन्ने थाहा पाए । तिनीहरुले भने कि येशू परमेश्वरले मोशालाई वचन दिनुभएको अगमवक्ता हुनुहुन्छ -व्यवस्था १८:१५) । तिनीहरु उचित थिए तर तिनीहरुको नियत खराब थियो । तिनीहरु येशूलाई तिनीहरुको सांसारिक राजा हुन बाध्य पार्न चाहन्थे । तिनीहरुले उहाँले उनीहरुको "रोजी-रोटी" दिने राजा बनाउन चाहन्थे । तसर्थ येशू एक्लै डाँडातर्फ लाग्नुभयो ।

**याद राख्नुपर्ने कुराहरु :**

१४. येशू र उहाँका चेलाहरु .................. समुन्द्रको पारिपट्टि एक दुर्गम स्थानमा जानुभयो ।

१५ येशू त्यो भीडलाई खुवाउन चाहनुहुन्थ्यो, तर त्यहाँ बाँड्नलाई ........... वटा जौको रोटी र .......... वटा माछा मात्र थियो ।

१६. त्यत्ति विधि थोरै खानेकुरा लिएर येशूले महिला र केटाकेटी बाहेक ................ मानिसलाई खुवाउनु भयो ।

१७. मानिसहरुले सोचे कि येशू परमेश्वरद्धारा (अभिषेक) गरिएको ............. हुनुपर्दछ ।

१८. तिनीहरु येशूलाई उनीहरुको सांसारिक .............. हुन बाध्य पार्न चाहन्थे ।

(आफ्ना उत्तरहरु पेज ८८ मा हेर्नुहोस)

**येशूका चेलाहरुले संघर्ष गरे अनि त्यसपछि पीडा मुक्त भए ।**

(यूहन्ना ६:१६-२४ पढ्नुहोस । पद १६-२१ यहाँ तल छापिएको छ)

[१६]साझ परेपछि उहाँका चेलाहरु समुद्रतिर गए । [१७]र डुङ्गामा चढेर तिनीहरु समुद्रपारि कर्फनुहमतिर जान लागे । त्यसबेला अध्यारो भएको थियो, र येश तबसम्म तिनीहरुकहाँ आउनुभएको थिएन । [१८] अनि ठूलो बतास चलेकोले समुद्रको छाल उर्लन लाग्यो । [१९]पाँच -छ किलोमिटर डुङ्गा खियाएर



येशूले समुद्री आँधीलाई हप्काउनु भयो ।

गएपछि तिनीहरुले येशूलाई समुद्रमाथि हिँडेर डुङ्गाका नजिक आइरहनुभएको देखे, अनि तिनीहरु डराए । [२०]तर उहाँले तिनीहरुलाई भन्नुभयो, "म हुँ, नडराओ ।" [२१]तिनीहरुले उहाँलाई खुशीसाथ डुङ्गामा राखे, र तिनीहरु गइरहेको डुङ्गा तुरुन्तै आइपुग्यो ।

येशूले आफ्ना चेलाहरुलाई उहाँ बाहेक नै गालील समुद्र पारि जानको निम्ति अह्राउनु भयो । तसर्थ जब रात परुञ्जेलसम्म येशू फर्किन भएन तब तिनीहरु समुद्रमा डुङ्गा खियाउदै -अघि बढ्दै थिए सोही बखत भयंकर समुद्री बतास चल्यो । गालील समुद्र दुवैतिर डाँडा भएको भुभागमा पर्दछ । जब बतास चल्दछ, यो हावाको सुरुङ्ग जस्तै हुन्छ । तपाई त्यस बखत त्यस्तो उग्र पानीमा बाहिर निस्कन चाहनुहुन्न । तर चेलाहरु फेला परे । तिनीहरुले जबरजस्त डुङ्गा चलाए पनि, तिनीहरुले थोरै मात्र बाटो काटे । तिनीहरु समुद्रको माझमा संघर्षरत थिए ।

अकस्मात येशू समुद्रमाथि हिडेँर चेलाहरु नजीक आउनुभयो । हामी अन्य समाचारहरुबाट जान्दछौ कि चेलाहरुले भूत देखेको अनुभूति गरे । बतास र छालले तिनीहरुलाई निरन्तर चुटिरहेको थियो । एक अनौठो आकृति त्यो अन्धकारमा उनीहरुतिर आइरहेको थियो । ती डरले आक्रान्त भएका थिए ।

तब येशूले भन्नुभयो, "म हुँ नडराओ ।" चेलाहरुले येशूलाई डुङ्गा राखे । समुद्री बतास थामियो । अनि तिनीहरु किनारमा आइपुगे जहाँको निम्ति तिनीहरु अघि बढिरहेका थिए । येशू आइ पुग्नुभयो अनि समुद्री बतास सँगै तिनीहरुको डर पनि थामियो ।

हामी यस घटना क्रमबाट सान्त्वना लिन सक्छौ । हामी हाम्रो जीवनमा ( पनि) धेरै आँधीहरुबाट गुज्रन्छौं । कहिले कहि त हामी अब चाहिं अगाडि बडन सकिदैन भनेर अनुभव गर्छौ । हामी डुब्ने छौ । हामी डुबेर मर्नेछौं । तर येशू सँधै नै नजीक रहनुहुन्छ । उहाँले भन्ने पनि गर्नुहुन्छ, "म हुँ, नडराओ ।" उहाँका वचनहरु सम्झनुहोस ।

भोलिपल्ट बिहान त्यो भीड-जुन पछि रहेका थिए-ले महसुस गऱ्यो कि येशू र उहाँका चेलाहरु त्यहाँ हुनुहुन्थ्यो । केही डुंगाहरु उहाँहरुलाई लिन त्यहाँ पुगेका थिए । तिनीहरुले, तापनि, येशूलाई छोडेनन् । तिनीहरुले उहाँलाई कर्फनहुमसम्म नै पछ्याए ।

**याद राख्नुपर्ने कुराहरु :**

१९. येशूले मानिसहरुलाई खुवाउनु भएको ठाँउबाट जसै चेलाहरु हिँडे, तिनीहरु मध्य रातमा भयंकर .............. ............ को चपेटामा परे ।

२०ं येशू समुद्रमा .......... नै तिनीहरुकहाँ आइपुग्नुभयो ।

२१. ती चेलाहरु ........... थिए ।

२२. येशूले तिनीहरुलाई भन्नुभयो, म हुँ । ............ ।

(आफ्ना उत्तरहरु पेज ८८ मा हेर्नुहोस)

**येशूको शिक्षा (उपदेश) ले मानिसहरुलाई जिल्ल पाऱ्यो ।**

(यूहन्ना ६:२५-२९ पढ्नुहोस)

२५तिनीहरुले उहाँलाई समुद्रपारि भेट्टाएर उहाँलाई सोधे, “रब्बी, तपाई यहाँ कहिले आउनुभयो ?”

२६येशूले तिनीहरुलाई जवाफ दिई भन्नुभयो “साँच्चै म भन्दछु, तिमीहरु चिन्हहरु देखेर होइन, तर अघाउञ्जेल रोटी खाएको कारणले मलाई खोज्दछौ । २७नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रहने भोजनको निम्ति परिश्रम गर जो मानिसको पुत्रले तिमीहरुलाई दिनेछ । किनभने परमेश्वर पिताले उसमाथि आफ्नो छाप लगाउनु भएको छ ।”

२८तिनीहरुले उहाँलाई भने, “परमेश्वरले चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्छ ?”

२९येशूले तिनीहरुलाई भन्नुभयो, “परमेश्वरको काम यही हो : जसलाई उहाँले पठाउनुभयो उसमाथि विश्वास गर ।”

जब त्यो भीडले येशूलाई कर्फनहुममा भेट्टायो, तिनीहरुले उहाँ कहिले त्यहाँ पुग्नुभएको भनी सोधे । येशूले प्रश्नको जवाफ दिनुभएन । बदलामा, उहाँले तिनीहरुलाई शिक्षा दिन थाल्नुभयो । जस्तो कि सामरीमा स्त्रीसँग आत्मिक सत्यता वारे बुझाउनको निम्ति सांसारिक उदाहरण दिनुभएथ्यो । त्यस स्त्रीसँग, उहाँले पानीबाट कुरा शुरु गर्नुभएथ्यो । यो भीडसँग, उहाँले रोटीको बारेमा कुरा गर्नुभयो ।

येशूले तिनीहरुलाई गलत आधारमा उहाँलाई पछ्याई रहेका छन् भनी सम्झाउनु भयो । (इस्राएलको प्रचण्ड गर्मीमा रेफ्रिजरेसन (चिसो पार्ने काम) विना खानेकुरा नाश हुन्छ भनी मानिसहरु बुझ्दथे । तर तिनीहरुले अनन्त कालसम्म रहने खानेकुराको निम्ति खट्नु पर्नेथियो । तिनीहरुले संसारिक कुरो भन्दा पर आत्मिक कुरोलाई हेर्नु पर्ने थियो । उहाँ, मानिसको पुत्र, ले तिनीहरुलाई अनन्त जीवनसम्म रहने भोजन दिनुहुनेछ । मानिसको स्वरुपमा येशूले स्वर्गका पिताको इच्छा पूर्णरुपले पालन गर्नुभयो ।

जब मानिसहरुले “काम” भन्ने शब्द सुने, तब तिनीहरुले तुरुन्तै काम गर्नुपर्ने बुझे ।

तिनीहरुले अनन्त जीवनसम्म रहने भोजन प्राप्त गर्नलाई परमेश्वरको निम्ति कुनै काम गर्नुपर्नेछ भनी येशूले भन्नुभएको हो भन्ने कुरा तिनीहरुले सोचे । तर येशूले सिर्फ उहाँ-जसलाई परमेश्वरले पठाउनु भएको हो-माथि विश्वास गर्नुपर्दछ भन्ने कुरा गर्दैहुनुहुन्थ्यो । त्यो विश्वास उनीहरुमा परमेश्वरद्धारा क्रियाशिल हुनुपर्दथ्यो । यो उनीहरुको लागि परमेश्वरको काम थियो ।

**याद राख्नुपर्ने कुराहरु :**

२३. येशूले चाल पाउनुभयो कि मानिसहरु उहाँले ........... ............. कारणले मात्र उहाँलाई पछ्याउदै थिए ।

२४. येशूले तिनीहरुलाई ............... सम्म रहने भोजनको निम्ति काम गर्न भन्नुभयो ।

२५. येशूले त्यो भोजन पाउनको निम्ति ........... गर्नुपर्ने भन्नुभएको हो भनी तिनीहरुले सौँचे ।

२६. उहाँले खास गरेर तिनीहरुले उहाँमाथि ............ राख्नुपर्दछ भन्नुभएको थियो ।

(आफ्ना उत्तरहरु पेज ८८ मा हेर्नुहोस)

**मानिसहरुले येशूलाई चिन्ह देखाउन आग्रह गरे ।**

(यूहन्ना ६:३०-४० हेर्नुहोस)

[३०]यसकारण तिनीहरुले उहाँलाई भने, "तपाईं के चिन्ह देखाउनु हुन्छ, सो हामी हेरौ, र तपाईलाई विश्वास गरौं ? तपाईं के गर्नुहुन्छ ? [३१]हाम्रा पिता पुर्खाले उजाड-स्थानमा मन्न खाए, जसरी लेखिएको छ, "उहाँले तिनीहरुलाई खानलाई स्वर्गबाट रोटी दिनुभयो ।"

[३२]येशूले तिनीहरुलाई भन्नुभयो, "साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरुलाई स्वर्गबाट रोटी दिने मोशा होइनन्, तर स्वर्गबाट तिमीहरुलाई साँचो रोटी दिनुहुने मेरा पिता हुनुहुन्छ ।

[३३]किनभने परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ । "

[३४]तिनीहरुले उहाँलाई भने, "प्रभु, यो रोटी हामीलाई संधै दिनुहोस ।"

[३५]येशूले तिनीहरुलाई भन्नुभयो, "जीवनको रोटी म हुँ । म कहाँ आउने भोकाउने छैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउने छैन । ३६तर मैले तिमीहरुलाई भनेकै छु, तिमीहरुले मलाई देखेका छौ, र पनि विश्वास गर्दैनौ ।

[37]पिताले मलाई दिनुहुने सबै मकहाँ आउने छन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्ने छैन । [38]आफ्ना इच्छा पुरा गर्न म स्वर्गबाट ओर्लि आएको होइन, तर मलाई पठाउनु हुनेको इच्छा पूरा गर्नलाई आएको हुँ । [39]र मलाई पठाउनु हुने को इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरु मध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरुलाई अन्त्यको दिनमा जीवित पारुँ । [40]किनभने मेरा पिाको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त दिनमा जीवित पार्नेछु ।"

मानिसहरुले अझसम्म पनि सांसारिक रोटी नै बुझिरहेका थिए । अनि तिनीहरुलाई खुवाउनको निम्ति येशूले देखाउनुभएको चिन्ह (चमत्कार) बाट सन्तुष्ट भएका थिएनन् । तिनीहरुले उहाँलाई अझ अरु चिन्ह देखाउनको लागि भने ताकि उहाँलाई विश्वास गर्न सकियोस । तिनीहरुले मोशा मार्फत पुर्खाले उजाड -स्थानमा मन्न खाएको कुरो येशूलाई स्मरण गराए । त्यो चाहिँ स्वर्गको रोटी थियो ।

उहाँले धेरै पल्ट गरिसक्नु भएकोले, येशूले तिनीहरुलाई भन्न खोज्नुभएको पवित्र सत्यतामा जोड दिनुभयो । "तिमीहरुलाई स्वर्गबाट रोटी दिने", उहाँले भन्नु भयो, "मन्न दिने मोशा होइनन्" । साँचो रोटी दिने पिता हुनुहुन्छ । परमेश्वरको रोटी त्यही हो जो स्वर्गबाट ओर्लिआउँछ । त्यो साँचो रोटीले संसारलाई जीवन दिन्छ ।

सायद त्यो भीडले येशू आफ्नै बारेमा कुरा गरिरहनु भएको छ भन्ठाने । तर तिनीहरुको दिमागले संसारिक रोटीको अभिप्राय बुझ्न सकेन । तिनीहरुले भने, "प्रभु, यो रोटी हामीलाई सधैं दिनुहोस ।"

येशूले जवाफमा भन्नुभयो, "जीवनको रोटी म नै हुँ ।" यो यूहन्नाको सुसमाचारमा बारम्बार येशूले "म हूँ" भनेर आफूलाई चिनाउनु भएको मध्ये एक हो । "जीवनको रोटी म (नै) हुँ ।" म हुँ .......... " पछि पनि धेरै पल्ट आउने छ ।

उहाँले यसो भनेको सुन्दाखेरी हामी महसुस गर्दछौ. कि उहाँ आफूलाई परमेश्वर भन्दै हुनुहुन्छ । जब परमेश्वरले धेरै वर्ष पहिले जलिरहेको पोथ्राबाट मोशालाई भन्नुभयो प्रस्थान ३:१-२२ हेर्नुहोस), परमेश्वरले मोशालाई "म हुँ" भन्नुभयो (प्रस्थान ३:१४, १५ हेर्नुहोस)
"म हुँ" उस्तै खालको नाम (सम्बोधन) हो जुन हामी परमेश्वरलाई "यहोवा" भनेर पुकार्द छौं । त्यो नाम हिब्रू भाषाको "म हुँ" मा आधारित छ ।

एकपल्ट फेरि येशूले मानिसहरुलाई उहाँमाथि विश्वास गर्न आहवान गर्नुभयो । येशूको साथले, तिनीहरुको आत्मिक भोक र तिर्खा मेटिने थियो । उहाँले कसैलाई फिर्ता पठाउनु हुन्थेन । तर तिनीहरुले विश्वास गरेनन् । उहाँले तिनीहरुलाई उहाँ परमेश्वरको आज्ञा पालन गर्न आउनुभएको हो भनी दोहोर्‍याएर भन्नुभयो । परमेश्वर तिनीहरुको उद्धार चाहनुहुन्थ्यो । जसले पुत्रमा दृष्टि लगाउँछन् अनि उहाँमा निरन्तर विश्वास गर्दछन् तिनीहरुले अनन्त जीवन प्राप्त गर्नेछन् । येशूले अन्तिम दिनमा तिनीहरुलाई उठाउने प्रतिज्ञा गर्नुभयो ।

त्यो प्रतिज्ञा हामीमा अझ पनि लागु हुन्छ । हामी येशूमा विश्वास गर्दछौ । उहाँले हामीलाई आफूसंगै राख्नुहुन्छ । हामीले अनन्त जीवन प्राप्त गरेका छौं । जब अन्तिम दिनमा येशू फेरि आउनु हुनेछ, उहाँले हाम्रो पार्थिव शरीर उठाएर आफुसँगै स्वर्गमा जिउन लग्नुहुनेछ ।

**याद राख्नुपर्ने कुराहरु :**

२७. येशूले मानिसहरुलाई उहाँ स्वर्गको साँचो ........ हुनुहुन्छ भनी शिक्षा दिनुभयो ।

२८. येशूले परमेश्वरसँग बराबर बनाउने (आफूलाई चिनाउने) यी दुई शब्दहरु, यहोवाः ................ ................ प्रयोग गर्नुभयो ।

२९. अन्तिम दिनमा, येशूले विश्वास गर्नेहरुलाई ............ उहाँसँगै जिउनको लागि स्वर्गमा लैजानु हुनेछ ।

(आफ्ना उत्तरहरु पेज ८८ मा हेर्नुहोस)

## मानिसहरु येशूको विरुद्धमा उत्रिए अनि उहाँको शिक्षा बारे विवाद खडा गर्न लागे ।

(यूहन्ना ६:४१-५९ पढ्नुहोस)

[४१]यहूदीहरु उहाँको विरुद्धमा गनगनाउन लागे, किनभने उहाँले भन्नुभयो, “स्वर्गबाट ओर्लिआएको रोटी म नै हुँ ।” [४२]तिनीहरुले भने, “के यो योसेफको छोरो येशू होइन ? यसका बाबु र आमालाई हामी चिन्दैनौ र ? अहिले यसले कसरी म स्वर्गबाट ओर्लिआएको हुँ भनी भन्दछ ?”

४३येशूले तिनीहरुलाई जवाफ दिनुभयो, “तिमीहरु आपसमा नगनगनाओ । ४४मलाई पठाउनुहुने पिताले
खिच्नु भएन भने कोही म कहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु ।
४५अनि ती सबैजना परमेश्वरद्धारा सिकाइनेछन् भनी अगमवक्ताहरुको पुस्तकमा लेखिएको छ । प्रत्येक
जसले पिताबाट सुन्छ र सिक्छ त्यो म कहाँ आउँछ । ४६पितालाई कुनै मानिसले देखेको छैन, केवल
उसले मात्र देखेको छ जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ । ४७साँच्चै म
तिमीहरुलाई भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन छ । ४८म जीवनको रोटी हुँ ।
४९तिमीहरुका पिता-पुर्खाहरुले उजाड स्थानमा मन्न खाए तापनि तिनीहरु मरेर गए । ५०स्वर्गबाट
ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन । ५१स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै
हुँ । कसैले यो रोटी खायो भने त्यो सँधैभरि जिउनेछ । र जुन रोटी म संसारका जीवनको लागि
दिनेछु, त्यो चाहिँ मेरो देह हो ।”

५२तब यहूदीहरु आपसमा बहस गर्न लागे, यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन
सक्छ ?”

५३येशूले तिनीहरुलाई भन्नुभयो, “साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरुले मानिसको पुत्रको देह
खाएनौ र उसको रगत पिएनौ भने, तिमीहरुमा जीवन हुँदैन । ५४मेरो देह खाने र रगत पिउने सित
अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु । ५५किनभने मेरो देह साँच्चै खानेकुरो
हो, र मेरो रगत साँच्चै पिउने कुरा हो । ५६मेरो देह खाने र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म
त्यसमा रहन्छु । ५७जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसैगरी
मलाई खानेपनि मेरो कारणले जिउने छ । ५८स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पिता-
पुर्खाहरुले खाए तापनि मरेर गए । यो रोटी खानेचाहिं सधैंभरि जिउनेछ ।” ५९उहाँले यी कुरा
कफर्नहुमको सभाघरमा शिक्षा दिँदा भन्नुभएको हो ।

ती यहूदीहरुले अझसम्म पनि (कुनै) सम्बन्ध स्थापित गर्न सकेनन् । येशू नासरतको हुनुहुन्छ भन्ने तिनीहरुलाई थाहा थियो । तिनीहरुले उहाँका बाबु योसेफ र आमा मरियमलाई चिन्दथे । उहाँले कसरी स्वर्गबाट ओर्लिआएको हूँ भन्न सक्नुहुन्छ ?

येशूले तिनीहरुलाई बड्ता गनगन नगर्न भन्नुभयो । तिनीहरुले पिताको कुरा सुन्नु पर्ने थियो । तिनीहरुले अगमवक्ताहरुको तथा पुरानो करार बाइबलमा भएको प्रतिज्ञाहरु हेर्नुपर्दथ्यो । पिताले तिनीहरुलाई (येशूमाथि) विश्वास गर्ने तुल्याउनु हुन्थ्यो । येशूमा विश्वास गर्ने काम हामीले गरेका होइन । यो काम परमेश्वरले हामीमा गर्नुभएको हो ।

येशूले दोहोर्‍याएर भन्नुभयो, “म जीवनको रोटी हूँ ।” उहाँले भन्नुभयो कि जसले (जुन व्यक्तिले) यो राटी खान्छ, त्यो मर्ने छैन । विभिन्न भावहरुमा व्यक्त गर्नुभएको भएता पनि उहाँको सन्देशको सार-तत्व एउटै थियो ममाथि विश्वास गर अनि अनन्त जीवन प्राप्त गर ।”

तब येशूले कुरो थप्नुभयो र भन्नुभयो कि रोटी उहाँको शरीर हो । उहाँ आफ्नो शरीर संसारको जीवनको लागि अर्पण गर्दै हुनुहुन्थ्यो । सबै मानिसहरुको पापको निम्ति क्रूसमा टाँगेर हुने उहाँको मृत्यु वारे उहाँ भविष्यवाणी गर्दै हुनुहुन्थ्यो ।

फेरि पनि यहूदीहरुले भनाईको तात्पर्य बुझ्नमा गल्ती गरे । तिनीहरुले येशूको शरीर खाने विचारलाई मन पराएनन् । तिनीहरु आपसमा येशूले भन्न चाहिं के खोजेको हो भन्ने वारे वहस गर्नलागे ।

येशूले अगाडि भन्नुभयो । तिनीहरुले जीवन प्राप्त गर्नको निम्ति उहाँको शरीर खानुपर्दछ अनि रगत पिउनुर्दछ । जसले यसो गर्दछ त्यसले अनन्त जीवन पाउँदछन् अनि अन्त्यको दिनमा उसलाई मृत्युबाट जीवित पारिनेछ । येशूको शरीर खानाले र उहाँको रगत पिउनाले तिनीहरु उहाँसँग एक हुनेछन् । तसर्थ आजकल, जब हामी येशूमा विश्वास गर्दछौं, हामी उहाँमा रहन्छौं अनि उहाँ हामीमा ।


येशूको शरीर अनि रगत (हामीलाई) दिने दृश्यले हामीलाई उहाँको मृत्युको स्मरण गराउँदछ । उहाँले आफ्नो शरीर दिनुभयो । उहाँले आफ्नो रगत बगाउनुभयो । उहाँले आफ्नो रगत हाम्रो कारणको लागि भनी उल्लेख गर्नुभएको छ । रगतले जीवन दिन्छ । अनि हाम्रो जीवनको रक्षा गर्न रगत बगाउनु परेको थियो । यहूदीहरुले पुरानो करारमा मन्दिरमा रगतको बलि चढाएकोबाट  सम्बन्ध रहेको देख्नुपर्ने थियो ।

हिजोआज मानिसहरु धारणा राख्दछन् कि येशूले यहाँ पवित्र-भोज, प्रभुभोजको चर्चा गरिरहनु भएको छ । काल्पनिक चित्रले पनि त्यस्तै जनाउँदछ । तापनि, येशूले त्यसबखत सम्म तिनीहरुलाई पवित्र-भोज दिनुभएको थिएन । अनि उहाँले बाँच्नको निम्ति हामीले जेभए तापनि हामीले उहाँमाथि विश्वास गर्नुपर्दछ जसले क्रूसमा आफ्नो शरीर दिनुभयो अनि रगत बगाउनु भयो । विश्वास गर्नुहोस अनि जिउनुहोस ।

**याद राख्नुपर्ने कुराहरु :**

३०. यहूदीहरुलाई येशू ................ को हुनुहुन्छ भन्ने थाहा थियो । त्यसैले उहाँ कसरी ................ बाट ओर्लनुभएको हो त ?

३१. येशूले भन्नुभयो कि तिनीहरुले बाइबल को कुरा सुने भने, ............ ले तिनीहरुलाई येशूतर्फ डोयाउनु हुनेछ ।



हामीलाई बचाउनको निम्ति परमेश्वरले योजना बनाउनु हुन्छ ।

३२. येशूले भन्नुभयो कि उहाँ संसारको जीवनको निम्ति आफ्नो ..........
दिनुहुनेछ ।

३३ येशूको शरीर खानु अनि उहाँको रगत पिउनुको अर्को अर्थ अनन्त
जीवनको लागि येशूले उहाँमाथि ............... गर्नुपर्दछ भन्ने हो ।

(आफ्नो उत्तरहरु पेज ८८ मा हेर्नुहोस)

## धेरै चेलाहरुले येशूलाई त्यागे ।

(यूहन्ना ६:६०-७१ पढ्नुहोस)

६०यो सुनेपछि उहाँका चेलाहरुमध्ये धेरैले भने, "यो वचन कठोर छ, कसले यो सुन्न सक्दछ र ?"
६१तर उहाँका चेलाहरु यस विषयमा गनगनाउँदैछन् भनी जानेर येशूले तिनीहरुलाई भन्नुभयो, "के यी
कुरा तिमीहरुको निम्ति ठोकरको कुरा भइरहेछ ? ६२तिमीहरुले मानिसका पुत्रलाई जहाँ ऊ अघि थियो
त्यहाँ उक्लँदै गरेको देख्यौ भने नि कसो ? ६३जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा
हुँदैन । जुन वचन मैले तिमीहरुसँग बोलेको छु, ती आत्मा र जीवन हुन्। ६४तर तिमीहरुमध्ये कति
छन् जसले विश्वास गर्दैनन् ।" किनभने विश्वास नगर्नेहरु को -को हुन् , र उहाँलाई धोखा दिने को
हुनेछ भनी येशूलाई शुरुदेखि नै थाहा थियो । ६५अनि उहाँले भन्नुभयो, "यसैकारण मैले तिमीहरुलाई
भनेको हु, यदि पिताबाट दिइएको छैनभने कोही मानिस मकहाँ आउन सक्दैन ।"
६६यसपछि उहाँका चेलाहरुमध्ये धेरै जना पछि हटे, र उहासँग हिँड्न छोडे ।
६७येशूले बाह्रैलाई भन्नुभयो, "के तिमीहरु पनि मलाई त्यागेर जाने ?"
६८सिमोन पत्रुसले जवाफ दिए, "हे प्रभु, हामी कसकहाँ जाऔं ? तपाईसित अनन्त जीवनका
वचन छन् ६९र हामीले विश्वास गरेका छौं र जानेका छौं, तपाईं परमेश्वरका पवित्र जन हुनहुन्छ ।"
७०येशूले तिनीहरुलाई जवाफ दिनुभयो, "के म आफैले तिमीहरु बाह्रै जनालाई छानेको होइन र
? र तिमीहरुमध्येको एक जना चाहिं दियाबलस (शैतान) हो ।" ७१यो उहाँले सिमोन इस्करियोतको
छोरो यहूदाको विषयमा भन्नुभएको थियो किनभने बाह्र मध्ये एक जना भएर पनि त्यसले उहाँलाई
धोखा दिन आँटेको थियो ।

जबसम्म येशूले तिनीहरुको उपचार गर्नुभयो र ख्वाउनु भयो तबसम्म ती मानिसहरुले खुशीसाथ उहाँलाई पछ्याए । तर जब उहाँले तिनीहरुलाई अनन्त जीवन वारे सत्य कुरा बताउनु भयो, तिनीहरुले त्यसलाई ग्रहण गर्न अति कठोर ठाने ।

येशूलाई तिनीहरुले उहाँको शिक्षा बारेमा अनावश्यक गनगन गर्दै थिए भन्ने थाहा थियो । "तिमीहरुले मानिसको पुत्रलाई जहाँ ऊ अघि थियो त्यहाँ उक्लँदैगरेको देख्यौ भने नि कसो ?" भनेर उहाँले हाँक दिनुभयो । उहाँ स्वर्गको कुरा गर्दै हुनुहुन्थ्यो, तर तिनीहरु भने यही संसारका मात्र मतलब राख्दथे । जीवन प्राप्त गर्नको निम्ति पवित्र आत्मा चाहिन्छ भनेर उहाँले

तिनीहरुलाई संझाउनु भयो । शरीरलाई खुवाएर मात्र त्यसले जीवन दिँदैन । तर येशूको वचनद्धारा आत्माले काम गर्दछ/गर्नुहुन्छ । समस्या चाहिं के थियो भने केहीले उहाँको वचनमाथि विश्वास गरेनन् ।

परमेश्वरको वचन मार्फत आत्माले अझपनि काम गर्दछ/गर्नुहुन्छ । हामी यो अध्ययन गर्दछौं ताकि हामी निरन्तर विश्वास गर्न सकुँ अनि अनन्त जीवन प्राप्त गरौं ।

येशूलाई थाहा थियो कि ती चेलाहरुमध्ये धेरैले (उहाँलाई) विश्वास गर्दैनथिए । उहाँलाई यो पनि थाहा थियो कि उहाँका १२ जना शुरुको चेलाहरुमध्ये एकजनाले उहाँलाई धोखा दिनेछ । सत्यताको सामना गर्नु पर्दाखेरि, धेरैले येशूलाई पछ्याउनु छोडे । तब उहाँ १२ जनातिर फर्कनुभयो । तिमीहरुको के छ त ? तिमीहरुले पनि त्याग्ने हौं कि ?

प्रत्युत्तरमा, पत्रुस-जो प्रायः जसो अरुको निम्ति बोल्ने गर्दथे ले येशूको पक्षमा आफ्नो दृढ विश्वासको स्वीकारोक्ती प्रस्तुत गरे । "तपाईं सरह अरु कोही छैन, उनले येशूसँग भने । तपाईको वचनले अनन्त जीवन दिँदछ । हामी विश्वास गर्दछौं अनि जान्दछौं कि तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ । "

परमेश्वरले उहाँको वचनद्वारा हामीमा कार्य गर्नुभएकोले हामी पनि आज त्यही सत्यता स्वीकार गर्दछौं ।

अझ, अर्का थरी मानिसहरु पनि छन् जो विश्वास गरे जस्तो बहाना गर्दछन् तर यथार्थमा गर्दैनन् । ती बाह्र जनाहरु मध्येको एक जना यहूदाले खासमा दियाबलस (शैतान) मान्दथ्यो, न कि येशूलाई । येशूलाई यहूदाको मनको कुरा थाहा थियो अनि

त्यसैले उसले के गर्नेवाला छ भनेर (पहिल्यै बाटै) चेतावनी दिनुभएको थियो । तर येशूले त्यसको नाम खुलासा गर्नुभएन र निकालेर पठाउनु पनि भएन ।

**याद राख्नुपर्ने कुराहरु :**

३४. मानिसहरु येशूको .................. बारेमा गनगन गर्न थाले ।

३५. तिनीहरुले यस ................. ( ) को बारेमा मात्र मतलब राख्दथे ।

३६. ................ ले येशूको ............ मार्फत काम गर्दछ/गर्नुहुन्छ ।

३७. पत्रुसले येशूको वचनले ........... ................ प्रदान गर्दछ भनी स्वीकार गरे ।

३८. .............. ले येशूलाई धोखा दिन्छ भन्ने कुरा येशूलाई थाहा थियो ।

(आफ्ना उत्तरहरु पेज ८८ मा हेर्नुहोस)

**याद राख्नुपर्ने कुराहरुको उत्तरहहरु :**

१. निको भइन्छ, २. ३८ ३. ओछ्यान, हिँड ४. शबाथ-दिन, काम ५. नर्क, जाकिनु ( पर्नु) ६. घृणा, मार्न ७. बराबर ८. एक ९. सम्मान, सम्मान १०. मुक्त ११. बप्तिस्मा दिने यूहन्ना, येशूका कामहरु, पिता, धर्मशास्त्र (बाइबल), अथवा मोशा १२. येशू १३. मोशा १४. गालील १५. पाँच, दुइ १६. ५००० १७. अगमवक्ता १८. राजा १९. समुद्री आँधी २०. हिँडेर २१. त्रसित २२. नडराऊ २३. खुवाउनुभएको २४. अनन्त २५. काम २६. विश्वास २७. रोटी २८. म हुँ २९. उठाएर ३०. नासरथ ३१. पिता ३२. शरीर ३३. विश्वास ३४. शिक्षा ३५. संसार (जीवन) ३६. आत्मा ३७. अनन्त जीवन ३८. यहूदा

**परीक्षा**
**परिच्छेद ४**

याद राख्नुपर्ने कुराहरुको समीक्षा गर्नुहोस ।

१. केही यहूदीहरु येशूलाई ................ चाहन्थे किनभने उहाँले शबाथ-दिनमा एकजना मानिसलाई ............... भयो ।

२ तिनीहरुले उहाँलाई अझ धेरै घृणा गरे किनकि उहाँले आफुलाई परमेश्वर .............. भनी दाबी गर्नुभयो ।

३. उहाँले तिनीहरुलाई पितालाई जस्तै पुत्रलाई पनि ............... गर्नुपर्दछ भन्नुभयो ।

४. धर्मग्रन्थ (बाइबल) ले .............. को बारेमा ................. भनेको छ ।

५. गालील समुद्रको पारिपट्टि तटमा, येशूले ५००० मानिसहरुलाई ............ वटा जौको रोटी र ............ वटा साना माछाले (अघाउञ्जेल) भोजन गराउनुभयो ।

६. मानिसहरुले येशूलाई उनीहरुको ............. (          ) राजा बनाउन चाहन्थे ।

७. येशू भयानक समुद्री आँधी आएको बेला पानीमा ............ भयो ।

८. येशूले आफ्ना चेलाहरुलाई ................ भन्नुभयो किनकि त्यो उहाँ हुनुहुन्थ्यो ।

९. जब मानिसहरु येशूबाट अझ  खान पाइने आशा लिएर पछ्याउन लागे, तब उहाँले तिनीहरुलाई भन्नुभयो कि उहाँ स्वर्गबाट ओर्लिआएको साँचो ........... हुनुहुन्छ ।

१०. येशूको वचन " ........... " ले परमेश्वरको नाम "यहोवा" सँग बराबर स्थापित गर्दछ ।

११. येशूले संसारलाई उद्धार गर्नको लागि आफ्नो ............ त्याग गर्ने कुराको भविष्यवाणी गर्नुभयो ।

१२. धेरैले येशूलाई त्यागे किनकि तिनीहरुले उहाँको .............. कठोर पाए ।

१३. येशूले .............. प्राप्त गर्नको लागि उहाँमाथि ............. वारे चित्रको रुपमा उहाँको देह (मासु) खाने र रगत पिउने कुरा गर्नुभयो ।

(आफ्ना उत्तरहरु पेज २४५ मा जाँच्नुहोस)



## विश्वास गर्नुहोस अनि जिउनुहोस

**परिच्छेद ५:**

**येशूले कसरी आफ्नो जीवनमाथिको खतराको सामना गर्नुभयो ।**

यूहन्ना ७:: १ देखि यूहन्ना ११:५७ सम्म

## परिच्छेद पाँच :
## येशूले कसरी आफ्नो जीवनमाथिको खतराको सामना गर्नुभयो

### येशूले अविश्वासीहरुलाई आफ्नो शिक्षाद्धारा चकित पार्नुभयो ।

(यूहन्ना ७ :१-१३ पढ्नुहोस)

७त्यसपछि येशू गालीलमा नै घुमफिर गर्नुभयो, तर उहाँ यहूदीयामा जान चाहुनभएन, किनभने
यहूदीहरु उहाँलाई मार्ने दाउमा थिए । २अब यहूदीहरुका छाप्रो-वासको चाड नजीकै थियो । ३यसकारण
येशूका भाइहरुले उहाँलाई भने, “यो ठउँ छाडेर यहूदिया जानुहोस् र तपाईंले गरिरहनुभएका कामहरु
तपाईंका चेलाहरुले पनि देखून् । ४जुन मानिसले ख्याति प्राप्त गर्न चाहन्छ, त्यसले गुप्तमा काम गर्दैन
। तपाईं यी कामहरु गर्नुहुन्छ भने आफूलाई संसारमा प्रकट गराउनुहोस ।” ५किनकि उहाँका भाइहरुले
पनि उहाँमाथि विश्वास गर्दैनथिए ।
६येशूले तिनीहरुलाई भन्नुभयो, “मेरो उपयुक्त समय अझै आएको छैन, तर तिमीहरुका निम्ति
त सबै समय उपयुक्त छ । ७संसारले तिमीहरुलाई घृणा गर्न सक्दैन, तर मलाई त घृणा गर्दछ,
किनकि संसारको विषयमा त्यसका कामहरु दुष्ट छन् भनी म गवाही दिन्छु । ८तिमीहरु यस चाडमा
जाओ । म यस चाडमा जान्नँ, किनभने मेरो समय अझ पूरा भएको छैन ।” ९तिनीहरुलाई यसो भनेर
उहाँ गालीलमै रहनुभयो ।
१०तर उहाँका भाइहरु चाडमा गएपछि उहाँ पनि खुल्लमखुल्ला होइन, तर गुप्त रुपमा जानुभयो
। ११चाडमा यहूदीहरुले उहाँलाई खोजिरहेका थिए, र उनी कहाँ छन्? भनी सोध्दैथिए ।
१२भीडहरुका बीचमा उहाँको विषयमा चर्चा हुन लाग्यो । कोही भन्थे, “उनी असल छन् ।”
अरुले भन्थे, “होइन, यसले मानिसहरुलाई भ्रममा पारिरहेछ ।” १३तर यहूदीहरुको डरले उहाँको
विषयमा कोही खुल्लमखुल्ला बोल्दैनथिए ।

येशूको जीवन, यस घडीमा, खास गरी यरुशलेमको छेउछाउमा यहूदियाका यहूदी धर्मगुरुबाट खतरापूर्ण थियो ।

परमेश्वरले येशूको निम्ति तोक्नु भएको जीवन- वलिदान गर्ने समय अझ आइपुगेको थिएन । तसर्थ येशूले अरु आधा वर्ष गालीलमा विताउनुभयो ।

त्यसबेला यहूदीहरुको छाप्रो-वासको चाड नजीकै थियो । यो चाड मनाउनको लागि पनि मानिसहरु प्राय : जसो यरुशलेम जान्थे ।

परमेश्वरका मानिसहरुले मिश्र देशवाट निस्केपछि ४० बर्ष उजाड-स्थानमा बिताएको सम्झना गर्ने दिन थियो यो । सात दिनसम्म चाड मनाउनको निम्ति तिनीहरुले अस्थायी छाप्रो बनाउँदथे । यस प्रकारले

तिनीहरुका अग्रजहरुले ४० बर्षसम्म यस प्रकारको छाप्रोमा कसरी व्यतित गरे भनी तिनीहरु स्मरण गर्दथे ।

येशूका आफ्नै भाइहरुले उहाँलाई यरुशलेम जान उक्साए । तिनीहरुले भने उहाँले आफ्ना केही आश्चर्यकर्म (चिन्ह) गर्न सक्नुहुन्छ । उहाँले शक्तिको प्रदर्शन गर्न सक्नुहुन्छ । उहाँ अझ लोकप्रिय हुनुहुनेछ । उहाँ धर्मगुरु बन्न सक्नुहन्छ । अरुहरुले गल्ती गरे झैं तिनीहरुले पनि त्यस्तै गल्ती गरे । तिनीहरुले सांसारिक प्रसिद्धि अनि शक्तिको बारे मात्र सोच्दथे । तिनीहरुले येशूलाई मुक्तिदाता भनी विश्वास गर्दैनथे ।

येशूले तिनीहरुलाई उहाँको त्यहाँ जाने उपयुक्त समय अझ आइ नसकेको भनी बताउनुभयो । उहाँ आफ्ना स्वर्गका पिताको कठोर समय-पाबन्दी अनुसरण गरिरहनु भएको थियो । तर तिनीहरुलाई त्यो सब थाहा थिएन । तिनीहरु जति बेला पनि जान सक्दथे । येशूले तिनीहरुलाई प्रष्ट पार्नुभयो कि यरुशलेमका मानिसहरुले उहाँलाई घृणा गर्दछन् । उहाँको विरुद्धमा तिनीहरु उत्रिए का थिए किनकि उहाँले तिनीहरुका कामहरु दुष्ट छन् भनी खुलासा गर्दिनुभयो ।

उहाँका भाइहरु चाडमा गएको केही समय पश्चात, येशू पनि जानुभयो । तर उहाँ गुप्त रुपमा जानुभयो ।

त्यस चाडमा मानिसहरुमा येशूवारे कौतुहल थियो । तिनीहरु एक-आपसमा सुस्तरी उहाँको वारेमा भन्न लागे : “उनी कहाँ छन् ?” “उनी यहाँ आउनेछन् ?” “के उनी असल मानिस हुन् ?” “होइन, यसले मानिसहरुलाई भ्रममा पारिरहेछ ।” तिनीहरु उहाँको विषयमा खुल्लमखुल्ला बोल्दैनथिए । यहूदीहरुले येशूको विरोध गर्दछन् भन्ने कुरा तिनीहरुलाई थाहा थियो ।

**याद राख्नुपर्ने कुराहरु :**

१. येशू यरुशलेमबाट टाढा रहनुपर्ने दुइवटा कारणहरु थिए :
   क. उहाँको जीवन नै ............... थियो ।
   ख. ................. द्वारा तोकिएको उपयुक्त समय त्यो थिएन ।

२. चाडमा आएका मानिसहरुमा येशूबारे ................... थियो ।

(आफ्ना उत्तरहरु पेज १३८ मा जाँच्नुहोस)

(यूहन्ना ७ :१४ -२४ पढ्नुहोस)

१४चाडको बीचमा येशू मन्दिरभित्र पस्नुभयो, र शिक्षा दिनुभयो । १५यहूदीहरुले अचम्म मान्दै यसो भने,
“कुनै अध्ययन नगरी यिनले कसरी यति विद्या हासिल गरे ?”
१६तब येशूले जवाफ दिई तिनीहरुलाई भन्नुभयो, “मेरो शिक्षा मेरै होइन, तर उहाँको हो, जसले
मलाई पठाउनुभयो । १७यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षा
परमेश्वरतर्फबाट हो, कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ । १८जसले आफ्नै तर्फबाट
बोल्दछ, उसले आफ्नै सम्मान खोज्दछ, तर जसले आफूलाई पठाउनेको सम्मान खोज्दछ, त्यो सत्य
हो, र उसमा छल हुँदैन । १९के मोशाले तिमीहरुलाई व्यवस्था दिएनन् ? तर तिमीहरु कसैले त्यो
व्यवस्था पालन गर्दैनौ । तिमीहरु किन मलाई मार्न खोज्दछौ ? ”
२०भीडले जवाफ दियो, “तिमीलाई भूत लागेको छ । कसले तिमीलाई मार्न खोज्दैछ ?”
२१येशूले जवाफ दिई तिनीहरुलाई भन्नुभयो, “एउटा काम मैले गरे, अनि तिमीहरु सबै यसमा
आश्चर्य मान्दछौं । २२मोशाले तिमीहरुलाई खतनाको रीति दिएका छन् (हुन त, त्यो मोशाको तर्फबाट
त होइन, तर पिता-पुर्खाहरुबाट हो ), र पनि शबाथ-दिनमा तिमीहरु मानिसलाई खतना गर्दछौ ।
२३मोशाको व्यवस्था भङ्ग नहोस भनेर यदि कुनै मानिसले शबाथ-दिनमा खतना गर्छ भने, मैले एकजना
मानिसलाई शबाथ-दिनमा पूरै निको पारिदिएँ भनेर के तिमीहरु मसँग रीस गर्दछौ ?” २४मुख हेरेर
होइन, तर ठीक किसिमले इन्साफ गर ।”

चाडको बीच अवधीसम्म येशू निष्कृय बस्नुभयो । तत्पश्चात, उहाँ मन्दिर परिसरभित्र पस्नुभयो अनि शिक्षा दिन थाल्नुभयो । येशूले यहूदी धार्मिक गुरुले झै अध्ययन गर्नुभएको थिएन । तथापि, उहाँको विद्धताले यहूदीहरुलाई चकित तुल्यायो ।

उहाँले त्यत्ति धेरै कसरी जान्नुभयो भन्नेबारे बताउनु भयो । स्वर्गका पिताले जे अह्राउनु हुन्छ त्यही नै उहाँ सिकाउनु हुन्छ । परमेश्वरले चाहे अनुसार तिनीहरुले गरेको भएमात्र तिनीहरुले उहाँको शिक्षा परमेश्वरबाट आएको हो भन्ने जान्दथे । तिनीहरुले येशूमा विश्वास गर्न जरुरी थियो । परमेश्वरले उहाँलाई पठाउनु भएको थियो । उहाँले परमेश्वरको सत्यता मात्र सिकाउनु भयो, जसले उहाँलाई पठाउनुभयो ।

अघिल्लो पल्ट उहाँ यरुशलेममा हुँदा जे गर्नुभयो, येशूले मोशालाई उनीहरुको विरुद्धमा गवाहीको रुपमा उभ्याउनु भयो । मोशाको व्यवस्था ( शिक्षा) पालन गरेनन् भनेर तिनीहरुलाई दोषी ठहऱ्याउनु भयो । तर उल्टै, तिनीहरुले उहाँलाई मार्ने कोशिष गरिरहेका थिए । “त्यो” भीडले जवाफ दियो, “शैतानको कुरा हो ” (तिमीलाई भूत लागेको छ ।”) तिमीलाई कसले मार्न खोज्दैछ ?”

पछिल्लो समय जब येशू शबाथ-दिनमा तिनीहरुसँग हुनुहुन्थ्यो, त्यस ताका उहाँले गर्नुभएको आश्चर्यपूर्ण चिन्ह बारे स्मरण गराउनुभयो । उहाँले ३८ बर्ष सम्म लगंडो रहेको मानिसलाई पूरै निको पारिदिनुभयो । तब उहाँले मोशाको व्यवस्था तथा परमेश्वरले अब्राहमलाई खतना गर्ने सम्वन्धमा आज्ञा गर्नुभएको तर्फ ध्यान केन्द्रित गर्नुभयो । जब-जब, आवश्यक पर्दथ्यो, मोशाको व्यवस्था कायम राख्नको लागि तिनीहरुले शबाथ-दिनमा बालकहरुको खतना गर्दथे । उहाँले सोध्नुभयो, "मैले एक जना मानिसलाई शबाथ-दिनमा पूरै निको पारिदिएँ भनेर के तिमीहरु मसँग रीस गर्दछौ ?"

येशूले तिनीहरुलाई निष्पक्ष तरिकाले न्याय गर भनी चेतावनी दिनुभयो । तिनीहरुले जे देखे, त्यसकै भरमा हतार-हतार दोषपूर्ण इन्साफ गरे । बरु, तिनीहरुले त, जे उचित थियो त्यसको आधारमा निष्पक्ष र न्यायसंगत इन्साफ गर्नुपर्दथ्यो ।

**याद राख्नुपर्ने कुराहरु :**

३. येशूले यहूदीहरुलाई उहाँले कति .................... थियो भन्ने कुराले चकित तुल्याउनु भयो ।

४. येशूको शिक्षा (ज्ञान) ................. बाट आएको थियो ।

५. मानिसहरुले येशूमाथि .................. गरेको भए येशूले परमेश्वरको ................... सिकाउनु भएको थियो भन्ने कुरो तिनीहरुले जान्दथे ।

६. येशूले तिनीहरुलाई ............. इन्साफ गर्नको निम्ति चेतावनी दिनुभयो ।

(आफ्ना उत्तरहरु पेज १३८ मा हेर्नुहोस)

**मानिसहरुमा येशू नै ख्रीष्ट हुनुहुन्छ कि भनेर कोतुहल थियो ।**

(यूहन्ना ७ : २५-४३ पढ्नुहोस)

२५ यरुशलेमका कोही-कोही मानिसहरुले भने, "के यिनी उहाँ होइनन्, जसलाई तिनीहरुले मार्न खोज्दछन् ?
२६ हेर, यिनी त खुल्लमखुल्ला बोलिरहेछन् तर तिनीहरु यिनलाई केही भन्दैनन् ! के यिनी नै ख्रीष्ट हुन् भन्ने धर्म-गुरुहरुले साँच्चै थाहा पाए ? २७ तर हामी जान्दछौं, यी मानिस कहाँबाट आएका हुन् । तर जब ख्रीष्ट देखा पर्नुहुन्छ, उहाँ कहाँका हुनुहुन्छ कसैले थाहा पाउनेछैन ।"

[२८]तब येशूले मन्दिरमा सिकाउनुहुँदा उहाँले उच्च स्वरले भन्नुभयो, "तिमीहरु मलाई चिन्छौ, र
म कहाँबाट आएको हुँ । त्यो पनि जान्दछौ । म आफ्नै इच्छाले आएको होइन, तर जसले मलाई
पठाउनुभयो उहाँ सत्य हुनुहुन्छ । तिमीहरु उहाँलाई चिन्दैनौ, [२९]तर म उहाँलाई चिन्दछु, किनभने म
उहाँबाट आएको हुँ, र उहाँले मलाई पठाउनुभएको हो ।"
[३०]यसकारण तिनीहरुले उहाँलाई पक्रन खोजे, तर कसैले उहाँमाथि हात हालेन, किनभने उहाँको
समय अझ आइपुगेको थिएन । [३१]तर भीडका धेरै मानिसहरुले उहाँमाथि विश्वास गरे । तिनीहरुले
भने, "जब ख्रीष्ट आउनुहुन्छ, तब के यिनले गरेका चिन्हहरुभन्दा बढी चिन्ह उहाँले गर्नुहोला र ?"
[३२]भीडले उहाँको विषयमा चर्चा गरिरहेको फरिसीहरुले सुने । तब मुख्य पूजाहारीहरु र
फरिसीहरुले उहाँलाई पक्रन मन्दिरका पहरेदारहरु पठाए ।
[३३]येशूले भन्नुभयो, "अझ केही समयसम्म त तिमीहरुसँग छु, त्यसपछि म मलाई
पठाउनुहुनेकहाँ जानेछु । [३४]तिमीहरुले मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ, र जहाँ म हुन्छु, तिमीहरु
आउन सक्दैनौ ।"
[३५]तब यहूदीहरुले आपसमा भने, "यिनी कहाँ जान आँटेका छन् र हामी यिनलाई भेट्टाउनेछैनौ ?
के यिनी ग्रीकहरुकहाँ बीचमा छरपष्ट भई बसेका यहूदीहरुकहाँ गएर ग्रीकहरुलाई शिक्षा दिन चाहन्छन्
? [३६]यिनले भनेको यो वचन के हो ? तिमीहरु मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ, र जहाँ म हुन्छु,
तिमीहरु आउन सक्दैनौ ?"
[३७]अब चाडको पछिल्लो दिन, अर्थात चाडको प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो
भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । [३८]जसले ममाथि विश्वास गर्दछ,
धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरु बगिनिस्कनेछन् ।" [३९]तर यो
कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास
गर्नेहरुले प्राप्त गर्न लागेका थिए । किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको
महिमा अझसम्म भएको थिएन ।
[४०]यी कुरा सुन्ने कोही-कोही मानिसले भने, "यिनी त साँच्चै अगमवक्ता रहेछन् ।"
[४१]अरुहरुले भने, "यिनी ख्रीष्ट हुन् ।"
तर कसै कसैले भने, के ख्रीष्ट गालीलबाट आउँछन् र ? [४२]के धर्मशास्त्रले भनेको छैन, कि
ख्रीष्ट दाऊदको वंशबाट र दाऊदकै गाँउ बेथलेहमबाट आउँछन् ?" [४३]यसैले मानिसहरुका विचमा
उहाँको कारण फाटो भयो । [४४]तिनीहरुमध्ये कतिले उहाँलाई पक्रन खोजे, तर उहाँमाथि
कसैले पनि हात हालेन ।

येशूको बारेमा अस्पष्टता बड्दै थियो । केही मानिसहरुलाई थाहा थियो कि अरुले उहाँलाई मार्न खोज्दैछन् । अब चाहिँ येशू खुल्लमखुल्ला उत्रनु भयो र बोल्न थाल्नुभयो । तर उहाँका शत्रुहरुले चुप लगाउन उहाँमाथि औंला ठडयाएनन् । तिनीहरुले व्याकुल भएर सोध्न लागे, "के यिनी नै ख्रीष्ट हुन भन्ने धर्म गुरुहरुले ठहर गरे ?"

कसैले थाहा नपाउने गरी अकस्मात मसीह देखा पर्नु हुनेछ भन्ने पुरानो यहूदी कथाको कारणले गर्दा त्यो सोच तिनीहरुले हटाइदिए । उहाँ (मसीह) कहाँबाट आउनु भयो भन्ने कसैलाई  थाहा थिएन । तर येशू कहाँबाट आउनु भएको हो भन्ने कुरा तिनीहरुलाई थाहा थियो । उहाँ नासरथ को हुनुहुन्थ्यो ।

त्यस्तो किंवदन्ती धर्मशास्त्रको विरुद्धमा जाला भन्ने तिनीहरुलाई लागेको थिएन ।

तिनीहरु के कुरा गर्दैथिए भन्ने येशूलाई थाहा थियो । तब येशूले मन्दिरमा सिकाउनु हँदा, उच्च स्वरमा भन्नुभयो, "तिमीहरु मलाई चिन्छौ, र म कहाँबाट आएको हुँ, त्यो पनि जान्दछौं ।" उहाँले नासरथबाट आएको कुरा गरिरहनुभएको थिएन । उहाँले तिनीहरुलाई पहिल्यै भनिसक्नुभएको थियो कि उहाँ, जसले पठाउनु भएको हो, उहाँबाट आउनु भएको हो र त्यही कुरा अहिले फेरि पनि भन्नुभयो । "तिमीहरु उहाँलाई चिन्दैनौ, तर म उहाँलाई चिन्दछु "भनेर येशूले तिनीहरुलाई आरोप लगाउनुभयो ।

यस कुराले यहूदीहरुलाई कठघरामा उभ्यायो । यसकारण तिनीहरुले येशूलाई पक्रन खोजे । तर कसैले उहाँमाथि हात हालेन । यसले उनीहरुलाई कमजोर देखाउँथ्यो । परमेश्वरको इच्छा अनुसार समय अझ आइपुगेको थिएन ।

सबैले उहाँको विरोध गरेनन् । धेरैले उहाँलाई ख्रीष्ट नै हुनुहुन्छ भनी विश्वास गरे । तिनीहरुले तर्क गरे कि येशूले गर्नुभएको चिन्हहरु ख्रीष्टले मात्र गर्न सक्नुहुन्छ ।

आज पनि त्यस्तै स्थिति छ । धेरै मानिसहरु येशूको विरोध खुलेर गर्दछन् र उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्दैनन् । अरु मानिस हरु उहाँको शिक्षा सुन्दछन् अनि विश्वास गर्दछन् ।

धार्मिक गुरुहरु-फरिसीहरुले प्रशस्तै देखेका र सुनेका थिए । अन्त्यमा, मुख्य पूजाहारीहरु र फरिसीहरुले उहाँलाइ पक्रन मन्दिरका पहरेदारहरु पठाए ।

येशूले निरन्तर शिक्षा दिइ रहनु भयो । केही समय पछि उहाँलाई पठाउनुहुनेकहाँ जानेछु भनी उहाँले भन्नुभयो । तिनीहरुले उहाँलाई खोज्नेछन् तर भेट्टाउने छैनन् । तर उहाँ जहाँ हुनुहुनेछ त्यहाँ तिनीहरु जान सक्ने छैनन् ।

यहूदीहरुले सोचे कि येशूले भन्नुभएको अर्थ- उहाँ भाग्नुहुनेछ अनि लुक्नु हुनेछ -भन्ने हो । तिनीहरुले उहाँको खिल्ली उडाए । तिनीहरुको मान्छे सर्वत्र थिए । तिनीहरुले भेट्टाउन सक्ने छैनन् भनी केले उहाँलाई सोच्न लगायो त ?

यसै सन्दर्भमा, चाडको पछिल्लो अर्थात प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा सबैले सुन्नेगरी बोल्नुभयो । उहाँले अघिल्लो पल्ट सामरियाको एक इनारमा एउटा स्त्रीलाई दिएको संदेश (शिक्षा) दोहोऱ्याउनु भयो । (यूहन्ना ४ :१०-१४ हेर्नुहोस) : जोसुकै तिर्खाएको छ भने मकहाँ आओस र पिओस ।"

एकपल्ट फेरि येशूले तिनीहरुलाई उहाँमाथि विश्वास गर्न आह्वान गर्नुभयो। उहाँले अझ थप्नुभयो कि जस-जसले उहाँमा विश्वास गर्दछ (उहाँले दिने पानी पिउँदछ ) त्यसको अन्तस्करणबाट "जिउँदो पानीका खोलाहरु" बगि निस्कनेछन्। अर्को अर्थमा तिनीहरुले उहाँको बारेमा अरुलाई भनुन। तिनीहरुले सुसमचार सर्वत्र फैलाउने छन्।

उहाँले तिनीहरुमा क्रियाशिल पवित्र आत्माको वारेमा भन्दै हुनुहुन्थ्यो। तर यो तिनीहरुमा क्रियाशिल विश्वासपूर्ण (पवित्र) आत्मा मात्र थिएन। उहाँले आत्मालाई विशेष प्रकारले पठाउने प्रतिज्ञा गर्नुभयो। उहाँ भविष्यतर्फ हेर्दै हुनुहुन्थ्यो। उहाँ मृत्युबाट उठेपछि (पुनर्जीवित भएपछि) अनि स्वर्गको महिमामा गएपछि, उहाँले पवित्र आत्मा पठाउनु हुनेछ। आत्माले उहाँका चेलाहरुमा काम गर्नुहुनेछ अनि तिनीहरुलाई येशूको गवाही बनाउनु हुनेछ। येशूले यो प्रतिज्ञा तिनीहरुलाई फसलको पेन्तिकोस- चाडको समयमा गर्नु भयो जब आत्मा आगोका झिल्काहरु जस्ता ती चेलाहरुकहाँ आउनुभयो। ( प्रेरित २ हेर्नुहोस)

तब मानिसहरु येशूको बारेमा आपसमा तर्कविर्तक गर्न लागे। कोहीले उहाँ अभिषेक गरिएको  अगमवक्ता हुनुहुन्छ भन्ठाने। कसैले उहाँ ख्रीष्ट हुनुहुन्छ भने। अरुहरुले उहाँ ख्रीष्ट हुँदै होइन भने। तिनीहरुले धर्मशास्त्रबाट थाहा पाएका थिए कि ख्रीष्ट दाऊदको गाँउ बेथलेहेमबाट आउनुहुनेछ। तिनीहरु सही थिए, तर तिनीहरुलाई येशूको जन्म बेथलेहेममा भएको हो भन्ने थाहा थिएन। यसले तिनीहरु बीचमा फाटो ल्यायो।

**तिनीहरुमध्ये कतिले उहाँलाई पक्रन खोजे तर उहाँमाथि कसैले हात हालेन।**

**याद राख्नुपर्ने कुराहरु :**

७. येशूका दुश्मनहरुले येशूलाई ............... हुनुहुन्छ भन्ने ठाने कि भनी मानिसहरु अचम्भित भएका थिए।

८. येशूका दुश्मनहरुले उहाँलाई ............. खोजे, तर कसैले हात हालेन।

९. येशूले भन्नुभयो कि उहाँका शत्रुहरु जहाँ जान सक्दैनन् त्यहाँ उहाँ जान सक्नुहुन्छ। उहाँ ............ को बारेमा भन्दै हुनुहुन्थ्यो।

१०. येशूले भन्नुभयो कि जसले उहाँमाथि विश्वास गर्दछ तिनीहरुबाट ................ पानीको खोलाहरु बगिनिस्कने छन् ।

११. उहाँ पवित्र ............... पठाउने प्रतिज्ञा गर्दै हुनुहुन्थ्यो ।

१२. मानिसहरुले येशू नै .................. हुनुहुन्छ भन्ने तथ्य स्वीकार गरेनन् ।

(आफ्ना उत्तरहरु पेज १३८ मा जाँच्नुहोस)

## यहूदी धर्म-गुरुहरुले विश्वास गरेनन् ।

(यूहन्ना ७:४५-५३ पढ्नुहोस)

[४५]तब मन्दिरका पहरेदारहरु मुख्य पूजाहारीहरु र फरिसीहरुकहाँ आए । तिनीहरुले यिनीहरुलाई भने "तिमीहरुले त्यसलाई किन ल्याएनौ ?"

[४६]पहरेदारहरुले जवाफ दिए, "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन ।"

[४७]फरिसीहरुले यिनीहरुलाई भने, "तिमीहरु पनि बहकियौ, कि कसो ? [४८]के धर्म-गुरु अथवा फरिसीहरुमध्ये कसैले उसमाथि विश्वास गरेको छ ? [४९]तर यो भीड, जसले व्यवस्था जान्दैन, त्यो श्रापित छ ।"

[५०]तिनीहरुमध्ये एक जना निकोदेमस, जो पहिले एक पल्ट येशूकहाँ आएको थिए, तिनले भने, [५१]"के हाम्रो व्यवस्थाले पहिले मानिसको सुनुवाई नभई, र त्यसले के गरेको छ सो नजानिकन त्यसलाई दोषी ठहराउँछ र ?"

[५२]तिनीहरुले उनलाई जवाफ दिए, "के तिमी पनि गालीलका हौ ? धर्मशास्त्र खोजेर हेर, र तिमीले देख्नेछौ , कि गालीलबाट अगमवक्ता निस्कँदैन ।" [५३]तब हरेक मानिस आ-आफ्ना घर गए ।

मन्दिरका पहरेदारहरु खाली हात फर्के । आदेश वमोजिम तिनीहरुले येशूलाई पक्रिएनन् । मुख्य पूजाहारीहरु र फरिसीहरु खिन्न भए । पहरेदारहरु किन असफल भए भनी तिनीहरुले स्पष्टीकरण मागे ।

पहरेदारहरुले सामान्य जवाफ दिए, यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन । येशूको पवित्र वचनले तिनीहरुलाई फर्काइ दिएको थियो । तिनीहरुले येशूका कुरा सुने अनि अचम्भित भए । तिनीहरुले उहाँको विरुद्धमा केही कदम चालेनन् ।

फरिसीहरुले रिसाएर ती पहरेदारहरुलाई तिनीहरु पनि बहकिए भनेर दोषारोपण गरे । मानिसहरु पनि व्यवस्था जान्दैनन् अनि श्रापित छन् भनी

तिनीहरुले आरोप लगाए । फरिसीहरुले येशूद्धारा तिनीहरु मुर्ख बनाइएका छैनन् भनी औल्याए । धर्मगुरु अथवा फरिसीहरु मध्ये कसैले उहाँमाथि विश्वास गरेको तपाई देख्नुहुन्न । तिनीहरुले दावी गरे कि व्यवस्था जानेको हुनाले तिनीहरुलाई मुर्ख बनाइएन । तर तिनीहरु आफ्नो अति प्रशंसाले यति धेरै फुलेका थिए कि तिनीहरुले सत्यता देख्दैन थिए ।

तापनि फरिसीहरुमध्येको एकजनाले येशूमाथि विश्वास गर्दथे । तिनीहरुलाई यो थाहै थिएन । तब निकोदेमस, एकजना फरिसी, (जो पहिले एक रात येशू कहाँ आएका थिए) ले मुख खोले । उनले व्यवस्थामाथि नै उजुर गरे । के व्यवस्थाले निष्पक्ष सुनुवाई नभईकन कसैलाई दोषी ठहर गर्दछ ? अथवा कसैलाई दोषी ठहराउनु अघि व्यवस्थाले निष्पक्ष सुनुवाई गर्दैन र ? तिनीहरुले येशूको वारेमा अरु जानकारी लिनुपर्दैन र ?

प्रत्युत्तरमा, फरिसीहरुले गालीलबाट आएका जो भएपनि आफ्नो घृणा प्रकट गरे । तिनीहरुले गालीलबाट आएको जो कोहीलाई उनीहरु जस्तो शिक्षित र चलाक नभएको हुनाले तिरस्कार गर्दथे । निकोदेमसले येशूको वचाव गरेकोले उनी पनि गालील कै हुन कि भनी तिनीहरुले सोधे । गालीलबाट कदापि अगमवक्ता निस्कदैन भनेर तिनीहरुले तोकेरै भने ।

येशूप्रतिको घृणाको कारणले गर्दा, फरिसीहरु अगमवक्ताको सवालमा पनि गलत थिए । अगमवक्ता योना गालीलको गात-हेपर शहरबाट आएका थिए ।

**याद राख्नुपर्ने कुराहरु :**

१३.मन्दिरका पहरेदारहरुले येशूलाई पक्रेनन् किनभने उहाँजस्तो कुनै मानिसले कहिल्यै ............ .................. ।

१४ फरिसीहरुले भने कि तिनीहरुले ............ जानेको हुनाले येशूमाथि विश्वास गरेनन् ।

१५. .................. ले तिनीहरुलाई भने कि व्यवस्थाले येशूको .................... सुनुवाईको माग गर्दछ ।

(आफ्ना उत्तरहरु पेज १३८ मा जाँच्नुहोस)

यूहन्ना ८ :१-११ पढ्नुहोस)

१तर येशू जैनूत डाँडामा जानुभयो । २उहाँ एकाबिहानै फेरि मन्दिरमा जानुभयो, र सबै मानिसहरु
उहाँकहाँ आए, र उहाँ बस्नुभयो, र तिनीहरुलाई शिक्षा दिनुभयो । ३शास्त्री र फरिसीहरुले व्यभिचारमा
पकाउ परेकी एउटी स्त्रीलाई ल्याए, र त्यसलाई माझमा उभ्याए । ४तिनीहरुले उहाँलाई भने, "गुरुज्यू,
यो स्त्री व्यभिचारको कर्ममा पकाउ परी । ५व्यवस्थामा मोशाले यस्ताहरुलाई ढुङ्गाले हान्ने हामीलाई
आज्ञा दिएका छन् । तपाईं यसको बारेमा के भन्नुहुन्छ ?" ६तर तिनीहरुले उहाँको जाँच गर्नलाई, र
उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए ।
येशूले निहुरेर भूइँमा औंलाले लेख्नुभयो । ७तर जब तिनीहरुले उहाँलाई सोधी नै रहे, तब उहाँले
खडा भएर तिनीहरुलाई भन्नुभयो, "तिमीहरुमा जो पापरहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा
हानोस ।" ८अनि फेरि निहुरेर उहाँले भूइँमा औंलाले लेख्नुभयो । ९तर जब तिनीहरुले यो सुने तब
ठूलादेखि शुरु गरी सानासम्म एक-एक गरेर गए, र येशू त्यस स्त्रीसँग एक्लै छोडिनुभयो, अनि त्यो
स्त्रीचाहिँ उहाँको अगि उभिरही ।
१०येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, "ए नारी, तिनीहरु कहाँ गए ? के कसैले तिमीलाई दण्ड
दिएन ।" ११त्यसले भनी, "प्रभु, कसैले दिएन ।"येशूले भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्नँ । जाऊ,
अनि फेरि पाप नगर ।"

छाप्रो-बासको चाड सकिएपछि, येशू जैतून डाँडानिर बस्नुभयो । अर्को दिन सूर्योदयको बेलामा उहाँ शिक्षा दिन फेरि मन्दिरमा पुग्नुभयो ।

शास्त्री र फरिसीहरुले उहाँ समक्ष एउटा समस्या खडा गरे । तिनीहरु उहाँलाई मोशाद्धारा लिपिवद्ध व्यवस्था वा रोमन कानुनको विरुद्धमा बोल्न लगाएर पासोमा पार्न चाहन्थे । तिनीहरु उहाँलाई खराब देखाउन अनि अभियोग लगाउन सकिन्छ भन्ने कुरामा आशावादी थिए ।

तिनीहरुले एउटा स्त्री ल्याए । त्यसलाई व्यभिचारको अभियोगमा पकाउ गरिएको थियो । त्यस स्त्रीले परपुरुष (जो त्यसको लोग्ने होइन) सँग सहवास गरेकी थिई । मोशाले तय गरेको व्यवस्था अनुसार त्यस्ता स्त्रीलाई तिनीहरुले ढुङ्गाले हानेर मार्नु पर्ने थियो ।

तिनीहरुले येशूलाई तपाई यस बारेमा के भन्नुहुन्छ भनी राय मागे । त्यसलाई मार्नको लागि उहाँ उचित ठान्नुहुन्छ ? उहाँले यदि त्यसो गर्नुभयो भने, उहाँ रोमन व्यवस्थाको विरुद्धमा गएको हुन्छ । रोमन व्यवस्थाले कसैलाई पनि तिनीहरुले झुण्ड्याउन पाउने मन्जुरी दिँदैन । अथवा, उहाँ मोशाको व्यवस्था विरुद्धमा गएर त्यस स्त्रीलाई छोडी दिनको लागि भन्नुहुन्छ ? जुनसुकै तवरले पनि, तिनीहरु उहाँको विरुद्ध मुद्धा बनाउन चाहन्थे ।

शुरुमा येशूले यो प्रश्नलाई महत्व दिनुभएन । उहाँले तिनीहरुलाई कसरी तिनीहरुले वास्तवमा, मोशाको दुरुपयोग गरिरहेका छन् भन्ने समेत सम्झाउनु भएन । मोशाको व्यवस्थाले स्त्री र पुरुष दुवै जनालाई मार्नु पर्ने नियम तय

गरेको थियो । तिनीहरुले स्त्रीलाई मात्र उहाँ कहाँ ल्याए । यदि त्यो स्त्री कुमारी र विवाहको लागि वचनवद्ध भएमात्र ढुगाले हानेर मार्न सकिन्थ्यो । समग्रमा, जसले त्यो अपराध प्रत्यक्ष देखेका थिए तिनीहरुले सबभन्दा पहिले ढुगां हान्न पाउँदथे ।

येशू चुपचाप बस्नुभयो । तर तिनीहरुले निरन्तर प्रश्न गरिनै रहे । तब उहाँले खडा भएर तिनीहरुलाई भन्नुभयो, "तिमीहरुमा जो पापरिहत छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस ।" जो पापरहित छ त्यसले पहिले ढुङ्गा हानोस ।

येशू कुनै पनि व्यवस्थाको विरोधमा जानुभएन । उनीहरुले समस्यालाई उहाँतिर सोझ्याए । तब उहाँ निहुरिनुभयो अनि भूईमा (औंलाले) लेख्नुभयो । उहाँले के लेख्नुभयो भन्ने कुरा हामी थाहा पाउँदैन । तर जब उहाँ निहुरिनु भयो, तब दोषारोपी (मानिसहरु) बिस्तारै त्यहाँबाट -ठूलाहरु चाहिँ पहिले एक-एक गरी हिँडे । तिनीहरु धेरै वर्ष बाँचेर पर्याप्त अनुभव बटुलिसकेका थिए ।

येशूको वचनले तिनीहरुले जे गरिरहेका थिए त्यो कति बेठिक थियो भन्ने स्पष्ट पार्दथ्यो ।

केही समय भित्रै येशू र त्यो स्त्री मात्र त्यहाँ छोडिए । येशूले त्यस स्त्रीलाई ती दोषी करार गर्ने मानिसहरु कता गए भनी सोध्नुभयो । तिनीहरु सब बाटो लागिसकेका थिए । तब उहाँले भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्न । जाऊ, अनि फेरि पाप नगर ।"

यसमा देख्नुपर्ने महत्वपूर्ण कुरा चाहिँ-त्यस स्त्रीले जे कर्म गरी त्यो ठीक गरी भनेर येशूले भन्नुभएको हाइन भन्ने हो । उहाँले त्यसको पापलाई छुट दिनु भएन । तर यसलाई क्षमा गर्नुभयो । उहाँले त्यसलाई तिरस्कार गर्नुभएन । उहाँले त्यसलाई आफ्नो अनुग्रह देखाउनुभयो । तर उहाँले त्यसलाई भन्नु पनि भयो, "जाऊ , अनि फेरि पाप नगर ।"

**याद राख्नुपर्ने कुराहरु :**

१६. शास्त्री र फरिसीहरुले येशूलाई ...................... (                ) को व्यवस्था वा त्यस ............. को व्यवस्थाको विरुद्धमा बोल्न लगाए ।

१७. त्यो अभियोग लागेको स्त्रीले ............. (                    ) को अपराध गरेकी थिइ ।

१८ं येशूले आरोपीहरुलाई भन्नुभयो कि जो ................. रहित छ त्यसले (
त्यो स्त्रीलाई) पहिलो ढुङ्गा हानोस ।

१९. येशूले त्यस स्त्रीलाई त्यसको पाप .......... ........... भनेर भन्नुभयो ।

२०. येशूले त्यस स्त्रीलाई फेरि .......... नगर भनी सम्झाउनुभयो ।

(आफ्नो उत्तरहरु पेज १३८ मा जाँच्नुहोस)

## येशू अविश्वासीहरु सम्मुख प्रमाणित हुनुभयो ।

(यूहन्ना ८ : १२-३० पढ्नुहोस)

[१२]येशूले फेरि तिनीहरुलाई भन्नुभयो, "म संसारको ज्योति हुँ । मलाई पछ्याउने अन्धकारमा
हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।" [१३]तब फरिसीहरुले उहाँलाई भने, "तिमी
आफ्नै विषयमा गवाही दिइरहेछौ तिम्रो गवाही सत्य ठहर्दैन ।"
[१४]येशूले जवाफ दिनुभयो, "म आफ्नै विषयमा गवाही दिन्छु, तापनि मेरो गवाही सत्य छ । म जान्दछु,
म कहाँबाट आएको हुँ, र म कहाँ गइरहेछु । तर तिमीहरु जान्दैनौ, म कहाँबाट आउछु, वा कहाँ
गइरहेछु । [१५]तिमीहरु मानव दृष्टिले न्याय गर्दछौ । म कसैको न्याय गर्दिनँ । [१६]मैले न्याय गरें भने
पनि, मेरो न्याय सत्य ठहरिन्छ । किनभने न्याय गर्ने म एक्लै छैनँ, तर म छु, र मलाई पठाउनुहुने
पिता हुनुहुन्छ । [१७]तिमीहरुको व्यवस्थामा पनि दुइ मानिसको गवाही सत्य ठहरिन्छ भनी लेखिएको छ ।
[१८]आफ्नो विषयमा म आफै गवाही दिन्छु, र मलाई पठाउनुहुने पिताले मेरो विषयमा गवाही
दिनुहुन्छ ।"
[१९]तिनीहरुले उहाँलाई भने, तिम्रा पिता कहाँ छन् ?"
येशूले जवाफ दिनुभयो, तिमीहरु नता मलाई चिन्छौ न मेरा पितालाई । तिमीहरुले मलाई
चिनेका भए मेरा पितालाई पनि चिन्नेथियौ ।" [२०]यी कुरा उहाँले मन्दिरमा शिक्षा दिनुहुँदा भेटी
चढाउने ढुकुटीको छेउमा भन्नुभएको हो । अनि कसैले उहाँलाई पक्रेन, किनभने उहाँको समय अझ
आएको थिएन ।
[२१]उहाँले फेरि तिनीहरुलाई भन्नुभयो, "म गइहाल्छु, र तिमीहरुले मलाई खोज्नेछौ, र तिमीहरु
आफ्ना पापमा मर्नेछौ । जहाँ म जान्छु, तिमीहरु आउन सक्दैनौ ।"
[२२]यहूदीहरुले भने, "यिनले त आत्महत्या पो गर्ने हुन् कि क्या हो ? किनभने यिनले जहाँ म
जान्छु तिमीहरु आउन सक्दैनौ भनी भन्छन् । "
[२३]अनि उहाँले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु तलका हौ । म माथिको हुँ । तिमीहरु यस
संसारका हौ । म यस संसारको होइनँ । [२४]मैले तिमीहरुलाई भने, तिमीहरु आफ्ना पापमा मर्नेछौ,
किनभने म उही हुँ भनेर तिमीहरुले विश्वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ ।"
[२५]तिनीहरुले उहाँलाई सोधे, "तिमी को हौ त ?"

येशूले तिनीहरुलाई भन्नुभयो, "म उही हुँ, जो मैले तिमीहरुलाई शुरुदेखि नै भन्दैछु। [२६]मैले तिमीहरुका विषयमा भन्नु र न्याय गर्नु धेरै नै छ। तर मलाई पठाउनुहुने सत्य हुनुहुन्छ, र उहाँबाट मैले जे सुने ती नै कुरा म संसारलाई भन्दछु।"

[२७]पिताको विषयमा उहाँले भन्नुभएको हो भनी तिनीहरुले बुझेनन्। [२८]यसकारण येशूले भन्नुभयो, "जब तिमीहरुले मानिसको पुत्रलाई माथि उचाल्नेछौ, म उही हुँ भनी तिमीहरुले थाहा पाउनेछौ, र म आफ्नै अधिकारमा केही गर्दिनँ, तर पिताले सिकाउनुभएका कुराहरु बोल्दछु भनी जान्नेछौ। [२९]मलाई पठाउनुहुने मसँग हुनुहुन्छ। उहाँले मलाई एकलै छोड्नुभएको छैन, किनभने म सधैं उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु।" [३०]उहाँले यी कुरा बोल्नुहुँदा धेरैले उहाँमाथि विश्वास गरे।

येशूले फेरि तिनीहरुलाई भन्नुभयो , " म संसारको ज्योति हुँ।" एकपल्ट फेरि उहाँले "म हुँ" भनेर आफूलाई चिनाउनुभयो। उहाँ यहोवा परमेश्वर हुनुहुन्छ। उहाँले तिनीहरुलाई उहाँलाई पछ्याउनेहरु कहिले पनि अन्धकारमा हिँड्डुल गर्नेछैनन् भनी सम्झाउनु भयो। तिनीहरुले जीवनको ज्योति पाउनेछन्।"

उहाँको वचनले पहिल्यै यूहन्ना १:४ मा हामीले सुनेको बिचारहरुको प्रतिध्वनित गर्दछ। उहाँको ज्योतिले अन्धकारलाई प्रतिस्थापित गर्दछ। उहाँमाथि विश्वास गर्नेहरुले अनन्त जीवन प्राप्त गर्दछन्।

फरिसीहरु उहाँसँग विवाद गर्न अघि सरे। उहाँको वचनमा सत्यता छैन भनी तिनीहरुले दावी गरे। उहाँले आफ्नो साक्षी आफू बस्न सक्नुभएन। त्यस्तो साक्षीको कुनै मान्यता पनि हुन्न।

तिनीहरुले भन्न खोजेको कुरो येशूलाई थाहा थियो। यही कुरा उहाँले कुनै बेला भनि सक्नु भएको थियो (यूहन्ना ५ :३१ हेर्नुहोस)। तर अब उहाँले एउटा बिचार थप्नुभयो। उहाँले भन्नुभयो कि, तिनीहरुले देख्न नसकेपनि, उहाँको गवाही प्रमाणित छ किनभने यो सत्य हो। उहाँ कहाँबाट आउनु भएको हो, त्यो कुरो उहाँलाई थाहा थियो। तिनीहरुले उहाँको बारेमा विभिन्न प्रकारका अमानवीय दृष्टिले इन्साफ गरे।

येशू, अर्को तर्फ न्याय गर्न आउनु भएको थिएन। त्यसो त, उहाँले न्याय गर्नु परेको खण्डमा, उहाँले न्यायोचित इन्साफ गर्नुहुने थियो किनभने उहाँको पक्षमा पिता हुनुहुन्थ्यो। तिनीहरुको व्यवस्थामा मुद्धा दायर गर्नको लागि दुइवटा साक्षी-प्रमाणको जरुरत पर्दथ्यो। येशूले उहाँको स्वर्गको पितालाई दोस्रो साक्षीको रुपमा पेश गर्नुभयो।

"तिम्रा पिता कहाँ छन् ? यहाँ ल्याउ त, "भनेर तिनीहरुले येशूलाई हाँक दिए। येशूले जवाफ दिनुभयो, "तिमीहरु नता मलाई चिन्छौ, न मेरा पितालाई

।" तिमीहरुले मलाई चिनेको भए मेरा पितालाई पनि चिन्ने थियौ ।" येशूले जे भन्नुभयो त्यसले उनीहरुलाई येशूलाई पक्रन फेरि एकपल्ट इच्छुक बनायो । तर कसैले पक्रेन । "उहाँको समय अझ आएको थिएन ।" येशू संयमित हुनुहुन्थ्यो । उहाँ पिताको योजना अनुसार चल्दै हुनुहुन्थ्यो ।

येशू तिनीहरुसँग अझ कठोर वचनमा बोल्नुभयो । उहाँले भन्नुभयो कि जहाँ उहाँ जानुहुन्छ त्यहाँ उनीहरु जान सक्दैनन् । तिनीहरु आफ्ना पापमा मर्नेछन् । यसको अर्थ उहाँ स्वर्गमा फर्कने कुरो हो । तिनीहरु, अविश्वासको कारणले स्वर्गमा पुग्ने छैनन् । तिनीहरुले क्षमा पाउने छैनन् । तिनीहरु नर्कमा पुग्नेछन् ।

ती यहूदीहरु नराम्ररीसँग असमञ्जसमा परे । तिनीहरुले येशूको आशय बुझ्न सकेनन् । तिनीहरुले येशूलाई पक्रन नसकुन भनेर उहाँले आत्महत्या पो गर्न लाग्नुभएको हो कि भनेर तिनीहरु अलमलमा परे ।

येशूले अझ सरल तरिकाले आफ्नो कुरो राख्नुभयो । उहाँ स्वर्गबाट आउनुभएको थियो । तिनीहरु यस संसारका थिए । उहाँ परमेश्वरबाट पठाइनुभएको मुक्तिदाता हुनुहुन्छ भनेर उहाँले तिनीहरुलाई भन्नुभएकै थियो, तसर्थ तिनीहरुले विश्वास गर्नुपर्दथ्यो । नत्र भने, तिनीहरु आफ्ना पापमा नै मर्नेछन् ।

यहूदीहरुले अझ पनि येशूलाई उहाँ को हुनुहुन्छ भनेर सोधे । येशूले जवाफ दिनुभयो, " म उही हुँ जो म (तिमीहरुलाई) भन्दैछु । उहाँले तिनीहरुको विरुद्धमा धेरै नै दोष लगाउन सक्नुहुन्थ्यो । तर बदलामा, जसले ( पिताले) उहाँलाई पठाउनु भएको हो, उहाँबाट सुनेका कुराहरु नै संसारलाई दिने गर्नु हुन्छ भनी उहाँले बताउनुभयो । तिनीहरुले उहाँ एक (पिता) माथि विश्वास गर्नसक्ने थिए ।

तैपनि, उहाँले परमेश्वर पिताको बारेमा कुरा गर्नुभएको तिनीहरुले देखेनन् । तब येशूले आफू कसरी मर्नुहुन्छ भन्ने बारे सम्म कुरा गर्नुभयो । तिनीहरुले उहाँलाई क्रूसमा उचाल्ने वाला थिए । तबमात्र तिनीहरुले उहाँ को हुनुहुन्छ भन्ने थाहा पाउनेवाला थिए । तिनीहरुले उहाँलाई अस्वीकार गरे । तर पिता उहाँसँगै हुनुहुन्थ्यो, किनभने येशूले पितालाई प्रसन्न तुल्याउने काम मात्र गर्नुहुन्थ्यो ।

धेरै जसो फरिसीहरु र केही संख्या अरु यहूदीहरुले येशूलाई अझै घृणा गर्दथे । तर धेरै मानिसहरु-जसले येशूको वचन सुने- उहाँमाथि विश्वास गर्दथे ।

**याद राख्नुपर्ने कुराहरु :**

२१. येशूले भन्नुभयो, "म संसारको ................. हुँ ।

२२. येशूले उहाँ को हुनुहुन्छ भन्ने सत्यताको दोस्रो साक्षी (को रुपमा) उहाँको .......... लाई नै प्रस्तुत गर्नुभयो ।

२३ येशूले उहाँमाथि विश्वास नगर्ने यहूदीहरुलाई पापमा नै .................. भन्नुभयो ।

२४. ............ लाई सन्तुष्टि दिने काम मात्र येशूले गर्नुहुन्थ्यो ।

(आफ्नो उत्तरहरु पेज १३८ मा हेर्नुहोस)

**यहूदीहरुले उनीहरु अब्राहमका सन्तान हुन भनी प्रतिरक्षा गर्न खोजे ।**

(यूहन्ना ८:३१-४१ पढ्नुहोस)

[३१]येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरुलाई भन्नुभयो, "तिमीहरु मेरो वचनमा रहयौ भने
तिमीहरु साँच्चै मेरा चेला हौ । [३२]तब तिमीहरुले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरुलाई
स्वतन्त्र तुल्याउनेछ ।"

[३३]तिनीहरुले उहाँलाई जवाफ दिए, "हामी अब्राहामका सन्तान हौं, र अहिलेसम्म कसैको
दासत्वमा परेका छैनौं । तिमीहरु स्वतन्त्र हुनेछौ भनी कसरी भन्छौ ?" [३४]येशूले तिनीहरुलाई जवाफ
दिनुभयो, "साँच्चै, म तिमीहरुलाई भन्दछु, पाप गर्ने प्रत्येक पापको कमारो हो । [३५]कमारो सधैंभरि
घरमा रहँदैन, तर पुत्रचाहिँ सधैंभरि घरमा रहन्छ । [३६]यसकारण पुत्रले तिमीहरुलाई स्वतन्त्र गरायो भने
तिमीहरु निश्चय स्वतन्त्र हुनेछौ । [३७]म जान्दछु, तिमीहरु अब्राहामका सन्तान हौ । तर तिमीहरु मलाई
मार्न खोज्दछौ, किनभने मेरो वचनले तिमीहरुमा स्थान पाउँदैन । [३८]जे-जे मैले मेरा पिताको
उपस्थितिमा देखेको छु, त्यहि म भन्दछु । तिमीहरुले पनि जे तिमीहरुका पिताबाट सुनेका छौ, त्यहि
गर्दछौ ।"

[३९]तिनीहरुले उहाँलाई भने, "हाम्रा पिता त अब्राहाम हुन् ।"

येशूले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु अब्राहमका सन्तान हुँदा हो त, अब्राहामले जे काम गरे
त्यही गर्नेथियौ । [४०]मैले परमेश्वरबाट सुनेको सत्य तिमीहरुलाई भनेको छु, तर अहिले तिमीहरु मलाई
मार्न खोज्दछौं । अब्राहामले यस्तो काम गरेनन् । [४१]तिमीहरुका पिताले जे गरे तिमीहरु त्यही काम
गर्दछौं ।

तिनीहरुले उहाँलाई भने, "हामी व्यभिचारमा जन्मिएका होइनौं । हाम्रा पिता एउटै हुनुहुन्छ,
उहाँ परमेश्वर हुनुहुन्छ ।"

त्यसपछि येशूले उहाँमाथि विश्वास गर्नेहरुसँग बात मार्नु भयो । उहाँले तिनीहरुलाई उहाँको साँचो चेला कसरी हुन सक्नेछन् भन्ने सम्बन्धमा बताउनु भयो । उनीहरुले उहाँको शिक्षाको पालना गर्नुपर्दथ्यो । उहाँ (परमेश्वर) को वास्तविक वचनहरु "मेरो वचनमा रहने गर" भन्ने हो । उहाँको वचनमा, तिनीहरुले सत्यता बारे ज्ञान प्राप्त गर्ने थिए । अनि सत्यताले तिनीहरुलाई बन्धनमुक्त (स्वतन्त्र) पार्ने थियो ।

येशूले आज पनि हामीलाई त्यही प्रस्ताव राख्नुहुन्छ । तर धेरैले उहाँको वचनको दुरुपयोग गर्दछन् । तिनीहरुले येशूको वचन "सत्यताले तिमीहरुलाई मुक्त गर्दछ" उल्लेख गर्दछन् । तिनीहरुले सत्यता कहाँ पाउन सकिन्छ तथा सत्यता के हो भन्ने बारेमा केही भन्दैनन् । अनि यसले हामीलाई कसरी मुक्त गर्दछ भन्ने कुरो बताउँदैनन् ।

जे भएता पनि, सन्देश स्पष्ट छ । येशूको चेला बन्नको लागि उहाँको वचनमा रहनुपर्दछ (पालन गर्नुपर्दछ) । हामीले यसलाई नियमित रुपले सुन्ने गर्नुपर्छ अनि सिक्नुपर्छ । येशूको वचनद्धारा हामी परमेश्वरले कसरी उहाँ-एक मात्र पुत्रलाई हाम्रो उद्धार गर्नको निम्ति पठाउनु भयो भन्ने सत्य-तथ्य थाहा पाउँदछौ ।

येशू हाम्रो पापको मुल्य चुकाउनको निम्ति कसरी क्रूसमा (टाँगिएर) मर्नुभयो भन्ने कुरा जान्दछौ । हामी उहाँ कसरी मृत्युबाट उठ्नुभयो र जिउँदो हुनुहुन्छ भन्ने देख्दछौं । उहाँको वचनद्धारा, तब, हाम्रो पापको दोष र सजायबाट मुक्त गराइन्छौं । हामी परमेश्वरका सन्तान हौं भन्नको लागि हामी स्वतन्त्र हुन्छौं । हामी येशूसँगै स्वर्गमा हुनलाई प्रतिक्षा गर्दछौं ।

यहूदीहरुले तिनीहरुलाई मुक्त गरिनुपर्छ भन्ने विचारको विरोध गरे । तिनीहरु अब्राहमका सन्तान थिए । तिनीहरु कहिल्यै दासत्वमा परेका थिएनन् । फेरि पनि मानिसहरु येशूको आत्मिक शिक्षाको अर्थ बुझ्नमा असफल रहे ।

येशूले व्याख्या गर्नुभयो : पाप गर्ने प्रत्येक मानिस पापको कमारो हो । परिवारमा उसको निश्चित स्थान हुँदैंन -यस मामिलामा, परमेश्वरको परिवार माझ । तर पुत्र संधैभरि परिवारको अंश हुन्छ । अनि पुत्रले दासलाई मुक्त गर्न सक्दछ । तसर्थ, यदि मानिसको पुत्र, येशूले तपाईहरुलाई मुक्त गर्नुभयो भने, तपाईंहरु साँच्चै नै स्वतन्त्र हुनेछौं । तपाईंहरु पापको अभिशापबाट मुक्त हुनुहुनेछ ।

येशूले तिनीहरु अब्राहमका सन्तान हुन भन्ने कुरा स्वीकार गर्नुभयो । तर तिनीहरुले त्यस्तो आचरण देखाएनन् । तिनीहरु उहाँलाई मार्न चाहन्थे । उहाँको वचन सुन्न समेत तिनीहरुले चाहेनन् । उहाँले पिताको उपस्थितिमा जे-जे देख्नुभयो त्यही भन्नुहुन्छ । तिनीहरुले पनि जे तिनीहरुको पिताबाट सुनेका/सिकेका छन्, त्यहि गर्दछन् । (उहाँले तिनीहरुलाई को "पिता" भन्नुभएको हो, त्यस बारेमा चाँडै नै भन्नुहुनेछ )

तिनीहरुले हामी अब्राहमका सन्तान हौं भनी जिद्धी गरे । तर येशूले तिनीहरु अब्राहमका सन्तान हुँदा हुन त उनले नगरेको काम तिनीहरुले गर्ने थिएनन् भनी जिकीर गर्नुभयो । तिनीहरु आफ्नो असली बाबुले जे गरे त्यही गर्दथे ।

तिनीहरुले आफ्नो पिता चिन्दैनन भन्ने कुरा येशूले तिनीहरुलाई भन्दै हुनुहुन्थ्यो भन्ने प्रतित हुन्थ्यो । तसर्थ तिनीहरुले आफ्नो पिता परमेश्वर मात्र हुनुहुन्छ भन्ने जिद्धी गर्दै थिए ।

"त्यसो भए त", येशूले भन्नुभयो, "तिमीहरुले मलाई प्रेम गर्नेथियौ ।" येशू परमेश्वर पिताबाट आउनुभएको थियो ।

येशूको वचन स्पष्ट नै थियो, तर ती अविश्वासी यहूदीहरुले सुन्न चाहेनन् । बदलामा, तिनीहरुले आफ्नो पिता, दियाबलस (शैतान) लाई माने (सुने) । शैतान शुरु देखि नै हत्यारा थियो । यस घडीमा, तिनीहरुले येशूलाई मार्न चाहेका थिए ।

दियाबलस (शैतान) सत्यको विरुद्धमा रहन्छ । येशूले दिनुभएको शिक्षा तिनीहरुले स्वीकार गर्ने छैनन् । शैतान झुटको पिता थियो र (अहिले पनि) छ । तिनीहरुले उसको झुट अंगीकार गरेका छन् अनि येशूको बारेमा अरुलाई झुटा कुरा भन्दछन् ।

**याद राख्नुपर्ने कुराहरु :**

२५. येशूका साँचो चेलाहरु उहाँको ............. मा ............ रहन्छन् ।

२६ येशूको वचनको सत्यताले हामीलाई पापको ................ र ............... बाट मुक्त गर्दछ ।

२७. जसले पाप गर्दछ, त्यो पापको ................ बन्दछ ।

२८. त्यो दासत्वबाट तपाईंलाई ............. ले मुक्ति दिनुहुन्छ ।

२९. ती अविश्वासी यहूदीहरुलाई तिनीहरुको साख्खै पिता .......... हो भन्नुभयो ।

३०. शैतान .......... को पिता हो ।

(आफ्ना उत्तरहरु पेज १३८ मा जाँच्नुहोस)

**येशूले भन्नुभयो कि उहाँको दिन देख्नलाई अब्राहाम प्रफुल्लित भएका थिए ।**

(यूहन्ना ८ : ४८-५९ पढ्नुहोस)

४८यहूदीहरुले उहाँलाई जवाफ दिए, "के हाम्रो यो भनाइ ठीक होइन, कि तिमी सामरी हौ र तिमीलाई
भूत लागेको छ ?"
४९येशूले जवाफ दिनुभयो, "मलाई भूत लागेको छैन, तर म आफ्ना पिताको आदर गर्दछु, र
तिमीहरु मेरो अनादर गर्दछौ । ५०तर म आफ्नै महिमा खोज्दिनँ, एकजना हुनुहुन्छ जसले महिमा
खोज्नुहुन्छ र फैसला गर्नुहुन्छ । ५१साँच्चै म तिमीहरुलाई भन्दछु, यदि कसैले मेरो वचन पालन गऱ्यो
भने त्यसले कहिल्यै मृत्यु देख्नेछैन ।"
५२यहूदीहरुले उहाँलाई भने, "अब हामीलाई पक्का थाहा भयो, तिमीलाई भूत लागेकै हो ।
अब्राहामको मृत्यु भयो, अगमवक्ताहरु पनि मरे, तर तिमी भन्दछौ, "कसैले मेरो वचन पालन गऱ्यो
भने त्यसले कहिल्यै मृत्यु चाख्नेछैन ।" ५३ के हाम्रा पुर्खा अब्राहामभन्दा तिमी महान् हौ ? उनको मृत्यु
भयो, अनि अगमवक्ताहरु पनि मरे । तिमीचाहिँ आफैंलाई को हुँ भनी दाबी गर्छौ ?"
५४येशूले जवाफ दिनुभयो, "यदि मैले आफ्नै महिमा गरें भने मेरो महिमा व्यर्थै हुन्छ । मलाई
महिमा दिने मेरा पिता हुनुहुन्छ, जसलाई तिमीहरु हाम्रा परमेश्वर भन्दछौं । ५५तिमीहरुले उहाँलाई
चिनेका छैनौ, तर म उहाँलाई चिन्छु । म उहाँलाई चिन्दिनँ भन्छु भने म तिमीहरुसरह झुटा ठहरिनेछु
। तर म उहाँलाई चिन्दछु, र उहाँको वचन पालन गर्दछु । ५६तिमीहरुका पुर्खा अब्राहाम मेरो दिन
देख्नलाई प्रफुल्लित भएका थिए, रतिनले देखे अनि रमाए ।"
५७यसकारण यहूदीहरुले उहाँलाई भने, "तिमी अझै पचास वर्ष पुगेका छैनौ त के तिमीले
अब्राहामलाई देखेका छौ ?"
५८येशूले तिनीहरुलाई भन्नुभयो, "साँच्चै म तिमीहरुलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म
छँदैछु ।" ५९तब तिनीहरुले उहाँलाई हान्न भनी ढुङ्गा टिपे, तर येशू लुकेर मन्दिरबाट बाहिर
निस्किजानुभयो ।

रिसाएर, यहूदीहरुले येशूमाथि धावा बोले । तिनीहरुले उहाँलाई "सामरी हौ" भने । यसको अर्थ कसैले तपाईलाई "ठिमाहा" भने जस्तै हो । येशूलाई तिनीहरुले भूत लागेको आरोप लगाए ।

ती महा अभियोगहरु थिए । येशूले तिनीहरुलाई नै भूत लागेको भनेर प्रतिकार गर्नुभयो । तिनीहरुले उहाँमा भूत चढेको छ भने । येशूले सत्यतामा रहेर जवाफ दिनुभयो । येशूले आफ्ना पिताको सम्मान गर्नुभयो । तिनीहरुले येशू -जो परमेश्वरबाट आउनुभएको थियो - लाई सम्मान गरेनन् । येशूलाई पिताले महिमा दिनुभएको थियो । उहाँले त्यसको माझमा फैसला गर्नु पर्दथ्यो । यो बाहेक, जसले येशूको वचनको “पालन” गर्दछ ऊ कहिल्यै मर्नेछैन । यहाँ प्रयोग भएको पालन गर्नुको अर्थ रक्षा गर्नु, सुन्नु र आफ्नै हो भनी हिफाजत गरेर राख्नु हो ।

येशूले पहिले गरे झै, भन्दै हुनुहुन्थ्यो, कि जसले उहाँमाथि विश्वास गर्दछ उसले अनन्त जीवन प्राप्त गर्दछ । तर यहूदीहरु फेरि उहाँमाथि खनिए । “अब हामीलाई पक्का थाहा भयो, तिमीलाई भूत लागेकै हो । अब्राहामको मृत्यु भयो । अगमवक्ताहरु पनि मरे । के हाम्रा पुर्खा अब्राहाम भन्दा तिमी महान छौ ? तिमी चाहिं आफैलाई को हुँ भनी दाबी गर्छौ ?”

येशूले जवाफमा भन्नुभयो, “म को हुँ भनेर मैले भन्नुमा केही तुक छैन । पिता परमेश्वरले मेरो समर्थन गर्नुहुन्छ । तिमीहरुले उहाँलाई आफ्नो पिता भनेर पुकार्छौं तर तिमीहरु उहाँलाई चिन्दैनौ ।

“म उहाँलाई चिन्दिन भन्छु भने म तिमीहरु सरह झुटा ठहरिनेछु ।”

तब येशूले फेरि अब्राहामको बारेमा भन्नुभयो । तिनीहरुले ‘हाम्रा पिता त अब्राहम हुन्’ भनेका थिए । तर तिनीहरु भन्दा बेग्लै, अब्राहम येशूको आगमनको प्रतिज्ञा सुनेर प्रफुल्लित भएका थिए । उनले त्यो दिन देखे अनि रमाए ।

यहूदीहरु झनै रिसाए । अब्राहामलाई देखे झैं येशूले कुरा गर्नुभयो । तर अब्राहाम २००० वर्ष पहिले का थिए । येशू ५० वर्ष पनि पुगेको हुनुहुन्नथ्यो ।

येशूले फेरि पनि पवित्र सत्यलाई जोड दिँदै हुनुहुन्थ्यो जुन उहाँ आगामी पटक भन्नेवाला हुनुहुन्थ्यो । येशूले भन्नुभयो, “अब्राहम भन्दा अघिबाटै म छँदैछु ।” यसको तात्पर्य, मानिलिउँ, उहाँले “म परमेश्वर हुँ ” भन्नुभयो । उहाँले आफूलाई अनन्त ठान्नुभयो । उहाँले आफुलाई जलिरहेको पोथ्राबाट मोशालाई भन्नुहुने परमेश्वर बराबर ठान्नुभयो । उहाँले आफूलाई “म हुँ” यहोवा भन्नुभयो ।

उहाँको दाबी बुझे । त्यसैले, तिनीहरुले उहाँलाई त्यस थलोमै मार्ने नियत राखेर ढुङ्गा टिपे किनभने तिनीहरुले उहाँलाई विश्वास गरेका थिएनन् । तर यशू त्यहाँबाट निस्कनुभयो ।

**याद राख्नुपर्ने कुराहरु :**

३१. यहूदीहरुले येशूलाई ............ लागेको छ भनी आरोप लगाए ।

३२. यहूदीहरुले येशूलाई घृणा गर्थे । तर उहाँले भन्नुभयो कि अब्राहामले उहाँको ......... देखे अनि ............. भए ।

३३ येशूले भन्नुभयो, "अब्राहाम भन्दा अघिबाटै, .......................... " ।

३४. यहूदीहरुले येशूलाई ढुङ्गाले हान्न चाहन्थे किनभने उहाँले आफूलाई .............. बराबर ठान्नुभयो ।

(आफ्ना उत्तरहरु पेज १३८ मा हेर्नुहोस)

## येशूले अविश्वासी यहूदीहरुको अन्धोपन देखाइदिनुभयो ।

(यूहन्ना ९:१-१२ पढ्नुहोस)

[१]त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो । [२]उहाँका चेलाहरुले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बाबुले र यो अन्धा जन्म्यो ?"

[३]येशूले जवाफ दिनुभयो, "नता यसले पाप गऱ्यो न यसका आमा-बाबुले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस् । [४]मलाई पठाउनुहुनेका कामहरु हामीले दिन छँदै गर्नुपर्छ । रात आउँछ, जब कसैले काम गर्न सक्दैन । [५]म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ ।"

[६]यी कुरा भनेर उहाँले भूइँमा थुक्नुभयो, थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो । [७]अनि उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलोआमको (जसको अर्थ हो, पठाइएको) तलाउमा गएर पखाल ।" त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो ।

[८]त्यसका छिमेकीहरु र त्यसलाई भीख मागेको देख्नेहरुले भने, "बसेर भीख माग्ने मान्छे के यही होइन ?"

[९]कसै-कसैले भने, "यो त्यही हो ।"

अरुले भने, "होइन, यो त्यहीजस्तो देखिन्छ ।"

त्यसले भन्यो, "म त्यही हुँ ।"

[१०]तब तिनीहरुले त्यसलाई सोधे, "तेरा आँखा कसरी खोलिए त ?"

[११]त्यसले जवाफ दियो, "येशू भन्ने एउटा मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई भन्नुभयो, सिलोआममा जाऊ र पखाल । तब गएर मैले पखालें, र म देख्ने भएँ ।"
[१२]तिनीहरुले त्यसलाई भने, "तिनी कहाँ छन् त ?"

त्यसले भन्यो, म जान्दिनँ ।"

एकदिन येशूले (हिँडदै गर्दा) एकजना जन्मैको अन्धोलाई देख्नुभयो । यसले चेलाहरु माझ एउटा सार्वजानिक महत्वको प्रश्न खडा गऱ्यो । धेरै मानिसहरु सोच्दथे कि यदि कसैको जीवनमा कुनै अधिक खराबी (तथा विपत्ति) भएको भए त्यो कुनै जघन्य पापको कारणले हुन गएको हो । यो मान्छेको अन्धापनको पछाडि जुन पाप थियो त्यो ऊ स्वयंको हो वा उसको आमा बाबुको हो भन्ने बारे जान्न चेलाहरु व्याकुल थिए ।

हामीलाई थाहा छ, कुनै (प्रकारको) पापले, निश्चित रुपले, खराब परिणाम ल्याउँछ । उदाहरणको लागि, बढी मद्यपानले मानिसको कलेजो बिर्गाछ । तीब्र गतिको चालकले दुर्घटना निम्त्याउन सक्छ । समलिङ्गी यौन क्रिडाले एड्स लाग्न सक्छ ।

तापनि, सबै खराबीहरु विशेष किसिमको पापको कारणले चाहिं भएको होइन ।

यस मामिलामा, येशूले भन्नुभयो कि कसैको पापको कारणले गर्दा यो मानिसको अन्धोपन भएको होइन । परमेश्वरले यसो हुन दिनुभयो ताकि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस । येशूले शिक्षा दिनुभयो कि हामीले परमेश्वरका कामहरु दिन छँदै गरेर सक्नुपर्छ । हामी बाँचि रहेको अवस्था यही दिन हो । येशू हाम्रो यस दिनमा अनि सारा संसारमा चम्किरहने ज्योति हुनुहुन्छ । जब हाम्रो मृत्युको रात आउँछ, हामी परमेश्वको काम गर्न नसक्ने स्थितिमा पुग्दछौं । तसर्थ समय अहिल्यै हो ।

तब येशू काममा लाग्नुभयो । येशूले त्यस मानिसलाई दृष्टि दिनुभयो । तर काम अझ पनि पूर्ण भइसकेको थिएन, जुन हामी पछि देख्नेछौं ।

येशूले यो आश्चर्यकर्म अरु कार्यहरु भन्दा बेग्लै किसिमले गर्नुभयो । उहाँले आफ्नो थूकमा केही माटो मुछेर लेप बनाई त्यस मानिसको आँखामा लगाइदिनुभयो । तब त्यस मानिसलाई सिलोआमको तलाउमा गएर पखाल्न लगाउनुभयो । त्यसले गएर पखाल्यो, अनि देख्ने भएर फर्क्यो ।

जब त्यो मानिस आफ्नो घर फर्क्यो, त्यसलाई देखिरहने मानिसहरुले ऊ त्यही मानिस हो भनी पत्याएनन् । यो मानिस देख्न सक्ने भयो । तिनीहरुले चिनेको मानिस एक अन्धा भिखारी थियो । त्यो मानिसले "म त्यही हुँ " भनेर जोर दियो । तब, उसले आफूलाई येशू भन्ने मानिसले कसरी निको पार्नु भयो भन्ने बारे सुनायो ।

तिनीहरुले येशूकहाँ हुनुहुन्छ भन्ने जान्न खोजे, तर त्यसले थाहा छैन भन्ने जवाफ दियो ।

**याद राख्नुपर्ने कुराहरु :**

३५. चेलाहरुले ठाने कि त्यो मानिस कुनै ............... को कारणले जन्मिदै अन्धो जन्म्यो ।

३६. येशूले प्रष्ट पार्नुभयो कि परमेश्वरको ........... त्यसको जीवनमा प्रकट होस भन्ने खातिर त्यो मानिस अन्धो भएको हो ।

३७. येशूले त्यो मानिसलाई ............. दिनुभयो ।

(आफ्ना उत्तरहरु पेज १३८ मा जाँच्नुहोस)

**शबाथ-दिनमा येशूले गर्नुभएको उपचार बारे फरिसीहरुले सोध-खोज गरे ।**

(यूहन्ना ९ : १३-३४ पढ्नुहोस)

[१३]अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरुले फरिसीहरुकहाँ ल्याए । [१४]जुन दिन येशूले माटोको
लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शबाथ-दिन थियो । [१५]फरिसीहरुले त्यसलाई
सोध, "तँ कसरी देख्ने भइस् ?"त्यसले तिनीहरुलाई भन्यो, "उहाँले मेरा आँखामा माटोको लेप
लगाइदिनुभयो, अनि मैले पखालें र देख्ने भएँ ।"

[१६]फरिसीहरुमध्ये कुनै-कुनैले भने, "त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकि त्यसले
शबाथ-दिन पालन गर्दैन ।" तर अरुहरुले भने, "कसरी पापी मानिसले यस्ता चिन्हहरु गर्न सक्तछ ?"
र तिनीहरुका बीचमा फाटो हुन गयो ।

[१७]तिनीहरुले त्यस अन्धालाई फेरि सोधे, "उसले तेरा आँखा खोलिदिएछ, अब उसको विषयमा तँ
के भन्छस् ?"

त्यसले जवाफ दियो, "उहाँ अगमवक्ता हुनुहुन्छ ।"

[१८]दृष्टि पाउने मानिसका आमा-बाबुलाई बोलाएर नसोधुञ्जेल यहूदीहरुले त्यो अन्धो थियो र देख्ने
भयो भनेर विश्वास गरेनन् । [१९]तब तिनीहरुले उनीहरुलाई सोधे, " के यो तिमीहरुको छोरो हो जो
अन्धो जन्मेको थियो भनी तिमीहरु भन्छौं ? तब अब कसरी त्यो देख्न सक्ने भयो ?
[२०]त्यसका आमाबाबुले तिनीहरुलाई भने, हामी जान्दछौं यो हाम्रो छोरो हो, र अन्धो जन्मेको थियो ।
[२१]तर अब यो कसरी देख्ने भयो हामी जान्दैनौ, अथवा यसका आँखा कसले खोलिदिए त्यो पनि हामी
जान्दैनौं । यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस् । आफ्नो विषयमा त्यो आफैं बोल्नेछ ।"
[२२]त्यसका आमा-बाबुले यी कुरा भने, किनकि उनीहरु यहूदीहरुदेखि डराउँथे । किनभने

कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गऱ्यो भने, त्यसलाई सभाघरबाट निकाल्नुपर्छ भनी
यहूदीहरु अघि नै सहमत भएका थिए । [२३]यसैकारण त्यसका आमा-बाबुले भने, "यसको उमेर पुगेको
छ, यसैलाई सोध्नुहोस ।"

[२४]तब तिनीहरुले त्यस अन्धो मानिसलाई दोस्रो पल्ट बोलाएर भने, "परमेश्वरलाई महिमा दे । हामी जान्दछौं यो मान्छे पापी हो । "

[२५]त्यसले जवाफ दियो, "उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न, म जान्दिँन । एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब देख्तछु ।"

[२६]तब तिनीहरुले त्यसलाई भने, "उसले तँलाई के गऱ्यो ? उसले तेरा आँखा कसरी खोलिदियो ?"

[२७]त्यसले तिनीहरुलाई जवाफ दियो, "मैले तपाईहरुलाई अघि नै भनिसकें, तर तपाईंहरुले सुन्नुभएन । अब फेरि किन सुन्न चाहनुहुन्छ कि कसो ?"
[२८]तिनीहरुले त्यसलाई गाली गर्दै भने, "तँ पो उसको चेला होस् तर हामी त मोशाका चेला हौं । [२९]हामीलाई थाहा छ मोशासँग परमेश्वरले बोल्नुभएको थियो, तर हामीलाई थाहा छैन यो मानिसचाहिँ कहाँको हो ।"

[३०]त्यस मानिसले जवाफ दिई तिनीहरुलाई भन्यो, "कस्तो विचित्र कुरो ! उहाँ कहाँबाट आउनुभएको हो तपाईहरु जान्नुहुन्न, तर मेरा आँखा उहाँले खोलिदिनुभयो । [३१]हामी जान्दछौ कि परमेश्वर पापीहरुका कुरा सुन्नुहुन्न, तर परमेश्वरका भय मान्ने र उहाँको इच्छा पालन गर्ने व्यक्तिको कुरा परमेश्वरले सुन्नुहुन्छ । [३२]संसार शुरु भएदेखि यसो जन्मैको अन्धाका आँखा कसैले खोलिदिएको कुरा कहिल्यै सुनिएन । [३३]यदि यी मानिस परमेश्वरबाट नआउनुभएको भए उहाँले केही गर्न सक्नुहुनेथिएन ।"

[३४]तिनीहरुले त्यसलाई जवाफ दिई भने, "तँ त बिलकुलै पापमा जन्मेको थिइस्, र के अब तँ हामीलाई सिकाउन चाहन्छस् ?" अनि तिनीहरुले त्यसलाई बाहिर निकालिदिए ।

मानिसहरुले अघिको अन्धो मानिसलाई यहूदी धर्मगुरुहरु, (फरिसीहरु( कहाँ ल्याए किनभने येशूले यो आश्चर्यकर्म (चिन्ह) पनि शबाथ-दिनमा गर्नुभएको थियो ।

तब येशूले त्यो अन्धा मानिसलाई कसरी देख्न सक्ने पार्नुभयो भन्ने सम्बन्धमा फरिसीहरुले बृतान्त सुने । तिनीहरुको मिश्रित प्रतिक्रिया थियो । केहीले ठोकेरै भने कि येशू परमेश्वरबाट आएको होइन । तिनीहरुले शबाथ-दिन पालना नगरेकोमा उहाँको आलोचना गरे । तर अरुहरुले भने कि एकजना पापी मानिसले कसरी यस्ता आश्चर्यकर्महरु (चिन्हहरु) गर्न सक्दछ ।

तिनीहरुले अघिको त्यस अन्धा मानिसलाई येशूको बारेमा उसको के राय छ भनी सोधे । उसले जवाफमा, "उहाँ अगमवक्ता हुनुहुन्छ " भन्यो ।

तर पनि, फरिसीहरुले त्यस मानिसको कुरो पत्याएनन् । त्यो मानिस अन्धो थियो भन्ने कुरोमाथि तिनीहरुले शंका गरे । तसर्थ तिनीहरुले उसका बाबु-आमालाई बोलाए अनि वास्तविकता के थियो भनी केरकार गरे ।

त्यसका आमा-बाबुले, हो ऊ जन्मँदै अन्धा थियो भनेर जवाफ दिए । तर तिनीहरु येशूले त्यसलाई आँखा देख्ने पार्नुभयो भनेको खण्डमा सभाघर बाट निकालि दिनेछन् भनेर डराए । तसर्थ, खीष्टलाई नचिने झैं तिनीहरुले बहाना गरे । यहूदीहरुले तिनीहरुको छोरालाई नै सोध्नुपर्नेछ भनी तिनीहरुले भने ।

फरिसीहरुले त्यस मानिसलाई फेरि बोलाए । तिनीहरुले त्यस मानिसलाई परमेश्वरको सामुन्ने साँचो बोल्न कर गरे । त्यस मानिसले भने झैं येशू "अगमवक्ता" चाहिँ हुनुहन्न तर पापी हुनुहुन्छ भनी तिनीहरुले भने ।

त्यस मानिसले उहाँ (येशू) लाई तिनीहरुद्धारा हेपिन नदिने भयो । "मैले पहिले नै साँचो कुरा भनि सकेको छु, उसले भन्यो । "फेरि पनि भन्नुपर्छ ?" अनि उसले तिनीहरु पनि येशूको चेला बन्न चाहन्छन् कि भनेर जिज्ञासा राख्यो ।

उसको प्रश्नमा घोचपेच थियो । तसर्थ, झन तिनीहरुले उसको खेदो गरे । तिनीहरुले पहिले झैं, येशूको बदलामा मोशाको उच्चता प्रकट गरे । "तँ पो उसको चेला होस, " तिनीहरुले भने, तर हामी त मोशाका चेला हौँ । तिनीहरुले स्मरण गराए कि मोशा परमेश्वरसँग बोल्नुभएको थियो । तिनीहरुले येशू चाहिं कहाँबाट आउनु भएको हो, केही थाहा छैन भनी दावा गरे ।

त्यो मानिससँग जवाफ थियो । उहाँले उनीहरुको अज्ञानतालाई आश्चर्यचकित तुल्याउनु भयो । तिनीहरुले सबुत-प्रमाण मात्रलाई हेर्नु पर्दथ्यो । येशूले त्यसको आँखामा ज्योति ल्याइदिनुभयो । त्यो काम पापमा बाँच्नेहरुबाट सम्भव थिएन । यो काम परमेश्वरको अनुग्रह प्राप्त गर्नेबाट मात्र हुन सक्दथ्यो । उहाँ परमेश्वरबाट नआउनुभएको भए जन्मैको अन्धाको आँखा सम्भवत: कसैले खोलि दिन सक्ने थिएन ।

फरिसीहरु आक्रोशित भए । त्यस मानिसलाई तिनीहरुले पापमा चुर्लुम्म डुबेको भनी दोष लगाए । तिनीहरुले कराएर सोधे, "के अब तँ हामीलाई सिकाउन चाहन्छस् !" अनि तिनीहरुले त्यसलाई सभाघर (चर्च) बाट बाहिर निकालि दिए ।

**याद राख्नुपर्ने कुराहरु :**

३८. मानिसहरुले निको पारिएको अघिको एक अन्धो मानिसलाई ........... कहाँ ल्याए ।

३९. केही फरिसीहरुले येशू ............. बाट आउनुभएको होइन भन्ने जिकीर गरे ।

४०. अरुहरुले भने कि ........... कर्म गर्ने मानिसले त्यस खाल्को आश्चर्यकर्म गर्न सक्दैन भन्ने तर्क राखे ।

४१. निको भएको मानिसले येशू .............. हुनुहुन्छ भन्ने ठान्यो ।

४२. त्यो मानिसले फरिसीहरुलाई भन्यो कि येशूको चिन्ह (आश्चर्यकर्म) परमेश्वरबाट .......... पाएको कसैको कार्य थियो ।

(आफ्ना उत्तरहरु पेज १३८ मा हेर्नुहोस्)

**"नदेख्नेहरुले देख्दछन् र देख्नेहरुचाहिँ अन्धा हुन्छन् ।"**

(यूहन्ना ९:३५-४१ पढ्नुहोस)

[३५]तिनीहरुले त्यसलाई बाहिर निकालिदिए भन्ने येशूले सुन्नुभयो, र त्यसलाई भेट्टाएर भन्नुभयो, "के निमी मानिसको पुत्रमाथि विश्वास गर्दछौ ?"

[३६]त्यसले जवाफ दिई भन्यो, "प्रभु, उहाँ को हुनुहुन्छ ? म उहाँमाथि विश्वास गर्नेछु ?"

[३७]येशूले त्यसलाई भन्नुभयो, "तिमीले उसलाई देखेका छौं, अनि तिमीसँग बोल्ने उही नै हो ।"

[३८]तब त्यसले भन्यो, "प्रभु, म विश्वास गर्दनु," र त्यसले उहाँलाई दण्डवत् गऱ्यो ।

[३९]अनि येशूले भन्नुभयो, "म न्यायको लागि यस संसारमा आएँ, कि नदेख्नेहरुले देखून् र देख्नेहरुचाहिँ अन्धा होऊन् ।"

[४०]यी कुरा सुनेर उहाँका नजीकै हुने फरिसीहरुमध्ये कुनै-कुनैले उहाँलाई भने, "के हामी पनि अन्धा हौं त ?"

[४१]येशूले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु अन्धा भए ता पापको दोषी हुनेथिएनौ, तर तिमीहरु ' हामी देख्छौं ' भन्दछौ, यसकारण तिमीहरुको पाप रहिरहन्छ।"

त्यो मानिस सभाघर (चर्च) बाट निकालिएपछि येशू त्यसलाई भेट्न जानुभयो । उहाँले त्यसमाथिको परमेश्वरको काम पुरा गर्नुपर्ने थियो । त्यसले मानिसको पुत्रमाथि विश्वास गर्छ कि गर्दैन भनी येशूले त्यसलाई सोध्नुभयो ।

यस्तै प्रकारले, येशूले आफुलाई ख्रीष्ट भनी उल्लेख गर्नुभयो । अगमवक्ता दानिएलले पाएको दर्शनमा मसीह "मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो" भनेका थिए (दानिएल ७:१३ हेर्नुहोस) । येशूले त्यो भविष्यवाणी पुरा गर्नुभयो । उहाँ, परमेश्वरको

अनन्त पुत्र, संसारको उद्धार गर्न मानिस बन्नुभयो । उहाँ तपाईं हामी जस्तै, तर पापरहित हुनुहुन्थ्यो ।

याद राख्नुहोस, त्यो एक ताकाको अन्धो मानिसले खासमा अझ येशूलाई देखेकै थिएन । त्यसले येशूसँग मानिसको पुत्र देखाइ दिन आग्रह गऱ्यो ताकि त्यसले विश्वास गर्न सकोस । येशूले भन्नुभयो, "तिमीले मलाई देखिरहेका छौ ।"

तब येशूले दृष्टान्तमा ( वृतान्त) जस्तै गरी बोल्नुभयो । उहाँले भन्नुभयो कि उहाँ यस संसारमा आउनुभयो, ताकि नदेख्नेहरुले देख्न सकून अनि देख्नेहरु चाहिँ अन्धा होऊन ।

केही फरिसीहरुले उहाँका यी कुरा सुने । तिनीहरुलाई येशूले अन्धा भन्नुभएको हो कि, के हो भनी तिनीहरु रिसाए ।

येशूको जवाफ फेरि पनि दृष्टान्तमै प्रस्तुत भयो : तिनीहरु अन्धा भएदेखिन पापको दोषी हुन थिएनन् । तर तिनीहरु (आफू) देख्दछौं भन्छन्, त्यसैले तिनीहरु दोषी थिए ।

येशूले फेरि आत्मिक शिक्षा दिन थाल्नुभयो : सबै मानिसहरु स्वभावैले आत्मिक पक्ष/तहमा अन्धा हुन्छन् । येशू तिनीहरुको मुक्तिदाता हुनुहुन्छ भन्ने तिनीहरु देख्न सक्दैनन् । येशूले तिनीहरुलाई विश्वासद्धारा आत्मिक दृष्टि दिनुहुन्छ अनि तिनीहरु मुक्त हुँदछन् । तिनीहरुको पाप क्षमा हुन्छ । तथापि केही मानिसहरु सोच्दछन् कि तिनीहरु आत्मिक तह (स्तर) मा अन्धा छैनन्, अनि देख्छु भनेर घमण्ड पनि गर्दछन् । तर तिनीहरु येशूलाई अस्वीकार गर्दछन् । यस प्रकारले तिनीहरु अन्धा नै रहन्छन् अनि भौतारिँछन् ।

त्यो अन्धा मानिस त्यस्तो थियो जसले अब भौतिक एवं आत्मिक दुवै तहमा देख्न सक्दथ्यो । त्यसले येशूमाथि विश्वास गऱ्यो ।

ती फरिसीहरु देख्न सक्छौं भनेर कति घमण्ड गर्दथे, तर खासमा तिनीहरु अन्धा थिए । तिनीहरुले येशूलाई अस्वीकार गरे ।

अन्धाले देख्दछ अनि देख्नेहरु अन्धा छन् ।

**याद राख्नुपर्ने कुराहरु :**

४३. ............ को ................ माथि विश्वास गर्छ कि गर्दैन भनेर येशूले त्यो एकताकाको अन्धो मानिसलाई सोध्ने भयो ।

४४.त्यो मानिसले विश्वास गर्छु भन्यो अनि येशूलाई ............. गऱ्यो ।

४५.येशूले भन्नुभयो कि, उहाँ यस संसारमा आउनु भयो ताकि .......... ले .......... सकून अनि जसले ............. ती ................ होऊन ।

४६.जब आत्मिक तहमा अन्धाले देख्दछन्, तिनीहरुले येशूमा ........... गर्दछन् ।

४७.यदि तिनीहरुले येशूलाई ............... गरे भने तिनीहरुले देख्नसक्छु भनेता पनि (तिनीहरु) वास्तवमा अन्धा नै हुन ।

(आफ्नो उत्तरहरु पेज १३८ मा जाँच्नुहोस)

## येशूले आफ्ना चेलाहरुलाई उहाँ असल गोठालो हुनुहुन्छ भन्ने बारे शिक्षा दिनुभयो ।

(यूहन्ना १० :१-१० पढ्नुहोस)

"साँच्चै, म तिमीहरुलाई भन्दछु, जो भेडा-गोठको ढोकाबाट भित्र पस्दैन, तर अर्कोपट्टिबाट चढेर
पस्छ, त्योचाहिँ चोर र डाँकू हो, [२]तर ढोकाबाट भित्र पस्नेचाहिँ भेडाको गोठालो हो । [३]ढोकेले उसको
लागि ढोका खोलिदिन्छ, र भेडाहरुले उसको सोर सुन्छन्, र उसले आफ्ना भेडाहरुलाई नाउँ काढी-
काढी बोलाउँछ, अनि तिनीहरुलाई बाहिर लैजान्छ । [४]जब उसले आफ्ना सबै भेडाहरुलाई बाहिर
निकालिसक्छ, ऊ तिनीहरुका अगिअगि हिँड्छ, र भेडाहरुले उसलाई पछयाउँछन्, किनभने तिनीहरुले
उसको सोर चिन्छन् । [५]तर अपरिचित व्यक्तिलाई सोर तिनीहरुले चिन्दैनन् ।" [६]येशूले तिनीहरुलाई यो
दृष्टान्त भन्नुभयो, तर उहाँले तिनीहरुलाई भन्नुभएको कुरा तिनीहरुले बुझेनन् ।
[७]यसकारण येशूले फेरि तिनीहरुलाई भन्नुभयो, "साँच्चै, म तिमीहरुलाई भन्दछु, भेडाहरुको
ढोका मै हुँ । [८]मभन्दा अघि आउने सबै चोर र डाँकूहरु हुन्, तर भेडाहरुले तिनीहरुका कुरा सुनेनन् ।
[९]ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने
गर्नेछ, र खर्कमा चर्न पाउनेछ ।
[१०]"चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ । म त तिनीहरुले जीवन पाऊन्, र त्यो
प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।

येशूले अब चाहिँ यहूदीहरुलाई उहाँ को हुनुहुन्छ भन्ने चिनाउनको लागि केही अरु चित्र भाषा प्रयोग गर्नुभयो । उहाँले भेडाको हेरबिचार बारे बोल्नुभयो । तिनीहरुले पुरानो करार बाट काल्पनिक चित्र बारे जानेका थिए, अनि भेडा पालन तिनीहरुमाझ सामान्य थियो ।

पहिलो तस्वीर भेडी-गोठको हो । भेडा चोर वा भेडालाई नोक्सान पुऱ्याउने जो कोही ढोकाबाट पस्दैन तर गोठको अर्कोपट्टि ढुङ्गाको पर्खालबाट चढेर पस्छ ।

तर भेडा गोठालो चाहिँ ढोकाबाट भित्र पस्छ । ढोकेले उसको लागि ढोका खोलिदिन्छ । उसले आफ्ना भेडाहरु लाई बोलाउँछ अनि तिनीहरुलाई बाहिर निकालेर चराउन लैजान्छ । तिनीहरुले उसलाई पछयाँउछन् किनभने तिनीहरुले उसको सोर चिन्छन् । तर अपरिचित व्यक्ति को स्वर तिनीहरुले चिन्दैनन् ।

हामी यो काल्पनिक चित्रलाई दुइ भिन्दा-भिन्दै तरिकाले बुझ्न सक्छौ । जुनसुकै स्थितिमा पनि डाँकूहरु ती हुन् जसले भेडा-गोठालाबाट भेडाहरु लैजान (खोस्न) खोज्दछ । तिनीहरु फरिसीहरु जस्ता नक्कली गुरुहरु ( शिक्षकहरु) हुन् ।

भेडा गोठालो कि त येशू स्वयं हुनुहुन्छ कि त येशूको बारेमा साँचो कुरा (सत्यता) सिकाउनेहरु हुन् । दुवै अवस्थामा भेडा, जो परमेश्वरका मानिसहरु हुन्, ले येशूलाई पछयाउने छन् । तिनीहरुले सत्य कुरा सुन्ने छन् अनि विश्वास गर्नेछन् । भेडा-गोठालाले प्रत्येक भेडाको व्यक्तिगत रुपमै ख्याल राख्दछ । उसले आफ्ना प्रत्येक भेडालाई नाउँ काढी-काढी बोलाउँछ ।

येशूले तिनीहरुलाई भन्नुभएको कुरा तिनीहरुले बुझ्न सकेनन् , जुन स्पष्ट झल्कन्थ्यो । तसर्थ उहाँले काल्पनिक चित्रमा सामान्य हेरफेर गर्नुभयो ।

उहाँले भन्नुभयो, “भेडाहरुको ढोका मै हुँ ”। उहाँले “म ढोका जस्तो हुँ ” भन्नु भएन जुन  हाम्रो बाइबलले उल्था गर्दछ । उहाँका वचनहरु धेरै शक्तिशाली  छन् । उहाँ साँच्चै नै ढोका नै हुनुहुन्छ जुन हामी देख्नेछौं । फेरि पनि “म हुँ” अभिव्यक्ति दिएर उहाँ परमेश्वर नै हुनुहुन्छ भनी जोड दिनुहुन्छ ।

चोर-डाकुहरु-जसले ढोका प्रयोग गर्दैनन्, चोर्न, मार्न र नाश गर्न आउँछन् । तिनीहरुले भेडाहरुलाई खतरातर्फ डोऱ्याउँदैछन् । तिनीहरुको गलत शिक्षाले भेडाहरुलाई परमेश्वरबाट टाढा, विनाश  तर्फ लैजान्छ ।

जुन भेडाहरु ढोकाबाट आवात-जावात गर्दछन् तिनीहरु बँच्दछन् । येशूले तिनीहरुको राम्रो हेरचाह गर्नु हुन्छ र अघाँउजी खुवाउनु हुन्छ । उहाँले तिनीहरुलाई सम्भव भएसम्म उत्कृष्ट जीवन दिनुहुन्छ । येशूसँगको जीवनले आनन्द ल्याउँदछ । यसले हाम्रो आत्मालाई विश्राम दिन्छ । यो अनन्त गौरव उन्मुख फकन्छ ।

भेडी-गोठको ढोकाको रुपमा येशूको चित्रण अस्पष्ट हुन सक्दछ किनभने ढोका व्यक्ति होइन । तापनि तपाई जुन ढोकालाई अनन्त जीवनतर्फ जाने बाटोको रुपमा लिनुहुन्छ, तब यो स्पष्ट हुन्छ । हामी येशूद्धारा नै जानुपर्दछ ।

अथवा, तपाई यसलाई अर्को तरिकाले पनि सोच्न सक्नुहुन्छ । जब भेडाहरु ग्रामिण क्षेत्रतिर चरनमा थिए, त्यतिबेला भेडा-गोठालाले एउटै मात्र प्रवेशद्धार भएको सुरक्षित ठाउँ पाऊन सक्ला र त्यो प्रवेशद्धार आफ्नै शरीरले छेकेर सुरक्षित राख्न सक्ला । उसले आफैलाई ढोकाको रुपमा प्रयोग गर्दछ ।

विश्वासीहरुको निम्ति उस्तै अर्थ लाग्दछ । हामी अनन्त जीवनको लागि येशूद्धारा नै जिउनुपर्दछ ।

**याद राख्नुपर्ने कुराहरु :**

४८. येशूले भन्नुभयो कि भेडाहरुले गोठालोको .............. सुन्छन् ।

४९. ................. गुरुहरुले गोठालोबाट भेडाहरु छुटाउन खोज्छन् ।

५०. येशूले फेरि भन्नुभयो, "भेडाहरुको ........... मै हुँ ।"

५१. हामीले उत्कृष्ट अनि अनन्त जीवन (प्राप्त गर्न) को लागि ............... द्धारा नै जिउनुपर्छ ।

(आफ्ना उत्तरहरु पेज १३८ मा जाँच्नुहोस)

(यूहन्ना १०:११-२१ पढ्नुहोस)

[११]म असल गोठालो हुँ । असल गोठालाले आफ्ना भेडाहरुका निम्ति आफ्नो प्राण अर्पण गर्छ ।
[१२]भाडाको मान्छेचाहिँ भेडाहरुको आफ्नै गोठालोजस्तो होइन । त्यसले त ब्वाँसाले भेडाहरुलाई गाँजी
लैजान्छ, र तितरबितर पारिदिन्छ । [१३]त्यो भाग्छ, किनभने त्यो भाडाको मान्छे हो, त्यसले भेडाको केही
वास्ता गर्दैन ।

[१४]"म असल गोठालो हुँ, म आफ्ना भेडाहरुलाई चिन्छु, अनि मेरा भेडाहरुले मलाई चिन्छन् ।
[१५]जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेडाहरुको लागि आफ्नो प्राण अर्पण
दिन्छु ।

[१६]"मेरा अरु भेडा छन्, जो यस गोठका होइनन् । तिनीहरुलाई पनि मैले ल्याउनुपरेको छ, र
तिनीहरुले मेरो सोर सुन्नेछन्, र तिनीहरु एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ । [१७]पिताले
मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु । [१८]कसैले
मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्दछु । आफ्नो प्राण अर्पण
गर्ने अधिकार मसित छ, अनि फेरि लिने अधिकार पनि मसित छ । यो आज्ञा मैले मेरा पिताबाट
पाएको छु ।"

[१९]यी वचनका कारणले यहूदीहरुमा फेरि मतभेद भयो । [२०]तिनीहरुमध्ये धेरैले भन्दथिए,
"यसलाई भूत लागेको छ, र यो बौलाएको छ । तिमीहरु यसको कुरा किन सुन्छौ ?"

[२१]अरुहरुले भन्दथिए, "भूत लागेको मानिसको कुरा यस्तो हुँदैन । के भूतले अन्धाका आँखा
खोल्न सक्तछ र ?"

त्यस पश्चात येशूले फेरि “म हुँ” भन्ने अभिव्यक्ति दिनुभयो । “म असल गोठालो हुँ ” भनेर यस भनाइलाई दोहोऱ्याउनुभयो । भजनसंग्रहको २३ औं अध्याय तत्काल हाम्रो दिमागमा आउँछ । असल गोठाला भनेर भजनसंग्रह (२३ औ अध्याय) शुरु हुन्छ । “परमप्रभु -यहोवे) मेरा गोठाला हुनुहुन्छ ।” येशू यहोवे (यहोवा) हुनुहुन्छ ।

प्रभु येशू असल गोठालो हुनुहुन्छ । उहाँ अरुभन्दा भिन्न खाल्को गोठालो हुनुहुन्छ । उहाँले भेडाहरुलाई सबै राम्रा चिजहरु दिनुहुन्छ ।

यो गोठालोले भेडाहरुको लागि आफ्नो प्राण समेत अर्पण गर्दछ/गर्नुहुन्छ । यस प्रवचनमा येशूले तीनपटकसम्म आफ्नो प्राण अर्पण गर्ने कुरा गर्नुभयो । उहाँले आफ्नो मृत्युको घोषणा (भविष्यवाणी) गर्नुभयो जुन लगत्तै तीन महिनापछि हुनेवाला थियो ।

असल गोठालो भाडाको मान्छे जस्तो होइन । भाडाको मान्छेले पैसाको निम्ति बगालको रेखदेख गर्छ । उसले विशेष गरेर भेडाको केही वास्ता गर्दैन । जब कुनै खतरा आइपर्छ, उसले आफ्नो बारेमा पहिले सोच्दछ । ऊ ज्यानलाई खतरामा पार्नुभन्दा, उदाहरणको लागि, ब्वाँसोले झम्टयो भने त्यो भाग्छ । कोही-कोही चर्चका (मण्डलीका) धर्मगुरुहरु त्यस खाल्का हुन्छन् । तिनीहरुले आफ्नो कामलाई पैसा कमाउने भाँडो (साधन) सम्झन्छन् । तिनीहरु बगालको निम्ति महान त्याग गर्न तयार हुँदैनन् ।

परिदृष्यमा, ब्वाँसो कुनै पनि नक्कली धर्मगुरु हो । नियन्त्रण गरिएन भने, नक्कली धर्मगुरुहरुले भेडालाई बगालबाट अन्तै लैजान्छन् । कुनै बेला, येशूले नक्कली धर्मगुरुहरुबाट सर्तक रहन खबरदारी गराउनुभयो । उहाँले तिनीहरुलाई ब्वाँसा भनेर नामाकरण गर्नुभयो । जो भेडाको भेषमा आउँदछन् ( मत्ती ७:१५) । त्यस्ता धर्मगुरुले शैतानको काम गर्दछ । येशू हामीलाई शैतानबाट उद्धार गर्नको निम्ति आफ्नो प्राण अर्पण गर्न तयार हुनुभयो ।

असल गोठालोले आफ्ना भेडाहरुसँग नाता कायम गर्दछ । उसले तिनीहरुलाई चिन्दछ, अनि तिनीहरुले गोठालालाई चिन्दछन् । यो परमेश्वर पिता र परमेश्वर पुत्र बिचको जस्तो गहिरो सम्बन्ध हो । यो प्रेम र विश्वासको सम्बन्ध हो । असल गोठालोले उसको जीवन (दाउमा) जोखिममा राखेर भेडाहरुको रक्षा गर्दछ ।

येशूले कुरा गर्नुभएको मृत्यु कूसमा हुने मृत्यु थियो । उहाँले सारा संसारको लागि आफ्नो जीवन त्याग गर्नुभयो । धेरै यहूदीहरु मसीह उनीहरुको



येशू असल गोठालो हुनुहुन्छ ।

देशको लागि मात्र आउनु हुनेछ भनी सोच्दथे । तर येशूले उहाँको अरु भेडाहरु पनि छन् भन्नुभयो । तिनीहरुले उहाँको सोर सुन्नेछन् अनि उहाँलाई चिन्नेछन् । संसारभरिका मानिसहरु-जसले येशूको वचन सुन्दछन् अनि उहाँमा विश्वास गर्दछन् तिनीहरु उहाँको एउटै बगालका हुनेछन् ।

येशू स्वर्गका पिताको आज्ञा पालन गर्न आउनुभएको हो । पिताले उहाँलाई यसैकारण प्रेम गर्नुहुन्छ । पिताको आज्ञा मुताविक येशूले आफ्नो जीवन अर्पण गर्नुहुनेछ । उहाँले फेरि पनि यो (जीवन) फिर्ता लिनुहुनेछ । उहाँले आफ्नो मृत्यु बारे मात्र भविष्यवाणी गर्नुभएन । उहाँले मृत्युबाट ( पुनर्जीवित हुने समेत भविष्यवाणी गर्नुभयो । उहाँले आफ्नो जीवन सित्तैमा दिनुहुनेछ भनी यहूदीहरुलाई भन्नुभयो । उहाँको इच्छा विरुद्ध कसैले उहाँको प्राण लिन सक्नेछैन । उहाँले परमेश्वरले जस्तै आफ्नो जीवन अर्पण गर्ने र फेरि फिर्ता लिने अधिकार पाउनु भएको थियो । उहाँले पिताको इच्छा ( योजना) पालन गर्दै हुनुहुन्थ्यो ।

फेरि पनि यहूदीहरुले येशूको वचनको घोर प्रतिकार गरे । केहीले उहाँ पागल हुनुभयो अनि भूत लागेको भने । अरुले उहाँको शिक्षा र काम (चिन्ह) हरु शैतानबाट (भूत लागेको मान्छेबाट) सम्भव नै हुँदैन भने । तसर्थ, तिनीहरुले तर्क गरे तर (तिनीहरुले) विश्वास गरेनन् ।

**याद राख्नुपर्ने कुराहरु :**

५२. येशूले भन्नुभयो, “म ............ गोठालो हुँ ।

५३. (तिनीहरुको) गोठालाको हैसियतले, येशूले उहाँको भेडाहरुको लागि आफ्नो ........... अर्पण गर्नुहुनेछ ।

५४. येशूले भन्नुभयो कि यहूदीहरु बाहेक उहाँको ................ पनि भेडाहरु थिए ।

५५. येशूले आफ्नो मृत्यु र उहाँ मृत्युबाट ............. हुने समेतको भविष्यवाणी गर्नुभयो ।

५६. येशूले आफ्नो जीवन ................ मा दिनुहुनेछ ।

(आफ्ना उत्तरहरु पेज १३८ मा हेर्नुहोस)

## येशू ढुङ्गा प्रहारबाट मुश्किलैले बच्नुभयो ।

(यूहन्ना १० :२२-४२ पढ्नुहोस्)

[२२]यरुशलेममा मन्दिर समर्पणको चाड थियो । [२३]यो हिउँदको समय थियो । येशू मन्दिरभित्र
सोलोमनको दलानमा टहलिरहनुभएको थियो । [२४]यहूदीहरुले उहाँका चारैपट्टि भेला भएर सोधे,
“कहिलेसम्म तपाईं हामीलाई दोधारमा राख्नुहुन्छ ? तपाईं ख्रीष्ट हुनुहुन्छ भने हामीलाई स्पष्ट
भनिदिनुहोस् ।”
[२५]येशूले तिनीहरुलाई जवाफ दिनुभयो, “मैले तिमीहरुलाई भनिसकेको छु, तर तिमीहरु विश्वास गर्दैनौ
। मेरा पिताको नाउँमा जे काम म गर्दछु, तिनैले मेरो गवाही दिन्छन् । [२६]तर तिमीहरु विश्वास गर्दैनौ,
किनभने तिमीहरु मेरा भेडामध्येका होइनौ ।
[२७]“मेरा भेडाहरुले मेरो सोर सुन्छन्, र तिनीहरुलाई म चिन्छु, र तिनीहरु मेरो पछि आउँछन् ।
[२८]तिनीहरुलाई म अनन्त जीवन दिन्छु, र तिनीहरु कहिल्यै नष्ट हुनेछैनन्। र कसैले तिनीहरुलाई मेरो
हातबाट खोसी लैजानेछैन । [२९]मेरा पिताले ती मलाई दिनुभएको छ, उहाँ सबैभन्दा महान् हुनुहुन्छ ।
पिताको हातबाट कसैले तिनीहरुलाई खोसी लानेछैनन् । [३०]पिता र म एक हौं ।”
[३१]यहूदीहरुले उहाँलाई हानौं भनी फेरि ढुङ्गा उठाए । [३२]येशूले तिनीहरुलाई भन्नुभयो, “मैले
तिमीहरुलाई मेरा पिताबाट धेरै असल काम देखाएँ, तीमध्ये कुन कामको निम्ति तिमीहरु मलाई ढुङ्गाले
हान्न चाहन्छौ ?”
[३३]यहूदीहरुले उहाँलाई जवाफ दिए, “असल कामको लागि हामी तिमीलाई ढुङ्गाले हान्दैनौं, तर
ईश्वर-निन्दा गरेको कारणले, किनकि तिमी मानिस भएर पनि आफैलाई परमेश्वर तुल्याउँछौं ।”
[३४]येशूले तिनीहरुलाई जवाफ दिनुभयो, “के तिमीहरुको व्यवस्थामा यसो लेखिएको छैन, मैले
भने, तिमीहरु देवहरु हौ ? [३५]यदि जसकहाँ परमेश्वरको वचन आयो, तिनीहरु देवहरु कहलाइन्छन् भने
(धर्मशास्त्र भङ्ग हुन सक्दैन), ३६पिताले पवित्र तुल्याएर संसारमा पठाउनुभएको व्यक्तिले “म
परमेश्वरको पुत्र हुँ” भन्दा कसरी ईश्वर-निन्दा हुन्छ ? [३७]यदि मैले मेरा पिताका काम गरेको छैनँ भने
ममाथि विश्वास नगर । [३८]तर यदि म पिताका काम गर्दछु, र पनि तिमीहरु ममाथि विश्वास गर्दैनौ
भने यी कामहरुमाथि विश्वास गर, र तिमीहरुले थाहा पाउन सक्नेछौ र बुझ्नेछौ, कि पिता ममा
हुनुहुन्छ, र म पितामा छु ।” [३९]तिनीहरुले फेरि उहाँलाई पक्रन खोजे, तर उहाँ तिनीहरुका हातबाट
उम्कनुभयो ।
[४०]अनि उहाँ फेरि यर्दन पारि त्यस ठाउँमा जानुभयो, जहाँ यूहन्नाले पहिले बप्तिस्मा दिने गर्थे,
र उहाँ त्यहीं बस्नुभयो । [४१]धेरै मानिसहरु उहाँकहाँ आउन लागे, र तिनीहरुले भने, “यूहन्नाले कुनै
चिन्हहरु गरेनन् तर यूहन्नाले यिनको विषयमा जे-जति भनेका थिए त्यो सत्य रहेछ ।” [४२]अनि त्यहाँ
धेरैले उहाँमाथि विश्वास गरे ।

लगभग दुई महिनापछि, यहूदीहरु यरुशलेममा मन्दिर समर्पणको चाड मनाउँदै थिए । यो चाडलाई उज्यालोको चाड पनि भनिन्छ । यो चाड २०० बर्ष अघिदेखि विशेष मन्दिर शुद्धिकरण गरेर मनाइन्थ्यो । यो येशूलाई क्रुसमा टाँग्नुअघि, डिसेम्बर हिउँदको समय थियो ।

येशू मन्दिरको परिसरमा टहलिरहनुभएको थियो । यहूदीहरु उहाँका चारैपट्टि भेला भए । तिनीहरुले उहाँसँग ठाडो प्रश्न गरे । तिनीहरुले सोझो उत्तर चाहेका थिए । "तपाईं ख्रीष्ट हुनुहुन्छ ?

धेरै मानिसहरुले येशू ख्रीष्ट नै हुनुपर्ने हो भनी सोचे । अब चाहिँ उहाँले दावा गरे झैं मुख खोल्नुहोस भनी यहूदीहरु चाहन्थे । परमेश्वरले प्रतिज्ञा गर्नुभएको मसीह उहाँ नै हुनुहुन्थ्यो ?

तिनीहरु सत्यको खोजीमा थिएनन् । तिनीहरु येशूबाट छुटकारा पाउने कारणको खोजीमा थिए । येशूले सोझो उत्तर दिनुभयो : मैले भनि सकें । तर तिमीहरु विश्वास गर्दैनौ । तिनीहरुले पिताको नाममा येशूले गर्नुभएको कामहरु (चिन्नहरु) को साक्षीको बेवास्ता गरे । तिनीहरुले विश्वास गरेनन् किनकि तिनीहरु चाहँदैन थिए । तिनीहरु उहाँका भेडा थिएनन् ।

यदि तिनीहरु उहाँका भेडा भएको भए तिनीहरुले उहाँलाई सुन्ने थिए । येशूको भेडाहरुले उहाँको आवाज सुन्दथे । तिनीहरु उहाँलाई पछयाउँथे । येशू आफ्नो भेडा चिन्नुहुन्छ अनि तिनीहरुलाई अनन्त जीवन दिनुहुन्छ ।

यदि तपाईं येशूको भेडा हुनुहुन्छ भने तपाईं अनन्तकालको लागि सुरक्षित हुनुहुन्छ । तपाईं परमेश्वर पिता अनि पुत्रको हातमा हुनुहुन्छ । उहाँहरु एक हुनुहुन्छ । उहाँहरु तपाईं स्वर्गमा उहाँहरुसँगै हुनुहोस भन्ने चाहनुहुन्छ ।

फेरि पनि यहूदीहरुले येशूमाथि हान्न ढुङ्गा उठाए । येशूले तिनीहरुलाई उहाँको विरुद्धमा उत्रन सबुत दिन सक्छौ भनेर सोध्नुभयो ? उहाँको पिताद्धारा गरिएको कुन त्यस्तो आश्चर्यकर्म (चिन्ह) ले गर्दा उहाँलाई मार्न तिनीहरुले खोजे ? तिनीहरुले उहाँको कामले गर्दा चाहिँ होइन भने । तर तिनीहरुको दृष्टिमा उहाँ अति नै दुष्ट हुनुहुन्थ्यो । उहाँ मानव मात्र हो ( हुनुहुन्थ्यो) भनेर तिनीहरु भन्ने गर्थे । तर उहाँ चाहिँ आफू परमेश्वर हुँ भन्नुहुन्थ्यो । पुरानो करारको व्यवस्था अनुसार, ढुङ्गा हान्ने आधार त्यही नै थियो ।

हिजो-आज  एक थरी मानिसहरु येशूले आफू परमेश्वर हुँ भनेर कहिल्यै दावी गर्नुभएन भनी जिद्धी गर्दछन् । तर तिनीहरु गलत छन् । उहाँका शत्रुहरु समेत उहाँले गर्नुभएको दावा बारे अवगत थिए ।

त्यसैले येशूले पुरानो करारमा आश्रय लिनुभयो । उहाँले तिनीहरुलाई भजनसंग्रह उल्लेख गर्नुभयो । त्यस भजनसंग्रहमा, मानिसहरुलाई परमेश्वरको प्रतिनिधि तोक्ने गरिन्थ्यो  किनकि सर्वोच्चकाहरुलाई "देव" भनिन्थ्यो । त्यसबाहेक, उहाँले तिनीहरुलाई धर्मशास्त्र भङ्ग हुँदैन भनेर स्मरण गराउनुभयो ।

येशूले निम्न (पद) बाट ठूलो/क्षमतावान (पद) को तर्क पेश गर्नुभयो । परमेश्वरले तिनीहरुलाई "देव" भन्नुहुन्थ्यो किनकि उहाँले तिनीहरुलाई उहाँकै लागि पठाउनु भएको थियो । येशू कति हदसम्म साँचो "परमेश्वर" हुनुहुन्छ ! पिताले उहाँलाई सोझै स्वर्गबाट पठाउनु भएको हो ।

तिनीहरुले  येशूलाई खराब (दुष्ट) भनेर दोषारोपण गरे किनकि उहाँले आफूलाई परमेश्वरको पुत्र हुँ भन्नुभयो । येशूले तिनीहरुलाई उहाँको परीक्षण गर्न भन्नुभयो । उहाँ (विषयगत) तिनीहरु नजिक पुग्दै हुनुहुन्थ्यो । पिताले जे गर्नुहुन्छ त्यही नै उहाँ (येशू) ले पनि गरेको देखेको भए/देखेपछि तिनीहरुले उहाँमाथि विश्वास गर्नुपर्ने हो । उहाँको आश्चर्यकर्महरु (चिन्हहरु) द्वारा उहाँसँग पिता हुनुहुन्थ्यो भन्ने कुरा तिनीहरुले बुझ्नुपर्ने थियो ।

तिनीहरुले येशूको वचन सुनेनन् । तिनीहरुले उहाँलाई पक्रन खोजे । तर उहाँ भाग्नुभयो ।

त्यसपछि येशूले यर्दन नदी पारि गएर आफ्नो सेवकाईलाई निरन्तरता दिनुभयो । बप्तिस्मा दिने यूहन्नाले त्यहाँ एक ताका मानिसहरुलाई बप्तिस्मा दिएका थिए । धेरै मानिसहरु येशू कहाँ आए । यूहन्नाले उहाँको बारेमा भनेका कुरा तिनीहरुले सम्झिए । यूहन्नाले उहाँलाई "परमेश्वरको थुमा जसले संसारको पाप लैजानु हुन्छ" भनेका थिए । त्यहाँ आएका ती धेरै मानिसहरुले येशूमाथि विश्वास गरे ।

**याद राख्नुपर्ने कुराहरु :**

५७. अविश्वासी यहूदीहरुले येशूलाई ठाडै "तपाईं ............. हुनुहुन्छ ?" भनी सोधे ।

५८. येशूले जवाफ दिनुभयो, "मैले तिमीहरुलाई ............... ..............., तर तिमीहरु ............ गर्दैनौ ।

५९. यदि तपाईं येशूको भेडा हुनुहुन्छ भने, तपाईं .......... सम्म सुरक्षित हुनुहुन्छ ।

६०. यहूदीहरुले येशूलाई ढुङ्गा प्रहार गर्न चाहन्थे किनभने उहाँले आफू .................. हूँ भनेर दावा गर्नुभयो ।

६१. येशूले भन्नुभयो कि धर्मशास्त्र हर तरहले ............... हुन्छ ।

(आफ्ना उत्तरहरु पेज १३८ मा हेर्नुहोस)

## येशूले लाजरसलाई मृतबाट फेरि जीवित पार्नुभयो ।

(यूहन्ना ११:१-१६ पढ्नुहोस)

[१]लाजरस नामको एक जना मानिस बिरामी भएका थिए । तिनी मरियम र उनकी दिदी मार्थाको गाउँ
बेथानियाका थिए । [२]प्रभुलाई अत्तर लाइदिएर उहाँका पाउ आफ्नो कपालले पुछिदिने मरियम यी नै
थिइन् । यिनकै भाइ लाजरस बिरामी थिए ।
[३]यी दुइ दिदीहरुले येशूकहाँ यसो भनी समाचार पठाए, "प्रभु, जसलाई तपाईं माया गर्नुहुन्छ, तिनी
बिरामी छन् ।" [४]तर यो सुनेर येशूले भन्नुभयो, "यस बिमारीले मृत्युमा पुऱ्याउदैन, तर यो
परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्धारा परमेश्वरका पुत्रको महिमा होस् ।" [५]येशूले मार्था,
तिनकी बहिनी र लाजरसलाई माया गर्नुहुन्थ्यो, [६]तापनि लाजरस बिरामी छन् भन्ने सुनेर उहाँ जहाँ
हुनुहुन्थ्यो, अझ दुइ दिन त्यहीँ बस्नुभयो ।
[७]त्यसपछि उहाँले चेलाहरुलाई भन्नुभयो, "लौ, अब हामी फेरि यहूदीया फर्केर जाऔं ।"
[८]चेलाहरुले उहाँलाई भने, "रब्बी, भर्खरै मात्र यहूदीहरुले तपाईंलाई ढुङ्गाले हान्न खोजेथे, र के
फेरि तपाई त्यहीँ जानुहुन्छ ?"
[९]येशूले जवाफ दिनुभयो, "के दिनमा बाह्र घण्टा हुँदैनन् र ? दिनमा हिँड्डुल गर्नेलाई ठेस
लाग्दैन, किनभने तिनले यस संसारको ज्योति देख्तछन्, [१०]तर राती हिँड्डुल गर्नेलाई ठेस लाग्छ,
किनभने त्यस मान्छेमा उज्यालो हुँदैन ।"
[११]त्यसपछि उहाँले तिनीहरुलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई
निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु ।"
[१२]चेलाहरुले उहाँलाई भने, "प्रभु, तिनी निद्रामा परेका छन भने तिनी निको हुनेछन् ।" १३येशूले
तिनको मृत्युको विषयमा भन्नुभएको थियो, तर तिनीहरुले चाहिँ स्वभाविक निद्राको विषयमा
भन्नुभएको हो भन्ठाने ।
[१४]येशूले तिनीहरुलाई स्पष्ट भनिदिनुभयो, "लाजरस मरेका छन् । [१५]तिमीहरुले विश्वास गर
भनेर तिमीहरुका खातिर म त्यहाँ नभएकोमा खुशी छु । जे भए तापनि हामी तिनीकहाँ जाऔं ।"
[१६]तब दिदुमस भनिने थोमाले आफ्ना सङ्गी-चेलाहरुलाई भने, "लौ, हामी पनि जाऔं, र उहाँसँगै
मरौं ।"

एकजना भाइ र दुइ जना दिदीहरु, जो यरुशलेम नजिकै बेथानियामा बस्दथे, ले येशूमाथि विश्वास गर्दथे । येशू बिगतमा तिनीहरुसँग बस्नुभएको थियो (लूका १० :३८-४२ हेर्नुहोस) । भाइ लाजरस बिरामी परेर अन्तिम अवस्थामा पुगेका थिए । दिदीहरु मरियम र मार्थाले येशूकहाँ खबर पठाए ।

तिनीहरुको भाइलाई येशूले माया गर्नुहुन्छ भन्ने तिनीहरुलाई थाहा थियो र येशूले उसलाई सहायता गर्नुहुनेछ भनी विश्वास गरे ।

जब येशूले खबर पाउनुभयो, उहाँले सोचे जस्तो गरी प्रतिक्रिया जनाउनु भएन । उहाँले यत्ति मात्र भन्नुभयो कि लाजरसको रोगले उसलाई मृत्युसम्म पुऱ्याउने छैन । यो परमेश्वरको महिमाको निम्ति हो । यसको कारणले गर्दा परमेश्वरको पुत्रले महिमा प्राप्त गर्नुहुनेछ ।

येशूले लाजरस र उसको दिदीहरुलाई माया गर्नुहुन्थ्यो । तर खबर पाएपछि पनि उहाँ जहाँ बसिरहनु भएको थियो त्यही अरु दुइ दिन बस्नुभयो ।

त्यसपछि उहाँले चेलाहरुलाई फेरि यहूदीया फर्केर जाऔं भन्नुभयो । चेलाहरुले किन त्यसो गर्न लाग्नुभएको हो भनी उहाँलाई सोधे । यहूदी धर्मगुरुहरुले उहाँलाई ढुङ्गाले हिर्काउन खोजेका थिए । त्यहाँ सुरक्षा थिएन ।

येशूको जवाफले चेलाहरुलाई जिल्ल पारिदियो । उहाँले दिनको र रातको, हिँड्डुलको र ठेस लाग्नुको सम्बन्धमा बोल्नुभयो । येशूको क्रूसमा मर्ने दिन नजिक आइरहेको थियो । तर उहाँको पिताले निश्चित समय तोक्नु भएको थियो । यसबेला अझ दिउँसै थियो । अहिल्येसम्म उहाँलाई कुनै चोट पुग्नेवाला थिएन । तर यदि अहिल्यै नै यरुशलेम जानुभएन भने, उहाँ रातमा झैं लडखडाउनु हुनेछ अनि उहाँलाई ठेस लाग्नेछ । उहाँ जानै पर्दथ्यो, किनभने समय नजिक आइसकेको थियो ।

तब येशूले लाजरस सुतिरहेको छन्, अनि तिनलाई निन्द्राबाट बिउँझाउन आफू त्यहाँ जान लागेको हो भन्नुभयो । त्यसकुराले पनि चेलाहरुलाई अलमलमा पाऱ्यो । निन्द्राले तिनलाई निको हुन सहायता गर्नेछ भनी तिनीहरुले भने । खासमा, येशूले स्वभाविक निन्द्रा होइन, तर लाजरसको मृत्युको बारेमा कुरा गर्दै हुनुहुन्थ्यो ।

तब त येशूले लाजरस मरेका छन् भनेर स्पष्ट भनिदिनुभयो । (स्मरण रहोस कि दुइ दिन अघि मात्र उहाँले लाजरसको रोगले उसलाई मृत्युको मुखमा पुऱ्याउने छैन भन्नुभएको थियो । ) उहाँ खुशी हुनुहुन्थ्यो किनकि उहाँ त्यस ठाउँमा हुनुहुन्नथ्यो भनेर पनि उहाँले भन्नुभएको थियो । जे जस्तो हुनेछ त्यसले उनीहरुको विश्वास बलियो पार्नेछ । अब उहाँहरु लाजरसकहाँ जानु पर्नेछ ।

चेलाहरुले येशूको त्यहाँ जाने निर्णय बारे प्रश्न उठाएका थिए । तब दिदुमसले भने, "लौ, हामी पनि जाऔं, र उहाँ (येशू) सँगै मरौं । " ऊ मर्न चाहँदैन थियो । तर विपत्ति/समस्या आइ पर्नेछ भन्नेमा उ विश्वस्त थियो ।



लाजरसको चिहानमा येशू र मार्था ।

**याद राख्नुपर्ने कुराहरु :**

६२. जब येशूले आफ्नो साथी लाजरस बिरामी परेको सुन्नुभयो, तब उहाँले यो ................ मा गएर अन्त्य हुँदैन भन्नुभयो । तर यो परमेश्वरको ............... को निम्ति थियो ।

६३. चेलाहरु येशू यरुशलेमको यहूदीयामा फेरि फर्केर नजानुहोस भन्ने चाहन्थे किनकि त्यो ठाउँ ......... थिएन ।

६४. दुइ दिन पर्खिएपछि, येशूले लाजरस ............. छन् भन्नुभयो । अब तिनीहरु उसकहाँ जानुपर्नेछ ।

(आफ्ना उत्तरहरु पेज १३८ मा हेर्नुहोस्)

**येशूले पुनरुत्थान र जीवन उहाँ नै हुनुहुन्छ भन्नुभयो ।**

(यूहन्ना ११:१७-३७ पढ्नुहोस)

[१७]जब येशू आइपुग्नुभयो, तब लाजरसलाई चिहानमा राखेको चार दिन भइसकेको थाहा पाउनुभयो ।
८बेथानिया यरुशलेमदेखि नजीकै प्रायः तीन किलोमिटरको दूरीमा थियो । [१९]धेरै यहुदीहरु मार्था र
मरियमकहाँ तिनका भाइको विषयमा तिनीहरुलाई सान्त्वना दिन आएका थिए । [२०]येशू आइरहनुभएको
छ भन्ने सुनेर मार्था गइन् र उहाँलाई भेटिन् । तर मरियम घरैमा बसिरहिन् ।

[२१]तब मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन । [२२]तर अब
पनि म जान्दछु, तपाईले परमेश्वरसँग जे माग्नुहुन्छ, परमेश्वरले तपाईंलाई दिनुहुनेछ ।"

[२३]येशूले तिनलाई भन्नुभयो, "तिम्रो भाइ फेरि जीवित हुनेछ ।"

[२४]मार्थाले उहाँलाई भनिन्, "म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरि जीवित भई उठ्नेछ ।"

[२५]येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मर्‍यो भने पनि
जीवित हुनेछ । [२६]अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन । के तिमी यो विश्वास
गर्छ्यौ ?"

[२७] तिनले उहाँलाई भनिन्, "हो प्रभु, म विश्वास गर्दछु, तपाई संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ ।"

[२८]यति भनेर तिनी गइहालिन् र आफ्नी बहिनी मरियमलाई बोलाएर सुटुक्क भनिन्, "गुरुज्यू
आइपुग्नुभयो, र तिमीलाई बोलाउँदैहुनुहुन्छ ।" [२९]यो सुनेर मरियम झट्टै उठेर उहाँकहाँ गइन् ।

[३०]यस बेलासम्म येशू गाउँमा आइपुग्नुभएको थिएन, तर उहाँ त्यही ठाउँमा हुनुहुन्थ्यो जहाँ मार्थाले उहाँलाई भेटेकी थिइन् । [३१]घरमा तिनलाई सान्त्वना दिन आएका यहूदीहरुले मरियम झट्टै उठेर बाहिर गएको देखेर, तिनी त्यो चिहानमा रुन गएको हुन् भन्ठानेर, तिनको पछि लागे ।

[३२]जब मरियम येशू हुनुभएको ठाउँमा आइन् र उहाँलाई देखिन् तब यसो भन्दै तिनी उहाँका पाउमा परिन्, "हे प्रभु, तपांई यहाँ हुनुहँदो हो त मेरो भाई मर्नेथिएन ।"

[३३]जब येशूले तिनलाई रोइरहेकी र तिनीसँग आउने यहूदीहरु पनि रोईरहेका देख्नुभयो, तब उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो । ३४उहाँले तिनीहरुलाई सोध्नुभयो, "तिमीहरुले तिनलाई कहाँ राखेका छौ ?"

तिनीहरुले उहाँलाई भने, "प्रभु, आएर हेर्नुहोस् ।"

[३५]येशू रुनुभयो । [३६]यसकारण यहूदीहरुले भने, हेर, उहाँले तिनलाई कति माया गर्नुहुन्थ्यो ।"

[३७]तर कुनै-कुनैले भने, "के अन्धाका आँखा खोलिदिने यिनले यस मानिसलाई पनि मर्नदेखि बचाउन सक्नेथिएनन् र ?"

येशू बेथानिया पुग्दाखेरि लाजरस पहिल्ये नै मरिसकेका थिए अनि चिहानमा राखेको चार दिन भइसकेको थियो । लाजरस बिरामी परेको खबर येशूसम्म पुग्न कमसेकम एक दिन लाग्यो । येशूले दुई दिन ढिला गर्नुभयो । अनि बेथानिया पुग्न येशूलाई कम्तिमा एकदिन लाग्यो ।

धेरै यहूदीहरु त्यहाँ मरियम र मार्थालाई सान्त्वना दिन उपस्थित थिए । जब तिनीहरुले लाजरस मरेको सुने। तिनीहरु कम्तिमा दुइ माइल टाढा यरुशलेमबाट आइपुगे ।

मार्थाले येशू आउँदै हुनुहुन्छ भन्ने सुनिन । येशूलाई भेट्न मार्था दौडेर गइन् । मरियम घरमै बसी ।

मार्थाले येशूमाथि अगाध विश्वास गर्दथी । ऊ निश्चित थिई कि येशू केहि अघिमात्र त्यहाँ पुग्नुभएको भए लाजरस मर्ने थिएन । येशूले उसलाई निको पार्नु हुने थियो । अझ पनि येशूले सहायता गर्न सक्नुहुन्छ भनेर तिनले विश्वास पालेकी थिइन् । परमेश्वरले येशूलाई जे मागे पनि दिनुहुन्छ ।

घटनाक्रमको आधारमा, हामी भन्न सक्दछौं कि खासमा येशूले लाजरसलाई पुनरुत्थान गर्नुहुनेछ भनी मार्थाले विश्वास गरेकी थिइन् । तिनले सबथोक येशूको हातमा सुम्पने काम मात्र गर्दैथिई ।

तिनलाई येशूले तिनको भाइ जीवित हुनेछ भन्नुभयो । मार्थाले भनिन कि ऊ अन्तिम दिनमा सबै मानिसहरु सँगै फेरि जीवित भई उठनेछ ।

तिनी सठिक थिइन । तर येशूकहाँ उनको निम्ति अरु धेरै थियो । उहाँले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । " मरेकालाई जीवित गर्ने येशू मात्र हुनुहुन्छ । येशूले मात्र मृत्युबाट जीवन प्रदान गर्न

सक्नुहुन्छ । उहाँले त्यसो गर्न सक्नुहुन्छ किनभने उहाँ "म हुँ" परमेश्वर, यहोवा हुनुहुन्छ ।

उहाँले अघि भन्नुभयो, जसले ममाथि विश्वास गर्छ, ऊ मरेपनि, बाँच्नेछ ।" येशूले उहाँमाथि विश्वास गर्ने जो कोहीलाई अनन्त जीवन दिनुहुन्छ (यूहन्ना ३:१६ हेर्नुहोस) । येशूसँगको जीवन अनन्तकालसम्म रहिरहन्छ । शरीर यहीं मर्न सक्दछ (नाश हुन्छ) तर मानिसको आत्मा येशूसँग जीवित रहन्छ ।

अनि जसले उहाँमा विश्वास गर्दछ र जिउँदछ ऊ कहिल्यै पनि मर्नेछैन । कस्तो सुविस्ता ! येशूमाथि विश्वास गर्नेहरु सांसारिक मृत्यु अनि चिहानमा पनि जीवित रहन्छन् । तिनीहरु परमेश्वरसँग जिउँदछन् । यो हाम्रो येशूसँगको प्रतिज्ञा हो ।

येशूले सोध्नुभयो, "मार्था, के तिमी यो विश्वास गर्छयौ :"

मार्थाको उत्तर हामी सबैले आत्म-स्वीकार गर्नुपर्ने सत्य हो । "प्रभु, म विश्वास गर्दछु, तपाई संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ ।"

जुन धार्मिक गुरुहरुले इन्कार गरेका थिए ती कुरा मार्थाले बुझ्न सकिन् अनि विश्वास गरिन् :

१. येशू (प्रतिज्ञा गरिएको) अभिषेक गरिएको मसीह, ख्रीष्ट हुनुहुन्थ्यो ।

२. येशू परमेश्वरको पुत्र हुनुहुन्थ्यो ।

३. येशू एक हुनुहुन्थ्यो जो संसारलाई मुक्ति दिन आउनुभयो ।

तत्पश्चात, मार्था गइन र आफ्नी बहिनी मरियमलाई येशूले तिनलाई पनि भेट्न चाहनुभएको खबर सुनाइन् । यो सुनेर मरियम झट्टै (उठेर) येशू भएको ठाउँ गाउँको बाहिर भेट्न गइन् । घरमा तिनलाई सान्त्वना दिन आएका यहूदीहरु समेत तिनको पछि लागे । तिनीहरुले तिनी त्यो चिहानमा रुन गएकी हुन् भन्ठाने ।

मरियम येशूको पाउमा परिन् अनि रोइन् । तिनले मार्थाले भने झैं येशू यहाँ हुनुहुँदो त उनको भाइ मर्ने थिएन भनिन् ।

मरियम र तिनीसँगै आएका यहूदीहरु रोइरहेका थिए । येशू आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति नै दुःखित हुनुभयो ।

तब येशू तिनीहरुसँगै चिहानमा पुग्नुभयो । त्यहाँ येशू पनि रुनु भयो । उहाँले लाजरसलाई कति माया गर्नुहुन्थ्यो रहेछ भनेर यहूदीहरुले मनन गरे । तर केहीले उहाँको खोट देखाए । उहाँले अरुहरुलाई निको पार्नुभएको थियो । उहाँले लाजरसलाई मृत्युबाट किन बचाउन सक्नुभएन ?

जे जस्तो भएपनि, अरुहरु झैं येशू मरिसकेको लाजरसको निम्ति रुनुभएन । उहाँलाई थाहा थियो केही समयभित्रै लाजरसलाई चिहानबाट जिउँदै बोलाउनु हुनेछ । पापले ल्याउने दुःखपूर्ण नियति- मृत्यु सम्झेर येशू रुनुभयो । उहाँ जो पाप अनि मृत्युको कारणले दुःखीत थिए ती मानिसहरुका निम्ति रुनुभयो । हामीले ती शब्दहरु (वाक्यहरु) पढ्दा, उहाँ हाम्रो निम्ति पनि रुनुभयो भन्न सक्दछौं ।

**याद राख्नुपर्ने कुराहरु :**

६५. लाजरस .................. दिनदेखि नै मृत थिए ।

६६. येशूले मार्थालाई भन्नुभयो, " ............... र .............. म नै हुँ ।"

६७. जसले येशूमा विश्वास गर्दछ अनि येशूमा जिउँदछ ऊ कहिल्यै .............. ।

६८. मार्थाले येशूको सम्बन्धमा तीनवटा कुराहरु स्वीकार गरिन् :
क. उहाँ ................. हुनुहुन्थ्यो ।
ख. उहाँ परमेश्वरको ................ हुनुहुन्थ्यो ।
ग. उहाँ नै ............. हुनुहुन्थ्यो जो आउनेवाला हुनुहुन्थ्यो ।

६९. लाजरसको चिहानमा, येशू ................. ।

७०. ................... ले ल्याउने दुःख पूर्ण नियति ............. को कारणले येशू रुनुभयो ।

७१. दु :खी ................... हरुको निम्ति येशू रुनुभयो ।

(आफ्ना उत्तरहरु पेज १३८ मा हेर्नुहोस)

## परमेश्वरले आशिष दिऊन धन्यवाद

## येशूले लाजरसलाई चिहानबाट बाहिर (आउन) बोलाउनुभयो ।

(यूहन्ना ११: ३८-४४ पढ्नुहोस)

[३८]तब येशू फेरि ज्यादै व्याकुल भएर चिहानमा जानुभयो । यो चिहान एउटा ओढारमा थियो । त्यसको
मुख एउटा ढुङ्गोले ढाकेको थियो । [३९]येशूले भन्नुभयो, "ढुङ्गो हटाओ ।"
मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन
लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो ।"
[४०]येशूले तिनलाई भन्नुभयो, "के मैले तिमीलाई भनेको होइनँ, तिमीले विश्वास गर्‍यो भने
परमेश्वरको महिमा देख्नेछौ ?"
[४१]तिनीहरुले ढुङ्गो हटाए । अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईलाई
धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो । [४२]म जान्दथिएँ, कि तपाईंले मेरो बिन्ती सधैँ
सुन्नुहुन्छ । तर उहाँ उभिएका भीडको खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई पठाउनुभएको
हो भनी तिनीहरुले विश्वास गरुन् ।"
[४३]अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ ।"
[४४] त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की
आयो । येशूले तिनीहरुलाई भन्नुभयो, "त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ ।"

येशू ज्यादै व्याकुल हुनुभयो । उहाँ चिहानमा जानुभयो । हिजो आजको जमीनमा रहेको चिहान जस्तो यो थिएन । यो चिहान एउटा ओडारमा थियो जसको मुख एउटा ढुङ्गाले ढाकेको थियो ।

येशूले ढुङ्गा हटाउनको लागि भन्नुभयो तर मार्थाले मानिनन् । उनले लाजरस मरेको चार दिन भइसक्यो भनिन् । उनको शरीर सडेर गन्हाउन थालिसक्यो होला ।

येशूको उत्तर उहाँका चेलाहरुलाई साथै मार्थालाई पनि थियो, "के मैले तिमीलाई भनेको थिईन, तिमीले विश्वास गर्‍यो भने परमेश्वरको महिमा देख्नेछौ ?" उहाँले परमेश्वर अनि उहाँ यस काम (चिन्ह) मा महिमित हुनु हुनेछ भनेर चेलाहरुसँग प्रतिज्ञा गर्नुभएको थियो । उहाँले लाजरसको रोग मृत्युको मुखमा पुगेर टुँगिनेछैन भनी भन्नुभएको थियो ।

तिनीहरुले ढुङ्गो हटाए, अनि येशूले मास्तिर नजर उठाएर पिताको प्रार्थना जोडसँग गर्नुभयो । उहाँको बिन्ती सुनिदिनुभएकोमा उहाँले भन्नुभयो कि उहाँले यसरी प्रार्थना गर्नुभयो ताकि पिताले उहाँलाई पठाउनु भएको हो भनेर मानिसहरुले विश्वास गरुन ।

धेरैले अझ पनि शंका गरे, तर उहाँ पिता बाट आउनुभएको सबुत तिनीहरुले यहाँ देख्नेभए ।
उच्च स्वरमा, येशूले भन्नुभयो, "लाजरस, बाहिर निस्की आऊ ।"
लाजरस चिहानको लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो । उसको अनुहार अझसम्म लुगाले छोपेकै थियो । येशूले तिनीहरुलाई चिहानको लुगा खोलिदिन अह्राउनुभयो ।

लाजरस-जो मरेको र सडिसकेको थियो, फेरि जीवित भयो । येशू वचन हुनुहुन्थ्यो र उहाँमा जीवन थियो (यूहन्ना १:४ हेर्नुहोस) । येशूले वचनद्धारा जीवन दिनुभयो ।

**याद राख्नुपर्ने कुराहरु :**

७२. चिहानमा, येशूले उच्च स्वरमा भन्नुभयो, "लाजरस, ............. , ............... ।

७३. लाजरस, जो मरेका थियो, ............ बाहिर आयो ।

(आफ्ना उत्तरहरु पेज १३८ मा हेर्नुहोस)

**येशूलाई शत्रुहरुद्धारा मार्ने षड्यन्त्र ।**

(यूहन्ना ११ :४५-५७ पढ्नुहोस् )

[४५]मरियमकहाँ आएका धेरै यहूदीहरुले येशूले गर्नुभएको काम देखेर उहाँमाथि विश्वास गरे । [४६]तर तिनीहरुमध्ये कोहीचाहिँ फरिसीहरुकहाँ गए, र येशूले गर्नुभएका कामहरु बताइदिए ।

[४७]तब मुख्य पूजाहारीहरु र फरिसीहरुले महासभाका सदस्यहरुलाई बोलाए र तिनलाई भने, "अब हामी के गरौं ? किनभने यस मानिसले त धेरै चिन्हहरु गरिरहेछ । [४८]यसलाई यसै छोडिदियौं भने सबैले यसमाथि विश्वास गर्नेछन् र रोमीहरुले आएर हाम्रो पवित्रस्थान र हाम्रो जाति दुवैलाई नष्ट पार्नेछन् ।"

[४९]तर तिनीहरुमध्ये एक जना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरुलाई भने, "तिमीहरु केही पनि जान्दैनौ ! [५०]समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरुको कल्याण छ भनी तिमीहरु बुझ्दैनौ ।"

[५१]यो तिनले आफ्नै तर्फबाट भनेका होइनन्, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्ने अगमवाणी बोलेका हुन् । [५२]राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो ।

[५३]यसैले त्यस दिनदेखि तिनीहरुले उहाँलाई मार्ने मतो गरे ।
[५४]यसैकारण येशू फेरि यहूदीहरुका बीचमा खुल्लमखुल्ला हिँड्डुल गर्नुभएन, तर त्यहाँबाट
उजाड-स्थानको नजीकमा रहेको एफ्राइम भन्ने शहरमा जानुभयो, र त्यहाँ चेलाहरुसँग बस्नुभयो ।
[५५]यहूदीहरुको निस्तार-चाड नजीकै थियो, र गाउँ-गाउँबाट धेरै जना आफू-आफूलाई शुद्ध
पार्न भनी निस्तार-चाडको आरम्भ हुन अघि यरुशलेममा गए, [५६]तब तिनीहरुले येशूलाई खोजे,अनि
तिनीहरु मन्दिरमा खडा हुँदा आपसमा भन्न लागे, "तिमीहरुलाई कस्तो लाग्छ, के उनी चाडमा
आउलान् ?" [५७]मुख्य पूजाहारीहरु र फरिसीहरुले चाहिँ येशूलाई पक्रन उहाँ कहाँ हुनुहुन्छ भनी कसैले
थाहा पाए खबर गर्नू भन्ने आज्ञा दिएका थिए ।

येशूले त्यहाँ जे गर्नुभयो त्यो देखेर धेरै यहूदीहरुले उहाँमाथि विश्वास गरे । तर कोही चाहिँ उहाँका शत्रु-फरिसीहरुकहाँ गए । येशूले गर्नुभएको कामहरुको वारेमा सुनेपछि, तिनीहरुले यहूदीहरुको महासभामा-(सदुकी) को बैठक डाके ।

फरिसीहरु, येशूले त्यस्तो काम गर्न बन्द गर्नुहोस भन्ने चाहन्थे । धेरै भन्दा धेरै मानिसहरुले उहाँमाथि विश्वास गर्नेछन् भनी तिनीहरु डराउँथे । रोमीहरुले यसलाई खतराको सूचना (धम्की) ठान्नेछन् भनी तिनीहरु डराए । रोमीहरुले आएर तिनीहरुको पवित्र स्थान र जाति दुवै नष्ट गर्नेछन् ।

यस सन्दर्भमा, प्रधान-पूजाहारी कैयाफाले मुख खोले । उनले राष्ट्र नष्ट हुनबाट जोगाउने उपाय अघि सारे । तर मानिसहरुको निम्ति उनले ( कैयाफाले) ब्यक्त गरेको येशूको मृत्युको भविष्यवाणी परमेश्वरले उहाँको वचनमा व्यक्त गर्नुभएको थियो । कैयाफाले महासभालाई तिनीहरुले "कुरो नबुझेकोमा " हपारे । उनले भने, "समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एकजना मानिस मर्नुमा कल्याण छ । " येशूले मर्नुपर्नेछ ।

वास्तवमा, कैयफाले आफूले "जानेर भनेका" होइनन् । हो, येशू यहूदी जातिको निम्ति मर्नुहुनेछ । उहाँ संसारको निम्ति मर्नुहुनेछ । उहाँ सबैको निम्ति अनन्त जीवन हासिल गर्न हाम्रो मुक्तिदाताको रुपमा मर्नुहुनेछ ।

मृत्युद्धारा, उहाँले विश्वासीहरुलाई एक साथ उहाँको मण्डलीको रुपमा जम्मा गर्नुहुनेछ ।

त्यसैले त्यस दिनदेखि यहूदी धर्म गुरुहरुले उहाँलाई मार्ने मतो गरे । त्यसपछि येशू मानिसहरुका बीचमा खुल्लमखुल्ला हिँड्डुल गर्नुभएन । त्यहाँबाट उहाँ उजाड-स्थानको नजीकमा रहेको एफ्राइस-भन्ने सानो गाउँमा जानुभयो । त्यहाँ चेलाहरुसँग बस्नुभयो ।

यहूदीहरुको निस्तार-चाड नजीक आइसकेको थियो -येशूको मण्डलीको शुरुवात् भएको पहिलो निस्तार-चाडदेखिको यो तेस्रो वर्ष थियो । आफूलाई शुद्ध पार्न भनी धेरै मानिसहरु यरुशलेम आए । तिनीहरु निस्तार-चाडको अघि आफूलाई-शुद्ध पार्न चाहन्थे ।

तिनीहरुमध्ये धेरैले येशूको खोजी गरे । तिनीहरु लाजरसलाई येशूले पुनर्जीवित गर्नुभएको खबर बारे सम्भवत : अवगत थिए । शासकहरुले उहाँलाई मार्न खोजेका छन् भन्ने कुरा तिनीहरुलाई थाहा थियो । मुख्य पूजाहारीहरु र फरिसीहरुले चाहिँ येशूलाई पक्रन उहाँ कहाँ हुनुहुन्छ भनी कसैले थाहा पाए खबर गर्नु भन्ने आज्ञा दिएका थिए । उनीहरुमा उहाँ देखा पर्नुहुन्छ कि भन्ने उत्सुकता थियो । बाटाहरु येशूको चर्चाले गुञ्जिएको थियो ।

**याद राख्नुपर्ने कुराहरु :**

७४. येशूले लाजरसलाई मृतकबाट जीवित पार्नुभएको कुरो जब फरिसीहरुले सुने तब ............. ले आक्रमण नै गर्ने हुन कि भनि तिनीहरु डराए ।

७५. समस्त राष्ट्र नष्ट हुनु भन्दा बरु जनताको निम्ति ............ मानिस मर्नुमा नै कल्याण छ भनेर कैयाफाले शासक यहूदीहरुलाई भने ।

७६. वास्तवमा, कैयाफाले अगमवाणी नै बोलेका थिए कि येशू ........... को निम्ति मर्नुहुनेछ ।

७७. शासकहरुले येशूलाई .............. मतो गरे ।

(आफ्ना उत्तरहरु पेज १३८ मा हेर्नुहोस्)

**याद राख्नुपर्ने कुराहरुको उत्तरहरु :**

१. क.खतरापूर्ण, ख. पिता (परमेश्वर), २. उत्सुकता, ३. जान्नुभएको, ४. परमेश्वर, ५. विश्वास, सत्यता ६. निष्पक्ष, ७. खीष्ट ८. पकन ९. स्वर्ग १०. जिउँदो, ११. आत्मा १२. खीष्ट १३. बोलेको थिएन, १४. व्यवस्था, १५. निकोदेमस, निष्पक्ष, १६. परमेश्वर ( मोशा), राज्य, १७. व्यभिचार, (परस्त्री वास) १८. पाप, १९. क्षमा गरें, २०. पाप, २१. ज्योति २२. पिता, २३. मर्नेछन्, २४. पिता, २५. वचन, पक्का, २६. दोष, मुक्त, २७. कमारो, २८. येशू, २९. शैतान, ३०. झूटा ३१. भूत ३२. दिन, प्रफुल्लित, ३३. "म हुँ", ३४. परमेश्वर ३५. पाप, ३६. काम, ३७. दृष्टि ३८. फरिसीहरु, ३९. परमेश्वर, ४०. पाप, ४१. अगमवक्ता, ४२. अनुग्रह ४३. मानिस, पुत्र, ४४. दण्डवत, ४५. अन्धाहरु, देख्न, देख्छन्, अन्धा, ४६. विश्वास, ४७. अस्वीकार, ४८. सोर, ४९. नक्कली ५०. ढोका ५१. येशू ५२. असल ५३. प्राण ५४. अरु, ५५. पुनर्जीवित ५६. सित्तै, ५७. खीष्ट ५८. भनिसकें, विश्वास ५९. अनन्तकाल, ६०. परमेश्वर ६१. साँचो, ६२. मृत्यु, महिमा, ६३. सुरक्षित, ६४. मरेका, ६५. चार, ६६. पुनरुत्थान, जीवन, ६७. मर्नेछैन, ६८. क. खीष्ट, ख. पुत्र, ग. एक, ६९.रुनुभयो, ७०. पाप, मृत्यु, ७१. मानिस, ७२. बाहिर आऊ, ७३. जिउँदै, ७४. रोमी, ७५. एकजना, ७६. मानिसहरु ७७. मार्ने ।

**परीक्षा**
**परिच्छेद ५**

कृपया "याद राख्नुपर्ने कुराहरुको पुनरावलोकन गर्नुहोस ।"

१. येशू गालीलमा नै केही समय बस्नुभयो किनकि उहाँको जीवन ................ थियो ।
२. येशूको शिक्षा ................. बाट आएको थियो ।
३. येशूले भन्नुभयो कि उहाँ त्यहाँ जानुहुनेछ जहाँ उहाँका शत्रुहरु जान सक्ने छैनन् । उहाँ .............. जाने कुरा गर्दै हुनुहुन्थ्यो ।
४. येशूले भन्नुभयो कि जस-जसले उहाँमाथि विश्वास गर्छन् उनीहरुमा .................. पानीको खोला बग्नेछ ।
५. मन्दिरका पहरेदारहरुले येशूलाई पक्रेनन् किनकि तिनीहरुले भने कि उहाँले जस्तो कसैले कहिल्यै ............... ।
६. जब यहूदीहरुले त्यस स्त्रीलाई व्यभिचारको दोषी ठहर गरे, तब येशूले तिनीहरुलाई जो .......... रहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस भन्नुभयो ।
७. येशूले त्यस स्त्रीको व्यभिचार क्षमा गर्नुभयो अनि फेरि ......... नगर भन्नुभयो ।
८. येशूले गर्नुभएको सबै कामले ................ लाई खुशी तुल्यायो ।
९. येशूका साँचो चेलाहरु उहाँको .............. (............ ) मा पक्का रहनेछन् ।
१०. जसले पाप गर्दछ, ऊ पापको ................. बन्दछ ।
११. येशूले हामीलाई पापबाट ................ गर्नुहुन्छ ।
१२. येशूले "अब्राहाम हुनु भन्दा अगावै .............. ................ " भन्नुभयो ।

१३. यहूदीहरुले येशूलाई ढुङ्गा हान्न चाहन्थे किनकि उहाँले आफूलाई ............ बराबर देखाउनु भयो ।

१४. येशूले एक अन्धा मानिसलाई दृष्टि प्रदान गर्न सक्नुभयो किनभने उहाँ परमेश्वरद्धारा .......... प्राप्त हुनुहुन्थ्यो ।

१५. जो येशूमा विश्वास गर्दछन् तिनीहरु आत्मिक अन्धा होइनन्, किनकि तिनीहरुले .......... ।

१६. जस-जसले येशूलाई अस्वीकार गर्दछन्, ती ठान्दछन् कि तिनीहरु देख्दछन् तर आत्मिक रुपले तिनीहरु ................. हुन् ।

१७. येशूले, "म .......... गोठालो हुँ" भन्नुभयो ।

१८. येशूले भन्नुभयो कि उहाँ आफ्ना भेडाहरुका निम्ति आफ्नो .............. दिनुहुनेछ ।

१९. येशू आफ्ना भेडाहरुलाई ............... सम्म सुरक्षित राख्नुहुन्छ ।

२०. येशूले भन्नुभयो कि धर्मशास्त्र हर-तरहले ................. हुन्छ ।

२१. येशूले पुनरुत्थानको बारेमा मार्थालाई भन्नुभयो, " ........... र ................. म नै हुँ ।"

२२. येशूले चिहानबाट लाजरसलाई बोलाएर ................. बाट जीवित पार्नुभयो ।

२३. शासकहरुले येशूलाई ............. मतो गरे ।

(आफ्ना उत्तरहरु पेज २४४ मा हेर्नुहोस)



विश्वास गर्नुहोस् अनि जिउनुहोस् ।

**अध्याय ६:**
**येशूले उहाँको मृत्युको निम्ति कसरी आफ्ना चेलाहरुलाई तयार पार्नुभयो**

यूहन्ना १२:१ , यूहन्ना १७:२६

## अध्याय ६:
## येशूले उहाँको मृत्युको निम्ति कसरी आफ्ना चेलाहरुलाई तयार पार्नुभयो

### मरियमले उहाँको अभिषेक गरेको अर्थ येशूले स्पष्ट पार्नुभयो ।

(यूहन्ना १२:१ -११ पढ्नुहोस् ।)

[१]निस्तार-चाडको छ दिनअघि येशू बेथानियामा आउनुभयो । त्यहाँ लाजरस बस्थे, जसलाई
येशूले मृतकबाट जीवित पार्नुभएको थियो । [२]तिनीहरुले उहाँको निम्ति त्यहाँ बेलुकीको भोजन तयार
गरे । मार्थाले सेवा-टहल गर्थिन्, अनि लाजरसचाहिँ उहाँसँगै खान बस्नेहरुमध्ये एक जना थिए । [३]तब
मरियमले आधा लिटर जति कीमती जटामसीको सुगन्धित अत्तर ल्याएर येशूका पाउमा मलिन्, अनि
उहाँका पाउ आफ्ना केशले पुछिन्, र अत्तरको बास्नाले घर भरियो ।
[४]तर उहाँका चेलाहरुमध्ये एक जना अर्थात, उहाँलाई पक्राउन खोज्ने यहूदा इस्करियोतले भन्यो,
[५]"यो अत्तर तीन सय चाँदीका सिक्कामा बेचेर त्यो रकम गरीबहरुलाई दिए हुँदैनथ्यो ?" [६]तर त्यसले
गरीबहरुको ख्याल राखेर यो भनेको थिएन, किनकि त्यो चोर थियो, र पैसाको थैलो त्यसैले राख्थ्यो,
अनि त्यहाँबाट चोर्ने गर्थ्यो ।
[७]येशूले भन्नुभयो, "यिनलाई केही नभन, मेरो दफन-दिनको लागि यिनलाई त्यो राखिछोड्न
देऊ । [८]किनभने गरीबहरु सधैं तिमीहरुसँग हुन्छन्, तर म त सधैं तिमीहरुसँग हुन्नँ ।"
[९]यहूदीहरुको एउटा ठूलो भीडले उहाँ त्यहाँ हुनुहुन्छ भन्ने थाहा पायो, र येशूको खातिरमा मात्र
होइन, तर उहाँले मृतकबाट जीवित पार्नुभएको लाजरसलाई पनि हेर्न भनी तिनीहरु आएका थिए ।
[१०]यसैले मुख्य पूजाहारीहरुले लाजरसलाई पनि मार्ने मतो गरे । [११]किनभने तिनैले गर्दा येशूमाथि
विश्वास गर्न लागेका थिए ।

निस्तार-चाडको छ दिन अघि येशू यरुशलेम नजिक बेथानियामा आउनुभयो । उहाँ मरियम, मार्था र लाजरसको घरमा जानुभयो । तिनीहरुले येशूको सम्मानमा बेलुकीको भोजन तयार गरे । अझै सम्म जीवित लाजरस, येशूसँगै खाना खान बसे ।

मरियमले आधा लिटर जति धेरै कीमती जटामसीको सुगन्धित अत्तर ल्याइन् । तिनले त्यो अत्तर येशूको पाउमा मलिन अनि उहाँको पाउ आफ्नो केशले पुछिन् । अनि त, अत्तरको बास्नाले घर भरियो ।

तर येशूका चेलाहरु मध्ये एकजना यहूदा इस्करियोतलाई मरियमले त्यसो गरेको मन परेन । त्यही यहूदा थियो । जसले येशूलाई उहाँको शत्रुहरुको हातमा सुम्पिनेवाला थियो । धेरै नोक्सान भएकोमा यहूदाले विरोध गऱ्यो । त्यो अत्तर एक

वर्षको तलब बराबर मूल्यको थियो । यसलाई बेच्न सकिन्थ्यो र गरीबहरुलाई बाँड्न सकिन्थ्यो ।

यो असल विचार थियो । तर यहूदाले गरीबको ख्याल राख्दैन थियो । उसले येशूको पनि ख्याल राख्दैनथियो । ऊ चोर थियो अनि येशू र बाह्रजना चेलाहरुको पैसा उसले राख्दथ्यो । उसले पैसा हात पार्ने काम गर्दथ्यो । अत्तर बेचेर आउने पैसामा उसले कसरी हात पार्ने भन्ने बारेमा उसले मतलब राखेको थियो ।

येशूले यहूदाको दुष्ट स्वभावको पर्दाफास गर्नुभएन । तर उहाँलाई यसको ज्ञान थियो । उहाँले यति मात्र भन्नुभयो, "यिनलाई केही नभन, छोडदेऊ ।" अनि उहाँले के हुनेछ भन्ने बारे फेरि भविष्यवाणी गर्नुभयो । उहाँले भन्नुभयो, "यो अत्तर मेरो दफन-दिनको निम्ति हो ।"

येशू चाँडै नै मर्नु हुनेछ भनेर मरियमले अनुमान लगाउनु । येशूलाई थाहा थियो र यसो भन्नुभयो । उहाँले स्पष्टसँग भन्नुभयो, "दिनको निम्ति गरीबहरु सधैं तिमीहरुसँग हुन्छन्, तर म त सधैं तिमीहरुसँग हुन्न ।"

येशूले "गरीबलाई दिनु हुन्न" भन्नुभएको थिएन । उहाँले भन्दै हुनुहुन्थ्यो कि उहाँको यस्तो प्रकारले सम्मान गर्ने बेला मृत्यु अघि फेरि आउने छैन । येशूलाई सम्मान गर्ने सधैं नै अरु सबै थोक भन्दा पहिले अनि सबै भन्दा महत्वपूर्ण कुरा हो ।

येशू लाजरसको घरमा रहनुभएको कुरा अब सर्वत्र भइसकेको थियो । येशू र उहाँले मृत्युबाट पुनरुत्थान गर्नुभएको मानिसलाई हेर्न धेरै यहूदीहरु आए ।

येशूका शत्रुहरुले देखे कि येशूले लाजरसलाई पुनर्जीवित गर्नुभएकोले धेरै मानिसहरुले उहाँमा विश्वास गर्न थालिसके । तसर्थ तिनीहरुले लाजरसलाई पनि मार्ने निधो गरे ।

**याद राख्नुपर्ने कुराहरु :**

१. मरियमले येशूको पाउमा ................. मलिन र उहाँका पाउ आफ्ना .............. ले पुछिन ।

२. यहूदा इस्करियोतले विरोध गऱ्यो किनकि अत्तरमा गरिएको खर्च ............... लाई दिन सकिन्थ्यो ।

३. यहूदाले वास्तवमा पैसा चाहेको थियो किनकि त्यो समूहको पैसाको जिम्मा उसले लिएको थियो । अनि उ ............... थियो ।

४.  येशूले त्यो अत्तर उहाँको  ................ को निम्ति हो ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् ।)

## मानिसहरुले येशूलाई राजालाई झैं स्वागत गरे ।

(यूहन्ना १२:१२-१९ पढ्नुहोस् ।)

[१२]भोलिपल्ट चाडमा आउने ठूलो भीडले येशू यरुशलेममा आउँदैहुनुहुन्छ भन्ने सुन्यो, [१३]र
मानिसहरु खजूरका हाँगाहरु लिएर उहाँलाई स्वागत गर्न कराउँदै निस्के,
"होसन्ना !
धन्य परमप्रभुको नाउँमा आउने
इस्राएलका राजा !"
[१४]अनि गधाको एउटा बछेडो भेट्टाएर येशू त्यसमाथि चढ्नुभयो, जस्तो लेखिएको छ,
[१५]"सियोनकी छोरी, नडराऊ ।
हेर, तिम्रा राजा गधाको बछेडामाथि सवार भएर आउँदैहुनुहुन्छ ।"
[१६]यी कुराहरु उहाँका चेलाहरुले पहिले बुझेनन् । तर येशूको महिमा भएपछि यी कुरा उहाँको विषयमा लेखिएका थिए, र यी काम उहाँको निम्ति तिनीहरुले गरेका हुन् भन्ने तिनीहरुले सम्झे ।
[१७]उहाँले लाजरसलाई चिहानबाट बोलाएर मृतकबाट जीवित पार्नुहुँदा उहाँका साथमा हुने भीडका मानिसहरुले उहाँको गवाही दिई नै रहे । [१८]उहाँले यो चिन्ह गर्नुभएको थियो भनी सुनेका हुनाले पनि
भीड उहाँलाई भेट्न गएको थियो । [१९]फरिसीहरुले तब एक-अर्कालाई भन्न लागे, "हेर, तिमीहरुबाट केही हुने होइन । देख्तछौ, संसारै त्यसको पछि लागिसक्यो ।"

निस्तार-चाडमा आएका ठूलो भीडले येशू भोलिपल्ट यरुशलेममा आउँदैहुनुहुन्छ भन्ने थाहा पाए । तिनीहरु खजूरका हाँगाहरु लिएर उहाँलाई स्वागत गर्न कराउँदै निस्के ।

तिनीहरुले भजनसंग्रह ११८ :२५,२६ को भजन "होसन्ना ! धन्य परमप्रभुको नाउँमा आउने इस्राएलका राजा ! " भनेर जोडले गाए । तिनीहरुले उहाँलाई इस्राएलका राजालाई झैं स्वागत गरे ।

"होसन्नाको" अर्थ हे परमप्रभु, हामीलाई बचाउनुहोस्" भन्ने हो । यो भजन निस्तार-चाडमा गाइएका भजनहरु मध्येको एक हो । तिनीहरुले यो भजन निस्तारका थुमाहरुको बलि चढाएपछि गाउँदथे । अब चाहिँ तिनीहरुले परमेश्वरको थुमा तिनीहरुको निम्ति बलि चढाइन लागिएकोले यो भजन गाए । तर तिनीहरुले राजालाई जस्तै गरी उहाँको निम्ति गीत गाए । उहाँ यरुशलेममा मर्नको निम्ति आउनु भएको हो भन्ने तिनीहरुलाई थाहा थिएन ।

येशू गधाको एउटा बछेडामाथि सवार भएर आउनुभयो । उहाँ अगमवक्ता जकरियाको वचन -जकरिय९:९) पूरा गर्दै हुनुहुन्थ्यो : "हे सियोनकी छोरी, खूब रमाऊ ।  हे यरुशलेमकी छोरी, जोरसित कराऊ ! हेर, तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ । उहाँ भला हुनुहुन्छ, र उहाँ गधाको बछेडा माथि सवार हुनुभएको छ ।" येशू दाऊदका वंशतर्फको मसिह अनि राजा हुनुहुन्थ्यो । उहाँ सम्मान अनि महिमाको गीत प्राप्त गर्नको निम्ति यरुशलेम प्रवेश गर्नुभयो ।

जब येशू मृत्युबाट पुनर्जीवित हुनुभयो अनि स्वर्गको महिमामा पुग्नुभयो तबमात्र चेलाहरुले यो घटनालाई बुझ्न सके । विश्वासीहरुले हिजो-आज यसलाई इस्टरको रुपमा मनाउँछन् ।

येशूले लाजरसलाई मृत्युबाट जीवित पार्नुहुँदा उहाँका साथमा हुने भीडका मानिसहरुले उहाँको गवाही दिई नै रहे  । त्यस्तो महान आश्चर्यकर्म गर्ने मानिसलाई हेर्नको लागि धेरै भन्दा धेरै मानिसहरु त्यहाँ गए ।

येशूको यो प्रशंसाले फरिसीहरुलाई धेरै नै सकष्टमा पाऱ्यो । तिनीहरुले जोडसँग भने, "देख्तछौ, संसारै त्यसको पछि लागिसक्यो !"

**याद राख्नुपर्ने कुराहरु :**

५. मानिसहरु जो निस्तार-चाडको निम्ति यरुशलेम आए । तिनीहरुले ............. का हाँगाहरु लिएर उहाँलाई स्वागत गर्न निस्के ।


६. तिनीहरुले येशूलाई भजनसंग्रह ११८ को स्तुति : " ................. ! परमप्रभुको नाउँमा आउने धन्यको हो " भनेर प्रशंसा गरे ।

७. तिनीहरुले उहाँलाई इस्राएलका ............... भनी स्वागत गरे ।

८. अगमवक्ता ................. को वचन पूरा गर्न येशू गधाको बछेडामा सवार हुनुभयो ।

९. फरिसीहरु येशूको प्रशंसाले गर्दा यति साह्रै रिसले चुर भए कि तिनीहरुले कराएर भने, "देख्तछौ, .............. त्यसको पछि लागिसक्यो !"

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् ।)



येशू बछेडामाथि सवार भएर यरुशलेम आउँदैहुनुहुन्छ ।

## आफ्नो मृत्युबारे येशूले फेरि भविष्यवाणी गर्नुभयो ।

(यूहन्ना १२ :२०-३६ पढ्नुहोस् ।)

२०चाडमा आराधना गर्न जानेहरुमध्ये कोही-कोही ग्रीकहरु पनि थिए । २१तिनीहरु गालीलको
बेथसेदा निवासी फिलिपकहाँ आएर यसो भनेर बिन्ती गरे, “हजूर, हामी येशूलाई भेट्न चाहन्छौं
।”२२फिलिपले गएर अन्द्रियासलाई भने, र अन्द्रियास र फिलिप गएर यैशूलाई भने ।
२३येशूले तिनीहरुलाई जवाफ दिनुभयो, “मानिसको पुत्रको महिमित हुने समय आइपुगेको छ ।
२४साँच्चै, म तिमीहरुलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एकलो रहन्छ । तर त्यो
मऱ्यो भने त्यसले धेरै फल फलाउँछ । २५आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो
प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ । २६कसैले मेरो
सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ । कसैले मेरो सेवा
गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ ।
२७“अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ ? हे पिता, मलाई यस घडीबाट बचाउनुहोस् ?
होइन, यसैकारणले नै म यस घडीसम्म आइपुगेको छु । २८हे पिता, तपाईका नाउँमा महिमा गर्नुहोस्
।”
तब स्वर्गबाट यस्तो एउटा आवाज आयो, “मैले यो महिमा गरेको छु, र फेरि गर्नेछु ।” २९त्यहाँ
खडा भएको भीडले यो सुनेर भन्यो, “यो मेघ गर्जन हो !” अरुहरुले भने, “स्वर्गदूत उनीसँग बोलेका
हुन् !”
३०येशूले जवाफ दिनुभयो, “यो आवाज मेरो निम्ति भएको होइन, तर तिमीहरुका निम्ति हो ।
३१अब यस संसारको न्याय हुन्छ । यस संसारको शासक बाहिर फालिनेछ । ३२अनि जब म पृथ्वीबाट
उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु ।” ३३उहाँको मृत्यु कुन प्रकारले हुने हो, सो सङ्केत
दिनलाई उहाँले यसो भन्नुभएको थियो ।
३४भीडले उहाँलाई सोध्यो, “ख्रीष्ट सदासर्वदा रहनुहुन्छ भन्ने व्यवस्थाबाट हामीले सुनेका छौं ।
तपाईं कसरी भन्न सक्नुहुन्छ, मानिसको पुत्र उचालिनैपर्छ ? यो मानिसको पुत्रचाहिँ को हो ?”
३५येशूले तिनीहरुलाई भन्नुभयो, अझ अलि बेरसम्म ज्योति तिमीहरुसँग छ । ज्योति
तिमीहरुसँग छउञ्जेल हिँड्डुल गर, ताकि अन्धकारले तिमीहरुलाई नढाकोस् । कोही अन्धकारमा
हिँड्डुल गर्छ भने, त्यसले आफू कहाँ गइरहेछु, सो थाहा पाउँदैन । ३६जबसम्म ज्योति तिमीहरुसँग छ
ज्योतिमा विश्वास गर, र तिमीहरु ज्योतिका सन्तान होओ ।” यी कुरा भन्नुभएपछि, येशू त्यहाँबाट
जानुभयो, र तिनीहरुबाट लुकेर बस्नुभयो ।

इस्राएलका यहूदीहरुले येशूमा इच्छा मात्र राखेनन् । चाडमा आएका केही ग्रीकहरुले येशूका चेला फिलिपसँग सहायता मागे । तिनीहरुले भने, “हजूर, हामी येशूलाई भेट्न चाहन्छौं ।” फिलिपले गएर अन्द्रियासलाई भने अनि दुवै जना गएर येशूलाई भने ।

ती ग्रीकहरुलाई के भएको थियो भन्ने कुरो हामी जान्दैनौ । येशूले त्यो अनुरोधलाई फेरि एक पल्ट प्राप्त भएको शिक्षा दिने अवसरको रुपमा लिनुभयो । तर हामी तिनीहरुबाट जान्न सक्छौं । हामीमा त्यो उत्साह चाहिन्छ जसले भन्दछ,, "हामी येशूलाई भेट्न चाहन्छौं ।"

येशूले तिनीहरुलाई जवाफ दिनुभयो, मानिसको पुत्र महिमित हुने समय आइपुगेको छ । पिताले गर्नु भनि पठाउनु भएको काम उहाँले पूरा गर्नु हुनेछ । तैपनि महिमा भन्दा पहिले मृत्यु आउनु पर्नेछ । येशूले बीउको प्रयोग गर्नुभयो । यो जमिनमा खस्छ अनि टुसा पलाउनु, बढ्नु र अरु धेरै बीउहरु उत्पन्न गर्नु भन्दा पहिल्यै मर्नेछ । तसर्थ येशू संसारको पापहरुको निम्ति मर्नु पर्नेछ ।

तर एक पकट मर्नु भए पछि । उहाँ पुनर्जीवित हुनुहुनेछ । उहाँको जीवन र मृत्युले एउटा महान् फैसला पैदा गर्नेछ । धेरै आत्माहरुले उहाँमा विश्वास गर्नेछन् अनि अनन्त जीवन प्राप्त गर्नेछन् ।

जब हामी येशूको सेवा गर्दछौं अनि उहाँको अनुसरण गर्दछौं । हामी सधैं उहाँसँग हुनेछौं अनि उहाँ हामीसँग । जसले येशूको सेवा गर्दछ, उसको कदर पिताले गर्नुहुन्छ ।

उहाँले भविष्यमा सामना गर्नु पर्ने कष्ट देखेर उहाँ चिन्तित हुनुभयो । तर उहाँ आफ्नो पवित्र उदेश्य बाट खुम्चिनु भएन । उहाँ योजना अनुरुप त्यहाँ मर्नको लागि आउनु भएको थियो । उहाँले परमेश्वरसँग भन्नुभयो, "हे पिता, तापईको नाउँको महिमा गर्नुहोस् ।"

परमेश्वरले स्वर्गबाट जवाफ दिनुभयो : मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु ।" उहाँको आवाज मेघ गर्जन झैं थियो । केहीले यो मेघ गर्जन हो भने र केहीले स्वर्गदूत भने । परमेश्वरले मानिसहरुको फाइदाको निम्ति त्यहाँ बोल्नुभएको थियो । तिनीहरुले जान्नु पर्ने थियो कि संसारभरि नै अलौकिक घटना घटने वाला थियो ।

परमेश्वर सदैव मानिसहरुप्रति इमान्दार हुनुहुन्छ । उहाँले आफ्ना सबै प्रतिज्ञाहरु पूरा गर्नुभएको छ । जसलाई यो थाहा छ, उसले उहाँको नामको प्रशंसा गर्दछ । अब उसले उहाँको नाउँमा प्रशंसा ल्याउने छ । अब उसले उहाँको पुत्रको मृत्यु अनि पुनरुत्थानको माध्यमबाट उहाँको नाउँमा प्रशंसा ल्याउने छ ।

त्यसपछि येशूले आफू कसरी मर्नुहुनेछ अनि उहाँको मृत्युले के असर पार्नेछ भन्ने बारेमा बोल्नुभयो । यो पापपूर्ण संसारको परीक्षा हुने बेला आइसकेको थियो ।

त्यसपछि उहाँ कसरी मर्नुहुनेछ अनि उहाँको मृत्युले के असर पार्नेछ भन्ने बारेमा येशू बोल्नुभयो । यस पापी संसारको न्याय गरिने बेला आइसकेको थियो । सर्वप्रथम यस संसारको शासक बाहिर फालिनु पर्नेथियो । शैतानलाई परास्त गर्नको निम्ति परमेश्वरको पुत्र येशू मर्नु परेको थियो । उहाँ पृथ्वीबाट क्रूसमा उचालिनु परेको थियो ।

क्रूसमा भएको उहाँको मृत्युद्धारा येशूले सबै मानिसहरुलाई आफूतिर खिँच्नुहुनेछ । येशूसँग अनि उहाँको मृत्युसँग उनीहरुले कसरी सम्बन्ध राख्दछन् त्यसैको आधारमा मानिसको न्याय हुनेछ । उनीहरुको पापको मुल्य चुकाउन येशू मर्नुभयो भनेर जसले उहाँमा विश्वास गर्दैनन् उनीहरु दोषी ठहरिनेछन् । येशूले यो सत्यता पहिल्यै नै सिकाई सक्नु भएको छ (यूहन्ना ३:३६ हेर्नुहोस्) । तब उहाँले यसलाई क्रूसमा हुने उहाँको मृत्युसँग जोड्नुभयो ।

संसारको न्याय हुनेछ भनेर येशूले भन्नुभएको कुराले त्यसबेला मानिसहरुलाई सम्भवत: अलमलमा पारिदियो । तर तिनीहरुले थाहा पाए कि येशू क्रूसमा मर्नु हुनेछ भनेर उहाँ भन्दै हुनु हुन्थ्यो । तथापि, तिनीहरुले यस्तो सोचाईलाई स्वीकारेनन् । तिनीहरुले धर्मशास्त्रबाट थाहा पाएका थिए कि ख्रीष्ट "अनन्त कालसम्म रहनुहुनेछ ।" उनीहरुको विचारमा उहाँ मर्नुहुनेछ भन्ने कुराले प्रवेश पाउँदैन थियो । येशू मृत्युबाट पुनर्जीवित हुनुहुनेछ भन्ने बारे तिनीहरु अझ पनि सोच्न सक्दैनथिए ।

तब येशूले सबभन्दा बढी समय अझ पनि उनीहरुसँग व्यतित गर्ने हुनाले उहाँसँगै बस्नको लागि भन्नुभयो । उहाँ ज्योति हुनुहुन्थ्यो । तिनीहरु ज्योतिमा हिँड्नु उचित थियो । जो अन्धकारमा हिँड्दछ त्यो हराउँदछ । तर यदि तिनीहरुले ज्योतिमा विश्वास गरेन भने, तिनीहरु ज्योतिको सन्तान हुन सक्दैन् ।

फेरि  एकपल्ट, अलिकति बेग्लै तरिकाले येशूले विश्वास गर्न र जिउन सिकाउनु भयो । तब उहाँले तिनीहरुलाई छोड्नुभयो र तिनीहरुबाट लुकेर बस्नुभयो ।

**याद राख्नुपर्ने कुराहरु :**

१०. चाडमा जानेहरुमध्ये केही ............... ले येशूलाई भेट्ने इच्छा फिलिपसँग व्यक्त गरे ।

११. येशूले उहाँ मर्नु हुनेछ अनि पुनरुत्थान हुनुहुनेछ भन्ने बताउनको निम्ति ( .........) .............. को प्रयोग गर्नुभयो ।

१२. येशूको निम्ति महिमा आउन अघि ................. आउनु पर्नेछ ।

१३. यो संसारको शासक .............. हो ।

१४. जब येशूले उहाँ "उचालिनु पर्नेछ" भन्नुभयो, उहाँ आफ्नो मृत्यु ............. मा हुने कुरा गर्दै हुनुहुन्थ्यो ।

१५. परमेश्वरले येशूको प्रार्थनाको जवाफ ............. .............. गरेझैं आवाजमा दिनुभयो । उहाँले भन्नुभयो कि फेरि पनि उहाँले आफ्नो नाउँमा ............ गर्नुहुनेछ ।

१६. येशूसँग अनि उहाँको ................ सँग उनीहरुले कसरी सम्बन्ध राख्दछन् त्यसकै आधारमा मानिसको न्याय हुनेछ ।

१७. जस-जसले येशूमा विश्वास गर्दैनन् ती ............ ठहरिनेछन् ।

१८. जस-जसले येशूमाथि विश्वास गर्दछन् तिनीहरुले .............. पाउने छन् ।

(आफ्नो उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् ।)

## येशूका विरोधी यहूदीहरुले अझ पनि येशूमाथि विश्वास गरेनन् ।

(यूहन्ना १२ :३७ -५० पढ्नुहोस् ।)

३७उहाँले तिनीहरुका सामुन्ने यतिका चिन्हहरु गर्नुभएको थियो, तापनि तिनीहरुले
उहाँमाथि विश्वास गरेनन् । ३८यो आवश्यक थियो, कि यशैया अगमवक्ताको वचन पूरा होस् ,
"हे परमप्रभु, हाम्रो सन्देश कसले विश्वास गऱ्यो ?
अनि परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो ?"
३९यसकारण तिनीहरुले विश्वास गर्न सकेनन्, किनभने यशैयाले फेरि यसो भनेका छन्,
४०"उहाँले तिनीहरुका आँखा बन्द गरिदिनुभएको छ,
र तिनीहरुका हृदय कठोर पारिदिनुभएको छ,
यसरी तिनीहरुले आँखाले नदेखून.,
अनि हृदयले नबुझून्,
नत्रता तिनीहरु फर्कनेछन्
र मैले तिनीहरुलाई निको पार्नुपर्छ ।"

[41]यशैयाले यी कुरा भने, किनकि तिनले उहाँको महिमा देखे, र उहाँको विषयमा भने ।

[42]तरै पनि शासकहरुमध्ये धेरैले उहाँमाथि विश्वास गरे, तर फरिसीहरुको डरले गर्दा, र तिनीहरुले सभाघरबाट निकालिदिन्छन् भन्ने डरले त्यो स्वीकार गरेनन् । [43]किनभने परमेश्वरको प्रशंसा भन्दा मानिसको प्रशंसा तिनीहरु बढी रुचाउथे ।

[44]येशूले उच्च स्वरले भन्नुभयो, "मलाई विश्वास गर्नेले मलाई होइन, तर मलाई पठाउनुहुनेमाथि विश्वास गर्दछ । [45]जसले मलाई देख्तछ । [46]म संसारमा ज्योति भएर आएको छु, ताकि ममाथि विश्वास गर्ने अन्धकारमा नरहोस् ।

[47]"कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ । किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ । [48]मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एउटा न्यायधिश छन् । जो वचन मैलें बोले त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ । [49]किनभने मैले आफ्नै तर्फबाट बोलिनँ, तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई आज्ञा दिनुभएको छ । [50]म जान्दछु, कि उहाँको आज्ञा अनन्त जीवन हो । यसकारण म जे बोल्दछु, पिताले मलाई भन्नुभएअनुसार बोल्दछु ।"

यो कुरा बुझ्न अति नै गाह्रो छ कि येशूले तिनीहरुको सामुन्ने यतिका चिन्हहरु गर्नुभएको थियो । तापनि यहूदीहरुले उहाँमाथि विश्वास गरेनन् । तर त्यसले पनि परमेश्वरको वचन पूरा गऱ्यो । धेरैले विश्वास गर्ने छैनन् भनेर अगमवक्ता यशैयाले चेताउनी दिनु भएको थियो । मुक्तिदाताको विरुद्धमा तिनीहरुले आफ्नो बुद्धिमा बिर्को लगाउने छन् । तब त, परमेश्वरले तिनीहरुको आँखा बन्द गरिदिनुभएको छ अनि हृदयले नबुझ्ने पारिदिनुभएको छ, किनभने तिनीहरुले प्रभुबाट निको हुन अस्वीकार गरे ।

यशैयाले यसो भने किनकि उनले येशूको महिमा देखे । उनले येशूको मण्डलीमा यो समयको बारेमा भविष्यवाणी गर्नुभयो ।

तैपनि, धेरै जसो धर्मगुरुहरुले येशूमाथि विश्वास गरे । तर तिनीहरुले फरिसीहरुको डरले गर्दा स्वीकार गरेनन् । फरिसीहरुले तिनीहरुलाई सभाघरबाट निकालिदिन सक्नेथिए । "तिनीहरु परमेश्वरको प्रशंसाभन्दा मानिसको प्रशंसा बढी रुचाउँथे ।"

येशू यहूदीतर्फ फेरि फर्कनुभयो । उहाँले तिनीहरुलाई फेरि पनि ज्योति तर्फ डोऱ्याउने प्रयास गर्नुभयो । उहाँले तिनीहरुलाई भन्नुभयो कि उहाँलाई विश्वास गर्नेले उहाँले पठाउनुहुनेमाथि विश्वास गर्दछ जब हामी येशूलाई देख्दछौं, तब हामी उहाँलाई पठाउनुहुनेलाई देख्दछौं । येशू उहाँको उपस्थिति बारे भन्दै हुनुहुन्थ्यो । उहाँ
आफ्नो अगाध प्रेम सम्बन्धित शिक्षा बारे अनि संसारको उद्धार गर्ने पवित्र उदेश्य बारे बताउँदै हुनुहुन्थ्यो । उहाँ को हुनुहुन्छ भन्ने बारे उहाँ भन्दै हुनुहुन्थ्यो । पिता अनि पुत्र एक हुनुहुन्छ ।

उहाँको वचन ग्रहण नगर्नेलाई न्याय गर्नको लागि येशू आउनु भएको थिएन । उहाँको वचनले नै अन्त्यको दिनमा तिनीहरुको न्याय गर्नेछ । उहाँले अनन्त सत्यको बारेमा बताउनु भयो । तर तिनीहरुले यसप्रति ढाड फर्काए । उहाँले स्वर्गका पिताले आज्ञा दिनुभए अनुसार वचन बोल्नुभयो । उहाँले अनन्त जीवनतर्फ डोर्याउने वचन तिनीहरु समक्ष प्रकट गर्नुभयो । उहाँको वचन अस्वीकार गरेर, यहूदीहरुले येशूलाई नै अस्वीकार गरे । पितालाई अस्वीकार गरे, अनि तिनीहरुले अनन्त जीवन अस्वीकार गरे ।

**याद राख्नुपर्ने कुराहरु :**

१९. अगमवक्ता ................ ले चेतावनी दिएका थिए कि धेरैले येशूमाथि विश्वास गर्ने छैनन् ।

२०. येशूमा विश्वास गर्ने केहीले यो स्वीकार गर्दैन थिए किनकि तिनीहरु ............ सँग डराउँथे ।

२१. तिनीहरु परमेश्वरको प्रशंसा भन्दा ........... को प्रशंसा बढी रुचाउँथे ।

२२. पिता अनि पुत्र .............. हुनुहुन्छ ।

२३. येशूले उहाँलाई विश्वास नगर्नेहरुलाई उहाँले न्याय गर्नुपर्दैन भन्नुभयो । उहाँको ......... ले अन्त्यको दिनमा न्याय गर्नेछ ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् ।)

## येशूले आफ्ना चेलाहरुको गोडा धुनुभयो ।

(यूहन्ना १३ः १-१७ पढ्नुहोस् ।)

[१]निस्तार-चाडको अघि यस संसारबाट बिदा भएर पिताकहाँ जाने उहाँको समय आइपुग्यो भन्ने येशूले थाहा पाउनुभयो, अनि संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर उहाँले तिनीहरुलाई अन्त्यसम्मै प्रेम गर्नुभयो ।

२अनि बेलुकीको भोजनको बेला दियाबलसले सिमोनको छोरो यहूदा इस्करियोतको मनमा उहाँलाई
पक्राइदिने विचार अघिबाटै हालिसकेको थियो । ३पिताले सबै थोक उहाँका हातमा दिनुभएको छ, र
उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो, र परमेश्वरकहाँ नै जाँदैहुनुहुन्छ भन्ने कुरा येशूले जान्नुहुँद
थियो । ४अनि उहाँ भोजनबाट उठ्नुभयो, र बाहिरी वस्त्र एकातिर राखी एउटा तौलिया आफ्नो
कम्मरमा बेह्रनुभयो । ५तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरुका गोडा धुन लाग्नुभयो, र
आफूले बेह्रेको तौलियाले तिनीहरुका गोडा पुछ्न लाग्नुभयो ।
६जब उहाँ सिमोन पत्रुसकहाँ आउनुभयो, तिनले उहाँलाई भने, "प्रभु, के तपाईंले मेरो गोडा धुने ?"
७येशूले तिनलाई जवाफ दिनुभयो, "म के गर्दैछु तिमी अहिले जान्दैनौं, तर पछि बुझ्नेछौ ।"
८पत्रुसले उहाँलाई भने, "तपाईंले मेरा गोडा कहिल्यै धुनुहुनेछैन ।"
येशूले तिनलाई जवाफ दिनुभयो, "मैले धोइदिइनँ भनेता मसित तिम्रो केही हिस्सा हुनेछैन ।"
९सिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु, मेरा गोडा मात्र होइन, तर मेरा हात र
शिरसमेत धोइदिनुहोस् ।"
१०येशूले तिनलाई भन्नुभयो, "नुहाइसकेको मानिसलाई गोडाबाहेक अरु केही धुनुपर्दैन,
त्यो सम्पूर्ण शुद्ध छ । अनि तिमीहरु शुद्ध छौ, तर सबै त होइन ।" ११किनभने उहाँलाई विश्वासघात
गर्नेलाई उहाँले चिन्नुभएको थियो । यसैकारण उहाँले भन्नुभएको थियो, "तिमीहरु सबै शुद्ध छैनौ ।"
१२तिनीहरुका गोडा धोइसकेपछि आफ्नो बाहिरी वस्त्र लाएर उहाँ फेरि बस्नुभयो । तब
उहाँले तिनीहरुलाई भन्नुभयो, "के तिमीहरु जान्दछौं, मैले तिमीहरुका निम्ति के गरें ? १३तिमीहरु
मलाई "गुरु र प्रभू" भन्दछौं, त्यो तिमीहरु ठीकै भन्दछौं, किनभने म उही हुँ । १४यदि तिमीहरुका प्रभु
र गुरु भईकन मैले तिमीहरुका गोडा धोएको छु भने तिमीहरुले पनि एक अर्काका गोडा धुनुपर्छ,
१५किनकि मैले तिमीहरुलाई एउटा उदाहरण दिएको छु, र जसो मैले तिमीहरुका निम्ति गरे, तिमीहरुले
पनि त्यसै गर । १६साँच्चै म तिमीहरुलाई भन्दछु, नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन,अनि खबर
लाने खबर पठाउने भन्दा ठूलो हुँदैन । १७यदि तिमीहरुले यी कुरा जान्यौ र ती गर्‍यौ भने, तिमीहरु
धन्य हुनेछौं ।

येशू र उहाँका चेलाहरुले निस्तार -चाडको भोजन तयार गर्नुभयो । येशूको यस संसारबाट बिदा भएर स्वर्गका पिताकहाँ जाने बेला आइसकेको थियो । उहाँले आफ्ना चेलाहरुलाई कतिको प्रेम गर्नुहुन्थ्यो भन्ने देखाउन उपयुक्त समय थियो ।

यो सबथोक ठीक ठाउँमा थियो । दियाबलसले यहूदा इस्करियोतको मनमा येशूलाई पक्राइदिने विचार अघिबाटै हालिसकेको थियो । अब के गर्नु पर्नेछ भन्ने कुरा येशूलाई थाहा थियो । उहाँ डगमगाउनु हुनेछैन । उहाँ परमेश्वरको तर्फबाट आउनुभएको थियो र परमेश्वरकहाँ नै फिर्दै हुनुहुन्थ्यो ।

तब उहाँ भोजनबाट उठ्नुभयो र बाटामा पानी तयार गर्नुभयो । अनि उहाँले चेलाहरुको गोडा धुन लाग्नुभयो । उहाँले तौलियाले गोडा पुछिदिनुभयो । सामान्यतया : कमारोले गर्ने काम उहाँले गर्नुभयो ।

जब उहाँ सिमोन पत्रुसकहाँ आउनुभयो, तब उनी पछि हटे । तिनले भने, “प्रभु के तपाईंले मेरा गोडा धुने ? उनलाई थाहा थियो कि उनले येशूको सेवा गर्नु पर्दथ्यो तर किन येशूले उनको गोडा धुने ।

येशूले यो ठीकै छ भन्नुभयो । उहाँलाई थाहा थियो कि उहाँले उनको गोडा किन धुन लाग्नु भएको हो त्यो कुरा पत्रुसले बुझ्ने छैनन् । तर येशूले पछि बुझ्नेछन् भनी पत्रुसलाई आश्वासन दिनुभयो ।

येशूले अगाडि देख्दै हुनुहुन्थ्यो कि उहाँ मर्नु हुनेछ अनि पुनर्जीवित हुनुहुनेछ अनि स्वर्गमा उचालिनु हुनेछ । उहाँले पवित्र आत्मा पठाउनु हुनेछ । तब उहाँका चेलाहरुले बुझ्नेछन् ।

पत्रुसले इन्कार गरे । उनले भने, “तपाईंले मेरा गोडा कहिल्यै धुनुहुनेछैन ।

येशूले उनलाई भन्नुभयो कि उहाँले धोइ नदिँदा उहाँसँग पत्रुसको केही हिस्सा हुनेछैन । तब पत्रुसले भने “हे प्रभु, मेरा गोडा मात्र होइन, ” उनले भने, “तर मेरो हात र शिरसमेत धोइदिनुहोस् ।”

पत्रुसले अझसम्म पनि येशूको वचनमा भएको आत्मा सम्बन्धी अर्थ बुझ्न सकेनन् । जीवन प्राप्त गर्नको निम्ति येशूले हामीलाई नुहाएर पाप पखाल्न जरुरी छ ।

येशू फेरि आफ्नो हातको काममा फर्कनुभयो । साधारण स्थितिमा बाहिर जानुभन्दा पहिले मान्छे नुहाँउछ । तसर्थ ऊ शुद्ध हुँदैछ । तर जब ऊ चप्पल लगाएर फोहोर बाटोमा हिँडदछ । उसको गोडा मैला हुन्छ । तसर्थ गोडा बाहेक मात्र ऊ सफा रहन्छ । त्यसैकारण, त्यसले नुहाउन जरुरी छ ।

आत्मिक शुद्धताको बारेमा येशूले तिनीहरु शुद्ध छन् तर सबै होइन भन्नुभयो । एकजनाले उहाँमाथि विश्वास गर्दैन भन्ने उहाँलाई थाहा थियो । त्यसले नै उहाँलाई उहाँका शत्रुहरुको हातमा सुम्पिदिनेछ ।

जब उहाँले चेलाहरुको गोडा धोइसक्नुभयो । तब उहाँले तिनीहरुलाई उहाँको कामबाट के लिनुपर्नेछ भन्ने बारे बताउनु भयो । उहाँले तिनीहरुलाई एउटा उदाहरण दिनुभएको थियो । उहाँ तिनीहरुको प्रभु र गुरु हुनुहुन्थ्यो । तापनि उहाँले तिनीहरुसँग प्रभु झै आचरण गर्नुभएन । बदलामा उहाँले तिनीहरुको सेवा गर्नुभयो । त्यसैले , तिनीहरुले अरुको सेवा गर्नुपर्छ । अरुको गोडा धुन तिमीहरु तयार हुनुपर्छ ।

तिनीहरु मालिकभन्दा कुनै किसिमले ठूलो हो भनेर तिनीहरुले सोच्नु हुँदैन । तिनीहरुलाई पठाउने भन्दा तिनीहरु ठूला छन् भन्ने अनुभूति तिनीहरुले

गर्नुहुँदैन । उहाँले जुन उत्साहले तिनीहरुको सेवा गर्नुभयो, त्यसरी नै तिनीहरुले पनि अरुको सेवा गर्नुपर्दछ ।

विनयशील सेवा सम्बन्धीत यो शिक्षा प्रत्येक ख्रीष्टियानले सिक्नु र अभ्यास गर्नुपर्ने नै हो ।

**याद राख्नुपर्ने कुराहरु :**

२४. निस्तार-चाडको भोजनको समयमा येशूले यस संसारबाट .................. लिएर जाने बेला आइपुग्यो भन्ने उहाँले थाहा पाउनुभयो ।

२५. आफ्नो प्रेम देखाउनको लागि येशूले चेलाहरुको ............ .................. ।

२६. जब पत्रुस पछि हटे, तब येशूले पत्रुसलाई ............बुझ्नेछन् भनी सम्झाउनु भयो ।

२७. जीवन प्राप्त गर्नको निम्ति येशूले हामीलाई नुहाएर .............. पखाल्न जरुरी छ ।

२८. येशूका चेलाहरुले पनि, येशूले जुन उत्साहसाथ ............. गर्नुभयो, त्यसरी नै गर्न तयार रहनुपर्दछ ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् ।)

## यहूदाले उहाँलाई धोखा दिनेछ भन्ने येशूको भविष्यवाणी

(यूहन्ना १३ :१८-३० पढ्नुहोस् ।)

[१८]"मैले तिमीहरु सबैका विषयमा भनिरहेको होइनँ, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु । तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि "मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो ।" [१९]"यो हुन अघि अहिले नै म तिमीहरुलाई भन्दछु, ताकि जब त्यो हुन आउँछ, म उही नै हुँ भनेर तिमीहरुलाई विश्वास होस् । [२०]साँच्चै म तिमीहरुलाई भन्दछु, जसलाई म पठाउँदछु, उसलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ ।"

२१यी कुरा भनेपछि येशू आत्मामा व्याकुल हुनुभयो र उहाँले गवाही दिई भन्नुभयो, “साँच्चै म
तिमीहरुलाई भन्दछु, तिमीहरुमध्ये एक जनाले मलाई पक्राइदिनेछ ।”
२२उहाँले कसको विषयमा भन्नुभएको हो भनी अनिश्चित भएर चेलाहरुले एक अर्कालाई हेराहेर
गरे । २३उहाँका चेलाहरुमध्ये येशूले प्रेम गर्नुहुने चेलाचाहिँ येशूको छातीमा अडेस लागिरहेका थिए ।
२४तब सिमोन पत्रुसले तिनलाई इशारा गरेर सोधे, “उहाँले यो कसको विषयमा भन्नुभएको हो ?”
२५येशूको छातीमा त्यसरी अडेस लागेर नै तिनले उहाँलाई सोध, “प्रभु, त्यो को हो ?”
२६येशूले जवाफ दिनुभयो, “जसलाई म रोटीको टुक्रा चोपेर दिन्छु, त्यो त्यही हो ।” तब उहाँले
रोटीको टुक्रा चोप्नुभयो, र निकालेर त्यो सिमोनको छोरो यहूदा इस्करियोतलाई दिनुभयो । २७रोटीको
टुक्रा लिएपछि शैतान त्यसभित्र पस्यो ।
तब येशूले त्यसलाई भन्नुभयो, “तिमीलाई जे गर्नु छ, सो चाँडै गरिहाल ।”
२८तर उहाँले किन त्यसलाई यसो भन्नुभयो भनी भोजन गर्न बसेकाहरु कसैले पनि बुझेनन् ।
२९किनभने कसै-कसैले यो सोचे, कि यहूदासँग पैसाको थैलो छ, यसैले येशूले त्यसलाई चाडको निम्ति
चाहिएको सामग्री किनोस्, अथवा त्यसले गरीबहरुलाई केही दिओस भन्नुभएको हो । ३०तब रोटीको
टुक्रा लिएपछि यहूदा इस्करियोत तुरुन्तै बाहिर निस्किहाल्यो । त्यस बेला रात परेको थियो ।

यो बेलुकी येशू र उहाँका चेलाहरुले निस्तार-चाडको अन्तिम भोजन एकैसाथ खानुभयो । येशूले तिनीहरुलाई हामी जुनलाई “प्रभुभोज” तथा पवित्र प्रभुभोज भन्दछौं त्यो पनि प्रदान गर्नुभयो । सम्भवतः अरु सुसमचारहरुले पहिल्यै नै उल्लेख गरिसकेको हुनाले यूहन्नाले बिस्तृत रुपमा यसलाई उल्लेख गर्नुभएन ।

येशूले यसपल्ट आफ्ना चेलाहरुलाई आफ्नो मृत्युको तयारीमा पनि लगाउनु भयो ।

येशूलाई आफ्ना चेलाहरुको बारेमा राम्ररी थाहा थियो । तिनीहरुको हृदयमा के थियो भन्ने उहाँलाई थाहा थियो । ती मध्ये एकजनामा उहाँको मार्ग दर्शन अनि कृपा लागू हुन्नथ्यो । उहाँले भन्नुभयो कि (भजनसंग्रह ४१ :९ )को धर्मशास्त्र साँचो ठहर्नेछ : “जसले मेरै रोटी खान्थ्यो, त्यसले मेरो विरुद्धमा लात उठाएको छ ।” त्यो भजनसंग्रहले आउनुहुने मसिहलाई के कस्तो हुने हो भन्ने बारे बताएको थियो ।

समय अगावै चेलाहरुलाई भन्नुभएर, उहाँले तिनीहरुलाई आफ्नो विश्वास बलियो बनाउन अर्को संकेत दिनुभयो । जब यहूदा येशूको विरुद्धमा खनिनेछ, धर्मशास्त्रले यस्तै हुनुपर्नेछ भनेको कुरा तिनीहरुले बुझ्नेछन् । तिनीहरुले येशू मसिह अनि महान “म हुँ” हुनुहुन्थ्यो भन्ने पनि जान्नेछन् ।



येशू आफ्ना जतिलाई प्रभु-भोज दिनुहुन्छ ।

तब येशूले मण्डलीको बारेमा भन्नुभयो जसमा उहाँ तिनीहरुलाई केही कार्य सम्पादन गर्न पठाउँदै हुनुहुन्थ्यो । येशूले तिनीहरुलाई भन्नुभयो कि उहाँले पठाउनुभएकोलाई जसले ग्रहण गर्दछ, उसले येशूलाई ग्रहण गर्दछ । अनि जसले येशूलाई ग्रहण गर्दछ, उसले उहाँलाई पठाउनुहुने पितालाई ग्रहण गर्दछ ।

मान्छेले तपाईंलाई ग्रहण गर्दछ, जब तिनीहरुले तपाईंको वचन ग्रहण गर्दछन् । जब तपाईं येशूको वचन तिनीहरुलाई व्यक्त गर्नुहुन्छ र तिनीहरुले स्वीकार गर्दछन्, तब तिनीहरुले परमेश्वरलाई ग्रहण गर्दछन् ।

येशूको अन्त्यको दिन नजिक आइरहेकोले उहाँ पहिले देखि नै दुःखित हुनुभएको थियो । उहाँ आत्मामा व्याकुल हुनुभयो । उहाँले चेलाहरुलाई सोझै भन्नुभयो कि तिनीहरुमध्ये एक जनाले उहाँलाई शत्रुहको हातमा पक्राईदिनेछ ।

चेलाहरुले सुनेको त्यो कुरा पटक्कै विश्वास गर्न सकेनन् । त्यस्तो कुकर्म कसले गर्न सक्ला ? येशूको छातीमा अडेस लागेको चेलालाई पत्रुसले इशारा गरेर सोधे, “उहाँले यो कसको विषयमा भन्नुभएको हो ?”

सुसमाचार लेखक यूहन्ना येशूको नजिक बसेको चेलालाई “येशूले प्रेम गर्नुहुने चेला” भन्दछन् । यूहन्ना जसले सुसमाचारमा आफ्नो नाम कहिल्यै उल्लेख गर्दैनन्,उनैले आफूलाई नै संकेत गरेका थिए । येशूको धेरै नजिकमा बसेका चेला मध्ये उनी पनि एक थिए । येशूको प्रेम उनले गहिरोसँग अनुभव गरेका थिए । येशूले अरु चेलाहरुलाई प्रेम गर्नुहुन्न चाहिँ भन्दै थिएनन् ।

येशूले उनलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा उनले नम्रतापूर्वक भनि राखेको मात्र थिए ।

“म एकजना हूँ जसलाई येशूले प्रेम गर्नुहुन्छ” भनेर हामी प्रत्येकले पनि भन्न सक्छौं जसले येशूमाथि विश्वास गर्दछ ।

तब यूहन्नाले येशूलाई सोधे, “प्रभु, त्यो को हो ?”

जसलाई उहाँले रोटीको टुक्रा चोपेर दिनुहुन्छ, त्यो त्यही हो भनेर येशूले जवाफ दिनुभयो । त्यो नै हुनेछ जसले येशूलाई धोखा दिनेछ । तब येशूले रोटीको टुक्रा चोप्नुभयो अनि यहूदालाई दिनुभयो ।

यहूदाले रोटीको टुक्रा लिने बित्तिकै शैतान त्यसभित्र पस्यो । तिमीलाई जे गर्नु छ, सो चाँडै गरिहाल भनेर येशूले त्यसलाई भन्नुभयो । उत्तिनै खेर त्यो अँध्यारोमा यहूदा बाहिर निस्किहाल्यो ।

अरु बाँकी चेलाहरुले के कुरा भएको थियो त्यो बुझेनन् । यहूदासँग पैसाको थैलो थियो, त्यसैले कुनै समाचार दिन वा चाहिएको सामग्री किन्न वा

गरीबहरुलाई केही दिन त्यसलाई येशूले पठाउनुभएको होला भन्ने तिनीहरुले ठाने ।

**याद राख्नुपर्ने कुराहरु :**

२९. येशूले भन्नुभयो कि उहाँले पठाउनुभएकोलाई जसले ग्रहण गर्दछ, उसले .............. लाई समेत ग्रहण गर्दछ ।
३०. येशूले चेलाहरुलाई भन्नुभयो कि तिनीहरु मध्येकै एकजनाले उहाँलाई ............. दिनेछ ।
३१. सुसमाचार लेखक यूहन्ना, आफूलाई "येशूले ............... गर्नुहुने चेला" भन्दछन् ।
३२. येशूले उहाँलाई .............. दिने मध्ये एकजना चेला भनी औल्याउनुभयो ।
३३. ................ यहूदाभित्र पस्यो ।
३४. धेरै जसो चेलाहरुले ठाने कि यहूदालाई येशूले उहाँको .............. ...................... को लागि पठाउनु भएको हो ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् ।)

## पत्रुसले उहाँलाई इन्कार गर्नेछन् भनेर येशूले भविष्यवाणी गर्नुभयो ।

(यूहन्ना १३: ३१-३८ पढ्नुहोस् ।)

[३१]जब त्यो बाहिर गयो तब येशूले भन्नुभयो, "अब मानिसको पुत्र महिमित भएको छ, र
परमेश्वर उसमा महिमित हुनुभएको छ । [३२]यदि परमेश्वर उसमा महिमित हुनुभएको छ भने
परमेश्वरले आफैंमा उसलाई महिमित पार्नुहुनेछ, अनि उसलाई तुरुन्तै महिमित तुल्याउनुहुनेछ ।
[३३]"साना बालक हो, केही बेरसम्म म तिमीहरुसँग छु ! तिमीहरुले मलाई खोज्नेछौ, र जसो मैले
यहूदीहरुलाई भने, अब तिमीहरुलाई पनि म भन्दछु, जहाँ म गइरहेछु, तिमीहरु आउन सक्दैनौ ।
[३४]"एउटा नयाँ आज्ञा म तिमीहरुलाई दिँदछु : तिमीहरु एक-अर्कालाई प्रेम गर । तिमीहरुसँग
मैले जस्तो प्रेम गरेको छु, तिमीहरुले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर । [३५]यदि तिमीहरुले एक-
अर्कालाई प्रेम गर्‍यो भने, यसैबाट सबैले जान्नेछन् कि तिमीहरु मेरा चेलाहरु हौ"
[३६]सिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु, तपाईंकहाँ जाँदैहुनुहुन्छ ?"
येशूले जवाफ दिनुभयो, " म जहाँ गइरहेको छु, तिमी अहिले मलाई पछयाउन सक्दैनौ, तर
पछि त तिमीले मलाई पछयाउने छौ ।"
[३७]पत्रुसले उहाँलाई भने, "प्रभु, म किन अहिले नै तपाईंलाई पछयाउन सक्दिन ? तपाईंको निम्ति म
आफ्नो प्राण दिनेछ ।"
[३८]येशूले जवाफ दिनुभयो, "के तिमी आफ्नो प्राण मेरो निम्ति दिनेछौ ? साँच्चै म तिमीलाई
भन्छु, तिमीले मलाई तीन पल्ट इन्कार नगरेसम्म भाले बास्नेछैन ।"

बाह्र जना चेलाहरुमध्ये यहूदा मात्र एक जना थियो, जसले येशूमाथि भरोसा राखेन । तर येशूलाई निराश बनाउने ऊ मात्र चेला थिए ।

यहूदा त्यहाँबाट गएपछि येशूले चेलाहरुलाई भन्नु भयो कि उहाँ महिमित हुने र उहाँले परमेश्वरको महिमा ल्याउने बेला आइसकेको छ । परमेश्वरको महिमा पुत्रको महिमामा समाहित हुन अनिवार्य छ । पिता अनि पुत्र एक हुनुहुन्छ ।

क्रूसमा आफ्नो मृत्यु स्वीकार गरेर येशूले त्यो महिमा प्राप्त गर्नुहुनेछ । उहाँ संसारको पापको निम्ति त्यहाँ मर्नु हुनेछ । तपाईं ठान्नु होला, क्रूसमा मृत्यु हुने त्यस्तो ठूलो काम होइन । तर हाम्रो पापको मुल्य चुकाउनु चाहिँ ठूलो हो । अनि पछिबाट येशू मृत्युबाट पुनर्जीवित हुनुहुनेछ अनि स्वर्गको महिमामा उचालिनु हुनेछ ।

तब येशूले आफ्ना चेलाहरुलाई उहाँको सन्तान भनी सम्बोधन गर्नुभयो । उहाँको प्रेम पिताको आफ्ना सन्तानहरुप्रति रहे जस्तै गहिरो थियो । तसर्थ येशूको कुरा तिनीहरुले अन्जान केटाकेटीले झैं विश्वासपूर्वक सुन्ने गर्दथे । म गइरहेको छु भनेर उहाँले तिनीहरुलाई भन्नुभयो तर तिनीहरुले बुझ्न सकेनन् । उहाँले एक्लै नै मर्नु पर्दथ्यो । तिनीहरु पछि रहनु पर्दथ्यो ।

तिनीहरुलाई नयाँ आज्ञा दिएर उहाँले तिनीहरुलाई छोड्नुहुनेछ : “एक-अर्कालाई प्रेम गर ।” जसरी येशूले आफ्ना चेलाहरुलाई प्रेम गर्नुभयो, त्यसरी नै तिनीहरुले पनि एक-अर्कालाई प्रेम गर्नुपर्नेछ । त्यो आज्ञा आज पनि जीवित छ । जसरी येशूले हामीलाई प्रेम गर्नुहुन्छ, त्यसरी नै हामीले एक-अर्कालाई प्रेम गर्नुपर्छ । त्यस्तो प्रेमको प्रदर्शनले, हामीलाई येशूको चेला हौं भनेर मानिसहरुले चिन्नेछन् ।

उहाँ कहाँ जान लाग्दैहुनुहुन्थ्यो भनेर पत्रुसले येशूलाई सोधे । चेलाहरुले उहाँलाई अहिले पछ्याउन सक्ने छैनन् भनेर मात्र येशूले जवाफ दिनुभयो । तर पछि पछ्याउन सक्नेछन् । येशूले यहूदीहरुलाई पनि भन्नुभएको थियो कि उहाँ-जहाँ जाँदै हुनुहुन्छ त्यहाँ तिनीहरु जान सक्ने छैनन् । तिनीहरु त्यहाँ कहिल्यै पुग्ने छैनन् । तर चेलाहरुको हकमा, येशूले भन्नुभयो कि तिनीहरु पछिबाट जान सक्नेछन् ।

पत्रुस संधै नै अगाडि बढ्नमा फूर्तिलो थिए । उनले त्यसैबेला येशूलाई पछ्याउने जिद्दी गरे । येशूको निम्ति उनले प्राण दिनेभए ।

येशूले सोध्नुभयो, “के तिमी आफ्नो प्राण मेरो निम्ति दिनेछौं ?” अनि अगाडि भन्नुभयो, “साँच्चै म तिमीलाई भन्छु, तिमीले मलाई तीन पल्ट इन्कार नगरेसम्म भाले बास्नेछैन ।”

**याद राख्नुपर्ने कुराहरु :**

३५ येशूले ............... प्राप्त गर्ने समय आइसकेको थियो ।

३६. क्रूसमा ................ समेतको निम्ति आफूलाई समर्पित गरेर उहाँले यो गर्नुहुनेछ ।

३७. येशूले आफ्ना चेलाहरुलाई एउटा नयाँ आज्ञा दिनुभयो : “एक-अर्कालाई ........ गर ।”

३८. येशूले भन्नुभयो कि चेलाहरुले उहाँलाई .............. सम्म पछयाउन सक्ने छैनन् ।

३९. पत्रुसले येशूको निम्ति आफ्नो ............. समेत दिन्छु भने ।

४०. येशूले पत्रुसलाई चेतावनी दिनुभयो कि उनले त्यही रात तीन पटक सम्म येशूलाई ............ गर्नेछन् ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् ।)

## येशूले चेलाहरुलाई सान्त्वना दिनुभयो ।

(यूहन्ना १४ :१-१४ पढ्नुहोस् ।)

[१]“तिमीहरुको हृदय व्याकुल नहोस् । तिमीहरु परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर । [२]मेरा पिताको घरमा बस्ने ठाउँहरु धेरै छन् । त्यसो नभए, के म तिमीहरुलाई भन्ने थिए र, कि तिमीहरुका निम्ति ठाउँ तयार पार्न म गइरहेछु ? [३]अनि गएर मैलै तिमीहरुका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरुलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरु पनि हुनेछौ ।

[४]जहाँ म गइरहेछु, तिमीहरु त्यहाँ जाने बाटो चिन्छौ ।” [५]थोमाले उहाँलाई भने, “हे प्रभु, तपाई कहाँ जादैहुनुहुन्छ, हामी जान्दैनौ, तब हामीले बाटो कसरी चिन्ने ?”

६येशूले तिनलाई भन्नुभयो, “बाटो, सत्य र जीवन म नै हुँ । मद्धारा बाहेक कोही पनि पिताकहाँ
आउन सक्दैन । ७तिमीहरुले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ । अब देखि उसो
उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ. ।”
८फिलिपले उहाँलाई भने, “हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस् । त्यति भए हामीलाई पुग्छ ।”
९येशूले तिनलाई भन्नुभयो, “फिलिप, यतिको समयसम्म म तिमीहरुसँग छु, तैपनि तिमीले
मलाई चिन्दैनौ ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौ,
हामीलाई पिता देखाइदिनुहोस ? १०म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ
? जुन वाणी म तिमीहरुलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइन तर ममा बास
गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ । ११मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ
। नत्र भने यी कामहरुकै खातिर विश्वास गर ।
१२“साँच्चै, म तिमीहरुलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि
गर्नेछ, र ती भन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु । १३तिमीहरुले मेरो नाउँमा जेसुकै
मागेता पनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु । १४तिमीहरुले मेरो नाउँमा कुनै थोक
माग्यौ भने म गरिदिनेछु ।

येशूले चेलाहरुलाई छोड्नुहुनेछ भन्नुभएकोले उनीहरु विचलित भए । तसर्थ येशूले उनीहरुलाई हृदय व्याकुल नपार्न भनेर सम्झाउनु भयो । उनीहरुले विश्वास गर्नुपर्दथ्यो । परमेश्वरमाथि विश्वास अनि उहाँ, येशूमाथि विश्वास ।

येशू जहाँ - जाँदै हुनुहुन्थ्यो त्यो ठाउँ चेलाहरुको निम्ति असल हुनेछ । उहाँले स्वर्ग-उहाँको पिताको घरको बारेमा कुरा गर्नुभयो । घरको प्रयोग गरेर, येशूले यसमा धेरै कोठाहरु छन् भन्नुभयो । सबैको निम्ति त्यहाँ प्रशस्तै ठाउँ छ । हामी उहाँलाई यस बारेमा विश्वास गर्न सक्छौं ।

उहाँ आफ्ना चेलाहरुको निम्ति स्वर्गमा ठाउँ तयार पार्न जाँदै हुनुहुन्थ्यो । उहाँले त्यो गर्नुहुनेछ अनि एक दिन फर्कि आउनु हुनेछ । उहाँ आफ्ना चेलाहरु र अहिलेकालाई आफूसँग स्वर्गमा हुनको निम्ति लैजानु हुनेछ । जस-जसले येशूमा विश्वास गर्दछन् तिनीहरु सबैको अझ पनि यसमा पूर्ण आशा छ । हामी येशूसँग स्वर्गमा अनन्त कालसम्म जिउने छौं ।

जब येशूले हाम्रो लागि स्वर्गको तयारी गर्नु हुँदैछ भन्नुभएको थियो । तब उहाँले स्वर्गको भौतिक निर्माण गर्ने बारे भन्दै हुनुहन्थ्यो । उहाँले हाम्रो लागि त्यहाँ पुग्ने उपाय बारे कुरा गर्दै हुनुहुन्थ्यो । जब उहाँ हाम्रो पापको निम्ति मर्नुभयो, तब नै उहाँले हाम्रो निम्ति स्वर्गको तयारी गर्दिनुभयो, अनि हामीलाई थाहा छ उहाँ जिउनुभएको छ र हामी उहाँसँगै जिउने छौं । उहाँ स्वर्गमा उचालिनु भयो, र हामीलाई थाहा छ उहाँले फर्केर आउने प्रतिज्ञा पूरा गर्नुहुनेछ ।

तब येशूले चेलाहरुलाई भन्नुभयो कि उनीहरुले येशू कुन बाटो कहाँ बाट जाँदै हुनुहुन्छ भन्ने जानेको छन् ।

तर यस घडीमा, चेलाहरुले सठीकसँग के ठान्नुपर्ने थियो त्यो जानेनन् । मर्ने बारेमा र तिनीहरुलाई छोडेर जाने बारेमा येशू कुरा गर्दै हुनुहुन्थ्यो । तिनीहरुको अल्पविश्वासको परीक्षण भइरहेको थियो । तिनीहरुले अझसम्म स्पष्ट दृश्य देख्न सकेका दिएनन् ।

थोमाले भने कि उहाँ कहाँ जाँदै हुनुहुन्छ भन्ने उनीहरु जान्दैनन् । तब उनीहरुले बाटो कसरी चिन्ने ?

येशूले जवाफ दिनुभयो, "बाटो, सत्य र जीवन म नै हुँ ।" उहाँले फेरि एकपल्ट "म हुँ" भन्ने कथन व्यक्त गर्नुभयो । उहाँ जो म हुँ परमेश्वर, यहोवा, स्वर्गको "बाटो" हुनुहुन्छ । उहाँ सम्पूर्ण "सत्यको" स्रोत हुनुहुन्छ । उहाँ "जीवन" हुनुहुन्छ । जस-जसले उहाँमा विश्वास गर्दछ, तिनीहरु सदासर्वदा स्वर्गमा रहनेछन् । येशूद्धारा बाहेक कोही पनि पिताकहाँ पुग्न सक्दैन ।

येशूले भन्नुभयो कि तिनीहरुले येशूलाई साँच्चै नै चिन्दथे भने, तिनीहरुले पितालाई पनि चिन्ने थिए । अनि उहाँले तिनीहरुलाई, विश्वास दिलाउनुभयो कि उहाँलाई तिनीहरुले चिन्दैनन् । येशू साँच्चै को हुनुहुन्छ भन्ने तिनीहरुले देखेका थिए । तिनीहरुले उहाँद्धारा पितालाई पनि देखेका थिए ।

फिलिपले बुझ्ने प्रयास गरे । उनले भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस् । त्यति भए हामीलाई पुग्छ ।"

जवाफमा येशूले उल्टै फिलिपलाई प्रतिप्रश्न गर्नुभयो, "गएको तीन वर्षसम्म हामी सँगसँगै छँदा तिमी कहाँ गएका थियौ ? तिमीले तैपनि मलाई चिन्दैनौ ?" उहाँ फिलिपप्रति निराश हुनुभयो । उहाँले स्पष्ट पार्नुभयो, "जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौं, "हामीलाई पिता देखाइदिनुहोस ?"

येशूले फिलिपलाई उहाँमाथि विश्वास गर्नको लागि भन्नुभयो । विश्वास द्धारा मात्र तिमीले पितालाई देख्नेछन् । तिनीहरु सँग छँदा येशूले चेलाहरुलाई के-के देखाउनु भएको थियो त्यस बारे उहाँले फिलिपलाई स्मरण गराउनुभयो :

१. येशू पितामा हुनुहुन्छ ।
२. पिता येशूमा हुनुहुन्छ । दुवै एक हुनुहुन्छ ।
३. येशूको वाणी पिताद्धारा आएको हो ।
४. पिता येशूमा जिउनु हुन्छ अनि तिनीहरुले देखेका, येशूले गर्नुभएको काम उहाँले गर्नुहुन्छ ।

५. “कमसेकम” येशूले भन्नुभयो, “मेरो बारेमा आश्चर्यकर्मले देखाएको विश्वास गर ।”

तब येशूले तिनीहरुको विश्वासको अर्थ के हो भन्नेतर्फ आफ्नो सन्देश मोड्नुभयो । उहाँले तिनीहरुलाई भन्नुभयो कि उहाँले जे गर्दैहुनुहुन्थ्यो तिनीहरु त्यही गर्नेछन् । अझ महत्वपूर्ण कुरा तिनीहरुले झन ठूलो काम गर्नेछन् किनभने उहाँ पिताकहाँ जाँदै हुनुहुन्थ्यो ।

बिरामीलाई निको पार्नु एउटा कुरा थियो । केही समयमा, येशूका चेलाहरुले ती मध्ये केही काम गर्नेछन् । तर येशूको मृत्यु अनि मृत्युबाट पुनर्जीवित भएपश्चात, तिनीहरुले धेरै ठूला-ठूला कामहरु गर्नेछन् । येशूको सुसमचारले तिनीहरुको हृदय पापबाट मुक्तिदातामा परिणत हुनेछ । तिनीहरुले आत्मिक मृत्युमा तिनीहरुले अनन्त जीवन ल्याउनेछन् । तिनीहरुले पापमा डुबेकाहरुलाई स्वर्गको बाटो खोलिदिनेछन् ।

तब येशूले यस्तो प्रतिज्ञा गर्नुभयो । जसले उहाँमा विश्वास गर्ने सबैलाई समेट्दछ । उहाँको नाउँमा उहाँसँग माग्नुहोस् । अनि उहाँले दिनु हुनेछ । येशू हाम्रो लागि त्यहाँ हुनुहुन्छ । उहाँको नाउँमा गरिएको सबै प्रार्थनाको अनि परमेश्वरको महिमाको जवाफ उहाँ दिनुहुन्छ ।

प्रतिज्ञा पूर्ण छ । तर हामीले दुइवटा कुरा बुझ्नुपर्छ । येशूले हाम्रो लागि त्यो मात्र गरिदिनुहुन्छ जसले परमेश्वरको महिमा होस् । अनि जब हामी येशूको नाउँमा प्रार्थना गर्दछौ भन्नुको अर्थ हाम्रो लागि उत्तम के हुन्छ त्यो उहाँलाई थाहा छ भनी हामीले विश्वास गर्नु हो । जब तपाईं येशूमा पूर्ण विश्वास गर्नुहुन्छ । तपाईंलाईं अवगत हुन्छ कि उहाँका जवाफहरुले तपाईंको भलाइको निम्ति काम गर्दछ ।

**याद राख्नुपर्ने कुराहरु :**

४१. येशूले आफ्ना चेलाहरुलाई हृदय ............... नपार्न भन्नु भयो ।

४२. येशूले स्वर्गलाई धेरै ................ भएको उहाँको पिताको घर भनी वर्णन गर्नुभयो ।

४३. येशूले भन्नुभयो कि उहाँ .............. आउनुहुनेछ अनि उहाँसँगै......................मा जिउन आफ्ना चेलाहरुलाई लानुहुनेछ ।

४४. जब येशू हाम्रो पापको निम्ति ............. भयो, उहाँले हाम्रो लागि स्वर्गमा ठाउँ बनाउनु भयो ।

४५. येशूले भन्नुभयो, " .................., ................. र ....................म नै हुँ ।"

४६. जसले येशूलाई देख्दछ, उसले ............... लाई देख्दछ ।

४७. जब हामी येशूमाथि ........... गर्दछौ, तब त्यो हुनेछ ।

४८. येशूका चेलाहरुले उहाँको ................ मा जेसुकै मागे पनि येशूले दिनु हुनेछ ।

(आफ्ना उत्तरहरु पेज न. १८६ मा हेर्नुहोस्)

## येशूले पवित्र आत्मा पठाउने प्रतिज्ञा गर्नुभयो ।

(यूहन्ना १४ :१५-३१ पढ्नुहोस्)

[१५]"तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ । [१६]र म पितासँग बिन्ती गर्नेछु,
र उहाँले तिमीहरुलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरुसँग सदासर्वदा रहनुहुनेछ । [१७]यिनी
सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई नता देख्छ न
चिन्छ । तिमीहरु उहाँलाई चिन्छौं, किनभने उहाँ तिमीहरुसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरुमा
रहनुहुनेछ ।
[१८]"म तिमीहरुलाई टुहुरा छोड्नेछैनँ । म तिमीहरुकहाँ आउनेछु । [१९]अब केही समयपछि संसारले
मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरुले मलाई देख्नेछौं । म जीवित भएको हुनाले, तिमीहरु पनि
जीवित रहनेछौं । [२०]त्यस दिन तिमीहरुले जान्नेछौं, कि म मेरा पितामा छु, र तिमीहरु ममा, र म
तिमीहरुमा छु । [२१]मलाईं प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ । अनि मलाई
प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ । म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु
।"
[२२]यहूदाले (इस्करियोतचाहिँ होइन) उहाँलाई भने, "प्रभु, तपाईंले के भन्नुभएको, तपाई आफैलाई
हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन ?"
[२३]येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन
गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं ।
[२४]मलाईं प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन । जुन वचन तिमीहरु सुन्छौं, त्यो मेरो होइन, तर मलाई
पठाउनुहुने पिताको हो ।

[२५]"यी कुरा तिमीहरुसँग रहँदै मैले तिमीहरुलाई भनेको हुँ ।[२६] तर सल्लाहकार, अर्थात् पवित्र
आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरुलाई सबै कुरा सिकाउनुहुनेछ, र
मैले तिमीहरुलाई भनेका सबै कुरा तिमीहरुलाई याद दिलाउनुहुनेछ । [२७]शान्ति म तिमीहरुसँग

छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरुलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरुलाई दिँदिनँ । तिमीहरुको हृदय व्याकुल नहोस् र भयभीत नहोस् ।

[२८]"मैले तिमीहरुलाई 'म गइरहेछु, र तिमीहरुकहाँ आउँछु' भनेको तिमीहरुले सुन्यौ । तिमीहरुले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरु रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ । [२९]अब यो हुन अघि नै मैले तिमीहरुलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरुले विश्वास गर्न सक । [३०]म तिमीहरुसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ । त्यसको ममाथि केही शक्ति छैन । [३१]तर म पितालाई प्रेम गर्दछु, र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ सोही बमोजिम गर्दछु भनी संसारले जानोस् । उठ, हामी यहाँबाट जाऔं ।"

त्यस बेलामा येशूको आज्ञा पालन गरेर चेलाहरुले उहाँप्रतिको उनीहरुको प्रेम देखाउन सक्दथे । परमेश्वर हर समयमा उनीहरुसँग हुनु हुने थियो । परमेश्वर पिताले उहाँको एक मात्र छोरा पठाउनु भएको थियो । पुत्र उनीहरुसँग हुनुहुन्थ्यो तर मर्नको निम्ति चाँडैं नै उनीहरुबाट लगिने छ ।

अब, पुत्रले पितालाई एक जना नयाँ साथी पठाई दिनको लागि अनुरोध गर्नुहुनेछ । त्यहाँ साथीको अर्थ त्यो हो जसले सहयोग र सहजता ल्याँउदछ । उहाँले उनीहरुको निम्ति विशेष पवित्र आत्माको अवतरण गराउनु हुनेछ । परमेश्वर-पिता पुत्र अनि पवित्र आत्मा हाम्रो मित्र हुनुहुन्छ । उहाँ हाम्रो सहयोगी हुनुहुन्छ । उनीहरुलाई सत्यतातर्फ डोऱ्याउनको निम्ति उनीहरुले सत्यताको आत्मा प्राप्त गर्नेछन् । येशू स्वर्गमा उक्लने बित्तिकै त्यो विशेष पवित्र आत्माको अवतरण गराउनु हुनेछ । परमेश्वर-पिता पुत्र अनि पवित्र आत्मा हाम्रो मित्र हुनुहुन्छ । उहाँ हाम्रो सहयोगी हुनुहुन्छ । उनीहरुलाई सत्यतातर्फ डोऱ्याउनको निम्ति उनीहरुले सत्य-आत्मा प्राप्त गर्नेछन् । येशू स्वर्गमा उक्लने बित्तिकै त्यो विशेष पवित्र आत्माको आगमन भयो (प्रेरित २ :१-४ हेर्नुहोस)

येशूले चेलाहरुलाई आफूले उनीहरुलाई त्याग गर्दै हुनुहुन्थ्यो भनी आश्वासन दिनुभयो । आमा-बाबु विनाको छोराछोरीलाई झैं उहाँले तिनीहरुलाई छोड्नुहुने छैन । उहाँ उनीहरुकहाँ आउनुहुनेछ । मृत्युले येशूलाई रोक्ने छैन । उहाँ पुनर्जीवित हुनुहुनेछ । येशूको पुनरुत्थान पश्चात येशूसँग उनीहरुको नयाँ सम्वन्ध कायम हुनेछ ।

येशू आफ्ना चेलाहरुकहाँ आउनुहुनेछ । तर उहाँ पार्थिव शरीर लिएर कदापि आउनुहुन्न । उहाँ अदृश्य भएर आउनुहुन्छ । हामी उहाँलाई हाम्रो विश्वासको आँखाले देख्न सक्छौं । हामी देख्दछौं किनभने उहाँ हामीमा हुनुहुन्छ अनि हामी उहाँमा । उहाँ जीवित हुनुहुन्छ, हामी पनि जीवित छौं । हाम्रो सबै आशा पूरा हुन्छ किनकि येशू जीवित हुनुहुन्छ ।

तसर्थ जसले येशूमाथि विश्वास गर्दछ ऊ येशूसँग अनि पितासँग सम्बन्ध रहनेछ । त्यो मानिसले प्रभु येशूलाई प्रेम गर्दछ अनि उहाँको आज्ञा पालन गर्दछ । येशूले त्यस मानिसलाई प्रत्यक्ष दर्शन दिनुहुनेछ ।

येशूले यो सत्य त्यस रात आफ्ना चेलाहरुलाई भन्नुभयो । येशूले आफैलाई तिनीहरुमा प्रकट गर्नुहुनेछ भन्ने बारे तिनीहरु निश्चित हुन सक्दथे । तर उहाँको विचारमा तिनीहरुमा मात्र ? "संसारमा चाहिँ किन होइन ?" भनेर यहूदाले सोधे ।

यहूदालाई दिनुभएको सामान्य उत्तर थियो कि जसले उहाँलाई विश्वास गर्दछ, उसले येशूलाई देख्दछ । यसको अर्थ संसारको जो कसैले । जस-जसले येशूलाई प्रेम गर्दछ अनि उहाँको आज्ञा पालन गर्दछ ती सबै सम्मिलित छन् । यहाँ "शिक्षा" भन्ने शब्द खास गरेर प्रारम्भिक भाषाको "वचन" हो । तसर्थ आदिमा वचन हुनुहुन्थ्यो (यूहन्ना १:१ हेर्नुहोस) ले हामीलाई उहाँको वचनद्धारा डोऱ्याउनु हुन्छ । पिताले त्यस मानिसलाई प्रेम गर्नुहुन्छ जसले येशूलाई प्रेम गर्दछ । पिता अनि येशू त्यस मानिससँग बास बस्न आउनुहुन्छ ।

जसले येशूमाथि विश्वास गर्दैन त्यो नष्ट हुनेछ । त्यस मानिसले येशूलाई प्रेम गर्दैन र उहाँको वचनको पालना गर्दैन । तर येशूले स्वर्गका पिता जसले उहाँलाई पठाउनुभयो भनी वचन बाट व्यक्त गर्नुभयो ।

येशूले आफ्ना वचनहरु दोहोऱ्याउनुभयो । उहाँले उनीहरुसँग रहँदासम्म उनीहरुलाई शिक्षा दिइरहनुभयो । र पछिबाट पिताले येशूको बदलामा येशूको नाउँमा अर्को सल्लाहकार पठाउनु हुनेछ । उहाँले उनीहरुको लागि पवित्र आत्मा पठाउनुहुनेछ । आत्माले उनीहरुलाई सबथोक सिकाउनुहुनेछ । येशूले भन्नुभएको सबै थोकको स्मरण उहाँले उनीहरुलाई गराउनुहुनेछ । त्यो वास्तवमा येशूले भन्नुभएको सबैथोक यूहन्नाले यस सुसमचारमा हामीलाई भनी सक्नु भएको हो ।

फेरि येशूले उनीहरुलाई हृदय व्याकुल नपार्न समेत भन्नुभयो । उहाँ उनीहरुसँग फेरि आउँदै हुनुहुन्छ । उहाँ पिताकहाँ जाँदै हुनुहुन्छ भनेर उनीहरु खुशी हुनु पर्दछ । येशूले आफ्नो मानव स्वरुपको आधारमा पिता उहाँ भन्दा महान् हुनुहुन्छ भन्न सक्नुहुन्छ । येशूले आफूलाई मानिसको स्तरमा खसाल्नु भएको थियो । उहाँले परमेश्वरको सबै शक्ति र गौरवलाई प्रयोग गर्नुभएन ।



आफ्ना चेलाहरुलाई सिकाउनको निम्ति येशूले पवित्र आत्मासँग प्रतिज्ञा गर्नुहुन्छ ।

उहाँको मृत्युपश्चात उहाँ पितासँगै पूर्ण महिमित हुनुहुनेछ। यस बीचमा पिताको योजना अघि बढिरहेको थियो। उनीहरु खुशी हुनुपर्ने हो।

येशूले चेलाहरुलाई यी सब कुरा उनीहरुले जे घटना भएको देख्नेछन्, त्यो विश्वास गरुन् भन्ने खातिर भन्नुभएको थियो। दियाबलसले पहिल्यै देखि नै येशूलाई समाप्त गर्ने षडयन्त्रको बहाना बुनेको थियो। यो खराब संसारको शासक शैतान हो।

येशूमाथि दियावलसको त्यस्तो केही शक्ति छैन। तर येशूले दियावलसलाई अघि बढ्न दिनुहुनेछ। येशूले त्यसो गर्नुभयो किनकि उहाँ प्रेमले गर्दा उहाँको पिताको आज्ञा पालना गर्दै हुनुहुन्थ्यो। संसारको मुक्तिको निम्ति उहाँ आफूलाई नै समर्पित गर्दैहुनुहुन्थ्यो।

तब येशूले चेलाहरुलाई निस्तार-चाड छोड्ने तयारी गर्न अह्राउनुभयो। तर तिनीहरुले तुरुन्तै त्यो छोडेनन्। उनीहरुलाई भन्नुपर्ने उहाँको अझ अरु केही कुरा थियो अनि एउटा महत्वपूर्ण प्रार्थना पनि गर्नुपर्ने थियो।

**याद राख्नुपर्ने कुराहरु :**

४९. येशूले भन्नुभयो कि उहाँको अनुरोधमा पिताले चेलाहरुको निम्ति एकजना नयाँ ………… (                ) पठाउनुहुनेछ, जो पवित्र ………….. हुनुहुनेछ।

५०. येशू आफ्ना चेलाहरुमाझ आज पनि आउनुहुन्छ। उहाँलाई हामी ………… को आँखाद्धारा देख्दछौं।

५१. येशू अनि पिता त्यो व्यक्तिसँग ……….. गर्न आउनुहुन्छ जसले येशूलाई प्रेम गर्दछ।

५२. ……………..ले येशूलाई समाप्त गर्ने षडयन्त्र गरि रहेको थियो।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस्)

## विश्वासद्धारा येशूसँग एक हुने मानिसले फल फलाउँछ।

(यूहन्ना १५:१ - १७ पढ्नुहोस्)

१"साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। २ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। ३मैले तिमीहरुलाई भनेको वचनले तिमीहरु अघि नै शुद्ध भइसकेको छौ। ४ममा रहो, र म तिमीहरुमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरु ममा रहनौ भने तिमीहरुले पनि सक्दैनौ।

५"दाखको बोट म हुँ, तिमीहरुचाहिँ हाँगाहरु हौ । यदि कोही ममा रहयो भने, र म त्यसमा रहें
भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरु केही गर्न सक्दैनौ । ६कोही मानिस
ममा रहेन भने, त्यो हाँगाभैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ । यस्ता हाँगाहरु मनिसहरुले
बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन् । ७तिमीहरु ममा रहचौ भने, र मेरा कुरा
तिमीहरुमा रहे भने, तिमीहरुलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरुका निम्ति गरिनेछ ।
८तिमीहरुले धेरै फल फलाएर मेरा चेला हो भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा
हुनेछ ।

९"पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरुलाई प्रेम गरेको छु । तिमीहरु
मेरो प्रेममा रहो । १०यदि मेरा आज्ञाहरु पालन गर्‍यौ भने तिमीहरु मेरो प्रेममा रहनेछौ, जसरी मैले
मेरा पिताका आज्ञाहरु पालन गरेको छु र उहाँको प्रेममा रहन्छु । ११मैले यी कुरा तिमीहरुलाई
यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरुमा होस् र तिमीहरुको आनन्द भरिपूर्ण होस् ।

१२"मेरा आज्ञा यही हो, कि मैले तिमीहरुलाई जसरी प्रेम गरे, तिमीहरुले एक-अर्कालाई त्यसरी
नै प्रेम गर । १३आफ्ना मित्रहरुका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरु कसैको हुँदैन ।
१४म तिमीहरुलाई जे आज्ञा गर्दछु, ती तिमीहरुले गर्‍यौ भने, तिमीहरु मेरा मित्र हो । १५अबदेखि म
तिमीहरुलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन । तर मैले
तिमीहरुलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरुलाई
जनाइदिएको छु । १६मलाई तिमीहरुले चुनेनौ, तर मैले तिमीहरुलाई चुनें र तिमीहरुलाई नियुक्त गरे,
कि तिमीहरु जाओ, र फल फलाओ, अनि तिमीहरुको फल रहिरहोस् । यसैले तिमीहरु नै पितासँग
मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरुलाई सो दिनुहुनेछ । १७म तिमीहरुलाई यो आज्ञा दिँदछु, कि
तिमीहरुले एक-अर्कालाई प्रेम गर ।

कोठा छोड्नअघि, येशूले एउटा अन्तिम कथा "म हुँ " व्यक्त गर्नुभयो : "साँचो दाखको बोट म हुँ ।" येशूले यहाँ दिन खोज्नुभएको शिक्षा चाहिँ के हो भने उहाँका चेलाहरु उहाँसँग एक हुनुपर्ने छ अनि फल फलाउनु पर्नेछ । येशू दाखको बोट हुनुहुन्छ । हामी हाँगाहरु हौं । जबसम्म हामी येशूमा एक रहन्छौं अनि उहाँ हामीमा रहनुहुन्छ, हामी तबसम्म फल फलाउँछौ । हामी परमेश्वरलाई खुशी पारेर काम गर्दछौं । येशूबाट कियाशिल हुनको लागि हामी हाम्रो खानेकुरा र शक्ति प्राप्त गर्दछौं । हामी उहाँको अनि हाम्रो वरिपरि रहने सबै को सेवा गर्दछौं ।

पिता किसान हुनुहुन्छ । उहाँले समय-समयमा फल-दिने हाँगालाई छिवँल्नुहुन्छ । उहाँ हामीलाई जाँचको माध्यमबाट गुज्रन दिनुहुन्छ । तब त हामी अझ बढी फल फलाउँदछौं । जुन हाँगाले कुनै फल दिँदैन त्यसलाई पिताले छाँट्नुहुन्छ । यदि हामी
ख्रीष्टमा बाँचेनौ भने, यो हामीले ख्रीष्टमाथि विश्वास नगरेको संकेत हो । हामी दाखको बोटमा मर्ने हाँगा सरह हुन्छौं ।

हामी भन्न सक्दछौं कि चेलाहरु दह्रो हागाँहरु थिए । येशूले आफ्नो वचनद्धारा तिनीहरुलाई शुद्ध बनाइसक्नु भएको छ । स्वस्थ्य रहनको निम्ति

येशूले तिनीहरुलाई भन्नुभयो, तिनीहरु येशूमा हुन आवश्यक छ। येशू विना कुनै पनि व्यक्तिले परमेश्वरलाई खुशी पार्ने काम केही पनि गर्न सक्दैन।

येशूका चेलाहरु विश्वासद्धारा येशूसँग एक भए। हामी धेरै नै असल कुराहरु पाउँदछौं :

१. हामीलाई डोऱ्याउने हामीमा उहाँका वचन छन्।
२. हामी येशूको प्रार्थना गर्न सक्छौं अनि उहाँले जवाफ दिनुहुनेछ।
३. हाम्रो कामद्धारा हामी परमेश्वरमा महिमा ल्याउन सक्छौं।
४. हामी येशूको आज्ञा अनुसार गर्दछौ अनि उहाँको प्रेममा रहन्छौं।
५. हाम्रो आनन्द भरिपूर्ण छ।

येशूले आफ्ना चेलाहरुलाई पालन गर्नको निम्ति एउटा आधारभूत आज्ञा दिनुभयो : "एक-अर्कालाई प्रेम गर, जसरी मैले तिमीहरुलाई प्रेम गरेको छु।" कस्तो खालको प्रेम हो त्यो ? येशूले संसारलाई यत्ति धेरै प्रेम गर्नु भयो कि उहाँले यसको निम्ति प्राण नै अर्पण गर्नुभयो। आफ्नो मित्रहरुको निम्ति ज्यान दिनुभन्दा ठूलो प्रेम अरु केही हुन सक्तैन। जसले येशूमाथि विश्वास र उहाँको वचन पालन गर्दछन्, उनीहरुलाई उहाँ मित्रको स्थान दिनुहुन्छ।
यहाँसम्म येशू गुरुको रुपमा देखिनुभयो। उहाँका चेलाहरु उहाँको नोकर थिए। तर अब येशूले पिताबाट जे सिक्नु भयो त्यही तिनीहरुलाई सिकाइ दिनुभयो। अबदेखि उहाँले तिनीहरुलाई मित्र भन्न थाल्नुभयो। त्यसैले हामी पनि उहाँका मित्र हौ जसले उहाँको वचन सुन्दछौं अनि विश्वास गर्दछौं।

येशूले आफ्ना चेलाहरु चुन्नुभयो। तिनीहरुले उहाँलाई चुनेनन् । येशूले हामीलाई पनि चुन्नुभयो। हामीले उहाँलाई चुनेनौ। हामी सबैले फल देओस् भन्ने उहाँ चाहनुहुन्छ। हामी येशूको नाउँमा प्रार्थना गर्दछौं अनि पिताले हाम्रो माग पूरा गर्नुहुनेछ अथवा हामी येशूको नाउँमा जे माग्दछौं, पिताले हामीलाई त्यही दिनुहुनेछ।

पिता अनि पुत्र हामीसँगै हुनुहुन्छ। यसको अर्थ के हो भने हामी देखाउँदछौ जब हामी "एक-अर्कालाई प्रेम गर्दछौ।

**याद राख्नुपर्ने कुराहरु :**

५३. येशूले भन्नुभयो, "साँचो ............ .......... म हुँ।"

५४. अनि उहाँले भन्नुभयो, "तिमीहरुचाहिँ ................ हौ।"

५५. उहाँको शिक्षा थियो कि हामी उहाँसँग ............ (        ) रहौं अनि बढी .......... फलाऔं ।

५६. येशू विना कुनै पनि व्यक्तिले परमेश्वरलाई खुशी पार्ने काम ............... गर्न सक्दैन ।

५७. जब हामी येशूसँग एक हुन्छौं, हाम्रो आनन्द ............ हुन्छ ।

५८. येशूले परमेश्वरबाट हामीलाई साँचो कुरा व्यक्त गर्नु भएकोले उहाँले हामीलाई उहाँको ...... भन्नुहुन्छ ।

५९. येशू चाहनुहुन्छ कि उहाँको चेलाहरुले एक-अर्कालाई ........... गरुन् ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस)

## येशूले दु:ख आइपर्नेछ भनी सतर्क पार्नुभयो ।

(यूहन्ना १५:१८-१६:४ सम्म पढ्नुहोस्)

१८“यदि संसारले तिमीहरुलाई घृणा गर्दछ भने, तिमीहरु जान, कि तिमीहरुलाई घृणा गर्न अघि
त्यसले मलाई घृणा गरेको हो । १९यदि तिमीहरु यस संसारका हुँदा हौ त संसारले
तिमीहरुलाई आफन्त ठानी माया गर्नेथियो । तर तिमीहरु यस संसारका होइनौ । तिमीहरुलाई
संसारबाट मैले चुने, यसैकारण संसारले तिमीहरुलाई घृणा गर्दछ । २०मैले तिमीहरुलाई भनेको वचन
याद राख, “नोकर घरको मालिकभन्दा ठूलो हुँदैन ।” तिनीहरुले मलाई सताए भने तिमीहरुलाई पनि
सताउनेछन् । तिनीहरुले मेरो वचन पालन गरे भने तिमीहरुको वचन पनि पालन गर्नेछन् । २१तर
तिनीहरुले यी सब कुरा मेरो नाउँको खातिर तिमीहरुलाई गर्नेछन् किनभने तिनीहरुले मलाई
पठाउनुहुनेलाई चिन्दैनन् । २२म नआएको भए र तिनीहरुलाई नबताएको भए तिनीहरु पापको दोषी
हुनेथिएनन्, तर अब त आफ्ना पापको निम्ति तिनीहरुसँग केही बहाना छैन । २३जसले मलाई घृण
गर्दछ, त्यसले मेरा पितालाई पनि घृणा गर्दछ । २४यदि अरु कसैले नगरेको काम मैले तिनीहरुका
बीचमा नगरेको भए तिनीहरु पापको दोषी हुनेथिएनन् । तर अब तिनीहरुले मलाई र मेरा पिता
दुवैलाई देखेका छन् र घृणा गरेका छन् । २५तर, व्यवस्थामा लेखिएको यो वचन पूरा हुनलाई यो
भएको थियो, ‘तिनीहरुले मलाई विनाकारण घृणा गरे ।

२६“जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरुकहाँ पठाइदिनेछु, अर्थात्
सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ । २७तिमीहरु
शुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरु पनि मेरा साक्षी हौ ।”

१“तिमीहरुले ठोकर नखाओ भनेर नै मैले यी कुरा तिमीहरुलाई भनेको हुँ । २तिनीहरुले
तिमीहरुलाई सभाघरबाट निकालिदिनेछन् । वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरुलाई हत्या
गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ । ३तिनीहरुले यी काम गर्नेछन् किनभने तिनीहरुले
पितालाई चिनेका छैनन् र मलाई पनि चिन्दैनन् । ४तर यी कुरा मैले तिमीहरुलाई बताएको छु, कि

जब त्यो समय आउँछ, तब तिमीहरुलाई के भनेथे सो तिमीहरुलाई स्मरण हुनेछ। पहिले नै मैले तिमीहरुलाई यी कुरा भनिनँ, किनकि म तिमीहरुसँग थिएँ।

येशूका चेलाहरुका निम्ति बाटो सजिलो थिएन। येशूलाई घृणा गरे झैं अविश्वासी संसारले तिनीहरुलाई समेत घृणा गर्नेछ।

जसले येशूलाई मान्दछ, उसलाई संसारले घृणा गर्दछ। तिनीहरुले हामीलाई घृणा गर्दछन् किनकि हामी संसारको विधि मान्दैनौ।

यदि हामीले पापपूर्ण, विश्वासहीन बाटोहरु मात्र अपनायौं भने संसारले हामीलाई प्रेम गर्नेछ। तर येशूले हामीलाई यस संसारबाट चुन्नुभयो।

अविश्वासीहरुले येशूलाई घृणा गरे अनि पिडा दिए। तिनीहरुले हामीलाई पनि त्यसै गर्नेछन्। जसले येशूमाथि विश्वास गर्दछ अनि उहाँको आज्ञा पालन गर्दछ। उसले येशूको बारेमा हामीले भनेको कुरा सुन्दछ। मालिक र नोकरलाई एक समान व्यवहार गरिन्छ। जसले येशूको चेलाहरुलाई खराब व्यवहार गर्दछन्, त्यसो गर्दछन नै किनभने तिनीहरुले परमेश्वरलाई चिन्दैनन्।

त्यस रात जो-जो येशूको विरुद्धमा उठेका थिए। तिनीहरुलाई क्षमा हुने थिएन। तिनीहरुसँग उहाँले कुरा गर्नुभएको थियो। तिनीहरुलाई उहाँले आफ्नो परिचय दिनुभएको थियो। तिनीहरुमाझ विशेष प्रकारको आश्चर्यकर्म गर्नुभएको थियो। तर तिनीहरुले उहाँमाथि विश्वास नगर्ने बाटो चुने। तिनीहरु आफ्नै विश्वासहीन पापमा फसे। तिनीहरु आफ्नो दोषबाट उम्कन सकेनन्। तिनीहरुले पुत्र र उहाँलाई पठाउनुहुने पिता दुवैलाई घृणा गरे।

येशूमाथि यहूदी धर्मगुरुहरुले गरेको विवेकहीन घृणाले बाइबललाई समेत पूरा खतम गर्दछ। दुईवटा भजनसंग्रहले (भजनसंग्रह २५ :१९ र ६९:४ हेर्नुहोस) मसीह बारे भनेका थिए :"विनाकारण तिनीहरुले मलाई कति भयानक रुपले घृणा गर्दछन्।"

तत्कालै, येशू जाने बित्तिकै, चेलाहरु पनि जानुपर्दथ्यो अनि यस वैरी संसारमा येशूको साक्षी दिनु पर्दथ्यो। येशूले तिनीहरुलाई आफ्नो मण्डलीको प्रारम्भ देखि नै उहाँको साक्षी दिनको निम्ति चुन्नुभएको थियो। तर सर्वप्रथम, पिताबाट येशूले सल्लाहकार पठाउनु हुनेछ। उहाँले पवित्र आत्मा पठाउनु हुनेछ, जसले उनीहरुलाई सहायता गर्नुहुनेछ अनि येशूको बारेमा उनीहरुको निम्ति साक्षी दिनुहुनेछ।

जब स्थिति प्रतिकुल बन्दै गयो तब येशूले यी सब कुरा तिनीहरुलाई सही मार्गमा हिंडाउनको लागि खुलस्त भन्दिनुभयो। सभाघरबाट तिनीहरु बाहिर निकालिने छन्। यहूदीहरुको स्थापित धर्मले तिनीहरुलाई फेरि स्वागत गर्नेछैन

। कतिले त येशूका चेलाहरुलाई मार्दा खेरि परमेश्वरको पक्षमा हो भनी विश्वास गर्दथे । येशूले तिनीहरुलाई सचेत गराउन यस प्रकारले बोल्नुभएको थियो । जबसम्म उहाँ तिनीहरुसँग हुनुहुन्थ्यो तबसम्म उहाँले यी सब कुरा भनि रहनुपर्ने आवश्यक ठान्नुभएन । उहाँ तिनीहरुसँग अनि तिनीहरुकै निम्ति हुनुहुन्थ्यो ।

**याद राख्नुपर्ने कुराहरु :**

६०. अविश्वासीहरुले येशूलाई ............. गरे झैं येशूका चेलाहरुलाई पनि .......... गर्दछन् ।

६१. जस-जसले येशूमाथि खराब व्यवहार गरे, तिनीहरुले त्यसो गरे, किनभने तिनीहरुले ............. लाई चिन्दैनथिए ।

६२. केही मानिसले ठानेका थिए कि येशूका चेलाहरु .........खेरि परमेश्वरको पक्षमा हो भन्दथ्यो ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् )

## येशूले पवित्र आत्मा पठाइदिने बारे फेरि प्रतिज्ञा गर्नुभयो ।

(यूहन्ना १६:५-१६ पढ्नुहोस)

५"अब म मलाई पठाउनुहुनेकहाँ गइरहेछु, तर तपाईं कहाँ जाँदैहुनुहुन्छ ? भनी तिमीहरु कसैले मलाई
सोध्दैनौ । ६तापनि मैले तिमीहरुलाई यी कुरा भनेको कारण तिमीहरुको हृदय शोकले भरिएको छ ।
७तापनि म तिमीहरुलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरुको हित छ । किनभने म गइनँ भने,
सल्लाहकार तिमीहरुकहाँ आउनुहुनेछैन । तर गएँ भने म उहाँलाई तिमीहरुकहाँ पठाइदिनेछु । ८अनि
जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहनेछ ।
९पापको विषयमा, किनभने तिनीहरु मामाथि विश्वास गर्दैनन् १०धार्मिकताको विषयमा, किनभने म
पिताकहाँ जान्छु, र तिमीहरु मलाई फेरि देख्नेछैनौ । ११र न्यायको विषयमा, किनभने यस संसारको
शासकलाई दण्डाज्ञा भइसकेको छ ।
१२"मैले तिमीहरुलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरु ती कुरा सहन सक्दैनौ
। १३जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरुलाई सबै सत्यतामा
डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन । उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुन्छ, र हुन
आउने कुराहरु तिमीहरुलाई घोषणा गरिदिनुहुनेछ । १४उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो

हो । त्यो मबाट लिएर तिमीहरुलाई सो घोषणा गरिदिनुहुनेछ । [१५]जे-जति पितासँग छन् ती मेरा हुन् । यसैकारण मैले भने, जे मेरा हो त्यो मबाट लिएर आत्माले तिमीहरुलाई घोषणा गरिदिनुहुनेछ ।
[१६]"अलि बेरपछि तिमीहरुले मलाई फेरि देख्नेछैनौ, अनि अलि बेरपछि मलाई फेरि देख्नेछौं ।"

यस स्थितिमा, चेलाहरुले खासै केही भन्नुपर्ने थिएन । येशूले जे भन्नुहुँदै थियो त्यसको आघात नै तिनीहरुको पीडा थियो । शोकले तिनीहरुको हृदय भरिएको थियो । येशूले तिनीहरुलाई फेरि भन्नुभयो कि उहाँलाई पठाउनुहुनेकहाँ उहाँ जाँदैहुनुहुन्छ ।

तर उहाँ जानमा तिनीहरुको हित छ भन्ने तिनीहरुले जानुन् भन्ने उहाँ चाहनुहुन्थ्यो । यदि उहाँ जानुभएन भने, उहाँले आफ्नो मुक्तिको काम पूरा गर्नुहुने थिएन । उहाँले काम पूरा गर्नु भएन भने सबै असल कुराहरुको अन्त्य हुनेछ । पवित्र आत्मा उनीहरुको सल्लाहकार अनि सहयोगीको रुपमा आउनुहुने थिएन । उनीहरुलाई सहायता गर्ने कुनै भरपर्दो आधार उहाँले पठाउनुहुने थिएन ।

तर येशूले आफ्नो काम पूरा गर्नुभएपछि । उहाँले उनीहरुकहाँ पवित्र आत्मा पठाइदिनुहुनेछ । परमेश्वरको सामु संसार कति दोषी छ भन्ने आत्माले उनीहरुलाई देखाइदिनु हुनेछ । जस-जसले येशूमा विश्वास गर्दैनन् तिनीहरुले क्षमा पाउने छैनन् ।

येशूले संसारको दोष तीन प्रकारले व्याख्या गर्नुभयो । संसार पाप, धार्मिकता र न्यायको विषयमा दोषी छ ।

यो संसार पापको विषयमा दोषी छ किनभने संसारका मानिसहरु येशूमाथि विश्वास गर्दैनन् । येशूले सबै मानिसहरुको पापको निम्ति क्षमा दिई सक्नुभयो । तर संसारका मानिसहरुले यो विश्वास गर्दैनन् । तसर्थ तिनीहरुले गुमाउँदछन् । यो सुसमाचारमा विश्वास गर्नुहोस् । ज-जसले विश्वास गर्दैनन् उनीहरु आफ्नै दोषमा मर्नेछन् ।

यो संसार धार्मिकताको विषयमा दोषी छ किनकि येशू पिताकहाँ जानुभएको छ अनि तिनीहरु उहाँलाई देख्न सक्दैनन् । तिनीहरु येशूलाई देख्दैनन् । उनीहरुको उहाँ मुक्तिदाता हुनुहुन्छ भन्ने देख्दैनन् । जब उनीहरु धार्मिकताको वारेमा सोच्दछन्, उनीहरु धर्मात्मा नै बन्नुपर्ने ठान्दछन् । तर परमेश्वरको वचनले उनीहरु पनि परमेश्वर जस्तै पापरहित धर्मात्मा हुनुपर्ने बताउँदछ । तिनीहरु त्यस्तो धर्मी बन्न सक्दैनन् अनि उनीहरुको पापमा नै भासिन्छन् ।

जे भए तापनि, येशूले साँचो धार्मिक जीवन जिउनुभयो । उहाँले मुक्तिको लागि पिताको आज्ञा पालन गर्नुभयो । उहाँ संसारको पाप चुक्ता गर्न मर्नु भयो । उहाँ मृत्युबाट बौरी उठ्नु भयो । अनि अब परमेश्वरले येशूको धार्मिकता हाम्रो नै भनी वचन दिनु हुन्छ ।
तर अविश्वासीहरुको आफ्नै खाल्को मात्र धार्मिकता हुन्छ जसमा तिनीहरु झुण्डिरहन्छन् । तिनीहरु आफ्नो पापमा दोषी रहन्छन् ।

यो संसार न्यायको विषयमा दोषी छ किनभने शैतान, यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ । मृत्युवरण गरेर अनि बौरिएर येशू शैतानको शक्ति ध्वंस गर्न आफ्नो बाटोमा अघि बढ्दै हुनुहुन्थ्यो । जे होस्, येशूलाई अस्वीकार गर्नेहरुले शैतानलाई नै आफ्नो धर्मगुरु चुन्नेछन् । तिनीहरु आफ्नो धर्मगुरुको न्यायको भागिदार हुनेछन् । तर जो येशूमाथि विश्वास गर्दछन् ती जिउँदछन् ।

येशूले आफ्ना चेलाहरुलाई अझ धेरै कुरा सिकाउनु पर्ने थियो । तर तिमीहरुको क्षमता भन्दा बढी तिनीहरुले पाइसकेका थिए । येशूले जे-जे शुरु गर्नु भएको थियो ती सबैलाई पवित्र आत्माले पूर्णता दिनुहुनेछ । जब येशूले उनीहरुकहाँ पवित्र आत्मा पठाउनुहुनेछ ।  तब उहाँले उनीहरुलाई पूर्ण सत्यतामा डोऱ्याउनुहुनेछ । पवित्र आत्माले उनीहरुलाई परमेश्वरको वचन घोषणा गर्नुहुनेछ । साथै हुन आउने सत्य कुराहरु तिनीहरुलाई सुनाउनुहुनेछ ।

येशूको सबै कुरा लिई चेलाहरुलाई अवगत गराएर आत्माले येशूको महिमा गर्नुहुनेछ । येशू स्वर्गमा जानुभएपछि पेन्तिकोसको पहिलो दिनमा पवित्र आत्माको आगमन हुनेछ । पेन्तिकोस फसलको चाड थियो । सबै चेलाहरु त्यसबेला एकै ठाउँमा भेला भएका थिए ।  अनि पवित्र आत्मा उनीहरुकहाँ प्रवेश गर्नु भयो । (प्रेरित २:१ हेर्नुहोस)

आत्माले येशूबाट सत्यता लिएर येशूका चेलाहरुलाई घोषणा गरिदिनुभयो । चेलाहरुले ती सबै सत्यताहरु हाम्रो लागि पवित्र बाइबलको नयाँ करारमा लेखिदिएका छन् । आत्माले जुन-जुन वचनहरु उनीहरुलाई घोषणा गर्नुभएको थियो हुबहु ती नै प्रयोग गरिएका छन् । जब हामी यी वचनहरु सुन्दछौं अनि सिक्दछौं, आत्माले पनि हामीमा काम गर्नुहुन्छ । उहाँले सत्यतालाई बुझ्न अनि येशूमा विश्वास गर्न हामीलाई उत्प्रेरित गर्नुहुन्छ ।

अलि बेरपछि उनीहरुले उहाँलाई देख्ने छैनन् भनी येशूले फेरि भन्नुभयो । तर अलि बेरपछि, तिनीहरुले उहाँलाई देख्नेछन् ।

**याद राख्नुपर्ने कुराहरु :**

६३. येशूले आफ्नो काम पूरा गरेपछि, आफ्ना चेलाहरुलाई ............ पठाइदिनुहुनेछ ।

६४. जस-जसले येशूमा विश्वास गर्दैनन् तिनीहरुले ................. पाउने छैनन् ।

६५. परमेश्वरले येशूको ............. हाम्रो नै भनी वचन दिनु हुन्छ ।

६६. जस-जसले येशूलाई अस्वीकार गर्दछन् तिनीहरुले .......... लाई आफ्नो धर्मगुरु चुन्नेछन् ।

६७. पवित्र आत्माले चेलाहरुलाई .............. मा डोऱ्याउनुहुनेछ ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस)

**चेलाहरुको शोक आनन्दमा परिणत हुनेछ ।**

(यूहन्ना १६ : १७-३३ पढ्नुहोस्)

[१७]तब उहाँका कुनै-कुनै चेलाहरुले एक-अर्कालाई भने, "उहाँले हामीहरुलाई यो भन्नुभएको के हो ? अलि बेरपछि तिमीहरु मलाई देख्नेछैनौ, अनि फेरि अलि बेरपछि तिमीहरु मलाई देख्नेछौं, र किनकि म पिताकहाँ गइरहेछु ।" [१८]तिनीहरुले भने, "उहाँले अलि बेर भन्नुभएको के हो ? हामी जान्दैनौ, उहाँ के भन्दैहुनुहुन्छ ।"

[१९]तिनीहरुले उहाँलाई सोध्ने इच्छा गर्दैछन् भन्ने येशूलाई थाहा भयो, र उहाँले भन्नुभयो, "अलि बेरपछि तिमीहरु मलाई देख्नेछैनौं, अनि अलि बेरपछि मलाई देख्नेछौं भन्ने कुराको अर्थ के हो भन्ने विषयमा के तिमीहरु आपसमा बहस गरिरहेछौं ? [२०]साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरु रुनेछौ र विलाप गर्नेछौ, तर संसार रमाउनेछ । तिमीहरु शोकित हुनेछौं, तर तिमीहरुको शोक आनन्दमा परिणत हुनेछ । [२१]बालक जन्माउने बेलामा स्त्रीलाई पीडा हुन्छ किनभने तिनको बेला आएको हुन्छ, तर जब तिनले बालक जन्माउँछिन्, तब तिनलाई त्यस वेदनाको सम्झना हुँदैन किनकि संसारमा एउटा बालकको जन्म भयो भन्ने कुरामा तिनी हर्षित हुन्छिन् । [२२]यसरी नै अहिले तिमीहरुलाई शोक हुन्छ तर म फेरि तिमीहरुलाई देख्नेछु । अनि कसैले तिमीहरुको आनन्द तिमीहरुबाट खोस्नेछैन । [२३]त्यो दिन तिमीहरुले मलाई केही सोध्नेछैनौं । साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरुले मेरो नाउँमा पितासँग जे माग्छौ उहाँले त्यो तिमीहरुलाई दिनुहुनेछ । [२४]अहिलेसम्म तिमीहरुले मेरो नाउँमा केही मागेका छैनौं । माग, अनि तिमीहरुले पाउनेछौं । यसरी तिमीहरुको आनन्द पूर्ण होओस् ।

२५"यी कुरा मैले तिमीहरुलाई दृष्टान्तमा भनेको छु । तर समय आइरहेछ, जब म तिमीहरुसँग फेरि दृष्टान्तमा बोल्नेछैनँ, तर पिताको विषयमा तिमीहरुलाई स्पष्ट बताउनेछु । २६त्यो दिन तिमीहरुले मेरो नाउँमा माग्नेछौं । म तिमीहरुका निम्ति-पितासँग बिन्ती गरिदिनेछु भनी तिमीहरुलाई भन्दिनँ, २७किनभने पिता आफैंले तिमीहरुलाई माया गर्नुहुन्छ, किनकि तिमीहरुले मलाई माया गरेका छौं, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौं । २८म पिताबाट आएँ, अनि संसारमा आएको छु, र फेरि म संसारलाई छोडेर पिताकहाँ जाँदैछु ।"

२९उहाँका चेलाहरुले भने, "अब तपाईं स्पष्ट बोल्दैहुनुहुन्छ, दृष्टान्तमा होइन । ३०अब हामीहरुले बुझ्यौ, तपाईं सबै कुरा जान्नुहुन्छ, अनि तपाईंलाई कसैले सोध्ने आवश्यकता छैन । यसैले हामी विश्वास गर्छौं, कि तपाईं परमेश्वरबाट आउनुभएको हो ।"

३१येशूले तिनीहरुलाई जवाफ दिनुभयो, "के तिमीहरु अब विश्वास गर्दछौं ? ३२हेर, समय आइरहेछ, वास्तवमा आइसकेको छ, जब तिमीहरु छरपष्ट भई आफ्नै ठाउँमा जानेछौ र मलाई एकलै छोड्नेछौं । तापनि म एकलो छैनँ, किनभने पिता मसँग हुनुहुन्छ । ३३मैले तिमीहरुलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरुलाई शान्ति होस् । संसारमा तिमीहरुलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।"

चेलाहरुमध्ये केहीले येशूले भन्नुभएको कुरा बुझ्न सकेनन् । तिनीहरु आपसमा भन्न थाले : उहाँले हामीहरुलाई अलि बेरपछि तिमीहरु मलाई देख्नेछैनौ, अनि फेरि अलि बेरपछि तिमीहरु मलाई देख्नेछौ, भन्नुभएको के हो ?" "उहाँले पिताकहाँ गइरहेछु भन्नु भएको अर्थ के हो ? उहाँले अलि बेर भन्नुभएको के हो ? हामी जान्दैनौ, उहाँ के भन्दै हुनुहुन्छ । "

येशूले चेलाहरु असमझमा परेको देख्नुभयो । तसर्थ, उहाँले त्यस कुरालाई अझ व्याख्या गर्नुभयो । दुःख सामुन्ने थियो । तिनीहरु रुनेछन्, विलाप गर्नेछन् तर अविश्वास गर्ने संसार रमाउनेछ । तापनि, तिनीहरु हतास नहोऊन् । तिनीहरुको शोक आनन्दमा परिणत हुनेछ ।

बालक जन्माउने बेलामा स्त्रीलाई भएको पीडा झैं ती चेलाहरुलाई अनुभूति भयो । जन्माउने बेलामा तिनलाई पीडा हुन्छ । तर जब तिनले एउटा नयाँ बालक जन्मिएको देख्नेछिन्, तब तिनले आफ्नो वेदना बिर्सन्छिन । बालक जन्मिएकोमा तिनी हर्षित हुन्छिन् ।

ती चेलाहरुसँग पनि यस्तै हुन्छ : तिनीहरु दुःखी हुनेछन् । येशू पीडाको चर्चा गर्दै हुनुहुन्थ्यो, जुन तिनीहरुले उहाँको मृत्युमा अनुभव गर्नेछन् । तब येशूले तिनीहरुलाई फेरि भेटनुहुनेछ । येशूले उहाँ मृत्युबाट बौरिनुभएपछि तिनीहरुलाई फेरि भेट्ने कुरा गर्दै हुनुहुन्थ्यो । त्यसपछि तिनीहरुको आनन्द कसैले खोसेर लैजान सक्नेछैन ।

कस्तो आनन्दमा येशू बाँच्नुहुन्छ !

तापनि, येशू तिनीहरुसँग पार्थिव शरीरमा बस्नु हुनेछैन । तिनीहरु उहाँतर्फ फर्कन सक्ने छैनन् अनि पहिल्यै झैं तिनीहरुले उहाँलाई सामुन्ने मै केही सोध्न सक्ने छैनन् । सट्टामा, तिनीहरुले येशूको नाउँमा पितासँग माग्न सक्नेछन् । तिनीहरुले जे मागेपनि पाउनेछन् । तिनीहरुको आनन्द पूर्ण हुनेछ ।

जब हामी येशू-जो जीवित हुनुहुन्छ -सँग अनि उहाँद्धारा परमेश्वरसँग एक हुन्छौं, तब हामीलाई वास्तविक आनन्द प्राप्त हुनेछ ।

येशूले स्वीकार गर्नुभयो कि उहाँले बोलेका कुराहरु उनीहरुले बुझ्ने खाल्को स्पष्ट र सोझो अर्थ लाग्ने थिएनन् । उहाँले दृष्टान्त प्रयोग गर्नुभयो । यसभन्दा अघि तिनीहरु उहाँको मृत्युको बारेमा सरल भाषामा सुन्न तयार भएका थिएनन् । तर अब समय आइसकेको थियो ।

येशू जाने बित्तिकै उहाँको नाउँमा चेलाहरुको पिताकहाँ पुग्ने सोझो मार्ग बन्नेछ । येशूलाई प्रेम गर्ने जति सबैलाई पिता परमेश्वरले प्रेम गर्नुहुन्छ । येशू परमेश्वरबाट आउनुभएको हो भनी विश्वास गर्नेहरुलाई पिताले प्रेम गर्नुहुन्छ ।

येशू कहाँ जाँदै हुनुहुन्थ्यो भन्ने बारे चेलाहरुले जान्न चाहेका थिए । उहाँ त्यही फर्केर जाँदै हुनुहुन्थ्यो जहाँ बाट आउनुभएको थियो । उहाँ यस संसारमा पिताबाट आउनुभएको थियो । अब उहाँ यस संसारलाई छोडेर पिताकहाँ फर्कि जाँदै हुनुहुन्छ ।

यसपल्ट चेलाहरुले येशूलाई राम्ररी बुझ्न सके । येशूको भनाई अब चाहिँ स्पष्ट थियो भनी तिनीहरुले भने । उहाँको उदाहरणले तिनीहरुलाई बुझ्न मद्दत गऱ्यो । तिनीहरुले थाहा पाए कि प्रश्न सोध्न भन्दा पहिल्यै उहाँले तिनीहरुको प्रश्न बारे थाहा पाउनुहुन्छ । येशू परमेश्वरबाट आउनुभएको हो भनी तिनीहरुले विश्वास गरे ।

"अन्त्यमा," येशूले भन्नुभयो । तिनीहरुले उहाँमाथि विश्वास गरे, यद्यपि येशूले मृत्युको सामना गर्न लाग्नुभएको थियो । तर, उहाँले तिनीहरुलाई विपत्तिमा, छरपष्ट हुनेछन् भनी सचेत गराउनु भयो । तिनीहरुले उहाँलाई एकलै छोड्ने थिए । तापनि उहाँ एकलो हुनुहुने छैन । पिता उहाँसँग हुनुहुनेछ ।

केही समयमा नै येशू पक्राइनेछ अनि चेलाहरु सबै भाग्नेछन् । चेलाहरुलाई प्रोत्साहन गर्नको निम्ति येशूले यस तरिकाले बोल्नुभएको थियो । येशूको कारणले गर्दा हामी शान्ति प्राप्त गर्दछौं, जस-जसले विश्वास गर्दछौं । उहाँले पहिले र अहिले पनि आफ्ना चेलाहरुको निम्ति सामान्य सत्य वचन

बोल्नु भएको छ । यस संसारमा हामीलाई दुःख हुनेछ । “तर” येशू भन्नुहुन्छ, “साहस गर !” हामीले आँट गर्न सक्छौं किनकि येशूले संसारलाई जित्नुभएको छ ।

**याद राख्नुपर्ने कुराहरु :**

६८. येशूले चेलाहरुलाई वचन दिनुभयो कि तिनीहरुको पीडा ........... मा परिणत हुनेछ ।

६९. येशूका चेलाहरुले येशूको ............ मा पितासँग जे माग्दछन्, तिनीहरुले त्यही पाउनेछन् ।

७०. येशूले अब .............छोड्दै हुनुहुन्थ्यो अनि .............. कहाँ फर्केर जाँदै हुनुहुन्थ्यो ।

७१. येशूले चेलाहरुलाई दुःखको घडीमा तिनीहरु .............. हुनेछन् भनी सचेत गराउनुभयो ।

७२. यस संसारमा हामीलाई .................हुनेछ । तर येशू हामीलाई .............. गर्नको लागि भन्नुहुन्छ ।

(आफ्ना उत्तरहरु पेज न १८६ मा हेर्नुहोस् )

**येशूले आफ्नो निम्ति प्रार्थना गर्नुभयो ।**

(यूहन्ना १७:१-५ पढ्नुहोस)

[१]यी कुरा भनिसकेपछि येशूले स्वर्गतिर आँखा उचाली भन्नुभयो, “हे पिता, समय आइपुगेको छ, तपाईका पुत्रको महिमा प्रकट गर्नुहोस्, र पुत्रले तपाईको महिमा प्रकट गरोस् । [२]किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएको सबैलाई उसले अनन्त जीवन दिओस् । [३]अब अनन्त जीवन यही हो, कि तिनीहरुले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनुन् र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनुन् । [४]जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरि तपाईंलाईं पृथ्वीमा मैले महिमित तुल्याएको छु । [५]अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस् ।

कोठा छोड्नुअघि येशूले गर्नुभएको अन्तिम कार्य प्रार्थना थियो । उहाँले आँखा उचाली स्वर्गतिर हेर्नुभयो । उहाँले आफ्नो लागि, चेलाहरुको लागि अनि सबै विश्वासीहरुको निम्ति प्रार्थना गर्नुभयो ।

उहाँको आफ्नो निम्ति प्रार्थना छोटो थियो । अनि चेलाहरुले समेत सुन्नलाई सायद सहयोग पुग्यो होला । उहाँले पितासँग पुत्रको महिमा प्रकट गर्नुहोस भनी अनुरोध गर्नुभयो । उहाँले परमेश्वरसँग स्वर्गमा उहाँलाई महिमित पार्न अनुरोध गर्नुभयो । सृष्टि हुनु अघि पितासँगै प्राप्त उहाँको महिमाको निम्ति उहाँले अनुरोध गर्नुभयो ।

हामीलाई स्मरण गराईन्छ कि येशू सत्य परमेश्वर साथसाथै सत्य मानिस हुनुहुन्छ । तर उहाँको मानव स्वरुपमा उहाँले स्वयंलाई होच्याउनु भयो । उहाँले पछि परमेश्वरको रुपमा आफ्नो महिमा प्रकट गर्नुभयो ।

येशूले स्वर्गमा आफ्नो महिमाको लागि अनुरोध गर्न सक्नुहुन्थ्यो किनकि उहाँले नै पितालाई पृथ्वीमा महिमित तुल्याउनु भएको थियो । परमेश्वरले जुन कामको निम्ति उहाँलाई पठाउनुभएको थियो । त्यो उहाँले पूरा गर्नुभयो । येशूले अझ क्रूसमा मृत्यु सहन गर्न बाँकी नै थियो । तर उहाँ डगमगाउनु हुने छैन । गरे सरह नै यो असल थियो । किनकि उहाँले पिताको आज्ञा पालन गर्नुभयो अनि उहाँमाथि विश्वास गर्नेहरु सबैलाई अनन्त जीवन दिनुभयो । जसले विश्वास गर्दछन् अनि अनन्त जीवन प्राप्त गरेका छन्, तिनीहरुले परमेश्वरको समस्त महिमा अनि प्रशंसा गर्दछन् ।

**याद राख्नुपर्ने कुराहरु :**

७३. सृष्टि हुनु अघि पितासँगै प्राप्त उहाँको ............ को निम्ति येशूले अनुरोध गर्नुभयो ।

७४. येशू सत्य ........... अनि सत्य ................. हुनुहुन्छ ।

(आफ्ने उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् ।)

**येशूले चेलाहरुको निम्ति प्रार्थना गर्नुभयो ।**

(यूहन्ना १७ : ६-१९ पढ्नुहोस्)

[६]"संसारबाट जुन मानिसहरु तपाईंले मलाई दिनुभयो । तिनीहरुलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु । तिमीहरु तपाईंका थिए । अनि तपाईंले तिनीहरु मलाई दिनुभयो, र तिनीहरुले तपाईंको वचन पालना गरेका छन् । [७]तिनीहरुलाई अब थाहा छ कि तपाईंले मलाई दिनुभएको प्रत्येक

कुरा तपाईंबाट आएको हो । [८]किनभने जुन वाणी तपाईंले मलाई दिनुभयो, मैले तिनीहरुलाईं दिएको
छु, र तिनीहरुले ती ग्रहण गरेका छन् । म तपाईंबाट आएको हुँ भन्ने तिनीहरुले साँच्चै जानेका छन्,
अनि तपाईंले मलाईं पठाउनुभएको हो भनी तिनीहरुले विश्वास गरेका छन् ।
[९]म तिमीहरुका निम्ति प्रार्थना गर्दछु, संसारको निम्ति म प्रार्थना गर्दिनँ, तर तिनीहरुका निम्ति,
जसलाई तपाईंले-मलाई दिनुभएको छ । किनभने तिनीहरु तपाईंकै हुन्, [१०]मेरा सबै जे छन् तपाईंका
हुन्, र तपाईंका जे छन् मेरा हुन् । मेरा महिमा तिनीहरुमा प्रकट भएको छ ।
[११]"म फेरि संसारमा रहँदिनँ, तर यिनीहरु त संसारमा रहन्छन् । मचाहिँ तपाईंकहाँ आइरहेछु ।
पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरुलाई सुरक्षित राख्नुहोस् र हामी जस्तै
तिनीहरु पनि एक होऊन् । [१२]जबसम्म म तिनीहरुसँग थिएँ, तपाईले मलाईं दिनुभएको तपाईंको
नाउँमा तिनीहरुलाई सुरक्षित राखेँ । तिनीहरुको रक्षा गरे । अनि तिनीहरुमध्ये विनाशको छोराबाहेक
अरु कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो ।
[१३]"तर अब म तपाईंकहाँ आइरहेछु । संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरुमा मेरो
आनन्द पूरा होस् । [१४]मैले तिनीहरुलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरुलाई घृणा गऱ्यो,
किनकि तिनीहरु संसारका होइनन्, जसरी म संसारको होइनँ । [१५]तपाईंले तिनीहरुलाई संसारबाट
लैजानुहोस भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरुलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस् । [१६]तिनीहरु
संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ । [१७]तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्,
तपाईंको वचन सत्य हो । [१८]जसरी तपाईंले मलाईं संसारमा पठाउनुभयो, मैले पनि तिनीहरुलाई
संसारमा पठाएको छु । [१९]तिनीहरुका खातिर म आफैंलाई पवित्र पार्दछु, ताकि तिनीहरु पनि सत्यतामा
पवित्र होऊन् ।

पिता परमेश्वरले येशूलाई चेलाहरु दिनुभयो । येशूले तिनीहरुलाई पिताको वचन सिकाउनुभयो । चेलाहरुले उहाँको वचन पालन गरे । तिनीहरुले थाहा पाए कि येशू पिताबाट आउनुभएको हो । पिताले उहाँलाई पठाउनुभएको हो भन्ने तिनीहरुले विश्वास गरे ।

तिनीहरुको निम्ति येशूले प्रार्थना गर्नुभयो । उहाँले यस बेला अविश्वासी संसारको निम्ति प्रार्थना गर्नुभएन । चेलाहरुप्रति उहाँको विशेष अभिरुचि थियो । तिनीहरु उहाँको अनि पिताका हुन् । चेलाहरुमा येशूको महिमा प्रकट भइसकेको थियो । तिनीहरुले भविष्यमा अझ बढी नै गर्नेछन् ।

तथापि, चेलाहरुले खतराको सामना गर्नुपर्नेछ । उहाँ जसरी उपस्थिति हुनुहुन्थ्यो त्यसरी नै उनीहरुलाई सुरक्षित राख्नको निम्ति उनीहरु माझ येशू रहनुहुने छैन । पिताले सुरक्षित राख्नुहोस् भनेर येशूले प्रार्थना गर्नुभयो ।

तिनीहरु विश्वासद्धारा एक होऊन भनी उहाँले प्रार्थना गर्नुभयो ।

येशूले यहूदा इस्करियोत बाहेक सबै चेलाहरुलाई सुरक्षित राख्नुभएको थियो । यहूदा नर्कतर्फ अघि बढ्रिहेको थियो । त्यो येशूको दोष थिएन । धर्मशास्त्रले भनेझैं यहूदाले येशूलाईं शत्रुहरुको हातमा पक्राईदिने थियो । पुरानो करार, धर्मशास्त्रले मसीहको बारेमा भनेको सबै कुरा सत्य सावित भयो ।

येशूले प्रार्थना गर्नुभयो कि उहाँका चेलाहरु उहाँका आनन्दले परिपूर्ण होऊन् । तिनीहरुले परमेश्वरको वचन येशूद्धारा प्राप्त गरेका थिए । तर तिनीहरुलाई घृणा गर्ने संसारको सामना तिनीहरुले  गर्नुपर्‍यो, जसले येशूलाई घृणा गर्दथ्यो । चेलाहरुको संसार छोड्ने बेला अझसम्म आइसकेको थिएन । तिनीहरु रहनु पर्दथ्यो अनि येशूको साक्षी दिनुपर्दथ्यो । तिनीहरुले शैतानको विरुद्धमा लड्नु पर्दथ्यो । तिनीहरुलाई सहायता गर्न परमेश्वरको खाँचो थियो ।

येशूका चेलाहरु यस संसारका थिएनन् । उहाँका चेलाहरुका निम्ति यो सँधै सत्य हो । हामी संसारमा छौं । हामी संसारका होइनौं ।

परमेश्वरले उहाँको सत्यताद्धारा हामीलाई बाटो देखाउनुहुन्छ । यस संसार मार्फत परमेश्वरले उहाँका चेलाहरुलाई सत्यमा पवित्र पारिदिनुहोस भनेर येशूले प्रार्थना गर्नुभयो । परमेश्वरको वचन सत्य हो । हामीले यसको निम्ति अर्को कुनै पनि ठाउँ हेर्नुपर्दैन ।

पवित्र हुनुको अर्थ परमेश्वरको खातिर अलग्गिनु हो । येशूले चेलाहरु परमेश्वरमा अनि उहाँको सेवामा समर्पित होऊन भनेर प्रार्थना गर्नुभयो । उनीहरुले परमेश्वरका बाटोहरु देख्नुपर्दछ अनि संसारका दुष्ट प्रवृतिहरु हटाउनुपर्दछ ।

येशूले उहाँका चेलाहरुलाई संसारमा पठाउनु भयो, जसरी पिताले उहाँलाई पठाउनुभयो । येशू पवित्र हुनुहुन्थ्यो । उहाँ हर तरहले पिताको सत्यतामा रहनुभयो । उहाँ पवित्र भएकोले उहाँले आफ्ना चेलाहरुलाई सत्यतामा पवित्र हुने बाटो बनाइदिनु भयो । अर्को तरिकाले भन्दाखेरि, हामी सत्यतामा परमेश्वरको सेवा गर्न सक्दछौं । किनभने येशूले यो सम्भव तुल्याइदिनु भएको छ । तसर्थ येशूले प्रार्थना गर्नुभयो कि परमेश्वरले चेलाहरुलाई उहाँको सत्यतामा राख्नुहोस् ।

**याद राख्नुपर्ने कुराहरु :**

७५. येशूले चेलाहरुलाई पिताको ............. सिकाउनुभयो ।

७६. परमेश्वरले चेलाहरुलाई ........... राख्नुहोस् भनी येशूले प्रार्थना गर्नुभयो ।

७७. येशूले प्रार्थना गर्नुभयो कि उहाँका चेलाहरु उहाँको .......... ले परिपूर्ण होऊन् ।

७८. येशूले प्रार्थना गर्नुभयो कि परमेश्वरले उहाँका चेलाहरुलाई सत्यतामा ............ पारिदिनुहोस् ।

७९. परमेश्वरको ...............सत्य हो ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस् ।)

## सवै विश्वासीहरुको निम्ति येशूले प्रार्थना गर्नुभयो ।

(यूहन्ना १७ : २०-२६ पढ्नुहोस्)

[२०]"म यिनीहरुका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरुका सन्देशद्धारा ममाथि विश्वास गर्नेहरुका निम्ति पनि प्रार्थना गर्छु,
[२१]कि तिनीहरु सबै एक होऊन् । हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरु पनि हामीमा होऊन्, र तपाईंले मलाईं पठाउनुभयो भनी संसारले विश्वास गरोस् ।
[२२]जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरुलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरु पनि एक होऊन् ।
[२३]म तिनीहरुमा, अनि तपाई ममा, र तिनीहरु पूर्ण रुपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरुलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस् ।
[२४]"पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरु म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा संसारको सृष्टि हुन अघि देखि नै मलाईं प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो ।
[२५]"धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन, तर म तपाईंलाई चिन्दछु, अनि तपाईले मलाईं पठाउनुभएको हो भनी यिनीहरुले जान्दछन् ।
[२६]मैले तपाईंको नाउँ यिनीहरुमा मलाई प्रकट गरे, अनि तपाईंको नाउँ यिनीहरुमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरुमा रहोस्, र म तिनीहरुमा रहूँ ।"

येशूले आफ्ना चेलाहरुसँग कुरा गर्दा हामीसँग पनि हो भनेर कहिलेकहिँ मानिसहरु अलमलमा पर्दछन् । यहाँ उहाँले कुनै शंका बाँकी राख्नुभएन । उहाँले "यिनीहरुका सन्देशद्धारा ममाथि विश्वास गर्नेहरुको निम्ति" भनेर पनि प्रार्थना गर्नुभयो ।

परमेश्वरले आफ्ना चेलाहरुलाई वचनद्धारा भेला गर्नुहुन्छ । धेरैले विश्वास गरुन भन्नाखातिर उहाँले आफ्ना चेलाहरुलाई येशूको बारेमा अरुलाई वचन सुनाउन प्रयोग गर्नुहुन्छ । शुरुका चेलाहरुमध्ये धेरैले येशूको वचन तथा सन्देश लिखित रुपमा उतारिएको थियो । पवित्र आत्माले तिनीहरुलाई डोऱ्याउनु भयो ।

येशूले प्रार्थना गर्नुभयो कि हामी विश्वासमा एक हुँदछौं, ज-जसले उहाँको वचन सुन्दछौं । उहाँको सत्यता संसारलाई भन्नको लागि हामी एकताबद्ध भएर काम गरौं भन्ने उहाँ चाहनुहुन्छ ।

हामीले परमेश्वरको महिमा प्रभु येशूमा देख्यौं (यूहन्ना १ : १४ हेर्नुहोस्) । हामी विश्वासद्धारा त्यो महिमा बाँडन सक्छौं । ज-जसले येशूमाथि सदासर्वदा विश्वास गर्दछन्, ती सबैले एउटै आत्मिक शरीर निर्माण गर्दछन् । त्यो आत्मिक एकता येशूसँगको हाम्रो सम्वन्धबाट आउँदछ । येशू परमेश्वरसँग एक हुनुहुन्छ । अनि हामीमा येशू बस्नुहुन्छ जसले विश्वास गर्दछ । येशूले परमेश्वरको महिमा हामीकहाँ ल्याउनुहुन्छ । येशूले हाम्रो जीवनमा परमेश्वरको प्रेम ल्याउनुहुन्छ । हाम्रो विश्वासपूर्ण जीवनले परमेश्वरको महिमा र प्रेम संसारलाई देखाउँदछ । हामी ख्रीष्टमा एक छौं । हामी ख्रीष्टसँग अनन्तकालसम्म जिउने छौं ।

संसारले परमेश्वरलाई चिन्दैन । येशूको कारणले गर्दा हामी चिन्दछौं । अनि येशूले परमेश्वरको प्रार्थनामा हामी भित्र अनि हामीसँगै सदासर्वदा रहने प्रतिज्ञा गर्नुहुन्छ ।

**याद राख्नुपर्ने कुराहरु :**

८०. परमेश्वरले आफ्ना चेलाहरुलाई .............. द्धारा भेला गर्नुहुन्छ ।

८१. येशूले प्रार्थना गर्नुभयो कि जस-जसले उहाँको वचन सुन्दछन्, ती विश्वासमा ............हुनेछन् ।

८२. येशूमा सदासर्वदा विश्वास गर्नेहरु सबैले एक...........शरीर निर्माण गर्नेछन् ।

८३. येशूले हाम्रो जीवनमा परमेश्वरको ............. ल्याउनुहुन्छ ।

(आफ्ना उत्तरहरु पेज नं. १८६ मा हेर्नुहोस्)

**याद राख्नुपर्ने कुराहरुका उत्तरहरु :**

१. अत्तर, केश २. गरीब ३. चोर ४. दफन ५. खजूर ६. होसन्ना ७. राजा
८. जकरिया ९. संसार १०. ग्रीकहरु ११. बीउ १२. चिहान १३. शैतान १४. क्रूस
१५. मेघ गर्जन, महिमा १६. मृत्यु १७. दोषी १८. मुक्ति १९. यशैया २०. फरिसीहरु
२१. मानिसहरु २२. एक २३. वचन २४. विदा २५. गोडा धुनुभयो २६. पछि, २७.पाप
२८. सेवा २९. उहाँ, पिता ३०. पक्रांई ३१. प्रेम ३२. धोखा ३३. शैतान ३४. नीजि काम
३५. महिमा ३६. मृत्यु ३७. प्रेम ३८. पछि ३९. प्राण ४०.इन्कार ४१. व्याकुल
४२. कोठाहरु ४३. फर्कि, स्वर्ग ४४. मर्नु ४५. बाटो, सत्य, जीवन ४६. पिता
४७. विश्वास ४८. नाउँ ४९. सल्लाहकार, आत्मा ५०. विश्वास ५१. वास ५२. शैतान
५३. दाखको बोट ५४. हाँगा ५५. एक , फल ५६. केही ५७. भरिपूर्ण ५८. मित्र
५९. प्रेम ६०. घृणा, घृणा ६१. परमेश्वर ६२. मार्दा ६३. आत्मा ६४. क्षमा
६५. धार्मिकता ६६. शैतान ६७. सत्यता ६८. आनन्द ६९. नाउँ ७०. संसार, पिता
७१. छरपष्ट ७२.दु:ख, साहस ७३. महिमा ७४. परमेश्वर, मानिस ७५. वचन
७६. सुरक्षित ७७.आनन्द ७८. पवित्र ७९. वचन ८०. वचन ८१. एक ८२. आत्मिक
८३. प्रेम

**अध्याय जाँच**
**कृपया याद राख्नुपर्ने कुराहरुको समीक्षा गर्नुहोस् ।**

१. येशूले भन्नुभयो कि उहाँको ............ को तयारीको लागि मरियमले अत्तर हालिदिइन् ।

२. जब येशू यरुशलेमबाट आफ्नो अन्तिम निस्तार-चाडमा आउनुभयो । तब भीडले उहाँलाई ................ मानेर स्वागत गऱ्यो ।

३. उहाँ मर्नुपर्नेछ अनि मृत्युबाट बौरिनु पर्नेछ भन्नको लागि येशूले ............ (                ) उदाहरण दिनुभयो ।

४. येशूले भन्नुभयो कि अन्त्यको दिनमा उहाँको ............ ले उहाँमाथि विश्वास नगर्नेहरुको न्याय गर्नेछ ।

५. निस्तार-चाडको भोजकै समयमा येशूले चेलाहरुको ............ ............. तिनीहरुप्रति आफ्नो प्रेम प्रकट गर्नुभयो ।

६. येशूले चेलाहरुलाई भन्नुभयो कि ती मध्येका एक जनाले उहाँलाई शत्रुको हातमा ............ दिनेछ ।

७. सुसमचार लेखक यूहन्ना आफूलाई “येशूको ........... चेला” भन्दछन् ।

८. येशूको महिमा प्राप्त गर्ने बेला आइसकेको थियो । त्यो उहाँले क्रूसमा ........... वरण गरेर हासिल गर्नुहुनेछ ।

९. येशूले पत्रुसलाई चेतावनी दिनुभयो कि तिनले त्यही रात तीन पटकसम्म येशूलाई  ................. गर्नेछन् ।

१०. येशूले स्वर्गलाई धेरै ........... भएको उहाँको पिताको घर भनी वर्णन गर्नुभयो ।

११. येशूले भन्नुभयो, " ............ , .............. र ............ म नै हुँ ।"

१२. येशूका चेलाहरुले उहाँको ........... मा जेसुकै मागे तापनि दिनुहुनेछ ।

१३. येशूले प्रतिज्ञा गर्नुभयो कि उहाँ र पिताले तिनीहरुलाई पवित्र .......... पठाई दिनुहुनेछ ।

१४. येशूले भन्नुभयो, "दाखको बोट म हुँ । तिमीहरु चाहिँ ............. हौं ।"

१५. येशूसँग एक भएको खण्डमा हामीले धेरै .............. फलाउनेछौं ।

१६. जस-जसले येशूमाथि खराब व्यवहार गरे, तिनीहरुले त्यसो गरे, किनभने तिनीहरुले .................. लाई चिन्दैनथिए ।

१७. परमेश्वरले येशूको ............ हाम्रो नै हो भनी स्वीकार गर्नु हुन्छ ।

१८. पवित्र आत्माले चेलाहरुलाई ............... मा डोऱ्याउनुहुनेछ ।

१९. यो दुःखपूर्ण संसारमा येशू हामीलाई .......... गर्नको लागि भन्नुहुन्छ ।

२०. परमेश्वरको ............... नै सत्य हो ।

(आफ्ना उत्तरहरु पेज नं. २४५ मा जाँच गर्नुहोस्)



## विश्वास गर्नुहोस अनि जिउनुहोस

**परिच्छेद ७ :**
**येशूले आफ्नो मण्डली (अर्थात जीवनको उदेश्य) कसरी क्रूसमा पूरा गर्नुभयो ।**

यूहन्ना १८ : १ देखि यूहन्ना १९ : ४२ सम्म

## परिच्छेद सात :
## येशूले आफ्नो मण्डली (अर्थात जीवनको उदेश्य) कसरी क्रूसमा पूरा गर्नुभयो

### येशूलाई गिरफ्तार गरियो अनि हन्नासकहाँ लगियो ।

(यूहन्ना १८ : १ - १४ पढ्नुहोस)

१यी कुरा भनिसकेर येशू आफ्ना चेलाहरुसँग किद्रोन खोल्सापारि जानुभयो । त्यहाँ एउटा
बगैँचा थियो । येशू आफ्ना चेलाहरुसँग त्यहा प्रवेश गर्नुभयो । २उहाँलाई पकाइदिने यहूदाले पनि त्यो
ठाउँ चिनेको थियो, किनभने येशू आफ्ना चेलाहरुसँग त्यहाँ धेरैजसो भेला हुनुहुन्थ्यो । ३तब बत्ती, राँको
र हतियारहरु लिएका सिपाहीहरुको एक दल र मुख्य पूजाहारी र फरिसीहरुले पठाएका पहरेदारहरु
लिएर यहूदा त्यहाँ आयो ।
४तब आफूमाथि आइपर्ने सबै कुरा थाहा पाएर येशू अगि आउनुभयो, र तिनीहरुलाई
भन्नुभयो, "तिमीहरु कसलाई खोज्दैछौ ?"
५तिनीहरुले उहाँलाई भने, "नासरतका येशूलाई ।"
येशूले तिनीहरुलाई भन्नुभयो, "म उही हुँ ।" अब उहाँलाई पकाइदिने यहूदा पनि
तिनीहरुसँगै उभिरहेको थियो । ६जब उहाँले तिनीहरुलाई "म उही हुँ" भन्नुभयो, तब तिनीहरु पछि
हटे, अनि भूइँमा लोटे ।
७फेरि उहाँले तिनीहरुलाई सोध्नुभयो, "तिमीहरु कसलाई खोज्दैछौ ?"
तिनीहरुले भने, "नासरतका येशूलाई ।"
८येशूले जवाफ दिनुभयो, " मैले तिमीहरुलाई भनिहालेँ, म उही हुँ । यसकारण यदि
तिमीहरु मलाई खोज्दैछौ भने यी मानिसहरुलाई चाहिँ जान देओ ।"
९"तपाईले मलाई दिनुभएकाहरुमध्ये एउटालाई पनि मैले गुमाइनँ " भनी उहाँले
भन्नुभएको वचन पूरा होस् भनेर यो भयो ।
१०सिमोन पत्रुसले आफूसँग भएको तरवार निकालेर मुख्य पूजाहारीको कमारालाई प्रहार
गरे र त्यसको दाहिने कान च्वाट्टै काटिदिए । त्यस कमाराको नाउँ माल्खस थियो ।
११येशूले पत्रुसलाई भन्नुभयो, "तरवार म्यानमा हाल । के पिताले मलाई दिनुभएको
कचौरा म नपिऊँ ?"
१२त्यसपछि सिपाहीहरुको दल, तिनीहरुका कप्तान, र यहूदीहरुका पहरेदारहरुले येशूलाई
पक्रे, र उहाँलाई बाँधे । १३पहिले तिनीहरुले उहाँलाई हन्नासकहाँ लगे, जो त्यस सालका प्रधान
पूजाहारी कैयाफाका ससुरा थिए । १४यी तिनै कैयाफा थिए, जसले जनताको निम्ति एक जना मानिस
मर्नमा नै कल्याण छ भनी यहूदीहरुलाई सल्लाह दिएका थिए ।

येशू र उहाँका चेलाहरुले त्यो कोठा छाड्नुभयो जहाँ उहाँहरुले निस्तार-चाडको भोज खानुभएको थियो । उहाँहरु यरुशलेम बाहिर उपत्यकाबाट अलि पर जानुभयो । अर्को पट्टि रहेको जैतुनको बगैंचामा उहाँहरु पस्नुभयो । येशू प्राय : जसो आफ्नो चेलाहरुसँग त्यहाँ बस्नुहुन्थ्यो ।

यहूदाले त्यो ठाउँ चिनेको थियो । येशूलाई उहाँको शत्रुको हातमा पक्राउने बेला यहूदाको निम्ति आइसकेको थियो । ऊ केही सिपाहींहरु र पहरेदारहरु लिएर बगैंचामा पुग्यो । मुख्य पूजाहारी र फरिसीहरुले तिनीहरुलाई पठाएका थिए । तिनीहरुले बत्ती, राँको र हतियारहरु बोकेका थिए ।

येशू तयार हुनुहुन्थ्यो । आफूमाथि आइपर्ने सबैकुरा येशूलाई थाहा थियो । उहाँ भाग्नुभएन, न त विरोध नै गर्नुभयो । उहाँले आफ्नो पिताको आज्ञा पालन  गर्दै हुनुहुन्थ्यो । उहाँ त्यो समुहकहाँ पुग्नुभयो अनि तिनीहरुले कसलाई खोजेका हुन भनी सोध्नुभयो ।

तिनीहरुले उहाँलाई भने, “नासरतका येशूलाई ।”

येशूले जवाफमा भन्नुभयो, “म उही हुँ । ”

यहूदा त्यहीं थियो । तिनीहरुले खोजेका मान्छे उहाँ नै हुनुहुन्छ भन्ने इसारा गर्नलाई ऊ येशूको हातमा चुम्बन गर्न तयार थियो । (चुम्बनको बारेमा अरु सुसमाचारले भनेका छन् ।) तर पहिले नै केही अनौठो घटना घट्यो । जब येशूले “म उही हुँ ” भन्नुभयो, तब सशस्त्र टोली पछि हटे अनि भूइँमा लोटे ।

यो सशस्त्र टोली किन भुइँमा लोटयो, जबकि तिनीहरुले निशस्त्र येशूको सामना गरेका थिए । हामी परमेश्वरको शक्तिले काम गरिरहेको थियो मात्र भन्न सक्छौ । येशू जो “म हुँ” यहोवा हुनुहुन्थ्यो । उहाँले अनुमति नदिएसम्म तिनीहरुले उहाँलाई लैजान सक्दैनथे ।

येशूले फेरि पनि तिनीहरुले कसलाई खोजेका हुन् भनी सोध्नुभयो । अनि तिनीहरुले फेरि भने, “नासरतका येशूलाई । ”

येशूले भन्नुभयो, “ मैले तिमीहरुलाई भनिहालें, म उही हुँ ।” तब उहाँले तिनीहरुलाई उहाँलाई लैजान तर पहिले चेलाहरुलाई जान दिनको लागि भन्नुभयो । जस्तो उहाँले पहिल्यै भन्नु भएथ्यो (यूहन्ना ६ : ३९ हेर्नुहोस), परमेश्वरले उहाँलाई दिनुभएकोलाई कुनै रीतिले उहाँले त्याग्नुहुनेछैन ।

सिमोन पत्रुस यस्तो चेला थिए जो तुरुन्त प्रतिक्रियामा उत्रिहाल्थे । उनले आफूसँग भएको तरवार निकाले । तरवार निकालेर उनले माल्खस नाम गरेको मुख्य पूजाहारीको कमारालाई प्रहार गरे र त्यसको दाहिने कान च्वाट्टै पारिदिए ।

तर येशू झगडा गर्नुहुन्नथ्यो । उहाँले पत्रुसलाई तरवार भ्यानमा हाल्न लगाउनु भयो । उहाँले माल्खसको कान समेत निको पारिदिनुभयो भनेर अरु सुसमाचार लेखकहरुले हामीलाई भन्दछन् । तब उहाँले पत्रुसलाई भन्नुभयो कि पिताले उहाँलाई दुःख पाउन पठाउनु भएको थियो । यदि उहाँ सशस्त्र टोलीको बिरुद्धमा उत्रिनुभएको भए, उहाँ पिताको आज्ञाको विपरित उभिएको ठहर्द थियो ।

त्यो टोलीले येशूलाई उहाँको इच्छा विरुद्ध लैजाने थिएन । उहाँ स्वयंले तिनीहरुसमक्ष समर्पण गर्नुभयो । येशू संसारको पापको निम्ति मर्ने प्रकृयामा अघि बडदै हुनुहुन्थ्यो ।

तिनीहरुले येशूलाई  पूजाहारी, हन्नासकहाँ ल्याए । तिनी कार्यरत बहालमा रहेको पूजाहारी कैयाफाका ससुरा थिए । रात धेरै छिप्पिइ सकेको थियो । धर्मसभाको भेला गराउन कैयाफालाई समयको आवश्यकता पर्दथ्यो ।

मुद्दा चलाउन गर्न गैरकानुनी ठहर्दथ्यो । रातको समयमा सभामा बसाल्न तिनीहरुले सक्दैन थिए । साथै, पक्रिएकै दिनमा त्यस अभियुक्तलाई मुद्दा चलाएर दोषी ठहर गर्न पनि गैरकानुनी हुन्थ्यो । तर कैयाफाले यसको वास्ता गरेनन् । येशूले मर्नु पर्दछ भनेर उनले पहिल्यै निर्णय लिई सकेका थिए । न्याय गरेको देखाउनको निम्ति मात्र न्यायीक जाँच गर्न जरुरी थियो । तसर्थ, तिनीहरुले येशूलाई बाँधे अनि सर्वप्रथम हन्नासकहाँ ल्याए ।

**याद राख्नुपर्ने कुराहरु :**

१. येशू र उहाँका चेलाहरु .................. को बगैँचातिर जानुभयो ।

२. सिपाहीहरु र यहूदी पहरेदारहरु येशूलाई पक्रन आए । तिनीहरुले बत्ती, राँको ....................... बोकेका थिए ।

३. जब येशूले “म उही हुँ” भनेर सशस्त्र टोलीलाई भन्नुभयो, तब ती भूइँमा ............ ।

४. ................ ले मुख्य पूजाहारीको कमारोको कान तरवारले काटिदिए ।

५. येशूले पत्रुसलाई रोक्नुभयो अनि भन्नुभयो कि उहाँको ............विपरित कसैले उहाँलाई केही गरिराखेको छैन ।

६. सशस्त्र टोलीले येशूलाई बाँध्यो अनि उहाँलाई ............. कहाँ लगियो ।

७. रात्री समयको न्याय सम्पादन .............. थियो ।

(आफ्ना उत्तरहरु पेज २१३ मा हेर्नुहोस)

**पत्रुसले तिनी येशूको चेला होइन भनेर इन्कार गरे ।**
**अथवा**

(यूहन्नाको १८ : १५-२७ पढ्नुहोस)

[१५]सिमोन पत्रुस र येशूका अर्का एक जना चेला येशूको पछि लागे । ती अर्काचाहिँ चेला प्रधान
पूजाहारीका चिनारु थिए, र येशूसँगै प्रधान पूजाहारीको आँगनमा पसे । 
[१६]तर पत्रुस बाहिर ढोकामा
उभिरहेका थिए । ती अर्काचाहिँ चेलाले, जो प्रधान पूजाहारीका चिनारु थिए, बाहिर निस्केर ढोकामा
बस्ने ठिटीलाई भनेर पत्रुसलाई भित्र ल्याए । 
[१७]तब ढोकामा बस्ने त्यस ठिटीले पत्रुसलाई भनी, "के
तिमी पनि यस मानिसका चेलाहरुमध्ये एक जना हौं ?

तिनले भने, "म होइनँ ।"

[१८]त्यहाँ कमारा र पहरेदारहरु आगोको भुङ्ग्रो ताप्दै उभिरहेका थिए, किनभने जाडो थियो
। अनि पत्रुस पनि तिनीहरुसँग उभिएर आगो ताप्न लागे ।

[१९] अब प्रधान पूजाहारीले येशूलाई उहाँका चेलाहरु र उहाँका विषयमा सोधे ।

[२०]येशूले तिनलाई जवाफ दिनुभयो, "मैले संसारलाई खुल्लमखुल्ला भनेको छु । मैले सधैं
सभाघरमा र मन्दिरमा शिक्षा दिएको छु, जहाँ सबै यहूदीहरु भेला हुन्छन् । मैले गुप्तमा केही भनेको
छैनँ । 
[२१]मलाई किन सोध्नुहुन्छ ? मैले तिनीहरुलाई के भने सो सुन्नेहरुलाई नै सोध्नुहोस । मैले भनेका
कुराहरु यिनीहरुलाई थाहा छ ।"

[२२]येशूले यी कुरा भन्नुहँदा नजीकमा उभिएका पहरेदारहरुमध्ये एक जनाले यसो भन्दै
येशूलाई थप्पड लायो, "के प्रधान पूजाहारीलाई यसरी जवाफ दिन्छस् ?"

[२३]येशूले त्यसलाई भन्नुभयो, "मैले बेठीक भनेको भए त्यसको गवाही देऊ तर यदि मैले
ठीकै भनेको हो भने मलाई किन हिर्काउँछौं ? 
[२४]तब हन्नासले उहाँलाई बाधिँएकै अवस्थामा प्रधान
पूजाहारी कयाफाकहाँ पठाए ।

[२५]सिमोन पत्रुस उभिएर आगो ताप्दैथिए । तिनीहरुले तिनलाई भने, "के उनका
चेलाहरुमध्ये एक जना तिमी पनि होइनौ ?"

तिनले इन्कार गरेर भने, " म होइनँ । "

[२६]प्रधान पूजाहारीका कमाराहरुमध्ये एक जना, जसका नातेदारको कान पत्रुसले काटेका थिए, त्यसले
सोध्यो, "के मैले तिमीलाई तिनीसँग बगैँचामा देखिनँ र ?" 
[२७]तब फेरि पत्रुसले इन्कार गरे । अनि
तुरुन्तै भाले बास्यो ।

सिमोन पत्रुस र अर्का एकजना चेला त्यो टोलीको पछि लागेर हन्नासकहाँ गए । अर्का चेला, विना कुनै शंका, यूहन्ना थिए । उनले आफ्नो नाम कहिल्यै खोलेनन् । चेलाले येशूलाई महासभा सम्म पछयाए । तिनी त्यहाँ परिचीत थिए । तर पत्रुसले ढोका बाहिर कुर्नु परयो ।

लगत्तै, अर्को चेला बाहिर फर्कि आए । काममा खटिएकी एक ठिटीसँग तिनले कुरा गरेपछि पत्रुसलाई भित्र जान दिइयो । जब त्यस ठिटीले पत्रुससँग कुरा गरी, तिनले यी येशूका चेला हुन भन्ठानिन । चेला हुन कि भनेर तिनले उनीसँग प्रश्न गरिन । तिनले भने, "म होइन ।" येशूले भनेजस्तै यो भइरहेको थियो । येशूलाई चिन्दिन भनेर पत्रुसले भने ।

त्यसपछि आगोको भुङ्ग्रो ताप्दै उभिरहेका कमारा र पहरेदारहरुसँग पत्रुस पनि सामेल भए । त्यो रात जाडो थियो । तिनी आँफूलाई न्यानो पार्न त्यहाँ उभिए ।

यसै बिचमा, हन्नासले येशूलाई प्रश्न गरे । उनले येशूका चेलाहरु र उहाँको शिक्षाबारे सोधे । उनले सम्भवत : इन्साफ गर्ने क्रममा येशूको विरुद्धमा प्रयोग गर्ने हेतुले केही सूत्र सुन्ने आशा राखेका थिए ।

तर येशूले जवाफमा यी सब कुरा सार्वजानिक भइसकेको भन्नुभयो । उहाँले सभाघरमा र मन्दिरमा खुल्लमखुल्ला शिक्षा दिनुभएको थियो । उहाँले केही पनि गोप्य तरिकाले गर्नुभएन । सुन्नेजति मानिसहरुलाई तिनीहरुले सोध्न सक्दथे । उहाँलाई किन सोध्नु परयो ? उहाँले नबोल्नु पर्ने कुरो बोल्नु भएको भए, गवाही खोज्न तिनीहरुलाई कुनै कठिनाइ हुने छैन ।

एक जना पहरेदारलाई येशूको जवाफ मन परेन । उसले येशूलाई थप्पड हान्यो । उसले प्रधान पूजाहारीसँग उहाँले त्यसरी मुख लाग्नुहुन्नथ्यो भनी चेतावनी दियो ।

तर येशूले त्यस पहरेदारसँग आफूले के गल्ती गरेको थियो भनी सोध्नुभयो । " मैले ठीकै भनेको हो भने", उहाँले भन्नुभयो, "मलाई किन हिर्काउछौ ?"

तब हन्नासले, येशूलाई बाँधिएकै अवस्थामा प्रधान पूजाहारी कैयाफाकहाँ पठाए । कार्यरत प्रधान पूजाहारीको नाताले, कैयाफाले इन्साफ गर्नुपर्नेछ ।

यस अवधीमा पत्रुसले उभिएर आफूलाई आगोमा तताँउदै थिए । उनी येशूका चेला हुन कि भनेर फेरि कसैले उनलाई सोध्यो । उनको बोलीको आधारमा तिनी सम्भवतः गालिलीबाट आएका हुन भन्न सक्दथे । तर पत्रुसले भने, "म होइन ।"

कमाराहरुमध्ये एक जना, जसको नातेदारको कान पत्रुसले काटेका थिए, त्यसले पत्रुसलाई सोध्यो । यो मान्छे जैतुनको बगैंचामा येशू पक्राउ परेको बेला त्यहाँ पुगेको थियो । उसले सोध्यो ”के मैले तिमीलाई जैतुनको बगैंचामा येशूसँग देखिन र ?”

तेस्रो पटक, पत्रुसले “अहँ, होइन ” भनेर येशूलाई इन्कार गरे । तब येशूले भन्नुभएझैं उनले तुरुन्तै भाले बासेको सुने ।

**याद राख्नुपर्ने कुराहरु :**

८. पत्रुसले येशूलाई चिन्दिन भनेर तीनपल्ट ................. गरे ।

९. येशूले हन्नासलाई बताउनु भयो कि उहाँले बोल्नुभएको सबैथोक .............. नै थिए ।

१०. त्यसपछि तिनीहरुले येशूलाई कार्यरत प्रधान पूजाहारी ............ कहाँ ल्याए ।

(आफ्ना उत्तरहरु पेज २१३ मा हेर्नुहोस्)

**पिलातसले येशूलाई निर्दोष साबित गरे ।**

(यूहन्ना १८ : २८-४० पढ्नुहोस)

[२८]तब तिनीहरुले येशूलाई कैयाफाको घरबाट महलतिर लगे । त्यति बेला विहानपख थियो । बिटुलिएर निस्तार-चाडको भोज खान पाउँदैनौ भन्ने डरले तिनीहरु महलभित्र पसेनन् । [२९]यसकारण तिनीहरुकहाँ बाहिर निस्केर पिलातसले भने, “यस मानिसको विरुद्धमा तिमीहरु के अभियोग लाउछौं ?”

[३०]तिनीहरुले उनलाई भने, “यदि यो मानिस अपराधी नभए हामी यसलाई तपाईंकहाँ सुम्पनेथिएनौं ।”

[३१]पिलातसले तिनीहरुलाई भने, “तिमीहरु यिनलाई लैजाओ, र तिमीहरुको आफ्नै व्यवस्थाबमाजिम यिनको इन्साफ गर ।”

यहूदीहरुले उनलाई भने, “कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई छैन ।”

[३२]उहाँको मृत्यु कुन रीतिले हुनेछ त्यसको सङ्केत दिएर उहाँले भन्नुभएको वचन पूर्ण होस् भनेर यसो भएको थियो ।

[३३]पिलातस फेरि महलभित्र पसे, र उनले येशूलाई बोलाएर भने, "के तिमी यहूदीहरुको राजा हौं ?"

[३४]येशूले जवाफ दिनुभयो, "तपाईं आफै यसो भन्नुहुन्छ, वा मेरो विषयमा तपाईंलाई अरु कसैले भने ?"

[३५]पिलातसले जवाफ दिए, "के म यहूदी हुँ र ? तिम्रै जाति र मुख्य पूजाहारीहरुले तिमीलाई मेरो हातमा सुम्पिदिए । तिमीले के गऱ्यौ ?"

[३६]येशूले जवाफ दिनुभयो, "मेरो राज्य यस संसारको होइन । मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरु मेरो निम्ति लड्नेथिए, र म यहूदीहरुका हातमा पर्नेथिइनँ । तर मेरो राज्य यस संसारको होइन ।"

[३७]पिलातसले उहाँलाई सोधे, "के तिमी राजा नै हौ त ?"

येशूले जवाफ दिनुभयो, "म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ । यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म संसारमा आएको हुँ । प्रत्येक जो सत्यको पक्षमा छ त्यसले मेरो स्वर सुन्छ ।"

[३८]पिलातसले उहाँलाई सोधे, "सत्य के हो ?" यति भनेर उनी यहूदीहरुकहाँ बाहिर निस्केर गए, र तिनीहरुलाई भने, "म यिनमा केही दोष भेट्टाउँदिनँ । [३९]निस्तार-चाडमा एक जनालाई मैले तिमीहरुका निम्ति छोडिदिने तिमीहरुको प्रथा छ । त के तिमीहरु चाहन्छौं, कि यहूदीहरुका राजालाई छोडिदिऊँ ?"

[४०]तर तिनीहरु फेरि यसो भन्दै कराए, "यसलाई होइन, तर बारब्बालाई ।" बारब्बाचाहिँ डाँकू थियो ।

कैयाफाको रोहवरमा येशूको फैसला बारे अन्य सुसमाचारमा पनि उल्लेख गरिएका छन् । यो पक्षपाती फैसला थियो । तिनीहरुले येशूलाई परमेश्वरको पुत्र भन्नुभएकै कारणले दोषी ठहर गरे । उनीहरुको कानुन अनुसार यसको अर्थ, उहाँले मर्नुपर्ने भन्ने बुझाउँदछ । उहाँ वास्तवमा नै परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरामा तिनीहरुले विश्वास गरेनन् । जे होस, उनीहरु रोमीहरुको अधीनमा थिए । तिनीहरुले मृत्युको सजाय दिन सक्दैन थिए । रोमीहरुले त्यो काम गर्नुपर्दथ्यो ।

तसर्थ यहूदीहरुले येशूलाई उनीहरुको अदालतबाट राज्यप्रमुखको महलतिर लगे । तिनीहरुले येशूलाई अन्यायपूर्वक इन्साफ गरेर प्राण्दण्ड दिनेवाला थिए । तर वास्तवमा तिनीहरु राज्यप्रमुखको दरवारमा जाँदैन थिए । तिनीहरु निस्तार-चाडको बाँकी सात दिन "अपवित्र" हुन चाहँदैन थिए ।



पिलातसले येशूलाई क्रोधित भीडको सामु प्रस्तुत गरे ।

राज्यप्रमुख, पिलातुस येशूको इन्साफ गर्न तयार भएर अदालतमा आए । सर्वप्रथम तिनले आरोप के लागेको रहेछ भन्ने तथ्य जान्न चाहे । यहूदीहरुले येशूले अपराध गरेकोमा दोषी हुनुहुन्छ, नत्र तिनीहरुले उहाँलाई त्यहाँ ल्याउने थिएनन् मात्र भने ।

पिलातुसले (त्यो) मुद्दा यतिखेरै खारिज गर्ने कोशिष गरे । तिनीहरु आफैं येशूको बारेमा फैसला गरुन समेत तिनले भने ।

तब मात्र यहूदीहरुले पिलातुसलाई तिनीहरु उहाँका आउनुपर्ने खास कारण बताए । तिनीहरुले येशूलाई मार्न चाहन्थे । पिलातुसकहाँ आएर तिनीहरु येशू कसरी मर्नुहुनेछ भनेर समेत निश्चित भए । यहूदीहरु आफैले मृत्यु दण्ड दिनुपरेको भए तिनीहरुले ढुङ्गाले हिर्काई-हिर्काएर मार्ने थिए । रोमीहरुले नमरुञ्जेल उहाँलाई क्रूसमा भुण्ड्याएर राख्नेछन् । उहाँ त्यसरी नै मर्नुहुनेछ भनेर येशूले भन्नुभएको थियो । (यूहन्ना १२ : ३२, ३३ हेर्नुहोस)

तब पिलातुसले येशूलाई व्यक्तिगत रुपमा प्रश्न गर्ने निधो गरे । उहाँ कहाँ येशूलाई ल्याइएको थियो । यहूदीहरुले आत्मिक विषयमा येशूलाई अभियोग लगाएकोमा उनी खासै चाख राख्दैन थिए । तर येशूलाई यहूदीहरुको राजा भनिनुमा केही महत्व थियो । यदि येशूले कुनै प्रकारले रोम साम्राज्यको विरोध गरेको भए, पिलातुसले जघन्य अपराध ठान्दथे । त्यसैले पिलातसले येशूलाई सोधे, “के तिमी यहूदीहरुका राजा हौ ?”

येशूले आफ्नै प्रकारको प्रश्न गरेर जवाफ दिनुभयो । यस्तो विचार कहाँबाट पाएका थिए भनेर उहाँले सोध्नुभयो । यो के उनको आफ्नै थियो ? वा अरु कसैले भनेको हो ? पिलातसले यो कुरा राम्ररी बुझ्न सकेनन्, तर येशूले आत्मिक तरिकाले उनलाई प्रमाणित गर्न खोज्दै हुनुहुन्थ्यो ।

येशूको प्रश्नमाथि पिलातुसले उपहास गरे । उनी यहूदीले झैं येशूलाई राजा मान्नेवाला थिएनन् । तर यहूदी धर्मगुरुहरुले येशूलाई उनीकहाँ सुम्पिदिएका थिए । उल्टै तिनले येशूलाई प्रश्न गरे, “तिमीले के गरयौ ?

येशूको जवाफको निम्ति पिलातस तयारी थिएनन् । येशूले सविस्तार भन्नुभयो, “मेरो राज्य यस संसारको होइन ।” यदि येशू राजा जस्तो ओहदाको हुनुभएको भए, त्यो रोमीहरुको निम्ति खतरा हुने थियो, तब त उहाँ र उहाँका सेवकहरु येशूलाई पक्रन यहूदीहरुको विरुद्धमा लड्ने थिए । तर उहाँको राज्य अर्कै संसारको थियो ।

येशू आफ्नो आत्मिक राज्यको कुरा गर्दै हुनुहुन्थ्यो । उहाँको राज्य स्वर्गबाट आएको थियो । उहाँ संसारका मानिसहरुको हृदयमा राज्य गर्नुहुन्छ । अनि, स्वर्गको राजाको रुपमा उहाँको राज्यमा तिनीहरु उहाँसँग सम्मिलित हुनेछन् । अविश्वासी यहूदीहरुले यी सब कुरा बुझेका थिएनन् । अब अहिले, अधार्मिक (अरुको धर्मलाई मान्यता नदिने) पिलातसले पनि त्यही सामना गरे ।

उनले सोधे, "के तिमी राजा नै हौ त ?" "हो" यसको निम्ति म जन्मेको हुँ भनेर येशूले जवाफ दिनुभयो । तर येशूले फेरि प्रष्ट पार्नुभयो कि उहाँको राज्य संसारको राज्य भन्दा बेग्लै हो । येशू हामीकहाँ सत्य कुरा भन्न आउनुभएको थियो । प्रत्येक, जो उहाँको राज्यमा सम्मिलित हुन्छ, ऊ सत्यको पक्षमा छ ।

पिलातुसले त्यस कुरोलाई अस्वीकार गरे । कसैले पनि जान्न सक्दैनन् भन्ने तरिकाले तिनले सोधे, "सत्य के हो ?" उनी अविश्वासीहरुको साधारण गल्तीमा परे । पूर्ण सत्य छ भन्ने कुरो तिनीहरुले अस्वीकार गरे । त्यो सत्य हामी येशूमा पाउँदछौं ।

येशूलाई सजाय दिनुपर्ने कुनै ठोस कारण पिलातुसले देखेनन् । यहूदी धर्मनेताहरुले येशूलाई कतिसम्म घृणा गर्दथे भन्ने कुरो पनि तिनलाई थाहा थिएन । येशूको कुनै पनि दोष नपाएको कुरो तिनले यहूदीहरुलाई भने ।

यहूदीहरुलाई खुशी पार्ने प्रयत्न स्वरुप, तिनले तिनीहरु समक्ष विकल्प प्रस्तुत गरे । निस्तार-चाडमा एकजना कैदीलाई छाडिदिने तिनीहरुको प्रथा थियो । उनले यहूदीहरुको राजा येशू वा बारब्बा, एकजना कुख्यात डाँकू मध्ये कसलाई तिनीहरु छाड्न चाहन्छन् भनेर प्रस्ताव राखे । बारब्बा हिजोआजका आतंककारी झैं खतरनाक थियो । त्यो शासकहरुको विरुद्धमा लडेको थियो ।

निश्चित रुपले, पिलातसले सोचेको हुनुपर्दछ कि तिनीहरुले निरपराध येशूलाई छोड्ने विकल्प रोज्नेछन् । "यसलाई होइन, तर बारब्बालाई" भन्दै तिनीहरु (तिनी समक्ष) कराएकोमा तिनी कति आश्चर्यचकित भए होलान । तिनीहरुले येशूको बदलामा कुख्यात अपराधीलाई चुने ।

**याद राख्नुपर्ने कुराहरु :**

११. येशूको विरुद्धमा प्राणदण्ड दिन ............... हरुले मात्र सक्दथे ।

१२. यहुदीहरुले येशूलाई रोमी राज्यप्रमुखकहाँ पुऱ्याए जसको नाम ............. थियो ।

१३. येशूलाई रोमीहरुद्धारा प्राण दण्ड दिएको खण्डमा उहाँ ............. मा मर्नुहुनेछ ।

१४. राज्य प्रमुखले येशूलाई उहाँ ............ नै हुनुहुन्थ्यो त भनी सोधे ।

१५. येशूले भन्नुभयो कि उहाँको राज्य यस ............को होइन ।

१६. उहाँको (राज्य) चाहिँ .............. राज्य हो ।

१७. येशूका चेलाहरु ................ का पक्षमा छन् ।

१८. पिलातुसले सोधे, "........... के हो ?"

१९. यहूदीहरुले येशूको सट्टामा डाकू ............ लाई छुटकारा दिनुभने ।

(आफ्ना उत्तरहरु पेज २१३ मा हेर्नुहोस)

## पिलातसले येशूलाई क्रूसमा टाँग्न लगाए ।

(यूहन्ना १९ :१- १६क सम्म पढ्नुहोस)

[१]तब पिलातसले येशूलाई लगेर कोर्रा लाउन लाए । [२]अनि सिपाहीहरुले काँढाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र बैजनी रङ्गको वस्त्र पहिराइदिए, र उहाँको नजीक आएर भने, "प्रणाम, यहूदीहरुका राजा !"अनि तिनीहरुले उहाँलाई थप्पड लाए ।

[४]फेरि बाहिर निस्केर पिलातसले तिनीहरुलाई भने, "हेर, म यिनलाई तिमीहरुकहाँ बाहिर ल्याइरहेछु, र तिमीहरुलाई जनाउन चाहन्छु, म यिनमा केहि दोष पाउँदिनँ ।" [५]तब काढाँको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएको येशू बाहिर आउनुभयो, र पिलातसले तिनीहरुलाई भने, "हेर, यो मानिस !"

[६]जब मुख्य पूजाहारीहरु र पहरेदारहरुले उहाँलाई देखे, तिनीहरु यसो भन्दै चिच्याउन लागे, "त्यसलाई क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस् ।"

पिलातसले तिनीहरुलाई भने, "तिमीहरुले नै यिनलाई लगेर क्रूसमा टाँग, किनभने म यिनमा केहि दोष पाउँदिनँ ।"

[७]यहूदीहरुले उनलाई जवाफ दिए, “हाम्रो एउटा व्यवस्था छ, र त्यस व्यवस्था अनुसार यो मर्नैपर्छ, किनकि यसले आफैंलाई परमेश्वरको पुत्र तुल्याएको छ। ”

[८]यो कुरा सुनेर पिलातस झन डराए। [९]उनी फेरि महलभित्र पसे र येशूलाई सोधे, “तिमी कहाँका हौ ?” तर येशूले उनलाई केहि जवाफ दिनुभएन। [१०]यसकारण पिलातसले उहाँलाई भने, “के तिमी मसँग बोल्दैनौ ? तिमीलाई छोडीदिने अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन ?”

[११]येशुले जवाफ दिनुभयो, “तपाईलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन। यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढी पापको दोषी छ।”

[१२]त्यसपछि पिलातसले उहाँलाई छोडिदिन बढी प्रयत्न गरे। तर यहूदीहरु यसो भन्दै कराए, “यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने तपाईं कैसरका मित्र हुनुहुन्न। आफैंलाई राजा हुँ भनी दाबी गर्ने प्रत्येक कैसरको विरुद्धमा खडा हुन्छ।”

[१३]पिलातसले यी कुरा सुनेर येशूलाई बाहिर ल्याए, र उनी “ढुङ्गाका पाटी” भनिने ठाउँमा ( जसलाई हिब्रूमा गब्बथा भनिन्छ) न्याय आसनमा बसे। [१४]त्यस समय निस्तार-चाडका तयारीको दिन थियो। दिउँसोको करीब बाह्र बजेको थियो। पिलातसले यहूदीहरुलाई भने, “हेर, तिमीहरुका राजा !”

[१५]तर तिनीहरु यसो भन्दै चिच्च्याए, “लैजानुहोस, लैजानुहोस, त्यसलाई क्रूसमा टाँग्नुहोस्।”

पिलातसले तिनीहरुलाई सोधे, “के म तिमीहरुका राजालाई क्रूसमा टाँगू ?”

मुख्य पूजाहारीहरुले जवाफ दिए, “कैसर बाहेक हाम्रो अरु राजा छैन।”

[१६]तब उनले उहाँलाई क्रूसमा टाँग्न तिनीहरुका हातमा सुम्पिदिए।

येशू कुनै पनि प्रकारको अपराधबाट निर्दोष हुनुहुन्थ्यो भन्ने पिलातसलाई थाहा थियो। तर यहूदीहरुको हृदयलाई जित्नुपर्दथ्यो भन्ने तिनलाई लाग्यो। तब पिलातसले येशूलाई कोर्रा लाउन सिपाहीहरुको हातमा सुम्पिदिए। कोर्रा हड्डीका टुक्राहरु र सीसासहितले बनेको थियो, जसले छाला चिरा-चिरा पार्दथ्यो।

तब सिपाहीहरुले येशूलाई जिस्क्याउन थाले। तिनीहरुले काँढाको मुकुट गुँथेर उहाँको शिरमा लगाइदिए। तिनीहरुले उहाँलाई बैजनी रङ्गको बस्त्र पहिराइदिए। बैजनी राजकीय रङ्ग थियो। अनि तिनीहरुले राजाको रुपमा उहाँको सम्मान गर्ने स्वांग पारे। तिनीहरुले कराएर उच्चाहरण गरे, “प्रणाम, यहूदीहरुका राजा !” अनि तिनीहरुले उहाँलाई थप्पड लाए।

फेरि बाहिर निस्केर पिलातसले तिनीहरुलाई येशूमा केही दोष पाउन नसकेको कुरो बताए। तिनले काँढाको मुकुट र बैजनी रंगको बस्त्र पहिरिएको येशूलाई बाहिर ल्याए। उनले भने, “हेर यो मानिस !” उनले अझ पनि येशूको लागि केही सहानुभूति पाउने आशा राख्दथे।



येशूलाई सिपाहीहरुले जिस्क्याउन थाले ।

तर जब यहूदी धर्मगुरुले येशूलाई देखे, तिनीहरु चिच्याउन लागे, त्यसलाई कूसमा टाँग्नुहोस ! त्यसलाई कूसमा टाँग्नुहोस ।

"तिमीहरुले नै यिनलाई लगेर कूसमा टाँग" भनेर पिलातसले तिनीहरुलाई भने । उनले येशूलाई त्यस प्रकारको सजाय दिने कुनै कारण (दोष) देखेनन् ।

यहूदीहरुले तिनलाई जवाफ दिए कि तिनीहरुको व्यवस्था अनुसार उहाँले मर्नैपर्नेछ । "यो मर्नैपर्छ" तिनीहरुले भने, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ ।"

यो कुरो सुनेर पिलातस पहिलेको भन्दा झन बढी डराए । यहूदीहरुले मार्न चाहेको उहाँ निर्दोष मान्छे को होला ? यसको होइन तर अर्कै संसारको राज्य बारे दावी गर्ने ऊ को होला ? अनि आफैलाई परमेश्वरको पुत्र कहलाउने ऊ को होला ? उनले येशूलाई फेरि महलमा ल्याए । र तिनले सोधे, "तिमी कहाँका हौ?

येशूले केहि जवाफ दिनुभएन ।

पिलातसले उहाँलाई चेतावनी दिए, "तिमीलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई कूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन ?

वास्तवमा, पिलातस आफैमा लाचार थिए । येशूले भन्नुभयो कि उनमा भएको शक्ति माथिबाट आएको हो । अन्यथा येशूमाथि तिनको केही अधिकार हुने थिएन । तर उहाँलाई पिलातसको हातमा सुम्पिदिने कैयाफा र यहूदी धर्मगुरुहरु पापको बढी दोषी थिए । तिनीहरुकोमा परमेश्वरको वचन थियो तर तिनीहरुले यो सुनेनन् र यसको वास्ता राखेनन् । तिनीहरु परमेश्वर र उहाँको पुत्रको विरुद्धमा खनिए । तिनीहरुले के कुरो जानेका थिए भन्ने वारे पिलातसले सुइँको पाएनन् ।

अझ पनि पिलातसले येशूलाई छुटकारा दिने कोशिष गरे । तर यहूदीहरु उनको विरुद्धमा होऊन भन्ने उनी चाहँदैन थिए । त्यसैले उनको शक्ति छ भन्दैमा येशूलाई त्यसै छोडी हाल्ने पक्षमा उनी थिएनन् ।

यहूदीहरुले पिलातसलाई धम्की दिए । यदि उनले येशूलाई छोडिदिए भने उनी कैसरका मित्र रहनेछैनन् भनेर कराए । कैसर रोमका शासक थिए । यदि पिलातसले आफ्नो बचाउ जसरी गर्नुपर्ने हो यसरी नगरेको सुँईको कैसरको कानमा पऱ्यो भने पिलातसले राज्य प्रमुखको पद गुमाउने प्रवल सम्भावना रहने थियो ।

त्यसैले पिलातसले यहूदीहरुलाई जिम्मा लाउनेभए । उनले येशूलाई बाहिर ल्याए । पिलातस न्याय आसनमा बसे । त्यहाँ भेला भएका यहूदीहरुलाई तिनले भने, “हेर तिमीहरुका राजा ।”

त्यत्तिञ्जेलसम्म, यहूदी धर्मगुरुहरुले समस्त एकत्रित भीडलाईं येशूका विरुद्धमा उत्तेजित तुल्याई सकेका थिए । त्यो उत्तेजित भीडले पिलातससँग कराएर भने, “त्यसलाई मार्नुहोस, त्यसलाई क्रूसमा टाँग्नुहोस ।

पिलातस आफूमाथि आइपर्ने कुनै प्रकारको दोष हटाउन प्रयत्नरत थिए । तिनले सोधे, “के म तिमीहरुका राजालाई क्रूसमा टाँगूँ ?”

मुख्य पूजाहारीहरुले जवाफ दिए, “कैसर बाहेक हाम्रो अरु राजा छैन ।” पाठकले ख्याल राख्नुपर्ने कुरो के हो भने खासमा मुख्य पूजाहारीहरुले कैसरलाई घृणा गर्दथे । उनले युद्धमा जितेर तिनीहरुको राज्य कब्जामा लिएका थिए । तर अहिलेको तमाशा येशूलाई मार्नको लागि मात्र थियो ।

तिनीहरुको प्रयत्न फलदायी भयो । पिलातसले येशूलाई क्रूसमा टाँग्न तिनीहरुको हातमा सुम्पिदिए ।

**याद राख्नुपर्ने कुराहरु :**

२०. सिपाहीहरुले ................. को मुकुट येशूको शिरमा लगाइदिएर येशूलाई जिस्क्याए ।

२१. तिनीहरुले उहाँलाई .............. को सम्मान दिएको बहाना रचे ।

२२. जब पिलातसले येशूलाई बाहिर ल्याएर निर्दोष हुनुहुन्छ भने, यहूदी धर्मगुरुहरुले चिच्याएर, त्यसलाई ............... ............... भने ।

२३. यहूदीहरुले पिलातसलाई येशूले आफूँलाई .................. को ................. भनी दावा गर्नुभएको कुरा सुनाएपछि उनी झन डराए ।

२४. येशूले पिलातसलाई उनको शक्ति ................ (            ) बाट आएको हो भन्नुभयो ।

२५. पिलातसले अझ पनि येशूलाई मुक्त गर्न चाहन्थे, तर एकत्रित भीड, “त्यसलाई .................! त्यसलाई .............. .................. भनेर चिच्यायो ।

२६.	पिलातस केही (मात्रामा) झुके किनकि पिलातसले आफ्नो बचाउ गर्नुपर्नेमा नगरेको कुरो ............... सम्म पुग्नेछ भनेर तिनी डराए ।

(आफ्नो उत्तरहरु पेज २१३ मा हेर्नुहोस)

## किला ठोकेर येशूलाई क्रूसमा टाँगियो ।

(यूहन्ना १९ : १६ ख -२७ सम्म पढ्नुहोस)

[१६] यसकारण सिपाहीहरुले येशूलाई जिम्मा लिए । [१७]उहाँ आफ्नो क्रूस आफै बोकेर खप्पर भनिने
ठाउँमा जानुभयो, जसलाई हिब्रुमा गलगथा भनिन्छ । [१८]त्यहाँ तिनीहरुले उहाँलाई क्रूसमा टाँगे र
उहाँसँग अरु दुइ जनालाई टाँगे, एक जनालाई एकापट्टि र अर्कालाई अर्कोपट्टि, अनि माझमा येशूलाई ।
[१९]पिलातसले एउटा दोष-पत्र पनि लेखे, अनि क्रूसमाथि टाँसिदिए । त्यसमा यही लेखिएको थियो,
"नासरतको येशू यहूदीहरुको राजा ।" [२०]अब धेरै यहूदीहरुले यो दोषपत्र पढे, किनभने येशू क्रूसमा
टाँगिनुभएको ठाउँ शहरको नजीकै थियो । यो हिब्रु, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो ।
[२१]यहूदीहरुका मुख्य पूजाहारीहरुले पिलातसलाई भने, "यहूदीहरुका राजा भन्ने होइन, तर यसले म
यहूदीहरुका राजा हुँ भन्यो भनी लेख्नुहोस् । "
[२२]पिलातसले जवाफ दिए, "मैले जे लेखं, लेखें ।"
[२३]जब सिपाहींहरुले येशूलाई क्रूसमा टाँगे, तब तिनीहरुले उहाँका वस्त्र लिएर प्रत्येक सिपाहीलाई
एक-एक भाग हुने गरी चार भाग गरे । उहाँको बाहिरी वस्त्र पनि लिए, तर त्यो वस्त्रचाहिँ सिउनी
नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो थियो ।
[२४]यसकारण तिनीहरुले आपसमा भने, "यो चाहिँ नच्यातौं, तर यो कसको हो भनी चिट्ठा हालौं
।" धर्मशास्त्र पूरा होस भनेर नै यो भएको थियो ।

"तिनीहरुले मेरो वस्त्र
आफू-आफूमा बाँडे,
र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले ।"

[२५]यसकारण सिपाहीहरुले यो काम गरे । अनि येशूको क्रूसको नजीक उहाँकी आमा, उहाँकी
बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए । [२६]जब येशूले आफ्नी
आमालाई र उहाँले प्रेम गर्नुभएका चेला नजीकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई
भन्नुभयो, "नारी, हेर्नुहोस, तपाईंको छोरो !" [२७]अब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री
आमा !" त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे ।

तब सिपाहीहरुले येशूलाई खप्परे भन्ने ठाउँमा लगे । यो चट्टानयुक्त पहाड प्रत्यक्ष रुपले खप्पर जस्तो देखिन्थ्यो । त्यसै ठाउँमा तिनीहरुले येशूलाई क्रूसमा टाँग्ने छन् । यो यरुशलेमदेखि ठीक बाहिरपट्टि थियो ।

येशूले आफ्नो क्रूस (सम्भवतः त्यो डण्डी जुन खाँबामा जोड्दा अंग्रेजी अक्षर टी आकारको बन्दछ) आफैले बोकेर हिडनु परेको थियो । सिपाहीहरुले किला ठोकेर येशूलाई क्रूसमा टाँगे अनि दुइजना हत्याराहरु -जसलाई त्यही दिन क्रूसमा टाँगेर मृत्युदण्ड दिनुथियो को माझमा उहाँलाई उठाएर ठडयाइयो ।


यहूदीहरुको निम्ति पिलातसको एउटा अन्तिम कुरा थियो । उनको एउटा सूचना येशूको क्रूसमा टाँसिएको थियो । त्यसमा लेखिएको यस्तो थियो : "नासरतको येशू, यहूदीहरुको राजा ।" यो तीन - हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो ताकि सबैले यो पढ्न सकुन । शहरको नजिकमै भएकोले धेरै यहूदीहरुले यो हेरे ।

त्यो दोष-पत्रले यहूदीका मुख्य पूजाहारीहरुमा मानसिक हलचल पैदा गऱ्यो । तिनीहरुले यसलाई फेर्न पिलातससँग विवाद खडा गरे । तिनीहरु चाहन्थे कि येशूले "उहाँ यहूदीहरुका राजा हुनुहुन्छ भनी दावी गर्नुभयो" भन्ने मात्र उल्लेख गरियोस ।

तर पिलातसले जे लेखियो त्यो फेर्न नसकिने जवाफ दिए । वास्तवमा, पिलातसको शब्द सठीक थियो, जस्तो कि येशूले उनलाई भन्नुभएको थियो । तर न त उनले, न त मुख्य पूजाहारीहरुले नै यसको कारण बुझ्न सके ।

क्रूसलाई पहरा दिइरहेका सिपाहीहरुले येशूका वस्त्रलाई चार भाग लगाए । उहाँको भित्री लुगा मात्र छोडियो । यो सब (सिउनी नभएको) तलदेखि माथिसम्म बुनेको सग्लो थियो । तिनीहरुले यसलाई नच्यात्ने निर्णय गरे । तर सट्टामा, कसको भागमा पर्ने हो छुट्याउनको लागि तिनीहरुले चिट्ठा हाले । सम्भवतः तिनीहरुले एउटा ढुङ्गामा चिन्ह लगाए । अनि अरु तीन वटासँगै बट्टामा हाले । जसको भागमा चिन्ह लागेको ढुङ्गा पर्दथ्यो उसले वस्त्र पाउँदथ्यो ।

धर्मशास्त्र पूरा होस भनेर नै यो सब भएको थियो । भजनसंग्रह २२ : १८ ले भविष्यवाणी गरेको थियो कि अरुले मसीहको वस्त्रहरु आपसमा बाँड्नेछन् अनि उहाँको पोशाकको निम्ति चिट्ठा हाल्नेछन् । मसीहको बारेमा जे-जति भविष्यवाणी भएका थिए ती सब सत्य सावित भए । यूहन्नाले अझ बडी नै उल्लेख गरेका छन्, जुन हामी देख्नेछौं ।



कूसमा छँदाखेरि येशूले आफ्ना शत्रुहरुको निम्ति प्रार्थना गर्नुहुन्छ ।

येशूको क्रूसको नजीक उहाँकी आमा, मरियम अरु दुइ नारीहरुको साथमा-जसले येशूमाथि विश्वास गर्दथे-उभिरहेकी थिइन । येशूले उनलाई देख्नुभयो, अनि उहाँको प्यारो चेला यूहन्ना लाई पनि नजीकै देख्नुभयो । त्यहाँ, क्रूसमा असाध्य कष्ट भोग्दै, येशूले उहाँको आमाको हेरविचार गरिने छ भनी आश्वास्त हुनुभयो । उहाँले मृत्युपर्यन्त आमाको सम्मान गर्नुभयो ।

येशूले उहाँको आमालाई यूहन्नालाई उनको छोरा ठान्नु भनी अनुरोध गर्नुभयो । यूहन्नालाई पनि “हेर, तिम्री आमा !” भनेर देखाउनुभयो । त्यस बेलादेखि, यूहन्नाले उनलाई आफ्नै घरमा लगे ।

**याद राख्नुपर्ने कुराहरु :**

२७. येशूलाई “................” भन्ने पहाडमा लगेर क्रूसमा झुण्डयाइयो ।

२८. उहाँलाई क्रूसमा कीला ठोकियो अनि दुइजना ............... को बीचमा उभ्याइयो ।

२९. पिलातसले क्रूसको किलामा एउटा दोष-पत्र टाँसिदिए, जसमा लेखिएको थियो : “नासरतको येशू, यहूदीहरुको .............. ।”

३०. क्रूसमा पहरा दिइरहेका सिपाहीहरुले येशूको भित्री वस्त्रको निम्ति ............... हाले ।

३१. धर्मशास्त्रले भने जस्तै येशूको कष्ट भोगाई र मृत्युको बारेमा सबै कुरा ............. सावित भयो ।

३२. येशूले ...............लाई उहाँको आमाको ख्याल राख्नको लागि भन्नुभयो ।

(आफ्ना उत्तरहरु पेज २१३ मा हेर्नुहोस)

**येशू क्रूसमा मर्नुभयो ।**

(यूहन्ना १९ : २८ -३७ पढ्नुहोस)

[28]यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, "मलाई तिर्खा लाग्यो ।" [29]त्यहाँ सिर्काले भरिएको एउटा भाँडो राखिएको थियो । यसकारण सिर्काले भरिएको स्पञ्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरुले उहाँको मुखमा पुऱ्याइदिए । [30]जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो,"अब सिद्धियो" र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागीदिनुभयो ।

[31]त्यो दिन तयारीको दिन थियो । यसकारण यहूदीहरुले शबाथमा (विशेष गरी यस शबाथमा, जुनचाहिँ महत्वपूर्ण थियो) मृत शरीरहरु क्रूसमा नरहून् भनी पिलातसलाई बिन्ती गरे, र तिनीहरुका खुट्टा भाँचेर तिनीहरुका शरीर लगिऊन भनी माग गरे । [32]तब सिपाहीहरु आएर उहाँसँग क्रूसमा टाँगिएकाहरुको खुट्टा भाँचे, पहिले एक जनाका, त्यसपछि अर्काका [33] जब तिनी येशुकहाँ आए तिनीहरुले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ , र उहाँका खुट्टा भाँचेनन् । [34] तर सिपाहीहरुमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो । [35] तिमीहरु पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएकोहो । उसको गवाही साँचो छ , र साँचो बोल्दछु भनी ऊ जान्दछ । [36] "उहाँको कुनै पनि हड्डी भाँचिनेछैन" भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए । [37] अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्छ "जसलाई तिनीहरुले घोचेका छन्, तिनीहरुले उहाँलाई हेर्नेछन् ।"

येशु मृत्युको मुखमा पुग्नुभयो अथवा येशु मर्नुहुने घडी आइपुग्नुभयो । उहाँले पिताको आज्ञा अनुसार नै सबथोक गर्नुभएको बारे उहाँ राम्ररी जान्नु हुन्थ्यो । उहाँले भन्नुभयो "मलाई तिर्खा लाग्यो । "

येशु कति तिर्खाएको हुनुहून्थ्यो भन्ने बारे हामी कल्पनै गर्न सक्दैनौ । क्रूसमा मर्ने जो कोही अति नै तिर्खाएको हुन्थ्यो । उहाँ, त तिर्खाएको कारणले मात्र बोल्नुभएको थिएन । के हुन गयो भने फेरि पनि परमेश्वरको बचनको सत्यता (भजनसंग्रह ६९:२१, २२:१५ हेर्नुहोस ) । धर्मशास्त्रले भविस्यवाणी गरे झैं येशूले दाखरसको सिर्का लिनुभयो ।

येशूले सिर्का लिनुभएपछि, भन्नुभयो, "अब सिद्धियो" । अनि उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनु भयो ।

पिता परमेश्वरले गर्न पठाउनुभएको सबै काम येशूले पूरा गरिसक्नु भएको थियो । उहाँले पापरहित जीवन जिउनु भएको थियो । सबै थोकमा उहाँले परमेश्वरको आज्ञा अनुसार गर्नुभयो । मानिसको रुपमा, उहाँ सबै मानिसको बदलामा उभिनुभयो । परमेश्वरले तसर्थ, हाम्रो निम्ति येशूको पूर्ण जीवनलाई मान्यता दिनु भयो । अनि अब अहिले उहाँको मृत्युमा, परमेश्वर पुत्र येशू संसारको पापको लागि मर्नुभयो । परमेश्वरले येशूको मृत्युलाई हामी मानव जातिले पापको निम्ति चुक्ता गर्नुपर्ने ऋणको भुक्तानीको रुपमा लिनुहुन्छ ।

त्यो दिन निस्तार-चाड को हप्ताको शुक्रबार थियो । यो यहूदीहरुले आउँदो निस्तारको शबाथ दिनको निम्ति तयारी गर्ने दिन थियो । शबाथमा मृत शरीरहरु क्रूसमा रहेको तिनीहरु चाहँदैन थिए । त्यो तिनीहरुको धार्मिक व्यवस्था विरुद्ध हुन्थ्यो । तसर्थ तिनीहरुले क्रूसमा भएका मान्छेहरुको खुट्टा भाँच्न लगाउने माग गरे ।

भाँचिएको खुट्टाले, ती मानिसहरुले आफूलाई थेगेर राख्न सक्दैन थिए । शरीरको पूरा वजन भारी बोझले झुक्नेछ अनि तिनीहरु श्वास फेर्न असमर्थ हुनेछन् । तिनीहरु तुरुन्त मर्नेछन् अनि उनीहरुलाई तुरुन्तै क्रूसबाट तल झार्न सकिनेछ ।

तसर्थ सिपाहीहरुले येशूका दुइतिर क्रूसमा टाँगिएका अपराधीको खुट्टा भाँचे । तर जब तिनीहरु येशूकहाँ आइपुगे, उहाँका मृत्यु अघि नै भइसकेको तिनीहरुले देखे । तिनीहरुले येशूको खुट्टा भाँचेनन् । मर्नु भएको छ छैन भन्ने थाहा पाउनलाई एकजना सिपाहीले येशूको कोखामा भालाले घोच्यो । (तुरुन्तै) रगत र पानी निस्क्यो ।

हामी रगत र पानीको कुनै विशेष अर्थ जान्दैनौ । तर येशू मर्नु नै भएको हो भन्ने चाहिँ हामी निश्चित भन्न सक्दछौं । पवित्र आत्माले यूहन्नालाई यो सब लेख्न प्रोत्साहित गर्नु भएकोले मात्र होइन । (तर) उनी स्वयं प्रत्यक्षदर्शी थिए । यो सत्य थियो भनेर हामी निश्चित हुन सक्दछौं । हामीले विश्वास गर्न सकौं भनेर उनले लेखे ।

अर्को आश्चर्यजनक सत्य त्यो हो कि फेरि एक पल्ट येशूको मृत्युमा धर्मशास्त्र सत्य सावित भयो । उहाँको एउटा पनि हड्डी भाँचिएनन् । परमेश्वरले आज्ञा गर्नुभएको थियो कि निस्तार-चाडको थुमाको कुनै पनि हड्डी नभाँचियोस । त्यो थुमा आउने वाला निस्तारको थुमा, मसीहको परिकल्पना थियो (हेर्नुहोस प्रस्थान १२ : ४६, गन्ती ९ : १२, भजनसंग्रह ३४ : २०) । साथै जकरियाले भविष्यवाणी गरे झैं (हेर्नुहोस जकरिया १२ :१०), जसलाई तिनीहरुले घोचेका छन्, तिनीहरुले उहाँलाई हेर्नेछन् ।

**याद राख्नुपर्ने कुराहरु :**

३४. येशू मर्नुभन्दा ठीक अघि, उहाँले भन्नुभयो, “मलाई .......... ..............।”

३५. पिताले उहाँलाई आज्ञा दिनु भएजति .......... येशूले गरिसक्नु भएको थियो ।

३५. अन्त्यमा, येशूले भन्नुभयो, “अब .................., ” अनि मर्नुभयो ।

३६. ............. मा मृत शरीरहरु क्रूसमा छोडिंदैनन् ।

३७. सिपाहीहरुले क्रूसमा टाँगिएका मानिसहरुको खुट्टाहरु भाँचे ताकि तिनीहरु चाँडै नै .............. सकून ।

३८. येशू अघि नै मरिसक्नु भएकोले, तिनीहरुले उहाँको खुट्टा भाँचेनन् । तर एकजना सिपाहीले उहाँको कोखामा ......... ले घोच्यो ।

३९. सुसमाचारका लेखक, यूहन्ना येशूको मृत्युको ............ थिए ।

४०. येशूको मृत्युमा धर्मशास्त्र फेरि एकपल्ट .............. सावित भयो ।

(आफ्ना उत्तरहरु पेज २१३ मा हेर्नुहोस)

**येशूलाई चिहानमा राखियो ।**

(यूहन्ना १९ : ३८ -४२ पढ्नुहोस)

[३८]त्यसपछि अरिमाथियाको योसेफ, जो यहूदीहरुको डरले गर्दा गुप्तमा मात्र येशूका चेला थिए, तिनले पिलातसलाई येशूको मृत शरीर लैजान पाऊँ भनी बिन्ती गरे । पिलातसले अनुमति दिए । तब तिनले आएर उहाँको मृत शरीर लगे । [३९]अनि अघि उहाँकहाँ राती आउने निकोदेमस पनि प्राय : तेत्तीस किलो मूर्र र एलवा मिश्रित द्रव्य लिएर त्यहाँ आए । [४०]यसरी तिनीहरुले येशूको शरीर यहूदीहरुको दफन-कार्यको रितीअनुसार सुगन्धित द्रव्यसँग सूती कपडामा बाँधे । [४१]उहाँ क्रूसमा टाँगिनुभएको ठाउँमा एउटा बगैंचा थियो । त्यस बगैंचामा कहिल्यै कोही नराखिएको एउटा नयाँ चिहान थियो । [४२]किनकि यहूदीहरुका तयारीको दिन थियो, त्यो चिहान पनि नजीकै थियो, र तिनीहरुले येशूलाई त्यही चिहानमा राखे ।

क्रूसबाट मृत शरीरहरु तल झारिए । कसैले पनि माग नगरेको खण्डमा, सिपाहीहरुले सार्वजानिक चिहानमा फालिदिने सम्भावना थियो । तर अरिमथियाका योसेफ नाम गरेका मानिसले पिलातसलाई येशूको मृत शरीर लैजान पाउँ भनी बिन्ती गरे ।

योसेफ येशूका गुप्तमा चेला थिए । उनी यहूदी धर्मगुरुहरुसँग गराउँथे जो येशूका कट्टर विरोधी थिए । हामी अरु सुसमाचारबाट जान्दछौं कि उनी पनि एक धनी मानिस, साथै यहूदी सभाको सदस्य थिए । येशूलाई मृत्युदण्ड दिने धर्मसभाको निर्णय उनले मानेका थिएनन् ।

योसेफले येशूलाई गोप्यमा मात्र अनुशरण गरेनन् तर उनले दफनाउनको निम्ति येशूको मृतशरीर समेत लगे । निकोदेमस, जसलाई हामीले पहिले नै भेटेका थियौं (हेर्नुहोस यूहन्ना ३ : १ - २१ अनि ७ : ५० ), ले योसेफको साथ दिए । दुइजना भएर येशूको मृत शरीरलाई सुगन्धित द्रब्यसँग सूतीको कपडा मा बाँधे । त्यो यहूदीहरुको दफन-कार्यको रीति थियो । त्यसपछि, समय थोरै भएकोले (बेलुकी पख शबाथ शुरु हुँदै थियो ) तिनीहरुले छेवैको चिहानमा उहाँलाई गाडे । त्यस बगैंचामा नयाँ चिहान थियो त्यो । योसेफले आफ्नो निम्ति खोपेर बनाएको चिहान थियो यो (मत्ति २७ : ६० हेर्नुहोस)

**याद राख्नुपर्ने कुराहरु :**

४१ं अरिमाथियाका ............. भन्ने मानिसले येशूको मृत शरीर दफन गर्न लगे ।

४२. उनी येशूको ............. चेला थिए ।

४३. ................. (पनि) योसेफसँग सम्मिलित भए ।

४४.तिनीहरुले येशूलाई एउटा नयाँ ............. मा गाडें ।

४५. तिनीहरुले उहाँको शरीरलाई सुती कपडाको .......... र ..............मा बेह्रे ।

(आफ्ना उत्तरहरु पेज २१३ मा हेर्नुहोस)

**याद राख्नुपर्ने कुराहरुको उत्तरहरु :**

१. जैतुन, २. हतियारहरु, ३. लडे, ४. पत्रुस, ५. इच्छा, ६. हन्नास, ७. गैरकानुनी,
८. इन्कार, ९. सार्वजानिक, १०. कैयाफा, ११. रोमीहरु, १२. पिलातस १३. क्रूस, १४. राजा,
१५. संसार, १६. आत्मिक, १७. सत्यता, १८. सत्य, १९. बारब्बा, २०. काँढा २१. राजा,
२२. क्रूसमा टाँग्नुहोस २३. परमेश्वर, पुत्र २४. स्वर्ग २५. क्रूसमा टाँग्नुहोस,
२६. कैसर २७. खप्पर २८. अपराधीहरु, २९. राजा, ३०. चिट्ठा, ३१. सत्य, ३२. यूहन्ना,
३३. तिर्खा, ३४. सबथोक, ३५. सिद्धियो, ३६. शबाथ, ३७. मर्ने ३८. भाला ३९. प्रत्यक्षदर्शी
४०. सत्य, ४१. योसेफ, ४२. गोप्य, ४३. निकोदेमस, ४४. चिहान, ४५. धरो, कात्रो ।

## परीक्षा
## परिच्छेद ७

कृपया “याद राख्नुपर्ने कुराहरुको” समीक्षा गर्नुहोस ।

१. येशूलाई ............. को बगैंचामा पक्रिएको थियो ।

२. येशूलाई उहाँको .............. विपरित लिइएको थिएन ।

३. सशस्त्र सिपाहीहरुले येशूलाई बाँधे अनि सर्वप्रथम ............ कहाँ लगे ।

४. हन्नासको घरमा पत्रुसले येशूलाई तीन पल्ट ........... गरे ।

५. त्यसपछि, तिनीहरुले येशूलाई कार्यरतमा रहेको मुख्य पूजाहारी ............ कहाँ ल्याए ।

६. यहूदीहरुले येशूको मृत्यु नै होस भन्ने चाहन्थे, तर ............. हरुले मात्र मृत्युदण्ड दिन सक्दथे ।

७. तिनीहरुले येशूलाई रोमी राज्यप्रमुख कहाँ ल्याइ पुऱ्याए ।

८. येशूले पिलातसलाई उहाँको राज्य यस ........... को होइन भन्नुभयो ।

९. येशूले पिलातसलाई भन्नुभयो कि उहाँका .चेलाहरु ............... का पक्षमा थिए ।

१०. येशूलाई .......... भन्ने पहाडमा लगेर कूसमा  टाँगियो ।

११. सिपाहीहरुले येशूको भित्री वस्त्रको निम्ति ............. नै हाले ।


१२. येशूले ......... लाई उहाँको आमाको ख्याल राख्नको लागि भन्नुभयो ।

१३. अन्त्यमा, येशूले भन्नुभयो, “अब ................., ” अनि मर्नुभयो ।

१४. येशू मर्नुभए- नभएको थाहा पाउनलाई, एक जना सिपाहीले उहाँको कोखामा ........ हान्यो ।

१५. येशूलाई अरिमाथियाको ............... र ................. ले दफन गरे ।

(आफ्ना उत्तरहरु पेज २४५ मा हेर्नुहोस)



विश्वास गर्नुहोस अनि जिउनुहोस ।

**परिच्छेद ८ :**
**येशू कसरी बौरिनु भयो,**
**अनि जीवित देखा पर्नुभयो**

यूहन्ना २० : १ देखि यूहन्ना २१ : २५ सम्म

## परिच्छेद आठ :
## येशू कसरी मृतकबाट जीवित भई उठ्नुभयो, अनि जीवित देखापर्नुभयो

### येशू चिहानबाट उठनु भयो ।

(यूहन्ना २० : १ -९ पढ्नुहोस)

[१]हप्ताको पहिलो दिन बिहान अँध्यारो छँदै मरियम मग्दलिनी चिहानमा आइन्, र तिनले ढुङ्गा चिहानबाट हटाइएको देखिन् । [२]तिनी सिमोन पत्रुस र अर्को चेलाकहाँ दगुरेर गइन् र तिनीहरुलाई भनिन्, "तिनीहरुले प्रभुलाई चिहानबाट बाहिर लगेछन् र उहाँलाई कहाँ राखेका छन् सो हामी जान्दैनौ ।"

[३]तब पत्रुस र अर्को चेला बाहिर निस्केर चिहानतिर गए । [४]ती दुवै सगँसगैं दगुरे, तर अर्को चेला पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो । [५]चिहानभित्र निहुरेर हेर्दा, तिनले अघि बेह्रेको सूती कपडाहरु मात्र पडिरहेका देखे, तर तिनी भित्र पसेनन् ।

[६]सिमोन पत्रुस त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि तिनले पनि मलमलका बेह्रने कपडाहरु मात्र त्यसै पडिरहेका देखे । [७]उहाँका शिरमा बाँधिएको रुमालचाहिँ मलमलका कपडाहरुसँग थिएन, तर अलग्गै एक ठाउँमा पटचाएर राखिएको थियो । [८]तब चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि भित्र पसे, र त्यो देखेर तिनले विश्वास गरे । [९]किनभने तिनीहरुले उहाँ मृतकबाट जीवित भई उठनुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन् ।

येशू शुक्रबार मर्नुभयो । आइतबार एका बिहानै अँध्यारो छँदै येशूमाथि विश्वास गर्ने केही नारीहरु चिहानमा गए (मर्कूस १६ : १ अनि लुका २४ : १० हेर्नुहोस) । मरियम मग्दलिनी ती मध्ये एक थिइन् । तिनले ढुङ्गा प्रवेशद्धारबाट हटाइएको देखिन ।

मरियमले अरुलाई त्यहीं छोडेर पत्रुस र यूहन्ना (जो येशूको प्यारो चेला थिए) लाई खोज्न गइन् । उनले सोचिन कि येशूको शरीर चोरी भएको हुनुपर्छ । तिनले भनिन कि येशूलाई कसैले लगेछन् ।

तिनी र अरुले थाहा पाएनन् येशूलाई लैजानेहरुले, उहाँलाई कहाँ राखेछन् तिनी र अरुले थाहा पाएनन् ।

तब, पत्रुस र यूहन्ना चिहानतिर दौडेर गए । यूहन्ना त्यहाँ पहिला पुगे । अरु नारीहरु अघि नै गई सकेका थिए । यूहन्नाले निहुरिएर चिहान भित्र हेरे । तिनले येशूको शरीरमा बेह्रिएको सुती कपडाहरु  मात्र देखे जहाँ अघि येशूको शरीर थियो । तर तिनी भित्र पसेनन् ।

पत्रुस नजीकमा आए अनि सोझै चिहानभित्र पसे । पत्रुसले पनि सुती कपडाका देखे । तिनले येशूको टाउकोमा बेह्रिएको रुमाल पनि देखे । यो अलग्गै एक ठाउँमा पटयाएर राखिएको थियो ।

यूहन्ना पत्रुसलाई पछ्याएर चिहानतर्फ लागे । येशू मृतकबाट जीवित भई उठनुभएको चिन्ह उनले देखे । उनले विश्वास गरे । तर त्यसबेला ती दुवै जनाले जे देखे त्यो पुरानो नियमसँग जोडेर सत्य सावित भएको देख्न सकेनन् । भजनसंग्रह १६ : १० ले मसीहको बारेमा प्रतिज्ञा गरेको थियो, “किनभने तपाईं ले मेरो प्राणलाई चिहानमा छोड्नुहुनेछैन । नता तपाईंले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ ।”

**याद राख्नुपर्ने कुराहरु :**

१. येशूको चिहानमा आइतबार एका बिहानै सबभन्दा पहिले आएका केही ............. थिए जो येशूमाथि विश्वास गर्दथे ।

२. तिनीहरुले ढुङ्गा चिहानको प्रवेशद्धारबाट .............. देखे ।

३. ................ ................... अरुलाई त्यही छोडेर पत्रुस र यूहन्नालाई खोज्न गइन् ।

४. तिनले ठानिन कि येशूको शरीर ............... भएको थियो ।

५. जब पत्रुस र यूहन्ना चिहानमा पुगे, तिनीहरुले येशूको शरीर  राखिएको ठाउँमा .............. ..................... र उहाँको ............... मा बेह्रिएको कात्रो सिवाय केही देखेनन् ।

(आफ्नो उत्तरहरु पेज २३६ मा हेर्नुहोस)



एकजना स्वर्गदूतले येशू बौरिनु भएको कुरो नारीहरुलाई सुनाउँदछन् ।

## येशू मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो ।

(यूहन्ना २० : १० -१८ पढ्नुहोस)

१०त्यसपछि ती चेलाहरु आफ्ना घर फर्के । ११तर मरियम चिहान बाहिर रुँदै उभिरहेकी थिइन् ।
तिनले रुँदै चिहानतिर निहुरेर हेरिन्, १२र जहाँ येशूको मृत शरीर राखिएको थियो, त्यहाँ सेता वस्त्र
लाएका दुई स्वर्गदूतहरुलाई एउटा शिरतिर र अर्का पाउतिर बसिरहेका तिनले देखिन् ।
१३उनीहरुले तिनलाई भने, "नारी, किन रुन्छचौ ?"
तिनले उनीहरुलाई भनिन्, "तिनीहरुले मेरा प्रभुलाई लगेछन् र उहाँलाई कहाँ राखेका छन्, म
जान्दिनँ ।" १४यी कुरा भनेर तिनी पछिल्तिर फर्किन् र तिनले येशूलाई उभिरहुनभएको देखिन् तर येशू
नै हुनुहुन्छ भनेर चिनिनन् ।
१५येशूले तिनलाई भन्नुभयो, "नारी, तिमी किन रुँदछचौ ? कसलाई खोज्छचौ ?"
तिनले उहाँलाई माली भन्ठानेर भनिन्, "हजुर, तपाईंले उहाँलाई यहाँबाट लैजानुभएको भए,
कहाँ राख्नुभएको छ मलाई भन्नुहोस, र म उहाँलाई लैजानेछु ।"
१६येशूले तिनलाई भन्नुभयो, "मरियम !"
तिनले फर्केर उहाँलाई हिब्रूमा भनिन्, "रब्बोनी, " अर्थात् "हे गुरुज्यू !"
१७येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ । तर
मेरा भाइहरुकहाँ गएर तिनीहरुलाई भनिदेऊ, मेरा पिता र तिमीहरुका पिता, र मेरा परमेश्वर र
तिमीहरुका परमेश्वरकहाँ गइरहेछु ।"
१८मरियम मग्दलिनी गइन् र चेलाहरुलाई सुनाइन्, "मैले प्रभुलाई देखे ।" अनि उहाँले
भन्नुभएका कुरा तिनीहरुलाई तिनले भनिदिइन् ।

पत्रुर र यूहन्ना आफ्ना घर फर्के । तर मरियम मग्दलिनी चिहान बाहिर बेस्करी रुँदै उभिरहेकी थिइन् । तिनले अझसम्म येशू मरेकै हुनुहुन्छ भन्ने ठानिन् । तर उहाँको शरीर त्यहाँबाट गइसकेको थियो । जब तिनले चिहानतिर निहुरिएर हेरिन्, पत्रुस र यूहन्नाले नदेखेका कुरा तिनले त्यहाँ देखिन् । सेता बस्त्र लाएका दुइ स्वर्गदूतहरु त्यहाँ थिए । येशूको शरीर राखिएको ठाउँमा, एकजना शिरतिर र अर्का पाउतिर बसिरहेका थिए ।

उनीहरुले मरियमलाई के कारणले रोइरहेकी थिइन भनेर सोधे ।

सुँकसुकँको आवाज निकाल्दै मरियमले भनिन्, "तिनीहरुले मेरा प्रभुलाई लगेछन् । उहाँलाई कहाँ राखेका छन्, म जान्दिन ।" तर सब, तिनले स्वर्गदूतहरुसँग अरु बडी कुरा गर्न नपाउँदै पछिल्तिर फर्केको बेला तिनले येशूलाई छेउमै उभिरहनुभएको देखिन् ।

मरियमले येशूलाई चिनिनन् । तिनले येशूलाई त्यस ठाउँको रेखदेख गर्ने माली भन्ठानिन् ।



येशूले चिहानबाट फर्कंदै गरेको दुइजना मरियमहरुलाई अभिवादन गर्नुहुन्छ ।

हामी आश्चर्यमा पर्दछौ कि तिनले येशूलाई येशू नै हुनुहुन्छ भनी किन चिन्न सकिनन् । यसको कारण विभिन्न हुनसक्थ्यो :

१. उनको आँखाले रुदाँ-रुदाँ धमिलो देखेको हुनुपर्छ ।
२. येशूलाई जिउँदो देख्न सकिएला भन्ने आशा तिनमा थिएन ।
३. हुनसक्छ येशू पहिलेको भन्दा फरक देखिनुभयो ।
४. शुरुमा येशूले उहाँलाई चिन्नबाट उनलाई बञ्चित गरेको पनि हुनसक्छ ।

स्वर्गदूतहरुले गरे जस्तै, येशूले पनि तिनी किन रोइरहेकी थिइन भनेर सोध्नुभयो । कसलाई तिनले खोज्दैथिइन् ?

मरियमले येशूलाई प्रतिप्रश्न गरिन जसमा येशूको शरीर कहाँ राखेको थियो देखाइदिन भनिन् । तिनले त्यसलाई भेटाउने छिन् अनि ठीकसँग फेरि दफन गर्नेछिन् । तिनलाई येशू नै उनीसँग कुरा गरिरहनु भएको थियो भन्ने कुनै विचार आएन - न त आउन नै सक्थ्यो ।

तब येशूले एउटै मात्र शब्द प्रयोग गरेर उहाँलाई चिन्ने तरिका भिक्नुभयो । उहाँले तिनलाई नाम नै काडेर बोलाउनुभयो : “मरियम !”

अनि तिनले येशूलाई चिनिन् । तिनी प्रफुल्लित भएर फर्किइन अनि हिब्रुमा भनिन्, “रब्बोनी, ” अर्थात हे गुरुज्यू !”

यस्तै प्रकारले हामीलाई हिजो आज पनि येशूले बोलाउनुहुन्छ । उहाँको असल समाचारहरु व्यक्तिगत हुन्छन् । जब यो तपाईंको हृदयसम्म पुग्दछ, तपाईं परमेश्वरको वचनद्धारा उहाँलाई जीवित देख्नुहुन्छ अनि तपाईं विश्वास गर्नुहुन्छ-यो यस्तो हुन्छ, मानिलिउँ तपाईलाई पनि उहाँले नाम काढेर नै बोलाउनु भएको छ ।

मरियमले पहिलेको जस्तै गरेर बस्नको लागि येशूलाई बोलाउन (स्वागत गर्न) चाहन्थिन । सम्भवत : तिनले उहाँलाई दह्रो गरी अँगालो हाल्न चाहेकी थिइन् । तर येशूले तिनलाई उहाँसँग त्यसरी नटाँसिनु समेत भन्नुपर्ने भयो । अब उहाँ मृतकबाट जीवित हुनु भएकोले उहाँहरुको सम्बन्धमा फरक पर्नेछ । उहाँ प्रत्येक दिन शारीरिक (भौतिक) रुपमा तिनीसँग अनि चेलाहरुसँग हिड्न र बोल्न सक्नु हुनेछैन । उहाँ पितासँगै हुन स्वर्गमा जाँदै हुनुहुन्छ । उहाँ तिनीहरुसँग आत्मिक रुपमा हुनुहुनेछ ।

उनले के देखिन अनि येशूले उनलाई जे भन्नुभयो सो कुरा उहाँका चेलाहरुलाई बताउन भनी येशूले मरियमलाई भन्नुभयो । “म फर्कदैछु, ”

उहाँले भन्नुभयो, "मेरा पिता र तिमीहरुका पिता, र मेरा परमेश्वर र तिमीहरुका परमेश्वरकहाँ गइरहेछु ।"

येशूले भनेजस्तै गरि मरियमले गरिन् । उनी कति रोमाञ्चित भइन होला ! तिनले जे-जे भएको थियो त्यसको वृतान्त तिनीहरुलाई सुनाइन् ।

आज पनि, जसले प्रभुलाई देख्दछन् अनि विश्वास गर्दछन्, तिनीहरु मरियमले झैं गएर अरुलाई सुनाउन चाहन्छन् : "मैले प्रभुलाई देखें !"

**याद राख्नुपर्ने कुराहरु :**

६. जब मरियम चिहानमा फर्केर आइन, उनी ................ थिइन ।

७. मरियमले ................ देखिन् ।

८. तब तिनी फर्किइन अनि .......... लाई देखीन् ।

९. मरियमले ठानिन कि तिनी ............. सँग बात मार्दै थिइन ।

१०. जब उहाँले ........... काढेर बोलाउनुभयो तब तिनले उहाँ येशू हुनुहुन्छ भनेर चिनिन ।

११. येशूले मरियमलाई भन्नुभयो कि उहाँ स्वर्गका ............. कहाँ फर्कि जानु पर्नेछ ।

१२. मरियम चेलाहरुकहाँ गइन अनि तिनीहरुलाई भनिन्, "मैले ............. लाई देखें ।"

(आफ्ना उत्तरहरु पेज २३६ मा हेर्नुहोस)

**येशू चेलाहरुकहाँ देखा पर्नुभयो ।**

(यूहन्ना २० : १९ -२३ पढ्नुहोस)

१९त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझ, जब यहूदीहरुको डरले चेलाहरु ढोकाहरु बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरुका माझमा उभिनुभयो, र तिनीहरुलाई भन्नुभयो, "तिमीहरुलाई शान्ति !"

[२०]यति भनेर उहाँले तिनीहरुलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो । प्रभुलाई देखेर चेलाहरु अति खुशी भए ।
[२१]तब येशूले फेरि तिनीहरुलाई भन्नुभयो, "तिमीहरुलाई शान्ति !" जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरुलाई पठाउँदछु ।"[२२] अनि यति भनेर उहाँले तिनीहरुमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ । [२३] जसका पाप तिमीहरु क्षमा गर्छौ, तिनीहरुलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरु क्षमा गर्दैनौ क्षमा हुनेछैन ।

त्यही दिन, अर्थात हप्ताको पहिलो दिनको साँझ, थोमा बाहेक, सबै चेलाहरु भेला भए । चेलाहरु ढोका बन्द गरेर भित्र बसेका थिए । येशूलाई क्रूसमा झुण्ड्याउने यहूदीहरुले अब के गर्ने हुन् भनेर तिनीहरु त्रसित भएका थिए ।

तिनीहरुका उत्तेजना अनि साथै अझ शंकाबारे कल्पना गरौं त ! येशू साँच्चै जीवित हुनुहुन्थ्यो ?

तब येशू भित्रै पस्नुभयो अनि तिनीहरुको माझमा उभिनुभयो । उहाँको बौरी उठेको शरीरलाई बन्द गरिएको ढोकाले रोक्न सकेन । उहाँले तिनीहरुलाई भन्नुभयो, "तिमीहरुलाई शान्ति !"

येशूले आफ्ना चेलाहरुलाई दिनुभएको शान्ति विशेष शान्ति हो । यो यस्तो शान्ति हो जुन येशू जीवित हुनुहुन्छ अनि नजीकै हुनुहुन्छ भन्ने ज्ञानबाट प्राप्त हुन्छ । यो शान्ति यस कारणले प्राप्त हुन्छ किनकि येशूसँग हामी परमेश्वरमा एक हुन्छौं । यो, येशूसँगको अनन्त जीवनको -लागि विश्वस्त आशा हो ।

येशूले क्रूसमा टाँगिदा सहन गरेको घाउः कीलाले छेडेको हातको घाउ अनि भालाले घोचेको कोखाको घाउ देखाउनुभयो । चेलाहरु अब हर्षित थिए । येशू त्यहाँ जीवित हुनुहुन्थ्यो ।

येशूले फेरि भन्नुभयो, "तिमीहरुलाई शान्ति !" तब येशूले तिनीहरुलाई उहाँको सुसमचार लिएर जाने आदेश जिम्मा दिनुभयो । पिताले उहाँलाई पठाउनु भएको थियो । अब तिनीहरुलाई उहाँले पठाउँदै हुनुहुन्छ । जिम्मा सँगसँगै येशूले तिनीहरुलाई पवित्र आत्मा दिनुभयो । अनि उहाँले तिनीहरुलाई पाप क्षमा गर्ने साथसाथै, क्षमा फिर्ता लिने अधिकार दिनुभयो ।

येशूले आफ्ना चेलाहरुलाई बाहिर (सार्वजानिक ठाउँहरुमा) जान अनि उहाँको मण्डलीको लागि चेलाहरु बटुल्न तयार पार्दै हुनुहुन्थ्यो । जस-जसले आफ्नो पाप देख्नेछन् अनि येशूमाथि विश्वास राख्नेछन् तिनीहरुले क्षमा पाउनेछन् । जस-जसले आफ्नो पाप देख्दैनन् अनि तिनीहरुलाई येशूको खाँचो पर्दैन भन्ठान्दछन्, तिनीहरुले क्षमा पाउने छैनन् ।

१३. त्यो रात ढोकाहरु ............ गरेर चेलाहरु भित्र बसेको बेला येशू आइ पुग्नुभयो ।

१४. येशूले तिनीहरुलाई भन्नुभयो, “तिमीहरुलाई ........... !”

१५. येशूले हामीलाई उहाँसँग ............. शान्ति दिनुहुन्छ ।

१६. येशूले भन्नुभयो कि जसरी पिताले उहाँलाई पठाउनुभयो, त्यसरी नै उहाँ अब तिनीहरुलाई ............. हुनुहुन्छ ।

१७. उहाँले तिनीहरुलाई पाप ......... गर्ने अनि ................. फिर्ता लिने अधिकार दिनुभयो ।

१८. जस-जसले आफ्ना ............... देख्दछन् अनि येशूमाथि ............ गर्दछन्, तिनीहरुले क्षमा पाउनेछन् ।

(आफ्ना उत्तरहरु पेज २३६ मा हेर्नुहोस)

**येशू थोमाकहाँ देखा पर्नुभयो ।**

(यूहन्ना २० : २४ -३१ पढ्नुहोस)

२४येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ, तिनीहरुसँग थिएनन् ।
२५यसकारण अरु चेलाहरुले तिनलाई भने, “हामीले प्रभुलाई देख्यौं ।”

तर तिनले उनीहरुलाई भने, “जबसम्म म उहाँका हातमा कीलाहरुको डोब देख्दिन, र कीलाहरुका डोबमा मेरा औंला हाल्दिनँ, उहाँको कोखामा मेरा हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ ।”

२६आठ दिनपछि उहाँका चेलाहरु फेरि घरभित्रै थिए । थोमा पनि तिनीहरुसँग थिए । ढोकाहरु
बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो, र माझमा उभिएर भन्नुभयो, “तिमीहरुलाई शान्ति !” २७तब
उहाँले थोमालाई भन्नुभयो, “तिम्रो औँला यहाँ राख, र मेरा हातहरु हेर । तिम्रो हात बढाएर मेरो कोखामा हाल । शङ्का नगर, तर विश्वासी होऊ ।”

२८थोमाले उहाँलाई भने, “मेरा प्रभु, र मेरा परमेश्वर !”

२९येशूले तिनलाई भन्नुभयो, “तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ ? धन्य हुन् तिनीहरु, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन् ।”

[30]येशूले अरु धेरै चिन्हहरु चेलाहरुका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन् । [31]तर यी लेखिएका छन्, कि तिमीहरुले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्धारा उहाँको नाउँमा तिनीहरुलाई जीवन प्राप्त होस् ।

येशू आउनुहुँदा एक जना चेला, दिदुमस भन्ने थोमा, तिनीहरुसँग थिएनन् । दिदुमसको अर्थ जुम्ल्याहा हो । अरु चेलाहरु तिनीहरुले प्रभुलाई देखेको घट्ना तिनलाई सुनाउन आत्तुर थिए ।

तर थोमाले यो खबर पत्याउनको लागि कति पनि आधार नभएको ठाने । अरुले खालि केही देखेनन् भन्ने कुरोमा उनी ढुक्क हुन सकेनन् किनकि तिनीहरुले त्यो हेर्न चाहेको थिए । उनलाई शंका लाग्यो । थोमालाई ठोस प्रमाण चाहिएको थियो । उनले भने कि जबसम्म तिनले येशूको हातमा कीलाहरुको डोब देख्ने छैनन्, तबसम्म विश्वास गर्ने छैनन् । त्यसभन्दा पनि बढ्ता त, तिनले घाउको निशान साँच्चीकै छोएर मात्र विश्वास गर्ने राय प्रकट गरे ।

अर्को हप्ता, चेलाहरु फेरि ताल्चा लागेको ढोकाभित्र जम्मा भए । थोमा तिनीहरुसँगै थिए । येशू फेरि आउनुभयो अनि तिनीहरु माझमा उभिनुभयो । उहाँले भन्नुभयो, “तिमीहरुलाई शान्ति !”

अनि, उहाँ थोमातिर फर्कनुभयो । उहाँलाई थोमाले के भनेका थिए त्यो थाहा थियो । “थोमा, म हूँ, ” उहाँले भन्नुभयो, “तिम्रो औंला राख, र मेरो हातहरु हेर । तिम्रो हात बढाएर मेरो कोखामा हाल । शंङ्का नगर, तर विश्वासी होऊ !”

येशूमाथि शंका गरेकोमा थोमालाई केही लाज लागेको हुनुपर्छ । हर्षले गर्दा उनले येशूलाई छोएनन् । बरु बदलामा पुकारे, “मेरा प्रभु, र मेरा परमेश्वर !”

येशू सत्यतामा हाम्रो प्रभु अनि हाम्रो परमेश्वर हुनुहुन्छ । अनि उहाँले थोमालाई भन्नुभयो, “तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ ? धन्य हुन् तिनीहरु, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन् ।” उहाँले हामी जस्तो मानिसको कुरा गर्दै हुनुहुन्थ्यो । चेलाहरुले देखे जस्तो गरि, हामीले भौतिक रुपले येशूलाई देख्न देख्दैनौ । तर परमेश्वरको वचनले हामीलाई परमेश्वर अनि प्रभुको रुपमा येशू लाई देखाउनुहुन्छ । अनि विश्वास गर्नको लागि परमेश्वरको आत्माले हामीमा काम गर्नुहुन्छ ।



पुनरुत्थान पश्चात येशू र थोमा ।

यूहन्ना उनको सुसमाचारको अन्त्यतिर आइपुगेका छन् । उनले हामीलाई बताउँदछन् कि उनले र अन्य चेलाहरुले उनले उल्लेख गरेका भन्दा निकै धेरै चिन्हहरु देखेका छन् । महत्वपूर्ण कुरो के हो भने उहाँले उल्लेख गर्नुभएको हामीलाई मद्दत पुऱ्याउन सक्दछ । हामीले "येशू ख्रीष्ट परमेश्वर पुत्र हुनुहुन्छ भनी विश्वास" गरौ भन्ने उदेश्यले यूहन्नाले लेखेका हुन् । उनले लेखे किनभने हामीले त्यो सत्यमाथि विश्वास गरचौ भने हामी येशू सँग जिउने छौं । हामी येशूका चेला हुनेछौं ।

**याद राख्नुपर्ने कुराहरु :**

१९. पहिलो चोटि येशू चेलाहरुमाझ उपस्थित हुनुहँदा, ............ नाम गरेको एकजना चेला अरु चेलाहरुसँग त्यहाँ थिएनन् ।

२०. जब चेलाहरुले प्रभुलाई तिनीहरुले देखे भन्ने कुरा गरे,थोमालाई .................. लाग्यो ।

२१. तिनी येशूको हातमा .............. को डोब हेर्न र छाप्न अनि कोखामा भएको ............... मा हात हाल्न चाहन्थे ।

२२. जब अर्को हप्ता थोमाले येशूलाई भेटे अनि उहाँको घाउहरु देखे, तब तिनले पुकारे, "मेरा .........., र मेरा ............... !"

२३. येशूले भन्नुभयो, "धन्य हुन तिनीहरु, जसले मलाई ............ छैनन् र पनि ................. गर्दछन् ।

२४. सुसमाचार लेखक भन्दछन् कि यी सब कुराहरु येशूका बारेमा यसकारण लेखिएका हुन ताकि हामीले येशू ............... (नै) हुनुहुन्छ अनि परमेश्वरका ............... हुनुहुन्छ भन्ने विश्वास गर्न सकौं ।

(आफ्ना उत्तरहरु पेज २३६ मा हेर्नुहोस)

## येशूले समुद्रको छेउमा चेलाहरुकहाँ आफूलाई प्रकट गर्नुभयो ।

(यूहन्ना २१ : १ - १४ पढ्नुहोस)

[१]त्यसपछि चेलाहरुकहाँ तिबेरियास समुद्रको छेउमा येशूले फेरि आफूलाई प्रकट गर्नुभयो ।
उहाँले आफूलाई यसरी प्रकट गर्नुभयो । [२]सिमोन पत्रुस, दिदुमस भन्ने थोमा, गालीलका काना नगरका
नथानेल, जब्दियाका दुइ छोराहरु र उहाँका चेलाहरुमध्ये अरु दुइ जना एकसाथ थिए । [३]सिमोन
पत्रुसले तिनीहरुलाई भने, "म माछा मार्न जाँदैछु ।" तिनीहरुले उनलाई भने, "हामी पनि तिमीसँग
आउँछौ ।" तिनीहरु गएर डुङ्गामा चढे, तर त्यो रात तिनीहरुले केही पक्रेनन् ।
[४]बिहान हुन लागेको थियो, येशू किनारमा खडा हुनुभयो । तर चेलाहरुले उहाँ येशू नै हुनुहुन्छ
भनी चिनेनन् । [५]येशूले तिनीहरुलाई भन्नुभयो, "बालक हो, तिमीहरुसँग केही माछा छ ?"

तिनीहरुले उहाँलाई उत्तर दिए, "छैन" ।

[६]उहाँले तिनीहरुलाई भन्नुभयो, "जाल डुङ्गाको दाहिनेपट्टि हान, अनि भेट्टाउनेछौं ।" तब
तिनीहरुले जाल हाने, र माछाहरुको थुप्रोले गर्दा तिनीहरुले जाल तान्न सकेनन् ।
[७]येशूले प्रेम गर्नुहुने चेलाले पत्रुसलाई भने, "उहाँ प्रभु पो हुनुहुँदोरहेछ ।" "उहाँ प्रभु हुनुहुँदोरहेछ
।" भन्ने सुनेर सिमोन पत्रुसले आफ्नो बाहिरी बस्त्र कम्मरमा लपेटे, किनभने तिनले वस्त्र खोलेका
थिए, र समुद्रमा हामफाले । [८]अरु चेलाहरु डुङ्गामै बसी जाल तान्दै आए । तिनीहरु किनारदेखि टाढा
होइन, तर प्राय : सय मिटर जतिमा थिए । [९]जब तिनीहरु किनारमा उत्रे, तब तिनीहरुले कोइलाको
भुङ्ग्रोमा माछा राखिएका र रोटी देखे ।
[१०]येशूले तिनीहरुलाई भन्नुभयो, "तिमीहरुले भर्खरै पक्रेका माछाबाट केही ल्याऔं ।"
[११]तब सिमोन पत्रुसले डुङ्गामा चढेर एक सय त्रिपन्नओटा ठूला-ठूला माछाले भरिएका जाल
पाखामा तानी ल्याए, तर यत्ति धेरै भए तापनि जाल फाटेन । [१२]येशूले तिनीहरुलाई भन्नुभयो, "आएर
खाऔं ।" चेलाहरुमध्ये कसैले पनि "तपाईं को हुनुहुन्छ ?" भनी सोध्ने आँट गरेन, किनकि तिनीहरुले
उहाँ प्रभु हुनुहुन्छ भनी जान्दथिए । [१३]येशू आउनुभयो र रोटी लिएर तिनीहरुलाई दिनुभयो, र त्यसै
गरी माछा पनि दिनुभयो । [१४]मृतकबाट जीवित भइउठनन्नुभएपछि येशू चेलाहरुकहाँ प्रकट हुनुभएको
यो तेस्रो पल्ट थियो ।

येशू मृत्युपछि बौरिनु भए पश्चात, उहाँ स्वर्गमा जानुभन्दा पहिले धेरै पटक चेलाहरुकहाँ देखापर्नुभयो । अर्को पल्ट येशू चेलाहरुमाझ देखा पर्नुभएको ठाउँ गालील नदीको किनारमा थियो ।

धेरै चेलाहरु एकत्रित भएका थिए । ती मध्ये सिमोन पत्रुस, दिदुमस भन्ने थोमा, गालीलका काना नगरका नथानेल, अनि जब्दियाका दुइ छोराहरु याकूब र यूहन्ना थिए । यूहन्ना त्यही मानिस हुन्, जसले यो सुसमाचार लेखे ।

पत्रुसले अरुहरुलाई भने कि माछा मार्न जाँदैछन् । तिनीहरुले पनि उनीसँग जाने निधो गरे । तिनीहरुले रातभरी माछा पक्रने कोशिष गरे तर एउटै फेला पारेनन् ।

एका बिहानै, तिनीहरुले समुद्रको किनारमा एकजना मानिस देखे । उहाँ येशू हुनुहुन्थ्यो तर तिनीहरुले चिन्न सकेनन् । उहाँले तिनीहरुलाई डाक्नुभयो अनि माछा मारेका थिए कि भनेर सोध्नुभयो । जब तिनीहरुले छैन भनी जवाफ दिए, तब उहाँले डुङ्गाको दाहिनेपट्टि जाल हान्न लगाउनुभयो । र उहाँले माछा त्यहाँ भेट्टाउनेछौ भनी तिनीहरुलाई आश्वस्त पार्नुभयो ।

भने मुताविक तिनीहरुले गरे अनि सबै किसिमका माछा भेट्टाए । माछाको थुप्रोले गर्दा तिनीहरुले जाल तान्न समेत सकेनन् । त्यसबेला मात्र तिनीहरुले येशू नदीको किनारमा हुनुहुँदो रहेछ भन्ने महसुस गरे । यूहन्नाले पत्रुसलाई भने, “उहाँ प्रभु पो हुनुहुँदो रहेछ ।”

पत्रुस, सधैं नै काम गर्न फुर्तिला थिए । उनले यो सुन्ने बित्तिकै, बाहिरी बस्त्र लिएर कम्मरमा लपेटे । तब तिनी समुन्द्रमा हाम फाले अनि डुङ्गा भन्दा पहिले येशू भएतिर पुगे ।

अरु चेलाहरुले माछाले पुरा भरिएको जाल डुङ्गामा राखेर किनारमा ल्याए । तिनीहरु १०० गज जति टाढा थिए । जब तिनीहरु आइपुगे, येशूले तिनीहरुको लागि बिहानको खाजा तयार गर्न लाग्नु भएको थियो । उहाँसँग कोइलाको भुङ्गोमा माछा राखिएको र रोटी थियो । उहाँले तिनीहरुलाई भर्खरै पकेका माछाबाट केही लिई आउनु भनेर अह्राउनु भयो ।

पत्रुसले जालभरी माछाको भारी समुद्र किनारमा तानेर ल्याए । तिनीहरुले १५३ वटा ठूला-ठूला माछाहरु गन्ती गरे । अचम्मकै कुरो थियो कि त्यत्ति धेरै भएपनि जाल फाटेन ।

येशूले तिनीहरुलाई (बिहानको) खाजा खान बोलाउनुभयो । मृतकबाट जीवित भइ उठ्नुभएपछि येशू चेलाहरुकहाँ प्रकट हुनुभएको यो तेस्रो पल्ट थियो ।

के उहाँ साँच्चै जीवित हुनुहुन्थ्यो भन्ने बारे तिनीहरुलाई अझ पनि आनौठो लागि रहेको थियो । तर तिनीहरुलाई वास्तविकता थाहा थियो ।

**याद राख्नुपर्ने कुराहरु :**

२५. एकदिन येशूले अन्तिम पल्ट आफूलाई प्रकट गर्नुभएपछि, पत्रुस अनि अरु केही चेलाहरु ................. जान चाहे ।

२६. रातभरिमा तिनीहरुले एउटा पनि माछा मार्न सकेनन् । एका बिहानै .................. समुद्र किनारमा देखापर्नुभयो ।

२७. उहाँले चेलाहरुलाई डुङ्गाको दाहिने पट्टि जाल थाप्न लगाउनुभयो अनि तिनीहरुले .................. भेट्टाउने छन् ।

२८. तिनीहरुले १५३ वटा ठूला-ठूला माछा पक्रिए । तब तिनीहरुले प्रभु नै हुनुहुन्छ भनी महसुस गरे । ...............डुङ्गाबाट हाम फालेर समुद्र-किनारमा आए ।

२९. येशूले तिनीहरुको निम्ति ................. तयार पारिदिनुभयो ।

(आफ्ना उत्तरहरु पेज २३६ मा हेर्नुहोस)

## येशूले पत्रुसलाई निरन्तर उहाँको पछि लाग्न तयारी गर्नुभयो ।

(यूहन्ना २१ : १५ -२५ पढ्नुहोस)

१५जब तिनीहरुले खाइसके, तब येशूले सिमोन पत्रुसलाई भन्नुभयो, "यूहन्नाको छोरा सिमोन, के तिमी मलाई यिनीहरु भन्दा बढी प्रेम गर्दछौं ?"

तिनले उहाँलाई भने, "ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु ।"

उहाँले तिनलाई भन्नुभयो, "मेरा पाठाहरुलाई खुवाऊ ।"

१६उहाँले फेरि दोस्रो पल्ट तिनलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमाने के तिमी मलाई प्रेम गर्दछौं ?"

तिनले उहाँलाई भने, "ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु ।"

उहाँले तिनलाई भन्नुभयो, "मेरा भेडाहरुको हेरचाह गर ।"

१७उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो, "यूहन्नाका छोरा सिमोन के तिमी मलाई प्रेम गर्दछौं ?"

पत्रुस दुःखित भए, किनकि उहाँले तेस्रो पल्ट तिनलाई, "के तिमी मलाई माया गर्छौ ?" भन्नुभयो । तिनले उहाँलाई भने, "प्रभु, तपाई सब कुरा जान्नुहुन्छ । म तपाईंलाई माया गर्दछु भनी तपाईंलाई थाहा छ ।"

येशूले तिनलाई भन्नुभयो, "मेरा भेडाहरुलाई खुवाऊ ।
१८साँच्चै, म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ तिमी आफैले पटुका कस्थ्यौ, र जहाँ इच्छा हुन्थ्यो, जान्थ्यौ । तब जब तिमी बूढा हुनेछौं, तब तिमीले आफ्ना हात पसार्नेछौ, र अरुले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ जान चाहँदैनौ त्यहाँ लगिनेछौं ।"
१९कुन किसिमको मृत्युद्वारा तिनले परमेश्वरको महिमा गर्नेछ, सङ्केत गर्दै उहाँले यो भन्नुभएको थियो । यति भनेर उहाँले तिनलाई भन्नुभयो, "मेरो पछि लाग ।"

[20]पत्रुसले पछि फर्केर हेर्दा येशूले प्रेम गर्नुहुने चेलालाई पछिपछि आउँदैगरेको देखे । यिनले नै बेलुकीको भोजनको बेलामा उहाँको छातीमा ढल्केर, "प्रभु, तपाईंलाई पकाइदिने को हो ?" भनि सोधेका थिए । [21]तिनलाई देखेर पत्रुसले येशूलाई भने, "प्रभु यिनको चाहिँ के हुने ?"

[22]येशूले पत्रुसलाई भन्नुभयो, "म नआएसम्म तिनी पर्खिरहून भन्ने मेरो इच्छा भए पनि तिमीलाई के ? तिमी मेरो पछि लाग ।" [23]यसैकारण ती चेला मर्दैनन् भन्ने कुरा भाइहरुका बीचमा फैलियो । येशूले तिनी मर्दैनन् भन्नुभएको थिएन, तर म "नआएसम्म तिनी पर्खिरहून् भन्ने मेरो इच्छा भए पनि तिमीलाई के ? " भन्नुभएको थियो ।

[24]यी ती नै चेला हुन्, जसले यी कुराका विषयमा गवाही दिँदछन्, र यी कुरा लेखेका छन्, अनि हामी जान्दछौं कि तिनको गवाही साँचो छ ।

[25]येशूले अरु पनि  धेरै काम  गर्नुभयो । तीमध्ये प्रत्येकको बारेमा लेखिने हो भने मलाई यस्तो लाग्छ, कि तिनका विषयमा लेखिएका पुस्तकहरु संसारभरि पनि अटाउने थिएनन् ।

बिहानीको खाजा खाइसके पछि, येशूले पत्रुससँग ठाडो सम्बाद थाल्नुभयो । पाठकलाई थाहै छ कि पत्रुसले राती येशू पकाउ पर्नु भएको बेला तीन पटक येशूलाई चिन्दिन भनेर कसम खाएका थिए ।

तर अब चाहिँ, उहाँको सुसमचार अरु मान्छेहरुसम्म पुऱ्याउनको लागि येशूले पत्रुसलाई प्रेरित बनाउने चाहना राख्नुभयो । पत्रुसलाई उहाँले क्षमा गरिसक्नुभएको कुरो तिनले थाहा पाऊन अनि उनको निम्ति काम गरि सकेको जानुन भन्ने येशू चाहनु हुन्थ्यो ।

येशूले पत्रुसलाई भन्नुभयो, "सिमोन, के तिमी मलाई यिनीहरुभन्दा बढी प्रेम गर्दछौं ?"

पत्रुसले, विगतमा, येशूलाई कति धेरै प्रेम गरेको छु भनेर घमण्ड देखाएका थिए (हेर्नुहोस यूहन्ना १३ : ३७ लूका २२ : ३२ मत्ती २६ : ३३, मर्कूस १४ : २९ ) । उनले भनेका थिए कि सबैले येशूलाई छोडेर गएपनि उनी चाहिँ येशूलाई नै पछयाउने छन् । उनले येशूको निम्ति प्राण समेत दिनेछन् । तर जब उनी परीक्षामा परे, तब तिनी असफल भए ।

अब पत्रुस नयाँ परीक्षामा पर्ने भए । उनले येशूलाई सच्चा प्रेम गरेका छन् कि छैनन् भन्ने बारे येशूले जान्न खोज्नुभयो । यसपल्ट, पत्रुसले नचाहिँदो घमण्ड देखाएनन् । तिनले सरल उत्तर दिए, "ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु ।" उनले गर्न सक्ने भन्दा बडी प्रतिज्ञा गरेनन् । "माया" भन्ने शब्द (येशूले प्रयोग गर्नुभएको भन्दा बेग्लै प्रारम्भिक कालको भाषा) प्रयोग गरेर पत्रुसले सामान्य उत्तर दिए, "मैले तपाईंलाईं प्रिय अनि विश्वासी मित्रको रुपमा अपनाएको छु ।"



येशूले पुनरुत्थान पश्चात पत्रुसलाई पुन : अधिकार दिनुभयो ।

येशूले भन्नुभयो, “मेरा पाठाहरुलाई खुवाऊ ।”
उहाँको वचनको आत्मिक अर्थ लाग्दथ्यो । भेडाहरुको अर्थ कि त केटाकेटीहरु वा सबै, विशेष गरेर नयाँ विश्वासीहरु हुनुपर्दछ । तिनीहरुलाई खुवाउनुको अर्थ येशूमाथि तिनीहरुको विश्वास बढाउनको निम्ति तिनीहरुलाई के आवश्यक पर्दछ त्यही दिनु हो । येशू पत्रुसले उहाँको सुसमाचार फैलाउन् भन्ने चाहनुहुन्थ्यो ।

येशूले दोस्रो पल्ट सोध्नुभयो, “सिमोन, के तिमी मलाई प्रेम गर्दछौ ?”

पत्रुसले पहिलो पल्टः भैंं जवाफ दिए । उनले भने कि येशूलाई उनले माया गरेको कुरो येशूलाई थाहा छ ।

येशूले भन्नुभयो, “मेरा भेडाहरुको हेरचाह गर ।” यदि पाठाहरुको अर्थ नानीहरु हो भने, तब भेडाहरु भन्नाले वयस्क बुझिन्छ । होइन भने, भेडाहरुको अर्थ येशूको सबै खाले जमात भन्ने हुन्छ । यसपल्ट उहाँले पत्रुसलाई बगालको “हेरचाह गर्नु” भन्नुभयो । पत्रुसले बगाललाई खुवाउने मात्र होइन, तर तिनीहरुको हेरचाह पनि गर्नु पर्नेछ ।

येशूले अझ तेस्रो पल्टः पनि सोध्नुभयो, “सिमोन के तिमी मलाई माया गर्छौ ?” त्यो उत्ति नै अंक बराबरको पटक थियो जत्ति पटक पत्रुसले येशूलाई चिन्दिन भनेका थिए ।

येशूले फेरि पनि सोध्नु भएकोमा पत्रुस दुःखित भए । उनी सम्भवतः यसकारणले दुःखित भए कि उनले गरेको माया येशूले पहिल्यै नै जान्नुभएको थियो भन्ने तिनलाई थाहा भयो । येशूलाई सबै कुराको ज्ञान थियो । हुनसक्छ, पत्रुस यसकारणले पनि दुःखित भए होलान कि उनले जे गरेको थिए, त्यो सम्झिए अनि यसमा पश्चाताप गरे । जे भएता पनि, पत्रुसले फेरि भने कि येशूलाई उनले माया गरेको उहाँ  लाई थाहा थियो ।

अन्तिममा येशूले पत्रुसलाई भन्नुभयो, “मेरा भेडाहरुलाई खुवाऊ ।”

अब चाहिँ पत्रुस येशूको मण्डलीमा धर्मगुरु बन्नलाई तयारी भए । उहाँले लगातार तिनलाई उनको भविष्यले के ल्याउनेछ भन्ने बारे सम्झाइरहनु भयो । पत्रुस बुढेसकालसम्म बाँच्नेछन् । तर जवान हुदाँ उपभोग गरेको स्वतन्त्रता फुत्केर जान्छ ।

उसलाई बन्दी बनाइने छ । अरुले नै उसलाई नियन्त्रणमा राख्नेछन् । येशूलाई क्रूसमा टाँगदाखेरि तिनीहरुले कीला ठोक्नलाई गरे झैं उनका हातहरु तिनीहरुले पसार्ने छन् । पत्रुस येशूको निम्ति मर्नेछन्, अनि "उनको मृत्युले परमेश्वरमा महिमा ल्याउने छ ।"

जहाँसम्म हामीलाई ज्ञान छ, पत्रुस क्रूसमा नै मर्नुभयो किनभने तिनी येशूको चेला थिए अनि येशूका चेलाहरुका धर्मगुरु थिए । भनिन्छ कि तिनलाई उँधो मुन्टो पारेर क्रूसमा झुण्डयाइयो ।

पत्रुस येशूसँग हिड्दै थिए । उनीहरुलाई पछयाइरहेका "येशूका प्यारा चेला" तर्फ हेर्न तिनी मोडिए । हामीले उल्लेख गरे अनुसार, उनी यूहन्ना थिए, जसले यो सुसमाचार लेखे । पत्रुसले भर्खरै मात्र थाहा पाएका थिए कि तिनी एकदिन सुसमचारको निम्ति मर्नेछन् । यूहन्ना पत्रुसको असल मित्र थिए । पत्रुसले येशूलाई सोधे, "प्रभु, यिनको चाहिँ के हुने ?"

येशूको जवाफ थियो कि कतिञ्जेलसम्म यूहन्ना बाँच्ने हुन वा उनी कसरी मर्नेछन् भन्ने बारे पत्रुसले मतलब राख्नु आवश्यक छैन । येशूले जिम्मा दिन लाग्नु भएको मण्डली पत्रुसले हेरविचार गर्नुपर्नेछ । तिनी येशू प्रति अनि उहाँको वचनप्रति इमान्दार हुन आवश्यक छ । उनको पँहुच पुगेकाहरु सबैलाई येशूको असल शिक्षा (सुसमाचार) तिनले बताईदिनु पर्नेछ । अनि यसैको निम्ति तिनले मर्नुपर्नेछ र येशूसँग स्वर्ग प्रवेश गर्नुपर्नेछ ।

येशूले यूहन्नालाई के कुरो बताउनु भएको थियो, त्यो सुनेर मानिसहरुले येशूको वचन गलत तरिकाले बुझे । येशूले भन्नुभएको थियो, "म नआएसम्म तिमी पर्खिरहनू भन्ने मेरो इच्छा छ ।" कतिले सोचे कि येशूले यूहन्ना मर्ने छैनन् भन्नुभएको थियो ।

तर येशूले यति मात्र भन्नुभएको थियो,........ भन्ने "मेरो इच्छा" छ । जसै यो यथार्थमा परिणत भयो, यूहन्नालाई दिर्घायुको आशिष प्राप्त भयो , अनि उनको मृत्यु स्वभाविक रुपले भयो ।

सुसमाचारको अन्तिम भाग  यूहन्ना बाहेक अरु कसैले थपेको हो कि जस्तो देखिन्छ । पद २४ मा उल्लेखित "हामी" जान्दछौं कि तिनको गवाही साँचो छ भन्ने वाक्य अरु कसैले लेखेको जस्तो देखिन्छ । तापनि यो पनि सम्भावना छ कि यूहन्ना लेख्ने तरिकामा चिप्लिए जहाँ लेखकले वास्तवमा आफ्नो बारेमा बोल्दा "हामी" भन्ने गर्दछन् ।

यो सुसमाचार दुइवटा सत्यता सँगै समाप्त हुन्छ। पहिलो चाहिँ यहाँ जे लेखिएको छ, त्यसमा हामी भरोसा राख्न सक्दछौं। पवित्र आत्माले यूहन्नालाई के-के लेख्नु पर्ने थियो त्यसमा मार्गदर्शन गर्नुभयो अनि उनी र अरुहरु घटनाका प्रत्यक्षदर्शी थिए।

साथै, येशूले गर्नुभएका अरु कामहरुको बारेमा लेख्न सकिने थियो। तर, यूहन्नाले पहिल्यै भने झैं (यूहन्ना २० : ३१ हेर्नुहोस), जे जति लेखिएका थिए, ती सबै विश्वास र जीवनको निम्ति हामीलाई चाहिन्छ। हामी विश्वास गर्दछौं अनि जिउँदछौं।

**याद राख्नुपर्ने कुराहरु :**

३०. येशूले पत्रुसलाई उहाँका मानिसहरुको धर्मगुरु बनाउन तिनलाई तीनपल्ट प्रश्न गर्नुभयो, “यूहन्नाका छोरा सिमोन, के तिमी मलाई ............ गर्दछौ ?”

३१. पत्रुसले येशूलाई भने कि उहाँलाई निश्चित .............. छ कि पत्रुसले उहाँलाई प्रेम गर्दछन्।

३२. येशूले पत्रुसलाई भन्नुभयो कि एकदिन जब तिनी बूढो हुनेछन्, तब तिनी येशूको निम्ति ................. ।

३३. यस सुसमाचारले हामीलाई ............. अनि ........... को निम्ति चाहिँने सबैथोक बताउँदछ।

(आफ्ना उत्तरहरु पेज २३६ मा जाँच्नुहोस)

**याद राख्नुपर्ने कुराहरुको उत्तरहरु :**

१. नारीहरु, २. हटाइएको, ३. मरियम मग्दलिनी, ४. चोरी, ५. सुतीको धरो, टाउको, ६.रुँदै, ७. स्वर्गदूतहरु, ८. येशू, ९. माली, १०. नाम, ११. पिता, १२. प्रभु, १३. बन्द, १४. शान्ति, १५. विशेष, १६.पठाउँदै, १७. क्षमा, क्षमा, १८. पाप, विश्वास, १९. थोमा, २०. शंका, २१. कीला, घाउ, २२. प्रभु, परमेश्वर, २३. देखेका, विश्वास, २४. ख्रीष्ट, पुत्र, २५. माछा मार्न, २६. माछा, २७. येशू, २८. पत्रुस, २९. बिहानको खाजा, ३०. प्रेम, ३१. थाहा, ३२. मर्नेछन्, ३३. विश्वास, जीवन ।

## परिच्छेद आठ

"याद राख्नुपर्ने कुराहरु " को समीक्षा गर्नुहोस ।

१. जब मरियम मग्दलिनीले येशको चिहानको ढुङ्गा हटाएको देखिन, तिनले येशूको शरीर ........... भएको भन्ठानिन ।

२. उनी ............ । ................ लाई खोज्न निस्किइन् ।

३. पत्रुस र यूहन्नाले ............. ( ) को ............ अफ्ष सम्म खाली चिहानमा देखे ।

४. पछिबाट मरियमले चिहानमा दुइ ............. देखिन् ।

५. तब येशू मरियमकहाँ देखापर्नुभयो । तिनले उहाँलाई तब चिनिन्, जब उहाँले तिनको .............. काढेर बोलाउनुभयो ।

६. ............. लगाईराखेको ढोकाभित्र येशू चेलाहरु समक्ष देखा पर्नुभयो ।

७. उहाँले भन्नुभयो, "तिमीहरुलाई ............. ।"

८. येशूले आफ्ना चेलाहरुलाई पाप ........ गर्ने, अनि ................ फिर्ता लिने अधिकार दिनुभयो ।

९. येशू जीवित हुनुहुन्छ भन्ने कुरामा थोमाले ............ गरे ।

१०. जब थोमाले येशूलाई साँच्ची नै देखे, तब तिनले पुकारे, "मेरा ..........., मेरा ............. ।"

११. यो सुसमाचारका कुराहरु यसकारण लेखिएका हुन ताकि हामीले येशू परमेश्वरका ............, हुनुहुन्छ भनी विश्वास गरौं ।

१२. येशू बौरिनु भएपश्चात तेस्रो पटक चेलाहरुकहाँ देखा पर्नुभएपछि उहाँले ........ पक्रने चिन्ह देखाउनुभयो ।

१३. येशूले पत्रुसलाई तिनले येशूलाई ............ गर्थे कि गर्दैन थिए भनेर तीन पटक सोध्नुभयो ।

१४. यस सुसमाचारले हामीलाई............. अनि ......... को निम्ति चाहिने सबैथोक बताउँदछ ।

(आफ्ना उत्तरहरु पेज २४५ मा हेर्नुहोस)

१. **व्यभिचार** :- परपुरुषगमन वा परस्त्रीगमन, अर्काकी स्त्रीसँग वा अर्काको पुरुषसँग शारीरिक सम्बन्ध गर्ने काम, भ्रष्ट आचरण । परमेश्वरले व्यभिचारीलाई पनि क्षमा गर्नुहुन्छ ।

२. **अभिषेक** :- छुटयाईको ,(मसीह )हेर्नुहोस ।

३. उ**क्लनु** :- माथि जानु । मृतकबाट फेरि जीवित हुनुभएको ( पुनरुत्थान) ४० दिन पछि येशू स्वर्गमा उक्लनु भयो अथवा माथि जानुभयो भन्ने बारे प्रयोग भएको ।

४. **चम्किलो** :- चमकदार, प्रकाश देखिने किसिमको ।

५. **कैसर** :- रोमी साम्राज्यको महाराजा, नेता ।

६. **प्रधान पूजाहारीहरु** :- पूजाहारीहरु ती व्यक्तिहरु थिए जसले मन्दिरको पूजा आदि पवित्र कार्य तथा बलि चढाउने जस्ता कार्यहरु सम्पन्न गर्दथिए । प्रधान पूजाहारीहरु कुनै समयमा मुख्य पूजाहारीहरु नै थिए जो मुख्य पूजाहारीहरु सँगसँगै रहन्थे । मुख्य पूजाहारीहरु चाहिँ मन्दिरको पूर्ण अधिकार प्राप्त व्यक्ति हुन्थे । प्रधान पूजाहारी मुख्य पूजाहारीहरु भन्दा माथिल्लो तहका हुन्थे ।

७. **खीष्ट** :- मसीह हेर्नुहोस ।

८. ख**तना** :- येशूको आगमन भन्दा पहिले, परमेश्वरले जन्मेको आठौं दिनमा मानिसहरुको - बालकको - लिङ्गको टुप्पोको बढ्ता छाला काटेर फाल्न आज्ञा दिनुभयो जसलाई खतना भनिन्छ ।

९. **कूसमा टाँग्नु** :- शुलीमा चढाउनु, कुनै पनि व्यक्तिलाई कूसमा कीला ठोकेर मृत्युदण्ड दिने काम (सजाय) **;** अपराधीको हात र खुट्टामा कीला ठोकेर कूसमा टाँग्नु ।

१०. **शैतान** :- परमेश्वरको पहिलेको दूत जसले परमेश्वरको विरुद्धमा विद्रोह गऱ्यो । उ दुष्टात्मा हो । त्यसले संसारमा पाप र अविश्वास फैलाउन परमेश्वरको विरुद्धमा काम गर्दछ ।

११. **चेला** ; कुनै मानिस- जसले अर्काको अनुशरण गर्दछ, ऊ बाट सिक्दछ, अरुको शिक्षा ग्रहण तथा वचन पालन गर्दछ अनि अरुलाई उसको बारेमा बताउँदछ । येशूका १२ जना चेलाहरु थिए, जसलाई प्राय : "बाह्रजना चेलाहरु" तथा सामान्य "बाह्र" भन्ने गरिन्थ्यो ।

१२. **ईश्वरीय** :- दिव्य, ईश्वर-सम्बन्धि ।

१३ **सार** :- सारतत्व, कुनै कुराको मुख्य वा मुल भाग, निचोड ।

१४. **अनन्त** :- अनादि, चिरस्थायी, न शुरु न अन्त्य भएको, साथै त्यस्तो सोच जसअनुसार अनादि परमेश्वरबाट हामीलाई प्राप्त जे छ त्यसको अन्त्य कहिल्यै नहुनु, उदाहरणको लागि अनन्त जीवन ।

१५. **शरीर** :- देह, पापी स्वभाव, शारीरिक कामना ; आदम र हव्वाले पाप कर्म गरे पश्चात हामी कसरी मानव जाति भएर जन्मियौं भन्ने सँग सम्बन्ध अर्थ ; हाम्रो स्वभाव पापपूर्ण थियो ; देहमा जन्मिनु भनेको मान्छेको जन्म पापसँगै हुनु हो । येशूमात्र पापरहित शरीर लिएर जन्मनुभयो ।

१६. **फल** :- विश्वासीहरुले विश्वासमा गरेका पवित्र तथा असल कामहरुलाई जनाउँछ किनकि तिनीहरु येशूमा सम्मिलित हुँदछन् ।

१७. **महिमा** :- गौरव, कीर्ति, ख्याती, यश, अझ विशेष गरेर तेज, ज्योतिसँग सम्बन्धित ।

१८. **सुसमाचार** :-असल समाचार; येशू ख्रीष्टको बारेमा सुसमाचार । Gospel मा "G" ठूलो अक्षरले नयाँ करारको शुरुका मध्ये, कुनै एक पुस्तकलाई मर्कूस, मत्ती, लूका र यूहन्ना जसले जीवन, शिक्षा ( उपदेश) अनि येशूको उद्धार-कार्यलाई जनाउँदछ ।

२१. **अनुग्रह** :- माया,प्रेमको अभाव भएकालाई प्रेम तथा दया गर्नु ; सित्तैमा,कुनै शर्त रहित प्रेम ; पापीहरुप्रति परमेश्वरले उहाँको पुत्र येशू मार्फत गर्नुभएको प्रेम ।

२२. **मुख्य पूजाहारीहरु** :- प्रधान पूजाहारीहरु हेर्नुहोस ।

२३. **पवित्र** :- परमेश्वरको लागि छुटयाइएको ।

२४. **पवित्र भोज** :- प्रभु- भोज-यस्तो भोज जसमा येशूले आफ्नो शरीर र रगतको नाममा रोटी र दाखरस दिनुहुन्छ । उहाँलाई क्रूसमा चढाउनु भन्दा पहिले उहाँलाई पक्रिने रातमा उहाँले यो शुरु गर्नुभयो । उहाँलाई क्रूसमा चढाउनु भन्दा पहिले यो यूहन्नामा चाहिँ उल्लेख छैन तर अरु सुसमाचारमा यो सिकाइन्छ । (तर यो यस पुस्तकमा पनि उल्लेख गरिएको छ । )

२७. म **हुँ** :- येशूले परमेश्वर बराबर आफूलाई ठान्नुभएको यो एउटा तरिका हो । आगो लागिरहेको पोथ्राबाट परमेश्वरले मोशालाई “म हुँ” वा “यहोवा” भन्नुभएको थियो । (प्रस्थान ३ : १४, १५ ) यो नाम हिब्रू भाषा 'म हुँ' भन्नेमा आधारित छ धेरै जसो बाइबलको अंग्रेजी अनुवादहरुमा यो सबै ठूलो अक्षरहरु LORD मा नै देखापर्दछ ।

२८. य**हूदीहरुको महासभा** :- यो समूहको अधिकारीहरुले इस्राएलका यहूदीहरुमाथि शासन गर्दथे । तर, तिनीहरु रोमीहरुको मातहतमा थिए । यो धर्मसभालाई सनेड्रिन पनि भनिन्थ्यो ।

२९. **परमेश्वरको राज्य** :- स्वर्गको राज्य वा येशूको राज्य । यो राज्यमा परमेश्वर अनि उहाँको पुत्र, येशूले पूरा अधिकारसित राज्य गर्नुहुन्छ । उहाँहरुले यस संसारमा हाम्रो हृदयभित्र राज्य गर्नुहुन्छ । अनन्तमा, उहाँहरुले स्वर्गको महिमामा राज्य गर्नुहुन्छ, जहाँ हामीहरु लगिनेछौं ।

३०. **व्यवस्था** :- यो परमेश्वरको दश आज्ञा हामीलाई शिक्षा दिनको निम्ति हो । यी हामीले पूर्णरुपले पालन गरेको उहाँ चाहनुहुन्छ । हामीले ठीकसित यी आज्ञालाई पालन गर्दैनौ, त्यसैले हामीलाई उद्धारकर्ता चाहिन्छ । उद्धारकर्तामा हामी क्षमा अनि अनन्त जीवन प्राप्त गर्दछौं । त्यो नै असल समाचार तथा सुसमाचार हो । आज्ञा मोशाद्धारा प्रदान गरिएको थियो । सुसमाचार येशूबाट आएको हो ।

३१. **चिट्ठा** :- आजको पाशा जस्तै हो । ढुङ्गामा लगाएको एकातिरको चिन्हले प्राय : जसो अवसर मुताबिक भाग्यको निर्धारण गर्दछ ।

३२. **मसीह** :- हिब्रू भाषाबाट आएको "अभिषेक गरिएको" अर्थ लाग्ने ( शब्द हो) । जब कुनै व्यक्तिलाई अभिषेक गरिन्थ्यो, तब तेल वा अन्य तरल पर्दाथ टाउकोमा लगाइन्थ्यो । यो कार्य तिनीहरुलाई कुनै विशेष महत्वपूर्ण कार्यको निम्ति नियुक्त गरेर पठाइँदा गरिन्थ्यो । ग्रिक भाषामा प्रयोग गरिएको शब्द हो "ख्रीष्ट" । परमेश्वरले संसारलाई पापबाट उद्धार गर्न पठाउने बारे प्रतिज्ञा गर्नुभएको भन्ने कुरालाई यसले सिद्ध गर्दछ । उहाँ त्यसै कार्यको निम्ति पठाइनु भएको थियो ।

३३. **पाल्नु** :- बाँच्नु र बड्नुको निम्ति आवश्यक खाने कुरा तथा अन्य कुराहरु प्रदान गर्नु तथा उपलब्ध गराउनु ।

३४ **खजुरको आइतबार** :- प्रभु येशू क्रूसमा मर्नुभन्दा पहिलेको आइतबार । त्यस दिन यरुशलेममा मानिसहरुले येशूलाई राजाको रुपमा स्वागत गरे अनि उहाँ चढनको निम्ति खजुरको हाँगाहरु राखे ।

३५. **निस्तार - चाड** :- मिश्र देशको बन्धनबाट परमेश्वरले उहाँको मानिसहरुलाई कसरी उद्धार गर्नुभयो भन्ने सम्झना गर्नलाई मनाइने चाड । तिनीहरुले मिश्र देश छोड्ने अन्तिम रात, परमेश्वरले मिश्रीहरुका सबै जेठा जन्मिएकाहरुलाई महामारी पठाएर मार्ने निर्णय गर्नुभयो । तर परमेश्वरका नानीहरुचाहिँ सुरक्षित रहे । तिनीहरुको घरको ढोकामा थुमाको रगत हुन्थ्यो, तसर्थ मृत्युको दूत ती घरहरुबाट अघि बड्दथे ,त्यसैले यो चाड सात दिनसम्म रहन्थ्यो । यो मार्च वा अप्रेलमा पर्दछ ।

३६. **फरिसी** :- यहूदीहरुका धर्मगुरुहरु मध्येका एक । धेरै जसो (तर सबैले होइन) फरिसीहरुले येशूको विरोध गर्दथे ।

३७. **पेन्तिकोस** :- यहूदीहरुको गहुँको फसलको चाड, जुन निस्तार-चाड सकिएको ५० दिन पछि मनाइन्थ्यो (पेन्तिकोस भनेको "पचासौं दिन" हो) । येशू स्वर्गमा जानुभए पछि , आगोको लप्काको रुपमा पवित्र आत्मा चेलाहरुकहाँ आउनुभयो ।

३८. **सिलोमको पोखरी** :- यरुशलेमको इनार (पोखरी) मध्येको एक, जसबाट मानिसहरुले पानी निकाल्ने काम गर्दथे ।

३९. **शबाथ- दिन** :- हप्ताको सातौं दिन । यसको शाब्दिक अर्थ "आराम गर्नु" हो । प्रतिज्ञा गरिएको उद्धारकर्ता नआउञ्जेल सम्मको निम्ति परमेश्वरले आफ्ना मानिसहरुलाई आराम गर्ने दिन तोकिदिनु भएको थियो ।

४०. **रब्बी** :- हिब्रू (भाषाको) शब्द जसको अर्थ "गुरुज्यू" हो ।

४१. **पुनरुत्थान** :- मृतकबाट जीवित हुनु ।

४२. **सामरी** :- पहिलेका इस्राएलीहरु र पछि त्यहाँ आक्रमण गर्न आएका जातिहरुको मिश्रणबाट पैदा भएको तेस्रो जाति । तिनीहरुले दक्षिण तर्फका यहूदीहरुलाई प्रायः विरोध गर्दथे ।

४३. **धर्मग्रन्थ** :- बाइबल, साथै परमेश्वरको वचन । धर्मग्रन्थको पुरानो करार येशू जन्मनु भन्दा पहिल्यै लेखिएको थियो । धर्मग्रन्थको नयाँ करार येशू स्वर्गमा परमेश्वरकहाँ जानुभएपछि मात्र लेखिएको थियो ।

४४. **गालील समुद्र** :- आन्तरिक भूभागको एउटा ठूलो "समुद्र" ( वास्तवमा एउटा ठूलो ताल, पोखरी) जुन इस्राएलको उत्तरपट्टि थियो, जसलाई येशूको समयमा गालील भनिन्थ्यो । यसको १३ माइल लम्बाइ र ७ १/२ माइल चौडा छ ।

४५. **चिन्ह** :- येशूले गर्नु भएको चमत्कार, जसले उहाँको इश्वरीय शक्ति देखाउँदथ्यो । अलौकिक कार्य देखाउनको निम्ति सांसारिक कार्य ।

४६. **खप्परे** :- खप्पर जस्तो आकार भएको पहाड, जहाँ येशूलाई क्रूसमा टाँगिएको थियो जसलाई गब्बथा वा कलवरी पनि भनिन्थ्यो ।

४७. **मानिस पुत्र** :- येशूको परिचय दिनु, जो पापरहित जन्मनु भएको थियो र जसलाई मानव को सही अर्थमा बुझिन्छ । पवित्र मानिसको रुपमा, उहाँ हाम्रो बदलामा उभिनुभयो । येशूले आफ्नो बारेमा यो अर्थ प्रायजसो प्रयोग गर्नुहुन्थ्यो ।

४८. **आत्मिक** :- हामी जे देख्न र छुन सक्तैनौ त्यसको बारेमा हो । ती चिजहरु, जसले हाम्रो आत्मालाई प्रभाव पार्दछ ।

४९. **सभाघर** :- यरुशलेमको मन्दिरबाट टाढा रहेका बेला यहूदीहरुले भेला भएर पूजा-आजा गर्ने थलो । यो मण्डली जस्तै थियो ।

५०. **मन्दिर** :- यरुशलेमको केन्द्रमा पूजाआजाको निम्ति अवस्थित स्थान, जहाँ परमेश्वरको निम्ति बलि दिइन्थ्यो र महत्वपूर्ण धार्मिक भोजहरु आयोजना गरिन्थ्यो । मन्दिरको भित्री भागमा परमेश्वरले आफ्नो उपस्थिति जनाउनु हुन्थ्यो ।

५१. **चिहान** :- लास गाड्ने स्थान येशूको समयमा यो ढुङ्गाले छोपेर राख्ने ओडार जस्तो हुने गर्थ्यो ।

५२. **त्रिएक** :- एकमा तीन । यो शब्दले परमेश्वरलाई वर्णन (प्रतिनिधित्व) गर्दछ । उहाँ एक परमेश्वर, तीन व्यक्तित्व - एकमा तीन-पिता, पुत्र अनि पवित्र आत्मा हुनुहुन्छ ।

५३. **साक्षी** :- आफूले जानेको तर अरुले जान्नुपर्ने कुनै पनि महत्वपूर्ण विषय वा कुरा अरुलाई सत्य-तथ्य बताउने तथा बयान गर्ने काम ।

५४. **वचन** :- परमेश्वरको पुत्र- जो परमेश्वर हुनुहुन्छ- को नाममा यूहन्नाद्धारा प्रयोग गरिएको, जसबाट सम्पूर्ण चिजहरु बनेका हुन् । वचनले येशूको शिक्षा अनि बाइबललाई पनि जनाउँदछ ।

**परिच्छेद परीक्षाका उत्तरहरु :**
**विश्वास गर्नुहोस अनि जिउनुहोस** : यूहन्नाको सुसमाचार बारे एक अध्ययन

## परिचय र परिच्छेद १ :

१. शिष्य, २. परमेश्वर, मानव, ३. विश्वास, अनन्त, जीवन, ४. वचन, आदि, ५ बनिए, ६. जीवन, ज्योति, ७. देहधारी, ८. पाप, ९. विश्वास, सन्तान, १०. महिमा, अनुग्रह (कृपा), सत्य, ११. अनुग्रह (प्रेम), १२. एकोहोरो प्रेम ।

## परिच्छेद २ :

१. येशू (प्रभु), २. परमेश्वर, थुमा, संसारको, पाप, ३. आत्मा, ४. येशू, ५. मसीह (ख्रीष्ट), ६. परमेश्वर, पुत्र, इस्राएल, ७. स्वर्ग

## परिच्छेद ३ :

१. पानी, दाखमदय, २. काना, ३. चिन्ह, अलौकिक, सांसारिक, ४. निस्तार, यरुशलेम ५. ठगे, ६. मन्दिर, उठ्नु, ७. पानी, आत्मा, नयाँ गरी, जन्मन, ८. पाप, ९. मूक्ति, १०. कूस, ११. संसार, १२. पुत्र, १३. अनन्त जीवन, १४. दोषी ठहर गर्न, उद्धार गर्न, १५. जिउँदो, १६. तिर्खाउने, १७. पाप, १८. आत्मा, सत्यता, १९. मसीह/ख्रीष्ट, २०. वचन, संसार, मुक्तिदाता

## परिच्छेद ४ :

१. मार्न, निको पार्नु, २. बराबर, ३. सम्मान, ४. येशू, साक्षी, ५. पाँच, दुई ६. सांसारिक/रोजी-रोटीको, ७. हिडँनु, ८. नडराउन, ९. रोटी, १०. म हुँ, ११.शरीर, १२. शिक्षा, १३. अनन्त, जीवन, विश्वास

## परिच्छेद ५ :

१. खतरापूर्ण, २. पिता, ३. स्वर्ग, ४. जिउँदो, ५. बोलेनन्, ६. पाप ७. पाप, ८. पिता, ९. शिक्षा, १०. कमारो, ११. मुक्त, १२. म छु, १३. परमेश्वर, १४. आर्शिबाद, १५. देख्दछन्, १६. अन्धा, १७. असली १८. जीवन/प्राण, १९. अनन्त, २०. साँचो, २१. पुनरुत्थान, जीवन, २२. मृतक, २३. मार्ने

## परिच्छेद ६:


१. दफन, २. राजा, ३. बिउ/अन्नको, ४. वचन, ५. गोडाहरु, धोएर, ६. पकाई, ७. प्यारो, ८. मृत्यु, ९. इन्कार, १०. कोठाहरु, ११. बाटो, सत्य, जीवन, १२. नाम, १३. आत्मा, १४ हाँगाहरु, १५. फल, १६. परमेश्वर, १७. धार्मिकता, १८. सत्यता, १९. साहस, २०. वचन


## परिच्छेद ७:

१. जैतुन, २. इच्छा, ३. हन्नास, ४. इन्कार, ५. कैयाफा, ६. रोमी, ७. पिलातस, ८. संसार, ९. सत्य, १०. खप्पर, ११. चिठ्ठा, १२. यूहन्ना १३. सिद्धियो, १४.भाला, १५. योसेफ, निकोदेमस

## परिच्छेद ८ :

१. चोरी, २. पत्रुस, यूहन्ना, ३. सूती (कात्रो), धरो, ४. स्वर्गदूतहरु, ५. नाम, ६. ताल्वा, ७. शान्ति, ८. क्षमा, क्षमा, ९. शंका, १०. प्रभु, परमेश्वर, ११. पुत्र, खीष्ट, १२. माछा, १३. माया, १४. विश्वास, जीवन ।


THE MINISTRY OF JESUS
IN THE GOSPEL OF JOHN
SCALE OF MILES
5 10 15 20 25 30
8 16 24 32 40 48
SCALE OF KILOMETERS
MEDITERRANEAN SEA
Capernaum
GALILEE
Feeding the 5,000*
Walking on Water*
Cana*
SEA OF GALILEE
Nazareth
Sychar
SAMARIA
John Baptizing*
JORDAN RIVER
Jerusalem
Bethany
Bethlehem
* The location is uncertain.
DEAD SEA
N
W
E
S


Damascus
* = Location is a guess.
Bethesda Pool
Antonia Fortress Roman Governor
Golgotha *
Empty Tomb
Bethany
Temple
Herod Antipas's Palace
Gethesemane
A Room in Jerusalem*
Herod's Palace
Upper Room-Last * Supper
Joppa
High Priest's House
Pool of Siloam
Bethlehem

## अन्तिम परीक्षा

१. यूहन्ना जसले यो सुसमाचार लेखे, तिनी येशूका ................ थिए ।

२. यो सुसमाचारले देखाउँदछ कि येशू ................. अनि ............... हुनुहुन्छ ।

३. हामीले ................. गरौंला अनि ................ ......................प्राप्त गरौंला भनेर यो सुसमाचार लेखिएको थियो ।

४. अनुग्रह (प्रेम) को अर्थ “............ ................” हो ।

५. यूहन्नाले येशू आउँदै गरेको देखेर, उहाँलाई ........... को .......... भने, जसले .......... को ........... उठाईलैजानु हुन्छ ।

६. उहाँको चिन्हलाई ............. भनिन्छ । यो एउटा ............... तथ्य देखाउनको लागि .............. कार्य थियो ।

७. येशूले निकोदेमसलाई .......... र ............. द्धारा ........... ............. .............. को लागि शिक्षा दिनुभयो ।

८. येशूले निकोदेमसलाई परमेश्वरको ............. को योजना बारे बुझाउनु भयो ।

९. येशू ............. मा उठाइनु पर्दथ्यो ।

१०. येशूले सामरी स्त्रीलाई उहाँ अभिषेक गरिएको ............. हुनुहुन्छ भनी बताउनु भयो ।

११. गालील समुद्रको पारिपट्टि तटमा, येशूले ५००० मानिसहरुलाई ............ वटा जौको रोटी र ............ वटा साना माछाले भोजन गराउनुभयो ।

१२. येशू भयानक समुद्री आँधी आएको बेला पानीमा ........... भयो ।

१३. जब मानिसहरु येशूबाट अझ खान पाइने आशा लिएर पछ्याउन लागे, तब उहाँले तिनीहरुलाई भन्नुभयो कि उहाँ स्वर्गबाट ओर्लिआएको साँचो ........... हुनुहुन्छ ।

१४. येशूको वचन " ........... " ले परमेश्वरको नाम "यहोवा" सँग बराबर स्थापित गर्दछ ।

१५. येशूले .............. प्राप्त गर्नको लागि उहाँमाथि ............. वारे चित्रको रुपमा उहाँको देह खाने र रगत पिउने कुरा गर्नुभयो ।

१६. येशूको शिक्षा ................. बाट आएको थियो ।

१७. येशूले भन्नुभयो कि जस-जसले उहाँमाथि विश्वास गर्छन् उनीहरुमा .................. पानीको खोला बग्नेछ ।

१८. येशूले गर्नुभएको सबै कामले ................ लाई खुशी तुल्यायो ।

१९. येशूका साँचो चेलाहरु उहाँको .............. मा पक्का रहनेछन् ।

२०. येशूले हामीलाई पापबाट ................ गर्नुहुन्छ ।

२१. यहूदीहरुले येशूलाई ढुङ्गा हान्न चाहन्थे किनकि उहाँले आफूलाई ............. बराबर देखाउनु भयो ।

२२. जस-जसले येशूलाई अस्वीकार गर्दछन्, ती ठान्दछन् कि तिनीहरु देख्दछन् तर आत्मिक रुपले तिनीहरु ................... हुन् ।

२३. येशूले, "म ........... गोठालो हुँ" भन्नुभयो ।

२४. येशूले पुनरुत्थानको बारेमा मार्थालाई भन्नुभयो, " ............ र ................... म नै हुँ ।"

२५. उहाँ मर्नुपर्नेछ अनि मृत्युबाट बौरिनु पर्नेछ भन्नको लागि येशूले ............. उदाहरण दिनुभयो ।

२६. निस्तार-चाडको भोजकै समयमा येशूले चेलाहरुको .............
.............. तिनीहरुप्रति आफ्नो प्रेम प्रकट गर्नुभयो ।

२७. येशूको महिमा प्राप्त गर्ने बेला आइसकेको थियो । त्यो उहाँले क्रूसमा ............ वरण गरेर हासिल गर्नुहुनेछ ।

२८. येशूले भन्नुभयो, " ............... , ................ र ............. म नै हुँ ।"

२९. येशूले प्रतिज्ञा गर्नुभयो कि उहाँ र पिताले तिनीहरुलाई पवित्र .......... पठाई दिनुहुनेछ ।

३०. येशूले भन्नुभयो, "दाखको बोट म हुँ । तिमीहरु चाहिँ ............. हौं ।"

३१. हन्नासको घरमा पत्रुसले येशूलाई तीन पल्ट .......... गरे ।

३२. यहूदीहरुले येशूको मृत्यु नै होस भन्ने चाहन्थे, तर ............. हरुले मात्र मृत्युदण्ड दिन सक्दथे ।

३३. येशूले पिलातसलाई उहाँको राज्य यस ......... को होइन भन्नुभयो ।

३४. येशूलाई .......... भन्ने पहाडमा लगेर क्रूसमा टाँगियो ।

३५. येशूले ....... लाई उहाँको आमाको ख्याल राख्नको लागि भन्नुभयो ।

३६. अन्त्यमा, येशूले भन्नुभयो, "अब ................, " अनि मर्नुभयो ।

३७. येशू मर्नुभए- नभएको थाहा पाउनलाई, एक जना सिपाहीले उहाँको कोखामा ........ हान्यो ।

३८. जब थोमाले येशूलाई साँच्ची नै देखे, तब तिनले पुकारे, "मेरा .........., मेरा ............ ।"

३९. येशूले पत्रुसलाई तिनले येशूलाई ........... गर्थे कि गर्दैन थिए भनेर तीन पटक सोध्नुभयो ।

४०. यस सुसमाचारले हामीलाई.............. अनि ......... को निम्ति चाहिने सबैथोक बताउँदछ ।

**अन्तिम जाँच पुरा गर्नको लागि उत्तरहरु:**

| | |
|---|---|
| “म हुँ” | जीवन |
| बिश्वास | जीवन |
| बिश्वास गरेर | जीवन |
| अन्धो | जीवन |
| फेरि जन्मिनु | जीवित |
| हाँगाहरु | प्रभु |
| रोटी | प्रेम गरिएको |
| क्रुस | मानिस |
| मृत्यु | मसिह (ख्रीष्ट) |
| चेलाहरु | पुनरुत्थान |
| संसारिक | रोमी |
| अनन्त जीवन | उद्धार |
| अनन्त जीवन | बिऊ |
| बिश्वास | चिन्ह |
| पिता | पाप |
| खुट्टा | खप्परे |
| समाप्त भयो | भाला |
| पाँच | आत्मा |
| स्वतन्त्र | आत्मा |
| परमेश्वर | सत्य |
| परमेश्वर | दुई |
| परमेश्वर | कमाउन नसकिने प्रेम |
| परमेश्वर | हिड्नु |
| परमेश्वर | धुवाई |
| असल | पानी |
| स्वर्गिय | बाटो |
| यूहन्ना | बचन |
| जान्नु | संसार |
| थुमा | संसार |

कृपया तल निम्न जानकारी लेख्नुहोस् ।

नामः ........................................................................ ।

ठेगानाः

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

कृपया यस पुस्तकको बारेमा तपाईको प्रतिकृया
हामीलाई लेख्नुहोस् ।

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

Multi-Language Productions
Bringing the Word to the World

**Believe and Live-Nepali**
**Bible Teachings Series Level 2**
**MLP Catalog Number: 385110**